

# बागमती
## गाउँपालिकाको परिचय

## स्थानीय पाठ्यक्रम
### आधारभूत तह (कक्षा १-८)



बागमती गाउँपालिका
मकवानपुर, बागमती प्रदेश, नेपाल




स्रोत : स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
तयार पार्ने : गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# बागमती
# गाउँपालिकाको परिचय
## स्थानीय पाठ्यक्रम
### आधारभूत तह (कक्षा १-८)

बागमती गाउँपालिका
मकवानपुर, बागमती प्रदेश, नेपाल
२०७९

**बागमती गाउँपालिकाको परिचय**
**स्थानीय विषयको पाठ्यक्रम**
**आधारभूत तह (कक्षा १–८)**

**Bagmati Gaunpalikako Parichaya**
**Curriculum for 'Local' Subject**
**Basic Level (Classes 1-8)**


| | | |
|---|---|---|
| प्रकाशक | : | **बागमती गाउँपालिका**<br>गाउँ कार्यपालिकाको कार्यालय<br>भुरभुरे, मकवानपुर |
| प्रकाशन वर्ष | : | वि.सं. २०७९ (2022 AD) |
| सर्वाधिकार | : | बागमती गाउँपालिकामा सुरक्षित |
| प्राज्ञिक परामर्श | : | प्रा.डा. सुशन आचार्य, आधार विषय समिति, शिक्षाशास्त्र संकाय, त्रिवि, कीर्तिपुर<br>अमृत योन्जन-तामाङ, बहुभाषिक शिक्षा समाज नेपाल |
| लेखन/सम्पादन/संयोजन | : | वीर बहादुर राई, कृति अधिकारी, टीका भट्टराई र विजया सुब्बा |
| अनुसन्धान तथा सूचना सङ्कलन | : | एलिशा केसी, कर्माखाँडो लामा, दृष्टि श्रेष्ठ, मदन राई, माइकल राई, राजशी श्रेष्ठ, रुपेश राई र विष्णुकुमारी चेपाङ |
| आवरण | : | कमल योन्जन |
| लेआउट | : | कामसिंह चेपाङ |
| प्राविधिक सहयोग | : | शिक्षा नीति तथा अभ्यास केन्द्र, तीनकुने, काठमाडौं<br>सम्पर्क : ०१-४११२३२०<br>www.schoolingnepal.org |

# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## झुरझुरे, मकवानपुर

☎ ९८५५०७२०७२
☎ ९८५५०८८४६६

बागमती प्रदेश, नेपाल


# हाम्रो भनाइ



**व्यक्ति, समाज तथा समृद्ध राष्ट्र निर्माणको प्रमुख आधार शिक्षा हो ।**

आम नागरिकमा शिक्षाको पहुँच पुऱ्याउन समानुपातिक एवम् समावेशिताको अवस्था हुन आवश्यक हुन्छ । सबै नागरिकलाई सबै क्षेत्रमा अवसर दिलाउन कानुनी व्यवस्था हुन जरूरी छ । हिजोको व्यवस्था फेरि आजको यो अवस्थामा ल्याउन हामीले लामो संघर्ष गर्नु पऱ्यो । लोकतान्त्रिक गणतन्त्र, समानुपातिक, समावेशी र सङ्घीयता सहितको आजको यो संविधान दश वर्षे लामो सशस्त्र जनयुद्ध र त्यस पछिका अनेकौं जनआन्दोलन र महान योद्धा तथा शहीदहरूको बलिदानीको उपज हो । हालको संविधान प्रदत्त व्यवस्था एवम् अधिकारसँगै स्थानीय सरकाले धेरै जनमुखी कार्य तथा परिवर्तनकारी कार्यहरू सम्पादन गर्दै आएको छ ।

संविधानतः विद्यालय तहको शिक्षा सञ्चालन तथा व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ । संविधान प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ का प्रावधानमा आधारित एवम् स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका, २०७६ ले गरेका मार्गनिर्देशका आधारमा महत्त्वपूर्ण पक्ष र प्रक्रियाहरूलाई आत्मसात् गर्दै यस बागमती गाउँपालिकाको आधारभूत तह कक्षा १-८ सम्मको *'बागमती गाउँपालिकाको परिचय'* नामक स्थानीय भाषा/विषयको पाठ्यक्रम निर्माण गरी सेवा क्षेत्रका ५० वटै सामुदायिक विद्यालयमा कार्यान्वयनमा ल्याउने सुअवसरले हामी अत्यन्तै हर्षित छौं ।

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण गरिएको यस पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका वा सम्बोधन गर्न नसकेका विषयवस्तुहरू समेट्ने प्रयास गरिएको छ । बागमती गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवम् धार्मिक र सामाजिक तथा ऐतिहासिक पक्षहरूलाई समेट्ने प्रयास भएको छ । स्थानीय संस्कार, संस्कृति, पेसा, व्यवसाय लगायत विविध पक्षलाई प्राथमिकता दिइएको छ । यस पाठ्यक्रमले परम्परागत ज्ञान, सीपसहितको स्थानीय ज्ञानको उजागर गर्ने, स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम् ज्ञान एवम् सीपको विकासमा सहयोग पुऱ्याउने स्थानीय मूल्य, मान्यता, स्थानीय कला, संस्कृति, व्यवसायको विकास तथा प्रवर्द्धन गर्न मद्दत गर्न सहयोग पुऱ्याउने अपेक्षा छ । तसर्थ यस पाठ्यक्रमले बागमती गाउँपालिकाको परिचय दिने/झल्किने छ भन्नेमा हामी आशावादी छौं ।

बागमती गाउँपालिकाले आफ्नो परिवेश अनुकूल यस स्थानीय पाठ्यक्रम स्थानीय विषयवस्तुका जानकार, विभिन्न जातजाति तथा भाषाभाषिका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, संघसंस्था तथा सरोकारवालाहरूसँग विभिन्न स्थानमा भएको चरणवद्ध छलफलका आधारमा तयार गरिएको छ । गाउँपालिकामा शैक्षिक क्षेत्रमा साझेदारी गर्दै आएको गैरसरकारी संस्था शिक्षा नीति तथा अभ्यास केन्द्रका प्रतिनिधिहरू यस कार्यको लागि विशेष धन्यवादका पात्र हुनुहुन्छ । स्थानीय पाठ्यक्रम यस रूपमा ल्याउन र कार्यान्वयनको चरणसम्म ल्याइपुऱ्याउन योगदान गर्नु हुने स्थानीय पाट्यक्रम निर्माण कार्यदलका सदस्यहरू, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि तथा पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछौं ।

अन्त्यमा, यस स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन सम्पूर्ण सरोकारवालाहरूको सार्थक पहलकदमी हुन सके पाठ्यक्रमको निर्दिष्ट उद्देश्य सहजरूपमा पूरा हुन सक्ने छ । यस पाठ्यक्रमलाई कार्यान्वयन गर्न हाम्रा सम्पूर्ण विद्यालयका व्यवस्थापन समिति, अभिभावक, शिक्षक, शिक्षक महासंघ, प्रधानाध्यापक, अभिभावक र विद्यार्थीहरूले सक्रियता देखाउनु हुने छ भन्ने अपेक्षा गर्दै यस पाठ्यक्रमलाई अझ परिष्कृत बनाउन र समावेश गर्न छुटेका विषयवस्तु भएमा आगामी संस्करणमा थप गर्ने विश्वास दिलाउँदै त्यसका लागि सम्बद्ध सबै पक्षबाट निरन्तर सकारात्मक र रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेका छौं । धन्यवाद ।

**सर्केश घलान**
अध्यक्ष
बागमती गाउँपालिका, मकवानपुर

Email : bagmatimunmakwanpur.edu@gmail.com, Website : www.bagmatimunmakwanpur.gov.np

# विकासको मेरूदण्ड स्थानीय शिक्षा

शिक्षा विकासको मेरूदण्ड हो । शिक्षाले नै विकासको हरेक युगको परिवर्तनमा अहम् भूमिका निर्वाह गरेको पाइन्छ । मानव व्यवहारमा सकारात्मक परिवर्तन गराउनु नै शिक्षाको मुख्य उद्देश्य हो । शिक्षा औपचारिक या अनौपचारिक जुनसुकै ढङ्गबाट प्राप्त गर्न सकिन्छ । विद्यालयमा बालबालिकाहरू शिक्षा लिने उद्देश्यले आउने गर्दछन् । विद्यालयमा बालबालिकाको रूचि, चाहना, पूर्व सिकाइ अवस्था, सिक्ने क्षमता आदिको ख्याल गरेर शिक्षा दिने गरिन्छ । यी विविध कुरा सम्बोधन गरी सिकाउनका निम्ति व्यवस्थित योजना र तयारी गरिएको हुन्छ । त्यस्ता योजना नै पाठ्यक्रम हुन् । पाठ्यक्रम के सिकाउने, कति सिकाउने, किन सिकाउने, कसरी सिकाउने र कसलाई सिकाउने भन्ने जस्ता प्रश्नको समग्र उत्तर प्राप्त गर्न सकिने विज्ञतापूर्ण खाका हो । सिक्ने र सिकाउने कुरामा एकरूपता होस् भनेर विद्यालय तहको पाठ्यक्रम राष्ट्रिय रूपमै विज्ञहरूको संलग्नतामा निर्माण हुन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा आधारभूत शिक्षा पाठ्यक्रम २०७६ ले आधारभूत तहसम्म स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु समेटेर स्थानीय सरोकारवालाहरूको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम निर्माण गर्न सकिने व्यवस्था पहिलोपटक हालको पाठ्यक्रमले व्यवस्था गरेको भने पक्कै होइन । राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा योजना) २०२८ देखि नै केही मात्रामा स्थानीय विषयवस्तु पाठ्यक्रमले समेट्ने जमर्को गरेको देख्न सकिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि विद्यालय शिक्षाको पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयवस्तुको वकालत गरेको देखिन्छ । यत्रो लामो इतिहास बोकेको स्थानीय पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ बाट भने मूर्तता पाउन सफल भयो ।

मुलुक संघीयतामा गएसँगै नेपालमा बोलिने १३१ भाषा र तिनलाई सजीव तुल्याउने जातजाति, विभिन्न धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन, प्रथा र स्थानीय परिवेशयुक्त विविधता सम्बोधन गर्न नसकिरहेको वर्तमान अवस्थामा केन्द्रीय पाठ्यक्रमले नै व्यवस्था गरेबमोजिम जिल्ला, स्थानीय तह वा विद्यालय स्वयम्ले आफ्नो परिवेश समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिरहेको पाइन्छ । केन्द्रीय पाठ्यक्रमको सोही प्रावधानलाई आत्मसात् गर्दै बागमती गाउँपालिका मकवानपुरले पनि आधारभूत तह (१-८) को *'बागमती गाउँपालिकाको परिचय'* नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि लागु गर्ने तयारी गर्दै छ । सो क्रममा बृहत् भेलाबाट स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी विभिन्न क्लस्टरमा छलफल, पटकपटक परामर्श भेला, भाषा कार्यशाला लगायत विज्ञहरूसँग छलफल गरी यसको आकृति तयार भएको छ । बागमती गाउँपालिका, मकवानपुरको भूगोल, प्रकृति, सामाजिक सभ्यता, भाषा, संस्कृति, कला, साहित्य लगायतका सम्पूर्ण पक्षको जानकारी विद्यार्थीलाई गराउँदै समग्र पालिकाको मुहार परिचित गराउन यो पाठ्यक्रम सफल रहने कुरामा विश्वस्त रहन सकिन्छ ।

स्थानीयकरणबाट नै विश्वव्यापीकरणतर्फ लाग्नुपर्ने मान्यताका साथ सुरूवात भएको यस स्थानीय पाठ्यक्रम निर्माणमा अहम् भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद सापकोटा, अन्य जनप्रतिनिधिहरू हार्दिक आभारका पात्र हुनुहुन्छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक तथा सम्पूर्ण शिक्षक वर्ग, आफ्नो पालिकाको पाठ्यक्रम निर्माण आफ्नै घरको काम समान मानेर अहोरात्र खटिने शिक्षालाई माया गर्ने व्यक्तित्व तथा पूर्वशिक्षक वीर बहादुर राई, निरन्तर साथ र समन्वय गरी *'बागमती गाउँपालिकाको परिचय'* नामक स्थानीय पाठ्यक्रम तयार गर्न अमूल्य सहयोग गर्नुहुने शिक्षा नीति तथा अभ्यास केन्द्रका प्रमुख टीका भट्टराई, तथा भाषिक पक्षमा सहजीकरण गर्नुहुने भाषाविद् अमृत योञ्जन लगायतको यस अवसरमा प्रशंसा नगरी रहन सकिन्न ।

अन्त्यमा, भर्खरै अङ्कुराएको यो *'बागमती गाउँपालिकाको परिचय'* नामक स्थानीय पाठ्यक्रमको बिरूवालाई मलजल, गोडमेल तथा स्याहारसुसार गरी विशाल रूखको आकृति दिई फलाउने फुलाउने सम्पूर्ण जिम्मा यसको कार्यान्वयनकर्ता शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी तथा पालिकाका सम्पूर्ण अभिभावकलाई दिँदै सो जिम्मेवारीबाट किमार्थ पछि हट्नुहुने छैन भन्ने आशा र विश्वास राख्दै समय अनि विषयवस्तुको परिवर्तनसँगै यसमा पनि समयानुकूल परिमार्जन हुने जानकारी गराउन चाहन्छु । धन्यवाद !

**रमेश बिडारी**
शिक्षा अधिकृत
बागमती गाउँपालिका, मकवानपुर

## गाउँ शिक्षा समितिका पदाधिकारीहरू

| क्र.सं. | पदाधिकारीहरू | पद | प्रतिनिधित्व क्षेत्र |
|---|---|---|---|
| १. | श्री सर्केस घलान | अध्यक्ष | अध्यक्ष, बागमती गाउँपालिका |
| २. | श्री ध्रुव थापा मगर | सदस्य | संयोजक, सामाजिक विकास समिति |
| ३. | श्री उर्मिला विक | सदस्य | गाउँसभा सदस्य (वडा नं. ४, वडा सदस्य) |
| ४. | श्री बच्चु खड्का गोले | सदस्य | अध्यक्ष, विव्यस सञ्जाल |
| ५. | श्री रविन आले मगर | सदस्य | सचिव, विव्यस सञ्जाल |
| ६. | श्री बसन्त राई | सदस्य | अध्यक्ष, नेपाल शिक्षक महासंघ |
| ७. | ------------ | सदस्य | प्रतिनिधि, नेपाल शिक्षक महासंघ |
| ८. | श्री वीर बहादुर राई | सदस्य | अध्यक्ष, सामुदायिक अध्ययन केन्द्र |
| ९. | श्री रिना दर्लामी | सदस्य | समाजसेवी वा शिक्षाप्रेमी |
| १०. | श्री राम प्रसाद सापकोटा | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ११. | श्री रमेश बिडारी | सचिव सचिव | शिक्षा अधिकृत |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका पदाधिकारीहरू
## गठन मिति : २०७८।१२।०६

| क्र.सं. | पदाधिकारीहरू | पद | प्रतिनिधित्व क्षेत्र |
|---|---|---|---|
| १. | श्री सर्केश घलान | संयोजक | अध्यक्ष, बागमती गाउँपालिका |
| २. | श्री ध्रुव थापा मगर | सदस्य | वडा अध्यक्ष, वडा नं. ६ |
| ३. | श्री बसन्त राई | सदस्य | प्रअ, श्री जनता मावि फापरबारी |
| ४. | श्री बिश्राम सिंजाली मगर | सदस्य | प्रअ, श्री भूमिमहादेव आवि बेतिनी |
| ५. | श्री गोमा कुमारी गोले | सदस्य | प्रअ, श्री जनकल्याण आवि लम्काना |
| ६. | श्री बच्चु गोले खड्का | सदस्य | विव्यस अध्यक्ष, श्री बागमती मावि राईगाउँ |
| ७. | श्री मोहनसिंह बिक | सदस्य | विव्यस अध्यक्ष, श्री चौरा आवि पाथिभारा |
| ८. | श्री धन बहादुर माझी | सदस्य | विव्यस अध्यक्ष, श्री बागमती आवि बगेरी |
| ९. | श्री जीवन पहरी | सदस्य | सचिव, जनजाति महासंघ, बागमती |
| १०. | श्री वीर बहादुर राई | सदस्य | कार्यक्रम संयोजक, श्रमजीवी युवा मञ्च |
| ११. | श्री रमेश बिडारी | सदस्य सचिव | शिक्षा अधिकृत, शिक्षा शाखा |

## केही संक्षिप्त तथा पारिभाषिक शब्दावली

| | | |
|---|---|---|
| आवि | : | आधारभूत विद्यालय |
| उदा. | : | उदाहरण |
| गापा | : | गाउँपालिका |
| गाविस | : | गाउँ विकास समिति |
| नपा | : | नगरपालिका |
| निमावि | : | निम्न माध्यमिक विद्यालय |
| प्रअ | : | प्रधान अध्यापक |
| प्रावि | : | प्राथमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| विव्यस | : | विद्यालय व्यवस्थापन समिति |
| शिनीअके | : | शिक्षा नीति तथा अभ्यास केन्द्र |

# विषयसूची


| | | |
|---|---|---|
| भाग १ | **स्थानीय पाठ्यक्रम : परिचय र दिग्दर्शन** | **१-१०** |
| | पृष्ठभूमि | ३ |
| | स्थानीय पाठ्यक्रम किन ? | ३ |
| | वर्तमान व्यवस्था के छ ? | ४ |
| | यस पाठ्यक्रमका निर्देशक सिद्धान्तहरू | ४ |
| | स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया | ५ |
| | शिक्षण सिकाइ प्रक्रिया | ६ |
| | मूल्याङ्कन प्रणाली | ८ |
| भाग २ | **पाठ्यक्रम** | **११-१३२** |
| | सक्षमता/तहगत उद्देश्य | १३ |
| | कक्षागत सिकाइ उपलब्धि | १४ |
| | आधारभूत तह, कक्षा १ - ३ | १४ |
| | आधारभूत तह, कक्षा ४ - ५ | १६ |
| | आधारभूत तह, कक्षा ६ - ८ | १९ |
| | विषयवस्तुको क्षेत्र र क्रम | २२ |
| | कक्षागत क्षेत्र र क्रम | २३ |
| | विषयवस्तुको विस्तृतीकरण | २८ |
| | कक्षा १ | २८ |
| | कक्षा २ | ३८ |
| | कक्षा ३ | ५० |
| | कक्षा ४ | ६२ |
| | कक्षा ५ | ७४ |
| | कक्षा ६ | ८७ |
| | कक्षा ७ | १०१ |
| | कक्षा ८ | ११६ |
| भाग ३ | **सन्दर्भ सामग्री र अनुसूचीहरू** | **१३३-१६०** |
| | सन्दर्भ सामग्री | १३५ |
| | अनुसूचीहरू | १३६ |
| | अनुसूची १ : सिकाइ सहजीकरणका विधिहरू | १३६ |
| | अनुसूची २ : मूल्याङ्कन प्रक्रियाको रूपरेखा | १३६ |
| | अनुसूची ३ : राष्ट्रिय पाठ्यक्रमसँग एकीकृत गरेर पढाउन मिल्ने विषयवस्तु | १४० |
| | अनुसूची ४ : बागमती गाउँपालिकाको संक्षिप्त परिचय | १४१ |
| | अनुसूची ५ : पालिका रेकर्ड बुक | १४६ |
| | अनुसूची ६ : परामर्श सभा तथा क्लस्टर बैठकको छलफलमा स्थानीय विज्ञहरूवाट टिपोट गरिएका विवरणहरू | १४७ |
| | अनुसूची ७ : स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाका विभिन्न चरणमा संलग्न व्यक्तिहरू | १५२ |

# भाग १

# स्थानीय पाठ्यक्रम परिचय र दिग्दर्शन

## पृष्ठभूमि

बागमती गाउँपालिका मकवानपुर जिल्लाको पूर्वी भागमा पर्दछ । अधिकांश भागले चुरे पर्वत ओगटेर उत्तरको महाभारत शृङ्खला पनि छुने यो पालिका साविकका राईगाउँ, बेतिनी र फापरबारी गाविस मिलाएर बनाइएको हो । यहाँ अधिकांश जनजातिहरू बसोबास गर्दछन् । भारोपेली परिवारको भाषा बोल्ने राई, माझी, महाभारतका शृङ्खलाबाट विभिन्न समयमा चुरे झरेका तामाङ, पहरी, र मगरका साथै केही दलित र खसआर्य यहाँ बसोबास गर्नेमा पर्दछन् । यस परिवेशमा यहाँका जनसमुदायले जीवन निर्वाहको ऐतिहासिक क्रममा थुप्रै ज्ञान र अनुभव सँगालेका छन् । स्वाभाविक रूपमा राई र माझीहरू खोलाका नजिकका फाँटतिर बस्छन् भने अरू चुरेका डाँडामा । अरू समूह र प्रकृतिसँगको अन्तरक्रियाबाट यी समूहहरूले अद्वितीय ज्ञानको आविष्कार र प्रयोग गरेका छन् ।

संघीयतामा जानुअघि नै सरकारले विद्यालयमा शिक्षा ढाँचा जारी गरेको थियो । संविधानले विद्यालय शिक्षाको अग्राधिकार पालिकाहरूलाई दिएपछि त्यसका प्रावधानहरू कार्यान्वयन गर्ने अभिभारा पनि स्वाभाविक रूपमा पालिकाहरूसँग आइपुगेको छ र उक्त विद्यालय ढाँचाले अरू विषयका अतिरिक्त स्थानीय पाठ्यक्रम एक विषयका रूपमा राखेको छ । यही प्रावधान कार्यान्वयन गर्ने क्रममा बागमती गाउँपालिकाले यो पाठ्यक्रम बनाउने जमर्को गरेको हो ।

देशको शिक्षा प्रणाली स्थानीय सर्न्दभसँग विमुख भयो र विद्यार्थीले आफ्नो समुदायका बारेमा अनभिज्ञ भए भनेर चासो उठ्न थालेपछि यस्तो पाठ्यक्रमको परिकल्पना गरिएको हो । पहिलेदेखि नै स्थानीय पाठ्यक्रमको परिकल्पना नगरिएको होइन तर गाविसहरूलाई २०% अङ्कको स्थानीय पाठ्यक्रम बनाउनु सजिलो थिएन । धेरै ठाउँमा अङ्ग्रेजी वा कम्प्युटर पढाइने गरेको थियो । स्थानीय विषयहरूका रूपमा यी विषय पढाइन निकै असङ्गत नै थियो । यसै सन्दर्भमा पछिल्लो पाठ्यक्रम ढाँचाअनुसार पालिकाको स्थिति झल्किने यो पाठ्यक्रम बनाउने निर्णय गरेको छ ।

अहिले विश्वभरि नै शिक्षाका विधि र विषयवस्तुमा छलफल चलिरहेको छ । खासगरी विश्व वातावरण सङ्कट गहिरिँदै जाँदा विश्व नागरिकका रूपमा विद्यार्थीलाई सोच्न र त्यसअनुसार काम गर्ने सर्न्दभमा वातावरण अनुकूलको दिगो स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने शिक्षाको खोजी भइराखेको छ । स्थानीय पाठ्यक्रममार्फत त्यस्तो आवश्यकता सम्बोधन गर्ने अपेक्षा राखिएको छ । भर्खरै पहिले विभिन्न राजनैतिक एकाइमा सङ्गठित भइरहेका समुदायलाई नयाँ पालिकाको परिचयमा समाहित हुन स्वाभाविक भइरहेको छैन । अझै मानिसहरू आफूलाई र आफ्नो ठाउँलाई नयाँ एकाइमा सोच्न बानी परिसकेका छैनन् । विद्यालयमार्फत त्यस्तो अनुभूति जनसमुदायसम्म पुऱ्याउनमा यो पाठ्यक्रम एक महत्त्वपूर्ण कडी हुन सक्छ ।

यी यथार्थलाई मनन गदै पालिकाका विद्यार्थीहरू आफ्नो अस्तित्वलाई नयाँ राजनैतिक संरचनामा एकाकार गर्दै पुर्खादेखि रहेका आफ्ना ज्ञान, सीप र माटोसँगको सम्बन्ध नयाँ पुस्तामा हस्तान्तरण गरून् भनेर यो पाठ्यक्रम बनाउन अग्रसरता लिइएको हो । गाउँपालिकाले स्थानीय विज्ञ, अभिभावक, शिक्षक तथा अन्य सरोकारवालाको सहभागिताको आधारमा यही पालिकामा कार्यरत श्रमजीवी युवा मञ्ज र शिक्षा नीति तथा अभ्यास केन्द्रको प्राविधिक सहयोगमा यो पाठ्यक्रम निर्माण गरेको छ ।

यो यथार्थलाई मनन गदै पालिकामा ४५ वटा आधारभूत र ५ वटा माध्यमिक गरी जम्मा ५० सामुदायिक र एउटा संस्थागत विद्यालय छन् । २०७९ सालको शैक्षिक सत्रदेखि पालिकाले सबै विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गर्ने निर्णय गरेको छ । यस स्थानीय पाठ्यक्रममा रा.पा.प्रा. को संरचना अनुसार १-३ मा हप्तामा ५ कार्य घण्टाका दरले वार्षिक १६० कार्यघण्टाको विषयवस्तु र कक्षा ४-८ मा साप्ताहिक कार्यघण्टा ४ का दरले वार्षिक १२८ कार्यघण्टाको विषयवस्तु समावेश गरिएको छ । यसमध्ये १-३ मा झण्डै ४०% र त्यसपछि ३०% भार स्थानीय भाषाहरूका लागि छुट्याइएको छ । विषयक्षेत्रका आधारमा यसको १-३ को पाठ्यक्रम १-३ को नयाँ पाठ्यक्रमसँग समायोजन गरिएको छ ।

## स्थानीय पाठ्यक्रम किन ?

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका बागमती गापाका सामाजिक तथा भौगोलिक विशेषता र समसामयिक विषयबारे बालबालिकालाई शिक्षा प्रणालीमार्फत सुरूदेखि नै अवगत गराउँदै स्थानीय सीप, ज्ञान र त्यसप्रति गौरव बढाउने प्रयत्न गर्नु नै यस स्थानीय पाठ्यक्रमको उद्देश्य हो ।

स्थानीय मार्गदर्शन स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषासहित) मा स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषतासम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ ।

*"राष्ट्रिय र स्थानीयस्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पूरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र पर्याप्त भएन । निर्देशित पाठ्यक्रमले समेट्न नसकेको लुप्त (Hidden) विषयवस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ । यसका लागि स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न स्थानीय आवश्यकतामा आधारित विद्यालय पाठ्यक्रम स्थानीय तहमा उपलब्ध जनशक्तिबाट नै तयार गर्न सकिन्छ । यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेको सीपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्दछ । देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विविधतालाई सम्बोधन गर्ने, समावेशी पाठ्यक्रममा जोड दिने तथा रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्ने शिक्षाको राष्ट्रिय उद्देश्यअनुरूप नै स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गरिन्छ । शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नसमेत स्थानीय पाठ्यक्रम नै एक उपयुक्त विकल्प हुन सक्छ ।*

*राष्ट्रिय पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि देशको भौगोलिक, सांस्कृतिक, जातीय, क्षेत्रीय लैङ्गिक, वर्गीय विविधतालाई सम्बोधन गर्न, समावेशी पाठ्यक्रममा जोड दिन रोजगार एवम् स्वरोजगारलााई प्रोत्साहन गर्न, स्थानीय ज्ञान, सीप, दक्षता, कला, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ ।"*

## वर्तमान व्यवस्था के छ ?

नेपालमा स्थानीय पाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमि खोज्ने हो भने अनौपचारिक रूपमा स्थानीय ज्ञान हस्तान्तरण अथवा पुस्तान्तरणको पारिवारिक शिक्षालाई हेर्न सकिन्छ । औपचारिक शिक्षा सुरू भइसकेपछि राष्ट्रिय पाठ्यक्रम लागु भए पनि विद्यालय र परिवेशअनुसार सिकाइमा स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री तथा स्रोतको उपयोग गर्दै स्थानीयकरण गरेको पाइन्छ यद्यपि प्रायःजसो स्रोत, सामग्री र शिक्षण पद्धतिको कमीकमजोरीका कारण अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई दिने ज्ञान औपचारिक शिक्षाको विस्तारसँगै लोप हुँदै गइरहेको भने अनुभव गर्न सकिन्छ ।

वि.सं. २०२८ मा देशभरि शिक्षा पद्धतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरियो । यसले देशभरि एकै प्रकारको पाठ्यक्रम लागु गरेपछि शिक्षकमा अत्यधिक केन्द्रीकरण सुरू भएको बुझिन्छ यद्यपि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान, शिक्षण प्रक्रियाको क्रममा स्थानीय विषयवस्तुको उदाहरण दिन सकिने अवस्था आदिले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को गरेको देखिन्छ ।

निम्न नियमावली तथा प्रकाशनहरूमा स्थानीय पाठ्यक्रम र मातृभाषा शिक्षाको महत्त्व, व्यवस्था तथा कार्यान्वयनसम्बन्धी उल्लेख गरिएको छ :

- नेपालको संविधान २०७२
- पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५
- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९
- प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२
- आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०७७
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७७
- आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम प्रक्रिया

यीबाहेक यो पाठ्यक्रम तयार गर्दा स्थानीय पाठ्यक्रमको महत्त्व, आवश्यकता र विधिहरूबारे अध्ययन गरिएका ग्रन्थहरू भाग २ पछि सन्दर्भ सूचीमा उल्लेख गरिएका छन् ।

## यस पाठ्यक्रमका निर्देशक सिद्धान्तहरू

यो दस्तावेज पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका' मा उल्लेख भएबमोजिम चरणहरू पार गर्दै स्थानीय र विषय विज्ञहरूसँग परामर्श लिँदै तयार गरिएको छ।

यस पाठ्यक्रममा निम्न निर्देशक सिद्धान्तहरू अपनाइएका छन् :

- सिकाइ र विद्यार्थीलाई केन्द्रमा तथा सुरूमा राखेर बिस्तारै त्यसको क्षेत्र फैलाउने अवधारणा लिइएको छ। सामान्यतः हरेक विषयवस्तु कक्षा १ मा आफूबाट सुरू भई कक्षा ८ मा पालिकाको तहसम्म फैलिन्छ। सामान्यतः कक्षा ३ सम्म आफ्नो गाउँ, ४-५ वडा र ६-८ पालिका तहसम्म विस्तार हुन्छ।
- यसमा पियाजेको बाल विकासका चरणलाई खाकाको आधार मानिएको छ यद्यपि भिगोत्स्कि र कोहलबर्गका दृष्टिकोणलाई पनि मनन गरिएको छ। राष्ट्रिय पाठ्यक्रममा कुनै विषयवस्तु समावेश भइसकेको खण्डमा भने केही अपवाद रहेका छन् किनभने यस पाठ्यक्रमले पनि त्यसलाई मोटामोटी रूपमा अनुसरण गरेको छ।
- आफ्नो घरपरिवार तथा ठाउँप्रति सकारात्मक रहन प्रेरित गर्ने प्रयत्न गरिएको छ। ठाउँ विशेषको सुन्दरता अनुभव गर्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।
- सबै पाठ वातावरणीय संरक्षण र प्रवर्द्धनमा अभिमुख छन्। उपभोग घटाउने, पुनः प्रयोग गर्ने र पुनर्नवीकरणीय तथा सड्न सक्ने सामग्री प्रयोग गर्ने विचार र जीवनशैली वकालत र अभ्यास गराउन प्रयत्न गरिएको छ।
- सिक्ने प्रक्रियामा स्मरण गर्ने भन्दा खोजबिन गर्ने, सोच विचार गर्ने र प्रयोग गर्ने अभ्यासमा जोड दिइएको छ। मोटामोटी उत्तर मिलेमा उत्तर सही हुनुपर्छ भन्ने जरुरी मानिएको छैन। सिक्ने उत्सुकताको उच्च मूल्याङ्कन गरिएको छ।
- स्थानीय सामग्री, स्थानीय सीप, स्थानीय विशेषताहरूको प्रशंसा गरिए पनि थुप्रै 'किन', 'कसरी' भन्ने प्रश्न गरेर आलोचनात्मक चेत प्रवर्द्धन गर्ने जमर्को गरिएको छ।
- हाम्रो शिक्षा प्रणालीमा अक्षरमा आधारित ज्ञान ग्रहणमा सीमित प्रक्रियालाई चित्र, गीत र अभिनयका अभिव्यक्तिले विविधतायुक्त र थप चाखलाग्दो बनाउन कोसिस गरिएको छ। स्थानीय पाठ्यक्रमका माध्यमबाट केटाकेटीमा सिक्ने उत्सुकता बढाउने महत्त्वाकांक्षा पनि लुकेर रहेको छ।
- **कक्षा १–३ को हकमा :**
  एक-तीन कक्षाको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको ढाँचामा ढालिएको छ। यो तहका विषयक्षेत्रहरूको सीमा र निर्धारणको आधार त्यति स्पष्ट नभएकाले सकेसम्म मूल पाठसँग नदोहोरिने गरी गरिए पनि केही दोहोरोपन स्वीकार्य हदमा छ। कति शीर्षकहरू स्वाभाविक रूपमा परीक्षणात्मक छन् र पाठ्यक्रमको परिमार्जनका समयमा मसिनोसँग समीक्षा गर्नु पर्ने हुन्छ। मूलतः अरू विषयमा भन्दा 'हाम्रो सेरोफेरो' सँगका विषय क्षेत्रहरूसँग मात्र यो आबद्ध गरिएको छ।
- **भाषाका हकमा :**
  समग्र भाषा पद्धति (होल ल्याङ्ग्वेज एप्रोच) उन्मुख वैयाकरणिक शब्दावली (ग्रामेटिकल लेक्जिम) को सम्मिश्रित रूप प्रयोग गरिएको छ भने दोस्रो भाषा सिकाइका मूल क्षेत्र र विद्यालय तहका भाषिक पाठ्यक्रमलाई पनि मापकका रूपमा लिइएको छ। वैयाकरणिक शब्दावलीमा पनि क्रियालाई समग्र भाषा पद्धति डोऱ्याउने शब्दका रूपमा लिइएको छ।

  भाषालाई स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण अंश मानिएको यो पाठ्यक्रममा तामाङ भाषाको संरचनालाई आधार लिइएको छ। हरेक भाषाको व्याकरण फरक हुन सक्ने भएकाले भाषामा उल्लिखित विवरणहरू उदाहरणका लागि सम्बन्धित भाषाविज्ञको सहकार्यमा यस पालिकामा बोलिने तामाङ भाषाका आधारमा प्रस्तुत गरिएको छ। यही ढाँचामा राई, माझी, पहरी, मगर तथा नेपाल भाषामा पनि पाठ्यसामग्री निर्माण गरिनु पर्छ। यो अरू विषयहरूमा भन्दा बढी जरूरी छ।

## स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका' मा उल्लेख भएबमोजिम निम्न चरणहरू पार गर्दै स्थानीय विज्ञहरूसँग परामर्श लिँदै यस स्थानीय पाठ्यक्रम विकास गरिएको छ :

**तयारी चरण – स्थानीय पाठ्यक्रम विकास समिति र स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदलको गठन** : बागमती गापाको स्थानीय पाठ्यक्रम निर्माणका लागि बृहत् परामर्श भेला गरी प्राविधिक कार्यदलको गठन २०७७ को चैत्र ६ गते भएको थियो । कार्यदल गठन भएर लेखनका लागि गापाले शिक्षा नीति तथा अभ्यास केन्द्र र श्रमजिवी यूवा मञ्चसँग समन्वय गऱ्यो । कोभिड महामारी, लकडाउन, वैकल्पिक विधिबाट परीक्षा लगायतका विविध कारणले गर्दा समयमै पाठ्यक्रमको काम थालनी गर्न सकिएन ।

पाठ्यक्रम निर्माण प्रक्रियाको हरेक चरणमा स्थानीय पाठ्यक्रम विकास समिति र स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदलले समुदायका विज्ञ, गापा शिक्षा समिति, विद्यालय व्यवथापन समिति, शिक्षक, भूतपूर्व विद्यार्थी तथा अन्य सरोकारवालाहरूसँग सक्रिय रूपमा समन्वय गर्दै तथा परामर्श लिँदै काम गरिएको छ ।

चरण १ - समग्र लक्ष्य तथा क्षेत्रको पहिचान : २०७७ साल चैत ६ गतेको बृहत परामर्श भेला र त्यसपश्चात्का परामर्शहरू मार्फत स्थानीय विज्ञ तथा अभिभावकहरूको सहायतामा स्थानीय पाठ्यक्रमको समग्र लक्ष्य तथा क्षेत्रको पहिचान गरियो ।

कार्यदलको मिति २०७८ कार्तिक ७ गतेको निर्णय अनुसार थप विवरण संकलन गर्न तथा अन्य स्थानीय विज्ञसँग प्रत्यक्ष परामर्श गर्न गापाको भौगोलिक र सामाजिक विविधतालाई ध्यानमा राख्दै छनौट गरिएका पाँच विभिन्न स्थान (वडा नं. २ राईगाउँ, वडा नं. ३ कुटीभकारी, वडा नं. ४ झुरझुरे, वडा नं. ८ फापरबारी र वडा नं. ९ बेतिनी) मा क्लस्टर परामर्श बैठक गरेर विषयवस्तु तथा सिकाइ उपलब्धिको स्थानीय अपेक्षा तथा विवरण प्राप्त भएको थियो जसका आधारमा विषयवस्तुको खाका तयार गरियो ।

चरण २ - हासिल गर्नुपर्ने प्रमुख सक्षमताहरूको पहिचान : परामर्श भेलाहरू मार्फत उठेका विषयवस्तु र क्षेत्रका आधारमा कार्यदल बैठकको छलफलमा यस स्थानीय पाठ्यक्रमको माध्यमबाट विद्यार्थीले हासिल गर्ने मुख्य सक्षमता निर्धारण गरियो ।

चरण ३ - सूचकहरूसहित प्रत्येक कक्षाका लागि विशिष्ट सिकाइ उपलब्धिहरू परिभाषित गर्ने : सिकाइका विभिन्न तहबारे सचेत हुँदै ज्ञान, सीप तथा धारणा सहितका सूचकमार्फत तहगत सक्षमताका आधारमा सम्झाइ, बुझाइ, प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जना सहितका शिक्षण सिकाइ क्रियाकलाप राख्ने निष्कर्षमा कार्यदलको सहमति भयो ।

चरण ४ - पाठका समूहहरू (एकाइहरू) को प्रवाह चित्र बनाउने : बाल विकासका चरणहरू प्रतिपादन गर्ने पियाजेको सिद्धान्तको आधारमा हरेक कक्षाको सिकाइ स्तर अनुसार सो उमेर समूहलाई उचित हुने सिकाइ उपलब्धि तथा सिकाइ शिक्षण क्रियाकलापमा राख्नमा जोड दिइयो ।

चरण ५ - शिक्षकमैत्री निर्देशन र शिक्षक स्रोत सामग्रीसहित प्रत्येक कक्षाको प्रत्येक पाठका लागि पाठयोजनाहरू बनाउने, प्रत्येक पाठका लागि पाठयोजनाहरू बनाउँदै यस पाठ्यक्रमको आवश्यकता अनुरूप सिकाइ सहजीकरण निर्देशन बनाइएको छ ।

चरण ६ - विद्यार्थीहरूका लागि सिकाइ सामग्री निर्माण गर्ने : विद्यार्थीहरूका लागि सिकाइ सामग्री पाठ्यक्रम पारित भएपछि लागू गर्ने क्रममा निर्माण गरिँदै छ । ज्ञान सीमित भएको एउटा निश्चित पाठ्यपुस्तक बनाउनु भन्दा पनि विद्यार्थीले पढ्नुका साथै लेख्न कोर्न मिल्ने प्रकृतिको कार्यपुस्तक बनाउनेबारे छलफल भएको छ ।

चरण ७ : जाँच, परीक्षा, पुनरावलोकन तथा परिमार्जन : पाठ्यक्रमको जाँच, परीक्षा, पुनरावलोकन तथा परिमार्जनलाई निरन्तर प्रक्रियाको रूपमा लिइनेछ र शिक्षक तथा विद्यार्थीका अनुभव र सिकाइ उपलब्धिका आधारमा यसलाई परिमार्जन गर्दै लगिनेछ ।

यसै गरी हरेक मस्यौदा कार्यदलले प्रतिक्रियाका साथै अनुमोदन गरेर अन्तिम मस्यौदा गापाका बुद्धिजीवी, विद्यालयका प्रधानाध्यापक तथा शिक्षा समितिका प्रतिनिधि समक्ष पेश गरेर सुझाव संकलन गरेको थियो । ती सुझावका आधारमा यो पाठ्यक्रमले अन्तिम रूप लिएको छ ।

## शिक्षण सिकाइ प्रक्रिया

स्थानीय पाठ्यक्रम मार्गदर्शन २०७६ मा शिक्षण सिकाइ क्रियाकलापसम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ :

*"शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्य, क्षेत्रभ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ । तर यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न । विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड दिन प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनु पर्दछ भन्ने मान्यताबाट जानु हुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई*

*गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ । कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ ।*

*स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।*

*स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषयक्षेत्रबिचको अन्तरसम्बन्ध तथा एकीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीको सिकाइ स्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । आजभोलि विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ क्रियाकलापतर्फ कक्षाकोठामा मात्र सीमित गर्न हुँदैन ।"*

यो पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ मार्गदर्शन तथा शिक्षकलाई सल्लाह, थप विवरण र व्याख्या निम्नरूपमा प्रस्तुत गरिएको छ :

- **विद्यार्थी तथा परिवेश अनुसारको पाठयोजनामा केन्द्रित** : हरेक विद्यार्थीको सिक्ने तरिका फरक हुन्छ । त्यसका लागि सकेसम्म विविधता ल्याउन सुझाइएको छ । सकेसम्म कक्षाहरूमा प्रवचन, व्यक्तिगत अभिव्यक्ति, सामूहिक तथा व्यक्तिगत अभ्यासहरूमा सन्तुलन गर्न सुझाइएको छ ।


  कक्षामा विभिन्न क्षमताका विद्यार्थीको समावेशिता सुनिश्चित गर्न सोही अनुसारको गतिविधि तथा मूल्याङ्कन प्रक्रिया लागु गर्नुपर्ने हुन्छ । अपाङ्गता भएका विद्यार्थीका हकमा यस पाठ्यक्रमको सिकाइ शिक्षण क्रियाकलापमा उल्लेखित गतिविधि उचित नभए शिक्षकले आफ्नै योजनाअनुसार गतिविधि परिमार्जन गर्नु पर्दछ ।

  यो स्थानीय पाठ्यक्रम कक्षामा लागु गर्दा शिक्षकले आफ्नो पाठयोजनामा पाठ्यक्रममा सुझाव गरिएका सिकाइ शिक्षण क्रियाकलापमा विद्यार्थीको र त्यस ठाउँको आवश्यकताअनुसार फेरबदल गरी सिकाइ उपलब्धि हासिल गर्ने गरी गतिविधिहरू गर्न सक्ने छन् । स्वाभाविक रूपमा विषयवस्तु सरलताबाट जटिलतातिर लगिएको छ र यसलाई कक्षा बढ्दै जाँदा कक्षागत रूपमा पनि अनुभव गर्न सकिन्छ । कति अवस्थामा यस्तो सिद्धान्त अपनाइएका कारण साना कक्षामा नै स्थानीय विषयका धेरै पक्ष पढाइयोस् भन्ने अपेक्षा पूरा हुन सक्दैन ।

- **पाठ्यपुस्तक भन्दा पाठयोजना महत्त्वपूर्ण** : यस पाठ्यक्रमका अधिकांश पाठका लागि पूर्वतयारी आवश्यक छ । प्रायःजसो पाठको लागि विद्यार्थीलाई विभिन्न विषयमा घरमा सोध्ने, पत्ता लगाउन लगाउने आवश्यकता छ । स्थानीय परिस्थिति नै धेरैजसो पाठ्यक्रमको 'पाठ्यपुस्तक' या पाठ्यसामग्री हुने भएकाले छुट्टै पाठ्यपुस्तक बनाउन आवश्यक हुँदैन । यो स्थानीय पाठ्यक्रम एउटा मार्गदर्शन मात्र हो । यो मार्गदर्शनको आधारमा शिक्षकले पाठयोजना निर्माण गरी पठनपाठन तथा सिकाइ शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विभिन्न विषयवस्तुका सिकाइ उपलब्धि र ती हासिल गर्न सुझाव गरिएका सिकाइ शिक्षण क्रियाकलापलाई समेट्दै वा आवश्यकता अनुरूप फेरबदल गरेर उल्लेखित सिकाइ उपलब्धि हासिल गर्नुपर्ने हुन्छ । यसका लागि वार्षिक र मासिकका साथै साप्ताहिक र दैनिक पाठयोजना निर्माण गर्नु अत्यन्तै आवश्यक छ । पाठयोजनामा के विषयवस्तु कहिले गर्ने भन्ने बुँदाका साथै कसरी, कुन-कुन माध्ययमबाट, कति समय लगाउने, कुन विषयसँग एकीकृत गर्ने, को शिक्षक र कक्षासँग समन्वय गर्ने र त्यसका लागि चाहिने सामग्री आदि सबै विवरण भरेर सुरू गर्नुपर्ने हुन्छ । यसका

लागि शिक्षकले पाठयोजना निर्माणका लागि पनि समय छुट्ट्याउनु आवश्यक छ ।

- **राष्ट्रिय पाठ्यक्रमसँग मिल्ने विषयवस्तुलाई एकीकृत पाठयोजना बनाउने** : यस स्थानीय पाठ्यक्रमका अलगअलग विषयवस्तुहरू पनि एकआपसमा वा राष्ट्रिय पाठ्यक्रमका विभिन्न विषयसँग अन्तरसम्बन्ध राख्ने किसिमका छन् । केही सामग्रीहरू विद्यमान पाठ्यक्रमसँग मिल्ने खालका छन् *(हे. अनुसूची ३)* । ती विषयमा यी विषय जोड्न सकिन्छ । विषयवस्तुका दृष्टिले कति त्यस्ता पाठहरू अहिले नै स्थानीय पाठ्यक्रम सरहका छन् । यस्ता अन्तरसम्बन्ध भएका विषयवस्तुलाई छुट्टाछुट्टै भन्दा पनि क्रमबद्ध योजना बनाएर सँगै अथवा एकीकृत रूपमा पढाउँदा बढी प्रभावकारी हुन्छ । शिक्षकले यसका लागि कुनै अन्य शिक्षकसँग समन्वय गर्नुपर्ने हो कि अथवा आफ्नो पाठयोजनामा काम गर्नुपर्ने हो आवश्यकताअनुसार योजना गर्नुपर्ने हुन्छ ।
- **कक्षाको गतिशीलता** : एउटा कक्षा सामान्यतः निम्न अनुसारको हुने परिकल्पना गरिएको छ :




अर्थात् सामान्यतः विद्यार्थीका अभिव्यक्तिबाट कक्षा सुरू गर्न र शिक्षकले गर्नुपरे पनि छोटो मात्र प्रवचनबाट सुरू गर्न सुझाइएको छ । सम्बन्धित विषयको सामूहिक र/वा व्यक्तिगत अभ्यास गरेपछि सिकाइ उच्च तहमा हुने अवधारणा राखिएको छ । यो गतिविधि सबैभन्दा लामो हुनसक्ने भएकोले त्यसपछि विद्यार्थीहरू लामो समय संलग्न नरहने गतिविधिहरू सुझाइएको छ । शिक्षकले प्रवचनबाट कक्षा समाप्त गरेमा त्यसलाई छोटो राख्न पनि सुझाव गरिएको छ ।

- **भाषा सिकाइ** : भाषालाई एक तिहाइको वरपर भार दिइएको यो पाठ्यक्रम पालिका भित्र बोलिने दुई प्रमुख भाषा राई र तामाङ र अन्यत्र ठूलो संख्यामा भएपनि पालिकामा धैरै नबोलिने पहरी र माझी भाषाको बहुभाषिक कार्यशालाका आधारमा तयार गरिएको छ । यहाँ जो जो जहाँ भने यी सबै भाषा सबैले समानान्तर रूपमा सिक्न पर्ने गरी तयार गरिएको छ । विद्यार्थीले यी भाषा तुलनात्मक रूपले सिक्छन् । नेपाली भाषी विद्यार्थीले पनि यी भाषा सिक्न पर्ने भएकाले उनीहरूले दोस्रो भाषाभाषीका समस्याप्रति सहानुभूति राख्ने अपेक्षा गरिएको छ । यी सबै भाषा दोस्रो भाषाका रूपमा सिक्न आवश्यक सिद्धान्त अबलम्बन गरी पाठ्यक्रम बनाइएको छ । यस दृष्टिले गैरनेपाली मातृभाषीहरूले नेपाली दोस्रो भाषा शिक्षणका सिद्धान्त अवलम्बन गरी सिक्न पाउनु पर्ने सचेतता पनि बढ्ने छ ।

## मूल्याङ्कन प्रणाली

यहाँ दुई किसिमका मूल्याङ्कन उल्लेख गरिएको छ : विद्यार्थीको सिकाइ र यही पाठ्यक्रमको प्रभावकारिता । ती तल क्रमशः प्रस्तुत गरिएका छन् ।

### विद्यार्थीको सिकाइ मूल्याङ्कन

विद्यार्थीको सिकाइ मूल्याङ्कन निर्णयात्मक, निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमार्फत गर्नुपर्छ भन्नेबारे शिक्षकवर्ग अवगत नै छन् । विद्यार्थीको सिकाइको स्तर मापन गर्न निर्णायात्मक मूल्याङ्कनलाई नै प्राथमिकतामा राखिने अवधारणा बिस्तारै परिवर्तन पनि

हुँदैछ र नेपालको सन्दर्भमा समेत जाँच मात्र नभई अन्य पक्षमार्फत पनि सिकाइको मूल्याङ्कन गर्ने अभ्यास थालिएको छ। यसैलाई निरन्तरता दिँदै यस स्थानीय पाठ्यक्रममा पनि विद्यार्थीले कति सिके भन्ने मूल्याङ्कन गर्न लिखित परीक्षा भन्दा पनि अन्य पक्ष तथा अभिव्यक्ति र विद्यार्थीको व्यवहारको अवलोकनमा ध्यान दिनुपर्छ भन्ने जोड रहेको छ।

(क) **निर्माणात्मक मूल्याङ्कन** : शिक्षण सिकाइ क्रियाकलाप अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ। यसलाई सुधारात्मक मूल्याङ्कन वा निरन्तर मूल्याङ्कन पनि भन्ने गरिन्छ। विद्यार्थीले के कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्ने बारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो। यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइ स्तर तथा रूचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ। निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ। यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ। विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेखसमेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ। यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ। त्यसैले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययन लगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ।

(ख) **निर्णायात्मक मूल्याङ्कन** : आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णायात्मक मूल्याङ्कन भनिन्छ। यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ। हाम्रो देशमा सबैभन्दा बढी निर्णायात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ। यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि प्रत्युत्पादक हुन सक्छ। यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायःजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठीक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ। यसले विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पार्न सक्छ। त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ।

स्थानीय विषयमा विद्यार्थीलाई लिखित परीक्षा वा माध्यमको भार बढी दिएर विद्यार्थीको प्रस्तुतिलाई राम्रो बनाउन नसक्दा हाम्रो शिक्षा प्रणालीकै गल्ती देखिन सक्छ। त्यसैले सकेसम्म निर्णयात्मक मूल्याङ्कनमा पनि सम्बन्धित शिक्षक तथा निकायले यस पाठ्यक्रममा उल्लेख भएबमोजिम विभिन्न माध्यमको प्रयोग गर्न अनुरोध गरिन्छ। स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइमा उत्सुकता थपिने अपेक्षा गरिएकाले यसमा थप संवेदनशीलता अपेक्षा गरिन्छ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ मा विद्यार्थी मूल्याङ्कनसम्बन्धी निम्न विवरण उल्लेख गरिएको छ।

*"विद्यार्थी मूल्याङ्कनअन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन्। वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ। आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोहीअनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्दछ।*

*स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरिनुपर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन,*

*अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीलाई स्थानीय सीप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकको आयआर्जनमा पनि सहयोग पुग्न सक्छ । त्यसकारण स्थानीय पाठ्यक्रम बमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ । तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ ।"*

## सिकाइ मूल्याङ्कन निर्देशन

- यस पाठ्यक्रमको मूल्याङ्कनको खण्ड निरन्तर मूल्याङ्कन प्रणालीमा लागु गर्न मिल्ने गरी निर्माण गरिएको छ । यद्यपि, शिक्षकले मूल्याङ्कनको अंशमा रहेका बुँदालाई विद्यार्थीको आवश्यकताअनुसार परिमार्जन गर्न पनि सक्ने छन् । मूल्याङ्कनका केही पक्ष अपाङ्गता भएका वा अन्य केही समस्या परेका विद्यार्थीहरूका लागि अनुकूल नभएको खण्डमा शिक्षकले नै परिमार्जन गर्न आवश्यक हुन्छ ।
- सिक्ने प्रक्रियामा स्मरण गर्ने भन्दा खोजबिन गर्ने, सोच विचार गर्ने र प्रयोग गर्ने कुरामा जोड दिइएको छ । उत्तर लेख्न पर्याप्त प्रयत्न गरेको देखिएमा प्रयत्नको मूल्याङ्कन गरिनुपर्छ । उत्तर ठ्याक्कै मिल्नुपर्छ भन्ने जरुरी मानिएको छैन । सिक्ने उत्सुकताको उच्च मूल्याङ्कन गरिनुपर्छ ।
- मूल्याङ्कन प्रक्रिया आधारभूत पाठ्यक्रम १-८ बमोजिम हुने छ (हे. अनुसूची २) ।

## स्थानीय पाठ्यक्रमको मूल्याङ्कन

हरेक कार्ययोजना सफल भए वा नभएको मूल्याङ्कन गर्न अत्यन्तै आवश्यक छ । कार्यप्रणाली तथा यसको प्रभावकारिताको उचित मूल्याङ्कनले गर्दा नै हामीले सो प्रणालीमा भएका सबल वा दुर्बल पक्ष पहिचान गर्न सक्छौं जसले हामीलाई भविष्यमा उचित निर्णय लिन सहयोग गर्छ । यस स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियाको पनि विभिन्न तहमा मूल्याङ्कन गरिने छ ।

- **प्रक्रिया मूल्याङ्कन** : यस कार्ययोजना कार्यान्वयन गर्ने क्रममा देखिएका उपलब्धि तथा चुनौतीहरूको विश्लेषण गर्दै प्रक्रियाको मूल्याङ्कन हुने छ । समयावधिको लक्ष्य हासिल गरे/नगरेको, सूचना प्रवाह पारदर्शी भए/नभएको, स्रोतसाधनको उचित उपयोग भए/नभएको, प्रभावकारी रूपमा काम बाँडफाँड भए/नभएको आदि जस्ता पक्ष प्रक्रिया मूल्याङ्कनअन्तर्गत पर्दछन् ।
- **परिणाम मूल्याङ्कन** : यो कार्ययोजनाको एक प्रमुख लक्ष्य वा परिणाम भनेको स्थानीय पाठ्यक्रम निर्माण गर्नु र सोको मूल्याङ्कन गर्नु हो । यस प्रक्रियाबाट निस्केको स्थानीय पाठ्यक्रमको गुणस्तर, प्रभावकारिता, हासिल भएको सिकाइ उपलब्धि, शिक्षक तथा विद्यार्थीका प्रतिक्रिया आदि जस्ता पक्षबारे अध्ययन गर्नु परिणाम मूल्याङ्कनअन्तर्गत पर्दछन् ।
- **प्रभाव मूल्याङ्कन** : कार्यप्रक्रिया सकिएर प्रभावको अध्ययन गर्ने भएकाले अन्य मूल्याङ्कन भन्दा प्रभाव मूल्याङ्कन गर्न बढी समय लाग्न सक्छ । यो कार्ययोजनाले आफ्ना उद्देश्यहरूलाई पूरा गर्दै प्रभावकारी नतिजा हासिल गरे/नगरेको पक्ष प्रभाव मूल्याङ्कनअन्तर्गत पर्छ ।

## समीक्षा र परिमार्जन

कमसेकम तीन वर्षमा यो पाठ्यक्रमको समीक्षा गर्नुपर्दछ । यो समीक्षामा सकेसम्म पहिलो दोस्रो परामर्शमा उपस्थित धेरै सहभागीहरू रहनु वाञ्छनीय हुन्छ । परिमार्जन गर्न आवश्यक देखिएमा माथि उल्लेख गरिएका सबै दृष्टिबाट विस्तृत मूल्याङ्कन गर्न एक वर्ष र परिमार्जन गर्न अर्को वर्ष समय राख्न सुझाइएको छ अर्थात् यो पाठ्यक्रम कार्यान्वयन भएको छैठौं वर्षमा परिमार्जित पाठ्यक्रम लागु गरिनुपर्दछ ।

यो स्थानीय पाठ्यक्रम परिमार्जन गर्ने प्रक्रिया सुरूआत गर्ने जिम्मेवारी पालिकाका शिक्षा अधिकृतको हुने गरी सुझाइएको छ र निजले यसका लागि शिक्षा समितिमा प्रस्ताव पारित गराई कार्यपालिकाको निर्णय गराउनुपर्छ । आवश्यक स्रोतको प्रक्रिया पनि निजमार्फत नै सुरू हुनु वाञ्छनीय हुन्छ ।

**लेखन/सम्पादन/संयोजन समूह**

# भाग २

# पाठ्यक्रम

## सक्षमता/तहगत उद्देश्य

आधारभूत तह (कक्षा १-८) का लागि यो स्थानीय पाठ्यक्रमको समग्र सक्षमता निम्नअनुसार रहेको छ ः

- स्थानीय ज्ञान हस्तान्तरण तथा पुस्तान्तरण र यसको महत्त्वबोध
- स्थानीय समुदायबीच एकताको भावना तथा व्यवहारमा प्रदर्शन
- स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास
- स्थानीय, पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सीप (सफ्ट स्किल्स्) को प्रयोग
- आफ्नो भाषा, कला, साहित्य र संस्कृतिप्रति गर्व, संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबीचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- समग्र सिकाइप्रति सकारात्मकता र सुधार

### कक्षा १ - ३ को सक्षमता

- विद्यार्थीहरू आफ्नो गाउँ तथा विद्यालय वरपरका महत्त्वपूर्ण स्थलहरूबारे अवगत हुने छन् ।
- आफ्नो गाउँठाउँका वन वनस्पति र खेती तथा करेसाबारीमा हुने फलफूल तथा तरकारी पहिचान गर्न सक्ने छन् ।
- आफ्ना वरिपरि रहेका विभिन्न जातजातिबारे परिचित हुने छन् ।
- स्थानीय घरपालुवा तथा घरवरिपरि हुने जनावरको पहिचान गर्न सक्ने छन् ।
- स्थानीय भाषामा आधारभूत संवाद गर्न सक्ने छन् ।
- आफ्नो ठाउँ र परिवेशप्रति सम्बन्ध बनाउने छन् ।

### कक्षा ४ - ५ को सक्षमता

- वडा स्तरीय भौगोलिक तथा सांस्कृतिक विशेषता पहिचान गर्ने छन् । सामुदायिक विविधता र उनीहरूबीच समानता केलाउन सक्ने छन् ।
- स्थानीय भाषामा सामान्य संवाद गर्नसक्ने छन् ।
- वातावरण संरक्षणको आवश्यकताबोध गर्ने छन् ।
- परम्परागत सीपहरू सिक्दै तिनका विधि अभ्यास गर्ने छन् ।
- स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने छन् ।

### कक्षा ६ - ८ को सक्षमता

- बागमती गाउँपालिकाका महत्त्वपूर्ण स्थान, ऐतिहासिक स्थल, इतिहास, तथ्याङ्क आदि विवरणबारे जानकार हुने छन् र गौरवका साथ आफ्नो पालिकाका विशेषता वर्णन गर्न सक्ने छन् ।
- परम्परागत सीप, कृषि तथा अन्य व्यवसायको सम्मान गर्ने छन् ।
- पालिकाको वातावरण, जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे मनन गर्ने छन् ।
- सामाजिक कुरीति, वातावरण विनाश, विपत् आदि मुद्दाबारे जनचेतना फैलाउन सक्ने छन् ।
- स्थानीय पाठ्यक्रमको माध्यमबाट सिकाइप्रति उत्सुकता देखाउने छन् ।

# कक्षागत सिकाइ उपलब्धि

## आधारभूत तह, कक्षा १ - ३

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| मेरो दैनिक जीवन | - आफ्ना वरपरको खेतबारीमा भएका बोटबिरुवाहरू चिन्न सक्ने र खान मिल्ने नमिल्ने बिरुवाहरू छुट्याउन सक्ने<br>- घरका कुन-कुन सदस्यले के काम गर्छन् भन्न सक्ने<br>- विभिन्न पेसाका नाम र सरल रूपमा त्यो पेसामा के गरिन्छ भन्न सक्ने | - घर पालुवा जनावर र तिनको काम भन्न सक्ने<br>- छिमेकीहरूले के के काम गर्छन् भन्नेबारे जानकारी राख्ने र आफ्नो घर तथा छिमेकका बीच समान तथा फरक काम पहिचान गर्ने | - बारी र फूलबारीमा हुने बिरुवा छुट्याउन सक्ने, बोटबिरुवा रोप्ने, फूलबारी बगैँचामा स्याहार गर्ने तथा सहयोग गर्ने<br>- नजिकको बजारमा के के काम गर्छन् पहिचान गर्ने र कामको प्रकारबारे अनुमान गर्न सक्ने |
| हाम्रो समुदाय | - कक्षाभित्रका व्यक्ति, वस्तु र क्रियाकलापका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- आफ्नो टोलक्षेत्रका पुराना घरसम्बन्धी जानकार हुने<br>- सबैभन्दा नजिक रहेका महत्त्वपूर्ण भौगोलिक स्थान चिन्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने | - विद्यालय र घरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- नजिकको ठाउँ कस्तो/कति अग्लो/गहिरो/ठूलो/सानो अनुमान लाउन सक्ने<br>- एकै किसिमका महत्त्वपूर्ण भौगोलिक स्थान (उदा. डाँडाहरू) दुई/तीनवटा छन् भने तुलनात्मक रूपमा कुन अग्लो, होचो, तातो, चिसो, बस्ती कम बेसी, मान्छे धेरै वा कम आउने आदि भन्न सक्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने<br>- घर बाहेकका पुराना संरचना (चौतारी, कुवा, घट्ट आदि) पहिचान गर्न सक्ने र पुराना ठाउँहरूमा पाइने सामग्री चिन्ने | - गाउँघरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने<br>- सबैभन्दा नजिकको ठाउँको देखिन सकिने प्राकृतिक र अप्राकृतिक वा मानव निर्मित वस्तु विवरण पहिचान गर्न सक्ने र वस्तुगत अनुभव भन्न सक्ने<br>- सबैभन्दा नजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँ, भग्नावशेष वा पछि बनाइएका संरचना के कस्ता छन् भन्न सक्ने वा यस्ता अवशेष नभए नयाँ र पुरानो गाउँ बस्ती तुलना गर्ने |
| हाम्रा वरपरका सजीव | - घर र विद्यालय वरपरका वनस्पति पहिचान गर्न सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने चराचुरुङ्गी पहिचान गर्न सक्ने<br>- घर तथा वरपर पाइने हानिकारक कीरा र तिनबाट जोगिने तरिकाहरूबारे परिचित हुने | - वनस्पति वा बिरुवाको खान हुने र नहुने भाग छुट्याउन सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने जनावर पहिचान गर्न सक्ने<br>- वरपर पाइने कीराफट्याङ्ग्रा चिन्न र नाम भन्न सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने विषालु वा हानिकारक जनावर चिनेर तिनीहरूबाट सचेत हुने | - घर र विद्यालय वरपरका वनस्पति हुर्किने मौसम र वातावरण पहिचान गर्ने र मौसमअनुसार वनस्पति छुट्याउन सक्ने<br>- गाउँघरतिर देखिने जीवजन्तु तथा चराचुरुङ्गी पहिचान गर्न सक्ने<br>- नजिकै पाइने जीवजन्तुको खाने चक्र तथा यिनका लागि अनुकूल वातावरण चिन्न सक्ने<br>- गाउँघरतिर विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने विषालु विशेष खतरा कीरा र जनावर पहिचान गर्न सक्ने र तिनीहरूबाट बच्ने उपायहरू भन्न सक्ने |

| | | | |
|---|---|---|---|
| हाम्रो वातावरण | - खोलामा भल वा बाढी आएको देखेर सावधान हुन सक्ने<br>- घरमा आफू वा अरू कोही बिरामी भएको वा हुन सक्छ भन्नेबारे जानकार हुने<br>- घर तथा विद्यालय वरपरका कुहिने वस्तुको पहिचान गर्न सक्ने र त्यसको उपयोगिताबारे जानकारी राख्ने | - वरपर भएका बगाउन सक्ने खोला पहिचान गर्न सक्ने<br>- खोलाबाट सुरक्षित रहने उपाय अपनाउन सक्ने<br>- नदेखिने कीटाणु शरीरमा पसेर मानिस बिरामी हुन्छ भन्नेबारे सचेत भएर यस्ता नदेखिने कीटाणु शरीरमा छिर्न नदिन सतर्क हुने<br>- दैनिक जीवनमा प्रयोग हुने नकुहिने वस्तुहरू चिनेर कुहिने र नकुहिने वस्तु छुट्याउन सक्ने<br>- जथाभावी फोहोर नफाल्ने | - पहिरो र यसका कारण र रोकथाममा रूखबिरुवाको महत्त्वबारे थप भन्न सक्ने<br>- पहिरो जाने ठाउँको पहिचान र त्यसबाट बच्ने उपाय भन्न सक्ने<br>- घर छिमेकमा लागेको सर्ने वा नसर्ने रोगका नाम भन्न सक्ने<br>- सर्ने रोग कसैलाई लागे आफूले के गर्न हुन्छ वा हुँदैन भन्न सक्ने<br>- नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरबारे सचेत हुने<br>- आफ्नो घर वरपरको फोहोर कुहिन वा गल्न (डिकम्पोज हुन) कति समय लाग्छ प्रयोग गर्ने |
| मेरो सिर्जना | - माटो मुछ्ने, खेल्ने र इच्छा अनुसारको आकृति बनाउने र माटोबाट बनेका परम्परागत सामानहरू चिन्न सक्ने<br>- आफ्नो गाउँघरतिर प्रचलित भाकामा कुनै गीतको लय पकड्ने, गाउने र नाच्ने | - घरमा भएका हातले बनाएका सामानहरू चिन्ने र के के सामान हातले बनाइन्छ भन्न सक्ने<br>- हातले बनेका र हातले नबनाएका सामान पहिचान गर्न सक्ने<br>- गाउँघरतिर चल्तीमा रहेका तथा हराएर गएका पारम्परिक स्थानीय बाजा र तिनको धुन पहिचान गर्ने | - काठपात, रूख तथा बोटबिरुवाबाट बनेका वस्तु पहिचान गर्न सक्ने<br>- आफ्नो गाउँघरतिरका कथा सुन्ने र तिनमा अपनत्व राख्ने<br>- स्थानीय परिवेशसहित समूहमा कथा बनाएर भन्न सक्ने |
| हाम्रो संस्कृति | - आफ्नो र अरूको पारम्परिक पहिरनबारे अरूलाई बताउन सक्ने<br>- आफ्नो घरमा बनाउने परिकार र आफूलाई मन पर्ने परिकार चिनेर भन्न सक्ने | - आफ्नो र छरछिमेकका घरको विवरण दिन सक्ने<br>- घरमा पाइने फलफूल, तरकारी लगायतका खाने परिकारका स्रोत र आफूले देख्न, सुन्न, सुँघ्न, छुन र चाख्न सकेको विवरण भन्न सक्ने | - आफ्नो र परिवारका अन्य सदस्यको दैनिकी भन्न सक्ने<br>- घरमा भएको खानाको सुरक्षा गर्न र उब्रिएको खानेकुरालाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे सामान्य रूपमा भन्न सक्ने |

| | | | |
|---|---|---|---|
| हाम्रो वरपरको संसार | - आफू बस्ने र विद्यालय भएको टोल वरपरका घर, बाटो, अरू संरचना, डाँडा, खोला, खोल्सा चिन्न सक्ने<br>- सबैभन्दा नजिकको खोला, खोल्सा र त्यसको वारिपारिका ठाउँको सामान्य परिचय दिन सक्ने<br>- खोलाको सौन्दर्यप्रति सचेत हुने र सावधानी अपनाउने | - आफ्नो वरपरको वातावरणसँग परिचित हुने (भौगोलिक वातावरण : विद्यालय र आफ्नो गाउँको नाम, आफू रहेको ठाउँको तत्कालको मौसम भन्न सक्ने, सामाजिक वातावरण : छिमेकीसँग बोल्ने र तिनलाई सम्बोधन गर्न सक्ने)<br>- कस्तो ठाउँमा जान हुन्छ/हुँदैन भन्ने सामान्य जानकारी राख्ने<br>- खोलामा वा खोला वरपरका वस्तु, जीवजन्तु पहिचान गर्न सकेको : पानी, बालुवा, ढुङ्गा, लेउ, चराचुरुङ्गी, माछा मार्ने वा नुहाउन, लुगा धुन जाने मानिस | - आफ्नो गाउँका भू-उपयोग र सार्वजनिक सेवाका संस्था कता छन् पहिचान गरेर सामान्य नक्साङ्कन सीप विकास गर्ने<br>- सबभन्दा नजिकको खोलामा र वरपर पाइने प्राकृतिक र मानव निर्मित वस्तु पहिचान गर्न सक्न<br>- खोला तर्दा अपनाउनुपर्ने सावधानीका उपाय अपनाउन सक्ने |
| हाम्रो भाषा | - फरक भाषा बोल्नेहरू छन् भन्ने अनुभव गर्ने र पहिलो अभिव्यक्तिमा आवश्यक परिचयात्मक क्रिया प्रयोग गर्न सक्ने<br>- स्थानीय वा मातृभाषामा अस्तित्व बोधक क्रिया 'हो' र 'छ' र तिनका अकरण रूपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सक्न | - प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रिया 'हुन्छ' का करण अकरण रूप थप शब्दसहित प्रयोग गर्ने<br>- शरीरका अङ्ग, नातागोता, घर तथा विद्यालय वरिपरिका वस्तुहरू जनाउने शब्द प्रयोग गर्ने (नयाँ शब्दहरू बढीमा २५) | - अज्ञात भूतकालका वाक्य बोलीचालीमा प्रयोग गर्न सक्ने<br>- 'कहाँ' र थप 'के', 'को' प्रश्न प्रयोग गर्न सक्ने<br>- स्थानवाचक नामयोगी प्रयोग गर्न सक्ने |

## आधारभूत तह, कक्षा ४ - ५

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| मेरो दैनिक जीवन | - आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार पहिचान गर्ने<br>- गाउँघर र जङ्गलमा औषधि छन् भन्नेबारे परिचित हुने<br>- मौसमअनुसार रोपिने र थन्क्याउने बाली बिरुवा चिन्न सक्ने<br>- छिमेक तथा नजिकको बजारमा र विभिन्न कामले आफूलाई तथा समाजमा दिने योगदान पहिचान गर्ने | - आफ्नो वडामा जीविकाका मुख्य आधार र आफ्नो वडामा तिनको अवस्थितिबारे परिचित हुने<br>- आफ्नो घर नजिकै भएका किराना पसल वा निश्चित दिनहरूमा लाग्ने हाटबजारका प्रभावबारे भन्न सक्ने<br>- घरेलु औषधिको स्रोत र यी चिन्ने व्यक्तिहरू पहिचान गर्ने<br>- घरपालुवा जनावरका गुण, स्वभाव र प्रयोजनबारे परिचित हुने<br>- जनावर र खेतीबीचको अन्तर्सम्बन्ध पहिचान गर्ने<br>- कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू, ती काममा चाहिने सीप र काम गर्नेका लागि फाइदा र बेफाइदा पत्ता लगाउने |

| | | |
|---|---|---|
| हाम्रो समुदाय | - आफू वरपर रहेका सेवा प्रदायक संस्थाहरूको नाम, मूल काम र ठेगानाबारे परिचित हुने र सम्भव भएसम्म प्रत्यक्ष हेर्ने<br>- आपत्मा परेका बेला सहयोग गर्ने संस्थाहरू चिन्ने<br>- संस्थाको अनुपस्थितिमा गाउँघरतिर आपसमा के कसरी सहयोग गरिन्छ र गर्न सकिन्छ भन्न सक्ने<br>- पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे परिचित हुने<br>- अलिपरको सबभन्दा नजिकको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण, महत्त्व दिनुका आधारहरू पहिचान गर्ने<br>- आफ्नो वडाको भ्रमण गर्न सक्ने<br>- आफू रहेको ठाउँबाट दिशा बताउन सक्ने<br>- वडाको सबभन्दा नजिकको महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण पहिचान गर्ने<br>- आफ्नो वडाको महत्त्वपूर्ण ऐतिहासिक स्थानबारे कथाहरू भन्न सक्ने र सामान्य विवरण दिन सक्ने<br>- आफ्नो परिवारको इतिहाससँग परिचित हुने | - नजिकैको वडा कार्यालयको ठेगाना, काम, अध्यक्ष र सदस्यहरू पहिचान गर्ने<br>- वडाका भौगोलिक अवस्थिति र विशेषताको वर्णन गर्न सक्ने<br>- वडाका विद्यालय र तिनीहरूको विवरण भन्न सक्ने<br>- देखिने मानवीय विशेषता भएका मानिसको तथ्याङ्कबारे परिचित हुने<br>- वडाभित्रको सबभन्दा नजिकको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण, समुदाय र रहनसहनबारे परिचित हुने<br>- वडाभित्रका महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण पहिचान गर्ने र त्यससँग जोडिएको कथा भन्न सक्ने<br>- आफ्नो वडाको बस्तीहरूको सुरूआतबारे भन्न सक्ने |
| हाम्रा वरपरका सजीव | - वरपरका वनस्पतिको प्रयोग र फाइदा भन्न सक्ने<br>- जडीबुटीका रूपमा प्रयोग गर्ने गरिएका वनस्पति पहिचान गर्ने<br>- जङ्गली जीवजन्तुको विविधता र तिनको पहिचान गर्ने<br>- गाउँघरतिर पाइने जीवजन्तु र चराचुरुङ्गीका विशेष अङ्ग तथा विशेष परिस्थितिबारे भन्न सक्ने<br>- बिच्छी र खजुरोजस्ता विषालु जीवले डस्दा वा टोक्दा मान्छेलाई हुने असरबारे परिचित हुने<br>- विषालु जीवसँग सावधानी अपनाउने | - पालिकामा पाइने रूख तथा विशेष वनस्पति पहिचान गर्ने र तिनको विविधता तथा अवस्थाबारे परिचित हुने<br>- जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्याबारे भन्न सक्ने<br>- पालिकामा जीवजन्तुले दिएका समस्या न्यूनीकरण गर्ने उपाय पहिचान गर्ने र सकेसम्म कम हानिमा न्यूनीकरण गर्ने अभ्यास गर्ने<br>- विषालु जीवको टोकाइका लागि घरगाउँमा अपनाइने सुरक्षाका साधन पहिचान गर्ने र अपनाउनुपर्ने प्राथमिक उपचारका साधनबारे परिचित हुने |
| हाम्रो वातावरण | - हावाहुरीका सम्भाव्यता र असर पहिचान गर्ने<br>- आफ्नो गाउँमा पाँच वर्षभित्र लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय पहिचान गर्ने<br>- प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् भन्नेबारे भन्न सक्ने | - डढेलो र आगलागी हुनुको प्राकृतिक तथा मानवीय कारण पहिचान गर्ने<br>- आगलागी र डढेलो रोकथाम तथा बचावका उपाय भन्न सक्ने<br>- आफ्नो गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण पहिचान गर्ने र ती रोग लागेमा के गर्ने आधारभूत जानकारी दिन सक्ने<br>- प्रकृतिले परिपूर्ति गर्न सक्नेजति सामान चलाउनुपर्छ भन्नेबारे परिचित हुने |

| | | |
|---|---|---|
| मेरो सिर्जना | - गाउँघरमा बनाइने धातुले बनेका वस्तुको पहिचान गर्ने<br>- कुन धातुले कस्ता सामग्री बनाइन्छ भन्ने सामान्य जानकारी दिन सक्ने<br>- सजिला गाउँखाने कथा सुन्ने र भन्ने<br>- वरपरका ठाउँ, परिचित व्यक्ति, चिनिने फल, रूख इत्यादिलाई रोचक ढङ्गमा चिनाउन सक्ने | - माछा मार्न, माछा मार्ने साधन बनाउन सहयोग गर्ने र सिलाइबुनाइको कामबारे परिचित हुने<br>- कक्षा १ देखि ४ सम्म पढेका सामग्री मध्येको कम्तीमा एउटा सामग्री बनाउन सक्ने<br>- आफ्नो भाषाका परम्परागत तथा स्थानीय गीत, कथा, उखान टुक्का, गाउँखाने कथा भन्न सक्ने |
| हाम्रो संस्कृति | - घर र छरछिमेकमा गरिने कामहरूबारे भन्न सक्ने<br>- मौसम अनुसारको खाना र<br>अल्पपोषण भएका खानेकुरा पहिचान गर्ने र फरक छुट्याउन सक्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग गर्ने | - एकआपसमा वा गाउँघरमा गरिने सहयोगको अवस्था पहिचान गर्ने र सहयोगमा उत्प्रेरित हुने<br>- अल्पपोषण भएका खानेकुराको<br>स्रोत तथा असर पहिचान गर्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग गर्ने |
| हाम्रो वरपरको संसार | - वरपरका खोलाबारे स्थानीय ज्ञान र विशेषता पहिचान गर्ने<br>- वडाभित्रका खोलाको विवरण र खोला वरपरका वातावरणबारे जानकारी राख्ने<br>- जोखिम पनि बुझेर सानो खालको खोलानाला तर्न सक्ने | - वडाभित्रका खोलाको विवरण र खोला वारिपाकि बस्ती र वातावरणबारे परिचित हुने<br>- खोलाको प्रयोजनहरू पहिचान गर्ने, बल्छी हाल्ने अभ्यास गर्ने |
| हाम्रो भाषा | - बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया 'चाहिन्छ'<br>'पर्छ' को प्रयोग गर्न सक्ने<br>- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्ने | - सामान्य भूत र अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- समय बुझाउने शब्द (क्रियायोगी) बारे परिचित हुने |

# आधारभूत तह, कक्षा ६ - ८

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| मेरो दैनिक जीवन | - पालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी सेवाको अवस्था र तिनको दैनिक जीवनमा आवश्यकता तथा उपयोगिताबारे विचार राख्न सक्ने<br>- पालिकाका विभिन्न समुदायले स्थानीय रूपमा प्रयोग गर्ने गरेका जडीबुटी र तिनका काम पहिचान गर्ने<br>- विज्ञ, ठूला मान्छे तथा चिकित्सकको सल्लाह बेगर कुनै पनि जडीबुटी प्रयोग गर्नु हुँदैन भन्ने सचेतना<br>- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष बताउने र अभ्यास गर्ने<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो भन्न सक्ने<br>- गाउँमै भएको र बाहिरबाट ल्याएको बाली चिन्न सक्ने<br>- समुदायमा भएका सीप, काम तथा आवश्यकता हेरेर आफूलाई गर्न मन भएको काम (जागीर नभई कामको प्रकृति) बारे आफ्नो विचार राख्न र प्रस्तुत गर्न सक्ने | - अधिकांश पालिकावासीहरूले खान बनाउन र आफ्नो जीविकोपार्जनमा प्रयोग गर्ने गरेका मुख्य उर्जाका साधन पहिचान गर्ने<br>- पालिकाका मुख्य सञ्चार र आवागमनको स्थितिबारे परिचित हुने<br>- विभिन्न रोगमा शारीरिक वा मानसिक शक्ति बढाउन समुदायमा प्रयोग हुँदै आएको जडीबुटी चिन्ने<br>- मात्रा र उपयोगिता नमिलाए हानि गर्न सक्नेबारे सचेत हुने<br>- जैविक मलको फाइदा पहिचान गर्ने र बनाउन जान्ने<br>- आफैं बोटबिरुवा रोप्न र फलाउन सक्ने<br>- पालिकामा कुन काम कहिलेदेखि सुरू भए अध्ययन गर्ने<br>- अबका ५, १०, २५ वर्षमा धेरैले के गरिरहेका हुन सक्लान् भन्नेबारे अनुमान गर्न सक्ने | - जीविकोपार्जनका क्षेत्रसम्बन्धी गापाको नियम तथा व्यवस्थाबारे सामान्य रूपमा भन्न सक्ने<br>- पालिकामा उपलब्ध जीविकाका आधार र व्यक्तिगत वा आफ्नो परिवारले गर्न सक्ने क्षेत्रहरू पहिचान गर्ने<br>- कुन जडीबुटी कसरी प्रयोग गरिन्छ भन्नेबारे परिचित हुने<br>- नेपाल आयुर्वेद चिकित्सा परिषद्ले टिपोट गरेका जडीबुटी र स्थानीय रूपमा मान्दै आइएको जडीबुटीको सामान्य फरक पहिचान गर्ने<br>- स्थानीय बाली र दिगो खेतीपातीका विशेषता बताउन सक्ने र त्यसको अभ्यास गर्ने<br>- गापा, कृषि तथा पशु कार्यालय, वन विभाग आदि जस्ता निकायबाट पाइने सेवाबारे परिचित हुने<br>- आफूले चाहेको काम भविष्यमा गर्न सक्ने हुनका लागि आजदेखि आफूले गर्नुपर्ने तयारीबारे सोच्न थाल्ने<br>- पालिकाका पेसागत संघ-संस्था र सम्बन्धित निकायका सेवा सुविधाबारे परिचित हुने |
| हाम्रो समुदाय | - गापाको आधिकारिक नाम, वर्तमान पालिका अध्यक्षको नाम भन्न र संरचना, सेवा र कामहरूको वर्णन गर्न सक्ने<br>- गापाको अवस्थिति र भौगोलिक विशेषताका पक्ष पहिचान गर्ने<br>- वागमती गापाका भौगोलिक विशेषतासम्बन्धी तथ्याङ्कबारे परिचित हुने<br>- पालिकाका महत्त्वपूर्ण भौगोलिक ठाउँहरूको परिचय, विवरण र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने<br>- प्रदूषणमा सावधानी वातावरण संरक्षणको अभ्यास गर्ने<br>- पालिकाका महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण र त्यससँग जोडिएको कथाबारे परिचित हुने<br>- आफ्नो पालिकाको बसोबासको इतिहासको अनुमानित समयक्रम बताउन सक्ने<br>- पालिकामा कुन समुदाय कहाँबाट कहिले कहाँ-कहाँ आयो भन्न सक्ने<br>- आफ्नो गाउँमा भएको बसाइँसराइका कारणहरूबारे परिचित हुने | - गापाको विविध पक्षको संक्षिप्त परिचय दिन सक्ने<br>- मकवान पुर जिल्लाका र छिमेकी पालिकाहरूको स्थानबारे परिचित हुने<br>- गापाभित्रका विभिन्न सेवाप्रदायक संस्था र तिनका कामबारे जानकार हुने<br>- वागमती गापाका इतिहाससम्बन्धी तथ्याङ्कबारे परिचित हुने<br>- पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्त्व र सम्भावनाबारे अध्ययन गर्ने<br>- पालिकाका तथा छिमेकमा रहेका भौगोलिक ऐतिहासिक तथा सांस्कृतिक स्थानको महत्त्व र सम्भावनाबारे विचार प्रकट गर्ने<br>- गापाभित्रका विभिन्न समुदायमा योगदान दिएका र समाज कल्याणका काममार्फत परिवर्तन ल्याएका व्यक्तिहरू, तिनका काम र महत्त्व पहिचान गर्ने | - नेपाल, बागमती प्रदेश, जिल्लाको अवस्था र त्यसमा पालिकाको स्थान पहिचान गर्ने<br>- छिमेकी पालिकासँग संक्षिप्त तुलना गर्न सक्ने<br>- वागमती गापाको आर्थिक तथा सामाजिक अवस्था, अवसर र चुनौती र चालू विकास निर्माणका कामबारे परिचित हुने<br>- पालिकाको नेतृत्व लिन चाहिने गुणबारे विचार राख्ने<br>- पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्कबारे परिचित हुने<br>- पालिकाका महत्त्वपूर्ण भौगोलिक स्थान, तिनको वर्तमान अवस्था, उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने<br>- पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वर्तमान अवस्था, तिनको उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना विचार र टिप्पणी राख्न सक्ने<br>- वागमती गापाले बोकेको युद्ध इतिहासबारे परिचित हुने |

| | | | |
|---|---|---|---|
| हाम्रा वरपरका सजीव | - वनस्पतिको वातावरणीय महत्त्व बुझेर बोटबिरुवा संरक्षण गर्नुपर्छ भन्ने भावनाका साथ तर्क दिन सक्ने<br>- स्थानीय वनस्पतिको प्रभावबारे भन्न सक्ने<br>- पालिकाका विशेष जीवजन्तु र चराचुरुङ्गीबारे जानकारी र तिनको हालको अवस्थाबारे परिचित हुने<br>- जीवजन्तु संरक्षणबारे सचेत हुने<br>- जनावर विषालु हुनुमा जीवविकासको प्रभावबारे परिचित हुने<br>- विषालु जीवजन्तुले वातावरणमा पार्ने सकारात्मक असर पहिचान गर्ने | - पालिकाका वनक्षेत्रबारे खोज गर्ने<br>- पालिकाका वनजङ्गल संरक्षणबारे वकालत गर्ने<br>- पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे भन्न सक्ने<br>- जीवजन्तु लोपोन्मुख हुनुको कारण पहिचान गर्ने<br>- मानवबस्ती र ती जीवजन्तुको सह-अस्तित्व बोध गरेर मानवीय क्रियाकलापका कारण यी जीवजन्तुप्रति हुने नकारात्मक असरबारे धारणा राख्न सक्ने | - पालिकाका सामुदायिक वनको महत्त्व, आवश्यकता, फाइदा र समस्या भन्न सक्ने<br>- वनजङ्गल संरक्षण गर्नुपर्छ भन्ने बोध हुने<br>- जीवजन्तु संरक्षण तथा व्यवस्थापनका उपायहरू पहिचान गर्ने<br>- पालिकाका जीवजन्तुको संरक्षण गर्नुपर्छ भन्ने विचार प्रकट गर्ने<br>- विषालु जीवजन्तुको व्यवस्थापन र संरक्षणको महत्त्व तथा उपायहरू पहिचान गर्ने |
| हाम्रो वातावरण | - पालिकाका चट्याङबाट प्रभावित क्षेत्रको पहिचान गर्ने<br>- चट्याङ लाग्दा अपनाउनु पर्ने सावधानीबारे परिचित हुने<br>- गापामा सबैभन्दा प्रभाव पारेका सरुवा रोगबारे सचेत हुने<br>- तीबारे बच्ने र जनचेतना फैलाउने उपाय लागु गर्न सक्ने<br>- गापामा रहेको प्रदूषण, तिनका मुख्य कारक र न्यूनीकरण तथा समाधानका उपाय पहिचान गर्ने<br>- जलवायु परिवर्तनमा आफ्नो (स्वयम्, परिवार, पालिका, देश) नजानिँदो भूमिका र यसको असरबारे परिचित हुने | - घरगाउँमा मानिसलाई आइपर्ने प्राकृतिक तथा मानवजन्य प्रकोप र असरहरूबारे थप गहन विचार व्यक्त गर्ने<br>- प्रकोपहरूबाट बच्न गरिने तयारी, सावधानी र मानवजन्य प्रकोपका रोकथाम तथा न्यूनीकरणबारे जनचेतना फैलाउन सक्ने<br>- नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा सुरक्षित रहन सकिने उपाय पहिचान गर्ने<br>- नकुहिने र पुनर्नवीकरण नहुने वस्तुले वातावरण, जीवजन्तु तथा बोटबिरुवामा गर्ने असर पहिचान गरेर घरपरिवार तथा छिमेकमा भन्न सक्ने | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन पूर्वतयारी गर्न वा गराउन सक्ने<br>- प्रकोपबारे समुदाय र विद्यालयमा न्यूनीकरणका लागि ड्रिल तथा जनचेतना दिन सक्ने<br>- नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा स्थानीय सरकारले चाल्ने कदमबारे सचेत हुने<br>- दिगो विकास लक्ष्य १२ (उत्पादन र खपतमा उत्तरदायित्व) बारे सचेत भएर आफ्ना विचार प्रकट गर्न सक्ने<br>- गापामा वातावरण संरक्षणका लागि भएका क्रियाकलापमा सहभागी हुने तथा आयोजना गर्ने |
| मेरो सिर्जना | - परम्परागत खेतीपातीका साधन र तिनका प्रयोग भन्न सक्ने<br>- घरायसी वा जीवनोपयोगी सामग्री निर्माण गर्न जान्ने वा नजाने पनि त्यसबारे सामान्य ज्ञान राख्ने<br>- गीत र कथा बाहेकका लोक तथा स्थानीय कलाबारे खोजी गर्ने<br>- आफ्नो रुचिको कलाक्षेत्रबारे परिचित हुने र उक्त कला सिक्न वा प्रस्तुत गर्न प्रयत्न गर्ने | - ठोस सामग्री नदेखिने तर समाजमा परिणाम देखिने अदृश्य सीपहरू पहिचान गर्ने<br>- आफ्नो रुचि भएको सीपबारे थप जानकारी राख्ने वा सिक्ने प्रयत्न गर्ने<br>- स्थानीय कथा वा गाउँघरतिरै भएका सामग्री तथा अवस्थाबाट कथा, कविता वा गीत रचना गर्न वा सो अनुसारको चित्रकला वा धुन बनाउन अथवा बजाउन सक्ने<br>- आफ्ना रचनामा स्थानीय परिवेशको झल्को ल्याउन खोज्ने | - परम्परागत सीपको महत्त्व र हराउँदै गएका सीपको पहिचान र संरक्षणको अभ्यास गर्ने<br>- अघिल्लो कक्षामा जम्मा गरेका सबै सामग्री सम्पादन गरेर भन्ने सुनाउने तथा प्रस्तुत गर्ने<br>- राष्ट्रिय स्तरमा स्थानीय कथा प्रस्तुत गर्नुको आवश्यकताबारे विचार राख्न सक्ने |

| | | | |
|---|---|---|---|
| हाम्रो संस्कृति | - स्थानीय चालचलन र चाडपर्वबारे परिचित हुने र गौरव गर्ने<br>- हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा खानाको परिकारबारे परिचित हुने<br>- स्थानीय तथा परम्परागत खानाको प्रोत्साहन गर्ने र महत्त्वबारे बताउन सक्ने | - संसार र समाजको उत्पत्तिबारेका स्थानीय विश्वासबारे धारणा राख्न सक्ने<br>- प्रकृति र मानिस अनि मानिसमानिस बीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे विचार निर्माण गर्ने<br>- स्थानीय तहमा उत्पादन हुने सन्तुलित तथा स्वस्थकर खानेकुरा पहिचान र प्रयोग गर्ने<br>- अल्पपोषण भएका खानेकुरा तथा पत्रु खानाले गर्दा स्वास्थ्य र वातावरणमा भइरहेको असरबारे जानकार हुने र समुदायमा जनचेतना फैलाउन सक्ने | - छलफलको विषयसूची बनाउने र कक्षा १ देखि अध्ययन अवलोकन गरिएका विविध पक्षको अभिलेखन गर्ने<br>- गापा स्तरमा<br>अल्पपोषण भएका खानकुराको असर तथा न्यूनीकरण र स्थानीय परिकारको महत्त्वबारे जनचेतना फैलाउने कार्यक्रम आयोजना गर्ने, सहयोग गर्ने वा सहभागी हुने |
| हाम्रो वरपरको संसार | - पालिकाका मुख्य खोलाहरूको परिचय र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने<br>- आफ्ना ठाउँबारे व्यक्तिगत अनुभवमा कविता, निबन्ध, कथा, यात्राका विवरण लेख्ने | - पालिकाका खोला, तिनको परम्परागत प्रयोजन, महत्त्व र सम्भावनाबारे वर्णन गर्न सक्ने | - पालिकाका खोलाको दुरूपयोग र बचाव, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने<br>- परम्परागत र आधुनिक प्रयोगका द्वन्द्वबारे छलफल गर्न सक्ने |
| हाम्रो भाषा | - अपूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- विभक्ति र नामयोगी प्रयोग गरेर वाक्यहरू बनाउने | - पूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- अभ्यस्त भूतकालका क्रियाको प्रयोगबारे परिचित हुने | - संयोजक, विस्मयादिबोधक शब्दसहित वाक्य संरचना गर्ने<br>- विभिन्न अवस्थासँग सम्बन्धित थप वाक्यहरू बोल्न जान्ने |

## विषयवस्तुको क्षेत्र र क्रम

| | | |
|---|---|---|
| मेरो दैनिक जीवन | जीविकाको मुख्य आधार | आफ्नो परिवार र पालिकाका धेरैजसो घरधुरीको गुजारा केबाट चल्छ भन्नेबारे सामान्य ज्ञान पाउनेछन् । |
| | जडिबुटी तथा गैरकाठ वनपैदावर | स्वास्थोपचारमा तथा जडीबुटीसम्बन्धी स्थानीय ज्ञान र त्यसको उपयोगमा सचेत हुने छन् । |
| | कृषि र पशुपालन | जीवनोपयोगी शिक्षाका रूपमा कृषिसम्बन्धी ज्ञान पाउने र सो ज्ञान कायम राख्न सक्रिय हुने छन् । |
| | कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | किसानी बाहेकका अन्य पेसाका अवसरको ज्ञान र आफ्नो रोजाइबारे ज्ञान विकास गर्ने छन् । |
| हाम्रो समुदाय | वरपरको सामाजिक वातावरण | विद्यार्थीले गापाको सामाजिक वातावरणको संक्षिप्त र औपचारिक विवरण दिन सक्ने छन् । |
| | चाखलाग्दा भौगोलिक ठाउँ | पालिकाका विविधतापूर्ण भूगोल र पर्यटकीय स्थलहरूको ज्ञान पाउनेछन् । |
| | स्थानीय रेकर्ड बुक | पालिकाका रोचक विवरण तथा तथ्याङ्कबारे परिचित हुने छन् र यसमार्फत मनोरञ्जन र आत्मगौरव गर्ने छन् । |
| | ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | राष्ट्रिय इतिहासमा आफ्नो ठाउँको महत्त्व आकलन गर्दै यसलाई एक स्थानीय विशेषताको रूपमा लिई स्थानीय पर्यटकीय अवसरको सम्भावना देख्ने छन् । |
| | हरिहरपुरगढीको इतिहास- युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | |
| हाम्रा वरपरका सजीव | वन वनस्पति | पालिकामा पाइने वनस्पतिसम्बन्धी विविधताको ज्ञान तथा गौरव र जीविकामा त्यसको सम्बन्ध छलफल गर्नेछन् । |
| | जीवजन्तु र चराचुरुङ्गी | पालिकाका जीवजन्तु तथा चराचुरुङ्गीसँग सम्बन्धित तथ्यगत ज्ञान पाउनेछन् र यसबारे कौतूहल र उपयोगमा सचेतनाको विकास गर्ने छन् । |
| | विषालु जीवजन्तु | यस्ता जीवजन्तुसँग अपनाउनुपर्ने सावधानी र यिनको व्यवस्थापनमा सीप विकास गर्ने छन् । |
| हाम्रो वातावरण | प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | विशेष गरी चट्याङ प्रभावितक्षेत्र भनेर सचेत हुँदै प्रकोप विरुद्ध बचाव र न्यूनीकरणबारे परिचित हुने छन् । |
| | सरूवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | स्थानीय रूपमा आइपर्ने सरुवा रोगबारे जानकारी पाउनेछन् र सफाइ तथा बचावमा उत्प्रेरित हुने छन् । |
| | वातावरण विनाश तथा संरक्षण | सङ्कटको कारणबारे सचेत भएर व्यक्तिगत तथा सार्वजनिक जीवनमा अनावश्यक उपभोग घटाउनमा सक्रिय हुने छन् । |
| मेरो सिर्जना | हस्तकला, परम्परागत सीप र धार्मिक सीप | परम्परागत सीपको जगेर्ना र विकास, आत्मगौरव तथा सीप पुस्तान्तरणमा सक्रिय सहभागिता गर्ने छन् । |
| | लोक कला तथा साहित्य | परम्परागत अन्तर्निहित कला तथा साहित्यिक ज्ञानको रक्षा, मनोरञ्जन र यसप्रति गौरव गर्ने छन् । |
| हाम्रो संस्कृति | चालचलन र चाडपर्वहरू | आफ्नो ठाउँको विस्तृत विवरण तथा परिस्थिति ज्ञान दिन सक्ने छन् । |
| | परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | परम्परागत खानाको विविधताको प्रशंसा गर्ने र अल्पपोषण भएका खानेकुराको असरबारे जानकारी पाउनेछन् । |
| हाम्रो वरपरको संसार | वरपरको भौगोलिक वातावरण | विद्यार्थीले वरपरको भौगोलिक वातावरणको संक्षिप्त विवरण दिन सक्ने छन् । |
| | नदीनाला | पालिकाका नदीनालासँग सम्बन्धित तथ्यगत ज्ञान र खोला तथा वरपरका जीवनबारे परिचित हुने छन् । |
| भाषा | भाषा | मातृभाषा वा स्थानीय भाषामा आधारभूत संवाद गर्न सक्ने छन् । विविधताप्रति सचेतना, परस्पर सम्मान र सहिष्णुताको विकास गर्ने छन् । |

## कक्षागत क्षेत्र र क्रम

### आधारभूत तह, कक्षा १ – ३

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| मेरो दैनिक जीवन | - तरकारी, अन्न, फलफूलका बोटबिरुवा<br>- घरका सदस्यका कामहरू | - घर पालुवा जनावर, तिनको चरित्र र काम<br>- छिमेकी र आफ्नो घरको काम | - बारी र फूलबारीमा हुने बिरुवाको स्याहार<br>- नजिकको बजारमा गर्ने कामहरू | |
| हाम्रो समुदाय | - कक्षामा देखेर थाहा पाइने रेकर्डहरू<br>- गाउँका पुराना घर, गुम्बा वा मन्दिर<br>- नजिकमा रहेको भौगोलिक महत्त्वका स्थानहरू<br>- नजिकका भौगोलिक स्थानमा पाइने माटो, ढुङ्गा, बोटबिरुवा र अन्य सामग्री | - विद्यालय र घर वरपरका देखेर थाहा पाइने रेकर्डहरू<br>- नजिकका भौगोलिक महत्त्वको स्थानका वस्तुगत विशेषता<br>- गाउँका पुराना र नयाँ संरचना | - गाउँ वरपरका देखेर थाहा पाइने रेकर्ड विवरण<br>- नजिकको भौगोलिक महत्त्वका स्थानको वातावरण र अनुभव<br>- सबैभन्दा नजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँ | |
| हाम्रा वरपरका सजीव | - घर र विद्यालय वरपरका वनस्पति पहिचान गर्न सक्ने<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने चराचुरुङ्गी<br>- हामीलाई हानि गर्ने कीराहरू | - खान हुने र नहुने वनस्पति<br>- गाउँघरतिर सबै मौसममा पाइने वा देखिने कीरा र जनावर<br>- गाउँघरतिर पाइने हानिकारक जनावर (चिथार्ने/कोतार्ने वा टोक्न सक्ने र सुई नलगाएका कुकुर/बिरालो/चमेरो वा अन्य जनावर आदि) | - घर र विद्यालय वरपरका वनस्पतिका लागि उचित वातावरण<br>- गाउँघरतिर विशेष मौसममा वा परि स्थितिमा देखिने जीवजन्तु तथा चराचुरुङ्गी<br>- गाउँघरतिर विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने विषालु वा रोग संक्रमण गर्ने कीरा र जनावर (बिच्छी, सर्प, विषालु भ्यागुता) तिनीहरूले गर्न सक्ने हानिको विवरण | |
| हाम्रो वातावरण | - वर्षाका बेलाको आफ्नो वरपरको खोला, खोल्सा<br>- घरमा भएका बिरामीका कारण, असर र बचाउका उपायहरू<br>- कुहिने वस्तु (फलफूल, तरकारी, कागज, पातपतिङ्गर लगायतका जैविक सामग्री) | - बाढीको असर र बच्ने उपाय<br>- मानिस कसरी बिरामी हुन्छ होला !<br>- नकुहिने वस्तु (चाउचाउ बिस्कुटका खोल, कोक फ्यान्टा तथा पानीका प्लास्टिकका बोतल, किताबको चिप्लो गाता, नाइलन कपडा, प्लास्टिकका झोला, गुट्खा, स्याम्पु, मिठाइका खोल आदि) | - बाढी र पहिरोका कारण र रोकथाम<br>- सर्ने रोगहरू र तीबाट बच्ने सावधानी<br>- नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरहरू | |

| | | | | |
|---|---|---|---|---|
| मेरो सिर्जना | - माटोबाट बनेका सामानहरू<br>- घरगाउँतिरको नजिकैको विद्यार्थीको पहिलो वा स्थानीय भाषाको भाका | - हातले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू<br>- स्थानीय बाजा, तिनका बजाउने तरिका र ती बाजाबाट निस्कने धुन | - काठपातले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू<br>- प्रचलित स्थानीय कथा<br>- आफ्नै कथा बनाऔँ | |
| हाम्रो संस्कृति | - आफूलाई मन पर्ने र समाजको पहिरन<br>- मन पर्ने खानेकुरा | - आफ्नो र छिमेकीका घरका आकारप्रकार तथा विवरण<br>- घरमा खाइने फलफूल, तरकारी र जनावरबाट प्राप्त खानेकुरा | - आफ्नो र छरछिमेकको दैनिकी<br>- खाना बनाउनमा सहयोग र खानाको सुरक्षा | |
| हाम्रो वरपरको संसार | - आफू वरपरको वातावरण : आफू उभिएको जमिन, देख्न सकिने पानीका स्रोत, गाउँघर<br>- नजिकको खोला र वारिपारिका ठाउँको नाम | - आफू वरपरको वातावरण : वरपरका टोल तथा गाउँको नाम, तत्कालको मौसमअनुसार तातो चिसो, छिमेकीका नाम र सम्बोधन<br>- नजिकैको खोलाको विवरण र त्यस दिन देखिएको दृश्य | - आफू वरपरको समुदाय : छिमेकी, भू-उपयोग (बस्ती, खेतीपाती, जङ्गल आदि) र सेवा संस्था (अस्पताल, विद्यालय, ठूला पसल आदि)<br>- नजिकैको खोलाको वातावरणको प्रत्यक्ष अवलोकनसहित व्याख्या | |
| हाम्रो भाषा | - अभिवादन र परिचय | - प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रियाका करण अकरण रूप<br>- शरीरका अङ्ग, नातागोता, घर तथा विद्यालय वरिपरिका वस्तुहरू जनाउने शब्दहरू | - अस्तित्व र परिचय बोधक क्रियाका अनिश्चित भूत रूप | |

## आधारभूत तह, कक्षा ४ – ५

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| मेरो दैनिक जीवन | - आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार<br>- प्रयोग गरेका वा नगरेका घरेलु औषधि<br>- ऋतु अनुसारका खेती<br>- छिमेक तथा नजिकको बजारमा विभिन्न पेसावालाले दिने योगदान | - वडामा जीविकाका मुख्य आधार<br>- घरेलु औषधिका प्रकार<br>- घरपालुवा जनावरका काम, गुण, स्वभाव, प्रयोजन<br>- जनावर तथा खेतीबीचको अन्तर्सम्बन्ध<br>- हरेक कामका कारण र फाइदा बेफाइदा |

| | | |
|---|---|---|
| हाम्रो समुदाय | - वरपर सक्रिय रहेका सेवाप्रदायक संस्था र आपत्मा परेका बेला सहयोग गर्ने संस्था तथा गुम्बा, मन्दिर, चर्च र तिनले गर्ने काम<br>- गाउँघरमा आपसमा गरिने गैरमौद्रिक (पैसा संलग्न नहुने) लेनदेन<br>- विद्यालय रेकर्ड बुक<br>- वडाभित्र वा अलिपरका भौगोलिक स्थानका विशेषता<br>- ती ठाउँ र मानिसको सम्बन्ध<br>- ती ठाउँसम्बन्धी लोकगाथाहरू<br>- वडाका महत्त्वपूर्ण ऐतिहासिक स्थान<br>- विद्यार्थी परिवारको इतिहास | - आफ्नो क्षेत्रको वडा विवरण<br>- सामुदायिक रेकर्ड बुक<br>- वडाभित्रको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण<br>- वडाका महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थान<br>- मेरो वडाका बस्तीहरूको सुरूआत |
| हाम्रा वरपरका सजीव | - वरपरका वनस्पतिको प्रयोग<br>- गाउँघरतिर पाइने विविध जीवजन्तुका र तिनका विशेषता<br>- विषालु जीवले टोक्दा के हुन्छ | - पालिकाका विशेष वनस्पति<br>- पालिकामा जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्या<br>- विषालु जीवले टोक्यो भने के गर्ने |
| हाम्रो वातावरण | - हावाहुरीका सम्भावना र असरहरू<br>- पछिल्लो पाँच वर्षमा गाउँमा लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय<br>- प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् | - आगलागी र डढेलोका कारण तथा रोकथाम<br>- आगलागी, डढेलो र मानिसको सम्बन्ध<br>- गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण र उपचार<br>- स्थानीय तहमा दिगोपनको अवधारणा |
| मेरो सिर्जना | - धातुले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू<br>- आफ्नै गाउँखाने कथाहरू | - घरायसी जीवन उपयोगी सीपहरू<br>- समुदायका उखान टुक्का, गीत र कथा |
| हाम्रो संस्कृति | - घर र छरछिमेकमा क-कसले के के काम गर्छन्<br>- घरमा आउने स्वस्थकर र सन्तुलित खाना | - सहयोगको अवस्था<br>- अल्पपोषण भएका खानेकुराको प्रकार, स्रोत र असर |
| हाम्रो वरपरको संसार | - वडाभित्र वा अलिपरका नदी तथा खोलानालाका विशेषता<br>- स्थानीय खोलानाला र मानिसको सम्बन्ध र सम्बन्धित लोकगाथाहरू | - वडाभित्रका खोलाको विवरण र खोला वारिपारिका वातावरण<br>- बल्छीको ज्ञान र अभ्यास |
| हाम्रो भाषा | - बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया<br>- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू | - सामान्य भूत तथा अभूत कालका ढाँचा<br>- समयसम्बन्धी शब्द |

## आधारभूत तह, कक्षा ६ – ८

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|
| मेरो दैनिक जीवन | - शिक्षा, स्वास्थ्य, खानेपानी<br>- वरपरका काठ-बाहेक मानिसलाई काम लाग्ने वनपैदावरहरू (जस्तै : निगुरो, तामा, फल) र जडीबुटीहरू<br>- स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो<br>- गाउँमै भएको र बाहिरबाट ल्याइएका बाली<br>- आफ्नो रुचिका काम | - पालिकामा उर्जा, सञ्चार र यातायातको स्थिति<br>- विभिन्न रोगका बिरामीका लागि प्रयोग गरिने जडीबुटी<br>- स्थानीय र घरमै उमारिएका खानेकुराका फाइदा<br>- जैविक मलका फाइदा<br>- पालिकामा विभिन्न कामको इतिहास र भविष्य | - जीविकोपार्जनका अवसर र चुनौतीहरू<br>- व्यापारिक वा सामाजिक संस्था खोल्ने प्रक्रिया<br>- स्थानीय जडीबुटी तथा गैरकाठ वनपैदावरको प्रयोग गर्ने तरिका र संरक्षण<br>- जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाहरूको आधारभूत जानकारी<br>- पालिकामा पेसागत संस्थासँग र सम्बन्धित निकाय | |
| हाम्रो समुदाय | - वागमती गापाको संरचना, कार्यालयका मुख्य शाखा र काम<br>- गापाको भौगोलिक अवस्थिति र विशेषता<br>- भौगोलिक रेकर्ड बुक<br>- पालिकाका महत्त्वपूर्ण भौगोलिक ठाउँ र वरपरका स्थानको विवरण :<br>- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थान :<br>- हामी र हाम्रो समुदायको यात्रा | - वागमती गापाबारे सामान्य ज्ञानः सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्क<br>- मकवानपुरको र जिल्ला भित्रकै सीमा जोडिएका जिल्लाको अवस्थिति र विवरण<br>- वागमती गापाका संस्थागत साथीहरू<br>- इतिहास (भौतिक तथा मानवीय)<br>- पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्त्व र सम्भावना<br>- पालिकाका तथा छिमेकमा रहेका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वातावरण, महत्त्व र सम्भावना<br>- वागमती गापाको परिवर्तनमा योगदान दिएका व्यक्तिहरू | - देश, प्रदेश तथा जिल्लाको नक्सामा पालिका<br>- पालिकाका वडाहरू देखिने नक्सा<br>- गापाको विकासको अवस्था, अवसर र चुनौती र छिमेकी पालिकाहरूसँग संक्षिप्त तुलना<br>- पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्क<br>- पालिकाका महत्त्वपूर्ण भौगोलिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन<br>- पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन<br>- वागमती गापाको युद्ध इतिहास | |

| | | | | |
|---|---|---|---|---|
| हाम्रा वरपरका सजीव | - वातावरणका लागि वनस्पति<br>- पालिकाका विशेष जीवजन्तु, चराचुरुङ्गी र तिनको हालको अवस्था<br>- विषालु जीवबारे थप जानकारी | - वनजङ्गल संरक्षण<br>- पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभाव<br>- विषालु जीव र मानवबस्तीको सह-अस्तित्व | - पालिकाका सामुदायिक वनको महत्त्व, आवश्यकता, फाइदा र समस्या<br>- पालिकाका जीवजन्तुको संरक्षण तथा व्यवस्थापन<br>- विषालु जीवजन्तु व्यवस्थापन तथा संरक्षण | |
| हाम्रो वातावरण | - चट्याङबाट सावधानी<br>- गापामा असर गरेका सरुवा रोग<br>- सरुवा रोगबाट बच्ने उपायहरू<br>- गापामा रहेको प्रदूषणका कारण र रोकथाम | - प्राकृतिक तथा मानवजन्य प्रकोपका असर र बचाउका उपायहरू<br>- कोरोना संक्रमणमा गाउँलेले अपनाएका सावधानी<br>- नयाँ सरुवा रोग वा महामारीका बेला अपनाउनुपर्ने सावधानी<br>- पृथ्वीका लागि नकुहिने र पुनर्नवीकरण नहुने (ननृरिन्युएबल) सामानको मूल्य | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन विद्यालय तथा पालिकामा पूर्वतयारी व्यवस्था<br>- कोरोना संक्रमणमा गापाले अपनाएका सावधानी<br>- उत्पादन र खपतमा उत्तरदायित्व<br>- वातावरण संरक्षणका कार्यक्रम | |
| मेरो सिर्जना | - परम्परागत खेतीपाती र थप जीवन उपयोगी सीपमा सहभागिता<br>- सामुदायिक कला तथा अभ्यास | - अदृश्य सीपहरूको आकलन, अवलोकन, अभिलेखन र छलफल<br>- लोक कलामा आफ्नो प्रयास | - परम्परागत सीपको महत्त्व र संरक्षण<br>- दोहोरी गीत तथा अन्य साहित्य | |
| हाम्रो संस्कृति | - जन्मेदेखि मृत्युसम्मको रीति<br>- चाडपर्व<br>- हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा परिकार | - विश्वास र मूल्यमान्यता<br>- पत्रु खानाले वातावरणमा पारिरहेको असर र यसको न्यूनीकरण<br>- स्थानीय खानाको महत्त्व | - चालचलन तथा चाडपर्वबारे छलफल तथा विविध पक्षको अभिलेखन<br>- गापा स्तरमा अल्पपोषण भएका खानेकुराको न्यूनीकरण र असरसँग सम्बन्धित निकायहरूसँग सहकार्य | |
| हाम्रो वरपरको संसार | - पालिकाका मुख्य खोलाहरू- बागमती, चौराहा, चिरूवा | - पालिकाका खोला र तिनको परम्परागत प्रयोजन | - पालिकाका मुख्य खोलाको वर्तमान अवस्था र प्रयोगका द्वन्द्व | |
| हाम्रो भाषा | - अपूर्ण भूत तथा अभूतकालका ढाँचा<br>- विभक्ति र नामयोगीको प्रयोग | - पूर्ण भूत तथा अभूतकालका ढाँचा<br>- अभ्यस्त भूतकालका ढाँचा | - संस्कृति, खोला, बजार व्यवसाय, पालिकाको परिचय वातावरण प्रदूषण तथा संरक्षण, जलवायु परिवर्तन (तामाङ भाषामा लुङक्युइ), खाद्य सङ्कट पोषण, कोरोना भाइरस महामारी, रोगव्याधिसँग सम्बन्धित शब्दहरू<br>- संवाद | |

# विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

### १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| कृषि र पशुपालन | - आफ्ना वरपरको खेतबारीमा भएका बोटबिरुवाहरू चिन्न सक्ने र खान मिल्ने नमिल्ने बिरुवाहरू छुट्याउन सक्ने | - तरकारी, अन्न, फलफूलका बोटबिरुवा | - घरमा रोपेका बिरुवा मध्येबाट तीन थरि बिरुवाको पात ल्याउन लगाउने र नाम भन्न लगाउने ।<br>- आज कुन-कुन बिरुवाबाट बनेको खाना खायौ ? भनेर सोध्ने र खाएका चीजको सम्भव भएसम्म बिरुवा (वा बिरुवा नभए चित्र) देखाउने ।<br>- कुन-कुन कुरा नपकाई खान सकिन्छ ? भनेर सोध्ने र छलफल गर्ने ।<br>- खेत, फूलबारी र करेसाबारीमा विद्यार्थी लगेर बिरुवाका नाम सोध्ने र नचिनेका बोटबिरुवाका विशेषता चिनाउँदै नाम भनिदिने ।<br>- विद्यालयको फूलबारीमा पानी हाल्न, झार उखेल्न लगाउने । घरमा पनि बाआमासँग सोधेर सक्ने काम गर्न प्रोत्साहन गर्ने ।<br>- मान्छेले खान नमिल्ने बिरुवा (झारहरू) देखाएर यो खाएका छौ भन्दै ठट्टा गर्ने र बारीमा पनि हामीले नखाने बोट यी हुन् भन्ने जानकारी दिने ।<br>- फूल, फल र बाली वा तरकारी गरी तीनवटा बोटबिरुवाको चित्र बनाउन लगाउने । | - वरपर भएका कम्तीमा पाँचवटा बिरुवाका नाम भन्न सकेको<br>- तरकारी, अन्न, फलफूल वा तिनको बोट छुट्याउन सकेको<br>- खेतबारीका खान नमिल्ने बिरुवाहरू देखाउन सकेको<br>- तीनवटा बोटबिरुवाका चित्र बनाउन कोसिस गरेको | ८ |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - घरका कुन-कुन सदस्यले के काम गर्छन् भन्न सक्ने<br>- विभिन्न पेसाका नाम र सरल रूपमा त्यो पेसामा के गरिन्छ भन्न सक्ने | - घरका सदस्यका कामहरू | - घरमा को-को हुनुहुन्छ ? भनेर सोध्ने र केही सदस्यको नाम भनिसकेपछि उनीहरूले गर्ने के के काम उस्तै छ ? के के फरक छ ? सोध्ने ।<br>- आमा, दिदी, काकी, फुपू, हजुरआमाले गर्ने काम र बुबा, दाजु, काका, हजुरबुबाले गर्ने काममा के गर्नुपर्छ र कक्षामा कति जनाको परिवारमा मिल्दोजुल्दो काम हुँदो रहेछ छलफल गर्ने । | - घरका सदस्यलाई सोधेर उनीहरूको काम के हो कक्षामा भन्न सकेको<br>- घरका सदस्यका काममा के गर्नुपर्छ भन्ने प्रयत्न गरेको<br>- कम्तीमा तीनवटा पेसाको नाम याद गर्न सकेको<br>- कम्तीमा तीनवटा पेसामा के गर्छन् आफ्नै भाषा तथा बुझाइमा व्यक्त गरेको | ५ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| स्थानीय रेकर्ड बुक | - कक्षाभित्रका व्यक्ति, वस्तु र क्रियाकलापका विशेष गुणहरू पहिचान गर्न सक्ने | - कक्षामा देखेर थाहा पाइने रेकर्डहरू | - सबैलाई लाइनमा लगाएर अग्लोदेखि होचो विद्यार्थी उभ्याउँदै कक्षामा सबैभन्दा अग्लो को रहेछ पत्ता लगाउने खेल खेल्ने र कसरी पत्ता लाग्यो भन्न लगाउने ।<br>- सबैको उमेर टिप्दै कक्षामा भएका सबैभन्दा सानो र ठूलो उमेरको विद्यार्थी पत्ता लगाउने र कसरी पत्ता लाग्यो भन्न लगाउने ।<br>- झोलामा भएको सबैभन्दा ठूलो किताब, कापी वा सामग्री निकाल्न लगाएर कोसँग सबैभन्दा ठूलो सामान रहेछ भनेर पत्ता लगाउन दिने र कसरी पत्ता लाग्यो भन्न लगाउने ।<br>- यिनका साथै विभिन्न खेल तथा गतिविधिबाट सबैभन्दा सफासुग्घर, राम्रो अक्षर भएको, नियमित विद्यालय आउने आदि जस्ता विवरण पनि पत्ता लगाउन दिने र छलफल गर्ने ।<br>- यस्ता विवरणहरू सहितको कक्षागत गीत शिक्षकले बनाएर सबैलाई सँगै गाउन लगाउने र रमाइलो गर्ने । (यस्ता क्रियाकलापमा विद्यार्थीलाई शारीरिक बनोट, मानसिक तथा आर्थिक अवस्थाका आधारमा हतोत्साही हुने अवस्था सिर्जना नगर्ने, सबै जना फरक हुन्छन् र आफ्नै हिसाबमा सुन्दर हुन्छन् भन्ने कुरा शिक्षकले आफ्नो बोली व्यवहारमा प्रस्तुत गर्ने ।) | - सहपाठीका देखिने गुण तथा विवरण पहिल्याउन सकेको<br>- कक्षाभित्रका सामानको देखिने गुण तथा विवरण पहिल्याउन सकेको<br>- तुलनात्मक विवरण दिँदा उक्त उत्तर कसरी आयो भन्न सकेको (उत्तर सही हुनु जरुरी छैन)<br>- साथीलाई शारीरिक बनोटको आधारमा जिस्क्याउने वा होच्याउने व्यवहार नदेखाएको | ५ |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - आफ्नो टोलक्षेत्रका पुराना घरसम्बन्धी जानकार हुने | - गाउँका पुराना घर, गुम्बा वा मन्दिर | - देख्दा कसको घर पुरानो देखिन्छ सोध्ने र किन त्यस्तो लागेको भन्नेबारे कुराकानी गर्ने ।<br>- आफ्नो घर पुरानामध्ये कि नयाँमध्ये रहेछ, कसको साँच्चिकै पुरानो रहेछ आदि प्रश्न अभिभावकसँग सोधेर आउन लगाउने ।<br>- नजिकको गाउँमा गएर (वा सम्भव नभए चित्रमा देखाएर) कुन घर पुरानो देखिन्छ पत्ता लगाउने अभ्यास गर्ने ।<br>- आफ्नो टोल क्षेत्रका एउटा नयाँ र एउटा पुरानो (कम्तीमा १५ वर्ष अगाडिको) गरी दुई खालका घरको चित्र बनाउन लगाउने । | - नयाँ र पुराना घरको बाहिर देखिने सामग्री वा रङ कस्तो हुन्छ आफ्नो बुझाइ व्यक्त गर्न सकेको<br>- घर वा चित्र हेरेर कुन घर पुरानो र कुन नयाँ होला भन्ने चिन्न सकेको<br>- आफ्नो टोलको सबैभन्दा पुरानो घर वा संरचना कुन हो भन्न सकेको<br>- नयाँ र पुराना घरहरूको चित्र बनाएको वा प्रयत्न गरेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - सबैभन्दा नजिक रहेका महत्त्वपूर्ण भौगोलिक स्थान चिन्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने | - नजिकमा रहेको भौगोलिक महत्त्वका स्थानहरू<br>- नजिकका भौगोलिक स्थानमा पाइने माटो, ढुङ्गा, बोटबिरुवा र अन्य सामग्री | (यो ठाउँ र ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका ठाउँ मिल्न गएमा दुई पाठ एकीकृत गरेर पढाउन सकिन्छ ।)<br>- आफ्नो घर वरपर घुम्न जाने ठाउँ वा विशेष खालको डाँडा, पोखरी, गुफा, खोलानाला वा झरना देखेका छौ ? भन्ने प्रश्नबाट कक्षा सुरू गर्ने । आएका उत्तरलाई पनि समेट्दै उक्त ठाउँका विशेष भौगोलिक स्थानहरूको नाम दिएर यस्ता ठाउँ किन रमाइला छन् ? भनेर सोध्ने र भन्ने ।<br>- नजिकैका यस्ता स्थान भ्रमण गर्ने, भौगोलिक महत्त्वको स्थानका पानी, माटो, ढुङ्गा, बोटबिरुवा अवलोकन र स्पर्श गराउने र त्यहाँबाट देखिने वा त्यहाँ भएका आफूलाई मन पर्ने दृश्यको चित्र बनाउन लगाउने ।<br>- भौगोलिक विशेषताको ठाउँको सामग्री संकलन गरेर वा विद्यार्थीलाई गर्न लगाएर पात, ढुङ्गा, चकलेटको खोल, प्लास्टिकको बोतल, सिन्का र लट्ठी आदि जस्ता सामान्य लेबलसहित प्रदर्शन गर्न सिकाउने । सामग्री संकलन गर्दा के कुरा त्यहाँबाट टिप्न वा उठाउन मिल्ने वा नमिल्ने हो भनी बुझाउने । किन होला ? भनेर प्रश्न गर्ने र शिक्षकले अन्त्यमा अन्य भाषामा समेत सबैलाई बुझाउने । | - आफ्नो घर तथा विद्यालय वरपरका चाखलाग्दा भौगोलिक ठाउँ (कम्तीमा एउटा) को नाम भन्न सकेको<br>- वरपरका चाखलाग्दा भौगोलिक ठाउँ आफ्नो घर तथा विद्यालयभन्दा कतातिर छन् भन्न सकेको वा देखाउने प्रयत्न गरेको<br>- चाखलाग्दा भौगोलिक ठाउँबारे आफूलाई के रमाइलो लाग्छ कक्षामा भनेको<br>- त्यहाँ भएका वा पाइने ठोस वस्तु अर्थात् माटो, ढुङ्गा, बोटबिरुवा, तिनका आकार वा अन्य केही पहिचान गर्न सकेको<br>- त्यहाँका वस्तु वा केही अन्य कुराबारे सोधेको वा जान्न इच्छा देखाएको<br>- छुन वा देख्न सकिने वस्तु वा दृश्यको कम्तीमा एक चित्र बनाउन प्रयत्न गरेको<br>- सामग्री संकलन गर्दा त्यस्ता ठाउँबाट कस्ता सामग्री टिप्नु हुन्छ वा हुँदैन व्यवहारमा देखाउन वा दुईवटा कुरा भन्न सकेको<br>- जथाभावी फोहोर फाल्नु हुँदैन भन्ने बुझेर कक्षामा फोहोर नगरेको | ८ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - घर र विद्यालय वरपरका वनस्पति पहिचान गर्न सक्ने | - घर र विद्यालय वरपरका वनस्पति पहिचान गर्न सक्ने | - वरपर पाइने पातका चित्र बनाउन दिने ।<br>- विभिन्न खालका वनस्पतिको पात पुराना किताबमा च्यापेर राख्न लगाउने । चोप आउने, चिलाउने वा विषालु वनस्पतिको जानकारी मात्र दिने वा प्रयोग गर्नै पर्ने भए ध्यान पुऱ्याउने ।<br>- जम्मा गरेका पातको आधारमा कुन बोट होला भनेर घरमा सोधेर आउन लगाउने ।<br>- घर वरपर भएका रूखहरूको नाम सोधेर कक्षामा भन्न लगाउने । | - घर तथा विद्यालय वरपरका वनस्पति चिनेको<br>- कम्तीमा दुई किसिमका पात हेरेर तिनको रूख वा बोट चिन्न सकेको<br>- पात सङ्कलन वा शिक्षण सिकाइ गतिविधिमा रहेको यस्तो क्रियाकलापमा सक्रिय सहभागिता देखाएको<br>- मन परेका पात वा वनस्पतिको चित्र बनाउन प्रयास गरेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| जीवजन्तु र चराचुरुङ्गी | - गाउँघरतिर सबै मौसममा पाइने वा देखिने चराचुरुङ्गी पहिचान गर्न सक्ने | - गाउँघरतिर सबै मौसममा पाइने वा देखिने चराचुरुङ्गी | - आफ्नो घर तथा विद्यालय वरपर सबै मौसममा पाइने वा देखिनेमध्ये आफूलाई मन पर्ने कम्तीमा एउटा चराको चित्र बनाउन लगाउने ।<br>- नामअनुसार त्यो चरा कस्तो हुन्छ ? रङ कस्तो हुन्छ ? खुट्टा कतिवटा र कस्तो हुन्छ ? कहाँ बस्छ ? आदि जानकारी दिने वा प्रश्न सोध्ने । | - नजिकैका सबै मौसममा पाइने वा देखिने पाँच चराचुरुङ्गीको नाम भन्न सकेको<br>- नजिकै देख्न सकिने तीनवटा चराको गुँड कहाँ कस्तो ठाउँमा छ वा हुन्छ भन्न सकेको<br>- नजिकै पाइने दुईवटा चराको रङ तथा विशेषता भन्न सकेको<br>- कम्तीमा एउटा चराको चित्र बनाउन प्रयास गरेको | ८ |
| विषालु जीवजन्तु | - घर तथा वरपर पाइने हानिकारक कीरा र तिनबाट जोगिने तरिकाहरूबारे परिचित हुने | - हामीलाई हानि गर्ने कीराहरू | - कसैलाई कमिला, किर्ना, मच्छर, बारुला, बिच्छी, जुकाले टोकेको छ ? भन्ने प्रश्न गर्ने र कमिला वा मच्छरले टोक्दा चिलाएको वा मच्छर, सुलसुले, उडुसले टोक्न आउँदा मारेको अभिनयात्मक रूपमा सबै विद्यार्थीलाई गर्न लगाउने ।<br>- शिक्षकले खोजेर र विद्यार्थीले पाइने जति हानिकारक कीराहरूको चित्र बनाउने र खोज्ने ।<br>- सावधान रहनुपर्ने कीराहरूबारे घरमा सोधेर आउने काम दिने र अर्कोपल्ट त्यसको सूची बनाएर चित्र वा कीरा देखाउँदै क-कसलाई तिनको नाम थाहा छ सोध्ने ।<br>- कक्षाका आधा विद्यार्थीलाई मच्छरको र अरू आधालाई कमिलाको टोकाइबाट बच्न घरमा के के गरिन्छ भनेर सोधेर आउन लगाउने र भोलिपल्ट कक्षामा प्रस्तुति दिन लगाउने ।<br>- यो पाठ स्थानीय पाठ्यक्रमको जीवजन्तु र चराचुरुङ्गी सँगै मिलाएर एकीकृत रूपमा पढाउन सकिन्छ । | - सावधान रहनुपर्ने पाँच कीराहरूको नाम भन्न सकेको<br>- चित्र हेरेर कीरा पहिचान गर्न सकेको<br>- कीराले टोकेको अनुभव अभिनयात्मक रूपमा अभिव्यक्त गर्न सकेको<br>- कुनै कीराको (कम्तीमा एउटा) टोकाइबाट बच्न के गर्ने भन्न सकेको | ६ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप :<br>प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - खोलामा भल वा बाढी आएको देखेर सावधान हुन सक्ने | - वर्षाका बेलाको आफ्नो वरपरको खोला, खोल्सा | - खोला अवलोकनमा लगी विद्यार्थीलाई पानी धेरै पर्दा खोला कत्रो हुन्छ होला भनेर सोध्ने ।<br>- वरपरको खोला, खोल्सामा पानी धेरै भएर माटो, बोटबिरुवा रूख बगाएर ल्याएको देखे/नदेखेको सोध्ने र खोलामा भए देखाउने ।<br>- किताबमा भएको बाढीको चित्र देखाएर त्यसलाई बाढी आएको भन्छन् भन्ने जानकारी दिने र बाढी आउँदा खोलाको पानी धमिलो हुने कुरा अभ्यास गराउने । सम्भव भए ठूलो पानी परेको अर्को दिन खोला, खोल्सा अवलोकन गराउने । भल आएको बेलामा खोला तर्ने सावधानी बताउने । कुन खोला बढी धमिलो छ र किन ? प्रश्न गर्ने ।<br>- सम्भव भए वर्षामा खोलाको माथितिर पानी पर्दा खोलामा बाढी आउने जानकारी दिने र बुझाउने । | - आफ्नो नजिकको खोला, खोल्सा वा चित्र हेरेर भल बाढी आएको भन्न सकेको<br>- कस्तो बेलामा खोलामा पानी धेरै हुन्छ ? भन्न सकेको<br>- आफ्नो घर तथा विद्यालय नजिकका ठूला वा बगाउन सक्ने खोलाहरू कुन हुन् ? चिनेको वा नभए छैनन् भन्न सकेको<br>- बाढी आउँदा खोला नजिक जानु हुन्छ कि हुँदैन ? र, किन होला ? भन्ने प्रश्नको उत्तर दिन सकेको | ६ |
| सरुवा रोग -<br>पानीजन्य,<br>हावाजन्य,<br>जनावरको टोकाइ,<br>नयाँ भाइरस | - घरमा आफू वा अरू कोही बिरामी भएको वा हुन सक्छ भन्नेबारे जानकार हुने | - घरमा भएका बिरामीका कारण, असर र बचाउका उपायहरू | - मानिस किन बिरामी हुन्छ ? भन्ने प्रश्न गर्ने ।<br>- घरमा कोही बिरामी भए/नभएको सोधेर आउन लगाउने ।<br>- घरमा को, के बिरामी भएको थाहा छ ? कसरी थाहा पाएको ? किन बिरामी भएको होला ? किन साबुन पानीले हात धुने भनेको होला ? जस्ता प्रश्न गर्ने र विद्यार्थीलाई गलत उत्तरको डर नमानी जवाफ दिन प्रोत्साहन गर्ने ।<br>- राष्ट्रिय पाठ्यक्रममा भएअनुसार साबुन पानीले हात धुने जस्ता क्रियाकलाप पनि गराउने । | - घरमा सोधेर कहिले कोही बिरामी भएको वा नभएको भन्न सकेको<br>- कुनै कारणले गर्दा बिरामी भइन्छ भन्ने बुझेर सम्भावित कारणहरू भन्ने प्रयत्न गरेको<br>- साबुन पानीले किन हात धुनुपर्छ उत्तर दिने प्रयत्न गरेको<br>- साबुन पानीले राम्ररी हात धुन जानेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण विनाश तथा संरक्षण | - घर तथा विद्यालय वरपरका कुहिने वस्तुको पहिचान गर्न सक्ने र त्यसको उपयोगिताबारे जानकारी राख्ने | - कुहिने वस्तु (फलफूल, तरकारी, कागज, पातपतिङ्गर लगायतका जैविक सामग्री) | - विद्यालयको प्राङ्गणमा विद्यार्थीलाई एक लाइनमा उभ्याएर आफ्नो अगाडिको फोहोर टिप्दै हिँड्न लगाउने । यसलाई खेलको रूपमा खेलाउन सकिन्छ ।<br>- टिपेको फोहोर कुहिने र नकुहिनेमा छुट्याउन लगाउने र दुई फरक खाल्डोमा फाल्न लगाउने ।<br>- विद्यार्थीको घरमा के के सामान कुहिन्छ, सोधेर सूची बनाएर ल्याउन लगाउने ।<br>- फलफूल र तरकारीबाहेक पात, कागज लगायतका अन्य वस्तु (जस्तै : कागज, पातपतिङ्गर, बोटबिरुवा, सिनो, सुतिको लुगा, गेडागुडी, अन्य आदि) पनि कुहिने हुन्छन् भन्ने बुझाउन पतझडका बेला लगेर देखाउने, कागज पानीमा गलाएर देखाउने ।<br>- जैविक मल वा कम्पोस्ट मल बनाउने गरेको ठाउँमा लगेर के के फालेको रहेछ देखाएर नाम भन्न लगाउने । तीमध्ये नकुहिएका वस्तुको चित्र बनाउन लगाउने । नकुहिए के होला ? भनेर खुला प्रश्न र छलफल गर्ने । | - कुहिएको वा कुहिने वस्तु सुँघेर वा हेरेर चिन्न सकेको<br>- कुहिने र नकुहिने फोहोर किन मिसाउन हुन्न भन्न सकेको वा नकुहिए के होला ? भन्ने प्रश्नको उत्तर दिन सकेको<br>- फलफूल तरकारी बाहेकका थप पाँच कुहिने वस्तुका नाम भन्न सकेको<br>- मल बनाउन कस्ता-कस्ता कुहिने वस्तु राखिन्छन् कम्तीमा पाँचवटा वस्तु भन्न सकेको | ८ |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - माटो मुछ्ने, खेल्ने र इच्छा अनुसारको आकृति बनाउने र माटोबाट बनेका परम्परागत सामानहरू चिन्न सक्ने | - माटोबाट बनेका सामानहरू | - विद्यालय वरपरबाट सामग्री बनाउने माटोको बन्दोबस्त गर्ने । माटो मुछेर विद्यार्थीलाई गोलो, लाम्चो, थ्याप्चो, डल्लो विभिन्न किसिमको आकार बनाउन लगाउने । हिलो माटोबाट किताब, कपडा जोगाउने कुरामा ध्यान दिने र हिलो नलगाई गर्न सकेमा स्याबासी दिने ।<br>- सामग्री बनाउने माटो मुछेर विद्यार्थीलाई सुरूमा आफ्नो इच्छा अनुसारको सामान बनाउन दिने ।<br>- साथीले के बनाएको होला भन्ने अन्दाज गर्ने खेल खेलाउने ।<br>- माटोबाट के के सामग्री बनाउन सकिन्छ होला भन्ने सोधेर विद्यार्थीबाट उत्तर लिने । | - मुछेको माटोबाट विभिन्न आकार बनाएको<br>- माटोबाट आकार बनाउन चाहिने प्रक्रिया गर्न वा भन्न जानेको<br>- माटोबाट बनेका घरका विभिन्न सामग्रीहरूको नाम भन्न सकेको<br>- माटोबाट बनेका विभिन्न सामग्रीहरूको सामान्य नमुना वा तिनको चित्र बनाउने प्रयत्न गरेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - घरमा माटोले बनेका सामान के के छन् अवलोकन गरेर वा घरका अभिभावक लाई सोधेर आउन लगाउने । तिनको चित्र बनाउन लगाउने वा सम्भव भए माटोबाटै बनाउन कोसिस गराउने । | | |
| लोक कला तथा साहित्य | - आफ्नो गाउँघरतिर प्रचलित भाकामा कुनै गीतको लय पकड्ने, गाउने र नाच्ने | - घरगाउँतिरको नजिकैकोविद्यार्थीको पहिलो वा स्थानीय भाषाको भाका | - विद्यार्थीहरूको समुदायअनुसार गाउँघर वरपर प्रचलित भाषा तथा भाकाको भइरहेको गीत, बालगीत वा सिर्जना गरेर वा खोजेर सँगै गाउन लगाउने ।<br>- अभिभावक दिवस वा यस्तै कुनै महोत्सवमा मादल बजाउन जान्ने व्यक्ति बोलाएर मादलको तालसँगै लोकभाकामा नाच्ने प्रस्तुति मिलाउने । | - मादलको तालमा कुनै लोकभाकामा बालगीत गाउन प्रयत्न गरेको<br>- पहिलो भाषा वा मातृभाषाको कम्तीमा एउटा भाका टिप्न सकेको<br>- मादलको तालमा नाच्न कोसिस गरेको<br>- गीतका पहिला एकदुई लाइन भन्न सकेको | ८ |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - आफ्नो र अरूको पारम्परिक पहिरनबारे अरूलाई बताउन सक्ने | - आफूलाई मन पर्ने र समाजको पहिरन | - जोडी क्रियाकलाप : एकले अर्कालाई आफ्नो मन पर्ने चाड कुन हो र त्यो चाडमा उनीहरू के गर्छन्, कस्तो लुगा लगाउँछन् सुनाएर वा चित्र बनाएर बुझाउने र आफ्नो साथीले भनेको कुरा कक्षासामु सुनाउन लगाउने । यो गतिविधिमा एकचोटिमा एउटा मात्र प्रश्न सोध्ने र विद्यार्थीले सुनाउने बेलामा साथीको सहयोग लिन पाउने अवस्था बनाउने ।<br>- विद्यालय प्रशासन तथा अभिभावक प्रतिनिधिसँग समन्वय गरेर कुनै निश्चित दिनमा विद्यार्थीलाई आफ्नो मन पर्ने चाडमा आफूले लगाउने पहिरन लाएर आउन निर्देशन दिने । सकेसम्म बजारे तयारी लुगाभन्दा पारम्परिक लुगामा जोड दिने ।<br>- विभिन्न पहिरनमा आएका विद्यार्थीलाई फेरि जोडीमा राखेर आफ्नो साथीको लुगाको कुन कुरा एकदमै मन पर्‍यो ? के उस्तै उस्तै रहेछ र के फरक रहेछ ? आदि जस्ता प्रश्न सोध्ने कक्षामा सुनाउन लगाउने । सम्भव भए समूहमा पनि सोध्ने ।<br>- किन विद्यालयमा एउटै पहिरन गरेको होला ? भन्ने प्रश्न गर्ने (सही उत्तर आउनु जरुरी छैन) | - आफ्नो साथीलाई मन पर्ने पहिरन भन्न सकेको<br>- सहपाठीको पहिरनमा के राम्रो लाग्यो अभिव्यक्त गर्न सकेको<br>- आफ्नो र साथीको पहिरनका विवरण भन्न सकेको<br>- कक्षामा लगाइने भन्दा फरक एउटा पहिरनको नाम जानेको | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - आफ्नो घरमा बनाउने परिकार र आफूलाई मन पर्ने परिकार चिनेर भन्न सक्ने | - मन पर्ने खानेकुरा | - आज घरमा क-कसले के के खाएर आएको सबलाई भन्न लगाउने ।<br>- घरमा पाक्नेमध्ये आफूलाई मन पर्ने परिकार के हो भनेर विद्यार्थीसँग सोध्ने र उक्त परिकारमा के के हुन्छ र कसरी बनाइन्छ भन्न लगाउने ।<br>- आफूलाई मन पर्ने परिकारको हेर्दा रङ, आकार प्रकार, सुँघ्दा, छुँदा कस्तो हुन्छ, त्यसलाई खोल्दा वा पकाउँदा कस्तो आवाज आउँछ र त्यसको स्वाद कस्तो हुन्छ अभिनय गर्दै भन्न लगाउने र भन्नेले गरेको हाउभाउ सबैले दोहोऱ्याउने । शिक्षकले टिपोट गरेर फलानो खानेकुरा ककसलाई मन पर्दो रहेछ भनेर सोध्ने र सबैलाई दोहोऱ्याउन लगाउने । (नोट : हाम्रो सेरोफेरोको पाठ चाडपर्वमा पकाइने परिकार पढाउँदाखेरि यी क्रियाकलाप गर्न सकिन्छ ।)<br>- विद्यार्थीहरूको समुदायअनुसार गाउँघरको प्रचलित भाकामा कक्षामा नाम आएका खानेकुरा र उक्त खानेकुरा मनपराउने विद्यार्थीहरूको नाम समेत आउने गरी बालगीत सिर्जना गरेर सँगै गाउन र हाउभाउ गर्न लगाउने ।<br>- मौसम अनुसारले मनपर्ने परिकार ल्याउन लगाउने । | - आफ्नो घरमा बनाउने कुनै तीन प्रकारका परिकार भन्न सकेको<br>- आफ्नो घरमा पकाइने कुनै एक खानेकुरालाई चित्रमा उतार्न प्रयत्न गरेको ।<br>- आफूलाई मन पर्ने परिकार भनेको र उक्त खाना कस्तो हुन्छ भन्न सकेको ।<br>- आफ्नो मन पर्ने साथीको मन पर्ने परिकार सम्झेर वा सोधेर भन्न सकेको । | ८ |

## ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - आफू बस्ने र विद्यालय भएको टोल वरपरका घर, बाटो, अरू संरचना, डाँडा, खोला, खोल्सा चिन्न सक्ने | - आफू वरपरको वातावरण : आफू उभिएको जमिन, देख्न सकिने पानीका स्रोत, गाउँघर | - जोडी क्रियाकलाप : दुई-दुई जनाको समूह बनाएर एक अर्कालाई आफ्नो घर वरपर भएका बृहत् भौगोलिक संरचनाहरू (बस्ती, खेती, वनस्पति) भन्ने र कक्षामा एक अर्कालें देखेका यस्ता संरचना भन्न लगाउने ।<br>- समथर, डाँडा, भिरालो, नदी, डाँडा, पोखरी पहिचान गर्न सकेको ।<br>- देखिने डाँडा, खोल्सा, नदीहरू चिनेर नाम भन्न सकेको<br>- दृश्यलाई चित्रमा उतार्न प्रयत्न गरेको (दुरूस्त हुनु जरुरी छैन) । | - घर र विद्यालय भएको टोल वरपरका चारतिर (दायाँ, बायाँ, अगाडि, पछाडि) के छन् भन्न सकेको<br>- समथर, डाँडा, भिरालो, नदी, डाँडा, पोखरी पहिचान गर्न सकेको<br>- देखिने डाँडा, खोल्सा, नदीहरू चिनेर नाम भन्न सकेको<br>- दृश्यलाई चित्रमा उतार्न प्रयत्न गरेको (दुरूस्त हुनु जरुरी छैन) | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| नदीनाला | - सबैभन्दा नजिकको खोला, खोल्सा र त्यसको वारिपारिका ठाउँको सामान्य परिचय दिन सक्ने<br>- खोलाको सौन्दर्यप्रति सचेत हुने र सावधानी अपनाउने | - नजिकको खोला र वारिपारिका ठाउँको नाम | - सबैभन्दा नजिकको खोलामा गएर (तर खोला ठूला भए भित्र नजाने र जानु हुन्न भन्ने) त्यहाँको पानी, ढुङ्गा, बालुवाको स्पर्श, आवाज, गन्ध, दृश्यलाई अनुभव गर्न लगाउने । केही सामग्री संकलन गर्न लगाएर कक्षामा नदी वरपर के के देखेका थियो, कुन कुरा कहाँ भेटेको र किन त्यो छानेको भन्नेबारे केही भन्न दिने ।<br>- के कुरा तातो-चिसो, ओभानो-ओसिलो आदि थियो अनुभव गराउने । विद्यार्थी सहभागिता राम्रो बनाउन ओभानो र ओसिलो भनेर दुइटा गोलो घेरा बनाउने, त्यहाँ पालैपालो विद्यार्थीलाई नदी छेउमा भेटिएका एउटा एउटा वस्तु (सुख्खा ढुङ्गा, भिजेको ढुङ्गा, चाउचाउको खोल, लेउको सानो टुक्रा, पानीको थोपा, पात आदि) दिएर ती दुई घेरा मध्येको एक घेरामा गएर उभिने खेल पनि खेलाउन सकिन्छ ।<br>- के के राम्रो लाग्यो, कस्ता कामले त्यो ठाउँ राम्रो नराम्रो बनाउँछ, विद्यार्थीलाई सोध्ने र अन्त्यमा शिक्षकले भन्ने ।<br>- त्यो ठाउँको फोहोर टिप्ने ।<br>- नजिकैका खोला वा भौगोलिक स्थानमा भ्रमण वा वनभोजको लागि जाँदा त्यहाँ देखिएका वनस्पतिका पात जम्मा गर्न लगाउने । | - आफ्नो घर तथा विद्यालय वरपरका खोला खोल्सा (कम्तीमा एउटा) चिनेको<br>- खोला वारिपारिका ठाउँको नाम भन्न सकेको<br>- खोलाबारे आफूलाई के रमाइलो लाग्छ कक्षामा भनेको<br>- जथाभावी फोहोर फाल्नु हुँदैन भन्ने बुझ्रेर कक्षामा प्रदर्शन गरेको<br>- त्यहाँ भएका ठोस वस्तु अर्थात् माटो, ढुङ्गा, बालुवा, बोटबिरुवा वा अन्य केही पहिचान गर्न सकेको<br>- त्यहाँका ठोस वस्तु अर्थात माटो, ढुङ्गा, बालुवा, बोटबिरुवा वा अन्य कुराबारे सोधेको वा जान्न इच्छा देखाएको<br>- छुन वा देख्न सकिने वस्तु वा दृश्यको चित्र बनाउन प्रयत्न गरेको<br>- समूहमा फोहोर टिपेर सहयोग गरेको | ६ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - फरक भाषा बोल्नेहरू छन् भन्ने अनुभव गर्ने र पहिलो अभिव्यक्तिमा आवश्यक परिचयात्मक क्रिया प्रयोग गर्न सक्ने | - अभिवादन र परिचय | - शिक्षकले कक्षामा उपस्थित भाषा बोल्नेहरूका सबै भाषामा खाना खायौ ? वा सबलाई सञ्चै छ ? जस्ता वाक्य भन्ने । सबै भाषामा एक अर्काका भाषामा अभिवादन गर्न लगाउने ।<br>- विद्यार्थीलाई उनीहरूकै भाषामा तिम्रो नाम के हो ? भन्ने सोधेर आफ्नो नाम भन्न लगाउने । | - कक्षाका साथीले बोल्ने भाषाको नाम जानेको<br>- नेपाली र अंग्रेजी बाहेकको कम्तीमा एक भाषा (मातृभाषा वा स्थानीय) मा अभिवादन गर्न जानेको | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्थानीय वा मातृभाषामा अस्तित्व बोधक क्रिया 'हो' र 'छ' र तिनका अकरण रूपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सक्ने<br>- अभिवादन र कक्षाभित्रका वस्तुसम्बन्धी शब्दहरू (बढीमा २५) प्रयोग गर्ने<br>- 'के' प्रश्न प्रयोग गर्न सक्ने<br>- स्थानीय भाषामा १ देखि १० सम्म गन्न सक्ने | | - कक्षाभित्रका वस्तु पालैपालो देखाउँदै स्थानीय भाषामा ' यो के हो ?' भन्ने सोधेर विद्यार्थीलाई उत्तर दिने अभ्यास गराउने ।<br>- ४/५ जनाको समूह बनाएर एक अर्काको झोलामा के छ ? भनेर सोध्ने खेल खेलाउने । पालैपालो सबैले फरक फरक भाषामा एउटा साथीलाई "तिम्रो झोलामा के छ?" सोध्ने र जवाफ दिनेले अर्कै भाषामा "मेरो झोलामा... छ" भन्ने । दुवैले हाउभाउसहित बोल्ने र समूहमै एक अर्कालाई सच्याउन प्रोत्साहन गर्ने ।<br>- विद्यार्थीको सङ्ख्याअनुसार कमसेकम फरक भाषाका एक जना पर्ने गरी २-३ समूह बनाई 'हो/होइन' क्रिया लाग्ने सामान्य प्रश्न र वाक्यहरू बोल्ने र शब्दहरू याद गर्न दिने । यसै गरी कुनै अरू दिन 'छ/छैन' को पनि अभ्यास गराउने ।<br>- हात वा खुट्टाका औँला गन्ने, ढुङ्गा वा अन्य शैक्षिक सामग्रीमार्फत गन्न सिकाउने । यसैमा "यतिवटा ढुङ्गा छ कि छैन" मार्फत छ/छैनको पनि अभ्यास गराउन सकिन्छ ।<br>- कक्षा १ लाई उपयुक्त हुने खालको गीतसँग परिचित गराउने । (लोक साहित्यको विषयसँगै मिलाएर पढाउन सकिन्छ ।) | - स्थानीय वा मातृभाषामा अस्तित्व बोधक क्रिया 'हो', 'छ' र तिनका अकरण रूपको प्रयोग गरेर सामान्य वाक्य बोल्न सकेको<br>- स्थानीय भाषामा १ देखि १० सम्म गन्न सकेको | |

## कक्षा २

## १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| कृषि र पशुपालन | - घर पालुवा जनावर र तिनको काम भन्न सक्ने | - घर पालुवा जनावर, तिनको चरित्र र काम | - कसको घरमा के के जनावर छन् नाम भनेर र सूची तयार पार्न लगाउने ।<br>- विद्यालयबाट नजिकको घर वा गाउँमा समूह बनाई घरमा पालिएका जनावरको अवलोकन गर्न पठाउने ।<br>- कुन जनावरको के के काम रहेछ अवलोकन गरेको ठाउँमा बुझ्न लगाउने र कक्षामा भन्न लगाउने ।<br>- कुन जनावरका आकारप्रकार मिल्छन् जोडा मिलाउन लगाउने ।<br>- कुन जनावरको के के अङ्ग हुँदो रहेछ सम्झिए जति भन्न लगाउने । | - आफूलाई मन पर्ने जनावरको चित्र बनाउने<br>- गाउँघरतिरका कम्तीमा पाँच घर पालुवा जनावरका नाम भन्न सकेको<br>- कम्तीमा तीन घरपालुवा जनावरका देखिने विशेषता र काम भन्न सकेको<br>- कम्तीमा एउटा जनावरको आधारभूत रेखा चित्र बनाउन सकेको | ८ |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - छिमेकीहरूले के के काम गर्छन् भन्नेबारे जानकारी राख्ने र आफ्नो घर तथा छिमेकका बीच समान तथा फरक काम पहिचान गर्ने | - छिमेकी र आफ्नो घरको काम | - आफ्नो घर वरपरका कम्तीमा तीन घरमा त्यहाँ बस्ने मान्छेहरूले के के काम गर्छन् ? तिनको पेसालाई के भनिन्छ ? सोधेर कक्षामा सुनाउन लगाउने ।<br>- हाम्रो सेरोफेरोसँग एकीकृत रूपमा लाँदै आफ्नो घरमा वा छिमेकीहरूले उनीहरूको काममा के कस्ता औजार तथा यन्त्र प्रयोग गर्छन् हेरेर आउन भन्ने र कक्षामा चित्र बनाएर समकक्षीहरूमाझ प्रस्तुत गर्ने ।<br>- छिमेकी साथीहरूले र आफ्ना घरकाले गर्ने काममा के समानता छ ? र के भिन्नता छ ? भन्ने सोधेर उत्तर बटुल्ने । सबैले खेती नै गर्ने भए पनि कसले के बढी गर्दोरहेछ बुझ्न जाने । | - छरछिमेकमा के कस्ता काम तथा पेसा गर्ने व्यक्ति छन् भन्न सकेको<br>- घर वा छरछिमेकमा गरिने कम्तीमा दुई पेसामा प्रयोग हुने औजारहरू चिनेको<br>- कम्तीमा दुई पेसामा प्रयोग हुने औजारको चित्र बनाउने प्रयत्न गरेको<br>- छिमेकका मान्छे र आफ्ना घरकाले गर्ने कुनै दुई फरक कामका समानता तथा भिन्नता भन्न सकेको | ५ |

# २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| स्थानीय रेकर्ड बुक | - विद्यालय र घरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने | - विद्यालय र घर वरपरका देखेर थाहा पाइने रेकर्डहरू | - विद्यार्थीलाई पाँच समूहमा बाँडेर प्रार्थनाको लाइन लागेको बेला (वा प्रार्थना नभएको अवस्थामा विभिन्न कक्षा डुलाउँदै) हरेक समूहलाई कक्षागत लाइनमा को अग्लो होला अनुमान गर्न लगाउने । हरेक अग्लो मानिएकालाई रुलर वा स्केल प्रयोग गरेर उचाइ पत्ता लगाइ लेख्न लगाउने, तीमध्ये पनि वास्तवमा को अग्लो रहेछ पत्ता लगाउने खेल खेलाउने र कसरी पत्ता लाग्यो भन्न लगाउने ।<br>- विद्यार्थीलाई समूहमा छुट्याएर सबै कक्षाका विद्यार्थीको उमेर टिप्न लगाउने र विद्यालयका सबैभन्दा सानो र सबैभन्दा ठूलो उमेरको, सबैभन्दा अग्लो, होचो, मोटो, दुब्लो विद्यार्थी पत्ता लगाउने र कसरी पत्ता लाग्यो भन्न लगाउने ।<br>- विद्यालयबाट चारैतिर देखिने डाँडा, रूख, खेत, नदी वा खहरेमध्ये कुन अग्लो वा ठूलो होला भन्ने अन्दाज गर्ने खेल खेल्ने ।<br>- आफ्नो घरबाट देखिने डाँडाहरूमध्ये कुन डाँडा, रूख, घर, नदी अग्लो वा ठूलो देखिन्छ टिप्न लगाएर कक्षामा सुनाउन लगाउने ।<br>- यस्ता विवरणहरूसहितको कक्षागत गीत शिक्षकले बनाएर सबैलाई सँगै गाउन लगाउने र रमाइलो गर्ने । (यस्ता क्रियाकलापमा विद्यार्थीलाई शारीरिक बनोट, मानसिक तथा आर्थिक अवस्थाका आधारमा हतोत्साही हुने शब्द प्रयोग नगर्ने, सबै जना फरक हुन्छन् र आफ्नै हिसाबमा सुन्दर हुन्छन् र शरीरको आकारका कारणले क्षमतामा असर पर्दैन भन्ने कुरा शिक्षकले भन्ने र आफ्नो व्यवहारले पनि सधैँ देखाउने ।) | - तुलनात्मक भौतिक गुण अनुमान गर्न सकेको<br>- गुण तुलना गर्ने उपाय देखाउने वा भन्ने प्रयत्न गरेको<br>- घरबाट र विद्यालयबाट देखिने सबैभन्दा अग्ला डाँडा नजिकका ठूला खोला आदिको उत्तर दिन सकेको<br>- घर र विद्यालयबाट फरक पर्ने देखिने तथ्यहरूको सक्दो विवरण दिएको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - नजिकको ठाउँ कस्तो/कति अग्लो/गहिरो/ठूलो/सानो अनुमान लाउन सक्ने<br>- एकै किसिमका महत्त्वपूर्ण भौगोलिक स्थान (उदा. डाँडाहरू) दुई/तीनवटा छन् भने तुलनात्मक रूपमा कुन अग्लो, होचो, तातो, चिसो, बस्ती कम बेसी, मान्छे धेरै वा कम आउने आदि भन्न सक्ने<br>- त्यहाँका चिजबिजको पहिचान तथा सम्मान गर्ने | - नजिकका भौगोलिक महत्त्वको स्थानका वस्तुगत विशेषता | - कक्षा १ मा लगेकोभन्दा बेग्लै ठाउँमा लाने र चढ्न मिल्ने डाँडा भए चढ्ने, चौर हो भने खेल खेल्ने, त्यहाँका देख्न, सुन्न, सुँघ्न, चाख्न वा स्पर्श महसुस गर्न मिल्ने कुराहरू अनुभव गराउने ।<br>- महत्त्वपूर्ण भौगोलिक स्थानसँग सम्बन्धित शब्दहरू चिनाउने जस्तै : विशेष वा स्थानीय नाम, त्यहाँ देखिएका कीरा, जनावर र बोटबिरुवाको नाम ।<br>- उस्तै खालका दुई फरक ठाउँमा के फरक रहेछन् विद्यार्थीलाई सोध्ने । कालोपाटी (ब्लाक वा ह्वाइटबोर्ड) मा एकापट्टि एउटा ठाउँ र अर्कोपट्टि अर्को ठाउँको नाम लेखेर विषयअनुसार (मौसम : तातो चिसो, उचाइ : अग्लो होचो, बस्ती : ठूलो सानो आदि) बुँदागत रूपमा टिप्दै जाने ।<br>- हिँड्दा शिक्षक रोकिएपछि रोकिने र शिक्षक रोकिनासाथ रोकिएर कुरा सुन्नुपर्छ भन्ने बताउने । | - नजिकका भौगोलिक महत्त्वका स्थानमा भएका वा पाइने ठोस वस्तु अर्थात् माटो, ढुङ्गा, बोटबिरुवा, जीवजन्तु वा अन्य केही पहिचान गर्न सकेको<br>- नजिकका भौगोलिक महत्त्वका स्थानबीच ठोस विशेषताका आधारमा तुलना गर्न सकेको<br>- यात्रामा अपनाउनुपर्ने कम्तीमा तीनवटा सावधानी भन्न सकेको<br>- कतै जाँदा वा हिँड्दा प्लास्टिकजन्य फोहोर जथाभावी फ्याक्नु हुँदैन भन्ने व्यवहारमा देखाएको | ८ |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - घर बाहेकका पुराना संरचना (चौतारी, कुवा, घट्ट आदि) पहिचान गर्न सक्ने र पुराना ठाउँहरूमा पाइने सामग्री चिन्ने | - गाउँका पुराना र नयाँ संरचना | - आफ्नो घर नजिकैको मानिसले बनाएको कुन संरचना सबैभन्दा पुरानो होला घर वा छरछिमेकमा सोधेर कक्षामा भन्न लगाउने ।<br>- घर बाहेकका पुराना संरचना (चौतारी, कुवा, कुलो, फड्के, घट्ट, मान्छे नबस्ने घर आदि) वा भग्नावशेष भए त्यहाँ भ्रमणमा गएर सो संरचना कुन वा केभन्दा नयाँ र कुन वा केभन्दा पुरानो हो जस्तो लाग्छ भन्नेबारे छलफल गर्ने । तुलना गर्दा अन्य घरहरूसँग पनि गर्न मिल्छ भन्ने जानकारी दिने ।<br>- पुराना (कम्तीमा ३० वर्ष अगाडि) का केही संरचना वा भग्नावशेष हेर्न गएका बेला संरचनाको भाग रहेको कुनै एक वस्तुको चित्र बनाउन लगाउने । सकेसम्म विभिन्न विद्यार्थीलाई विभिन्न वस्तुको चित्र बनाउन दिने र विद्यालयमा अन्य कक्षाका विद्यार्थीले देख्न सक्ने गरी सजाएर प्रदर्शनी गर्ने । | - आफ्नो टोलको सबैभन्दा पुरानो संरचना कुन होला भन्न सकेको<br>- घर बाहेकका पुराना संरचना वा भग्नावशेषको तुलनात्मक रूपमा आयु अन्दाज गर्ने प्रयत्न गरेको<br>- पुराना ठाउँहरूमा पाइने सामग्री चिन्न सकेको<br>- पुराना ठाउँहरूमा पाइने सामग्री चित्रमा प्रस्तुत गर्ने प्रयत्न गरेको | ५ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - वनस्पति वा बिरुवाको खान हुने र नहुने भाग छुट्याउन सक्ने | - खान हुने र नहुने वनस्पति | - विद्यार्थीलाई आफ्नो वरपर आफैं उम्रेका वनस्पतिहरू टिप्न लगाउने । तीमध्ये कुन-कुन खान मिल्छ कुन मिल्दैन छुट्याउन लगाउने ।<br>- खान मिल्ने बिरुवाको खान मिल्ने भागहरूको चित्र कोर्न लगाउने ।<br>- काँचै खान मिल्छ भने कक्षामा चाखेर हेर्ने, पकाउनुपर्ने भए खाजामा पकाएर ल्याउन भन्ने वा विद्यालयमा पकाएर खुवाउने ।<br>- खान नहुने वनस्पतिबारे पनि कुराकानी गर्ने । विषालु च्याउबारे कसैलाई थाहा छ कि सोध्ने । खान हुने र विषालु च्याउ हेर्दा पनि छुट्याउन सकिन्छ कि छलफल गर्ने । सम्भव भए विषालु च्याउसम्बन्धी भिडियो देखाउने र थप छलफल गर्ने । | - नजिकैका वनस्पतिमध्ये कम्तीमा पाँच खान मिल्ने र पाँच नमिल्ने बोटबिरुवा चिन्न सकेको<br>- खान मिल्ने भाग कुन हो भन्न सकेको<br>- खान मिल्ने भाग कसरी खान मिल्छ देखाउन वा भन्न सकेको<br>- च्याउ विषालु पनि हुन्छन् र थाहा नभई खान हुन्न भन्ने बुझाइ शब्दमा व्यक्त गर्न सकेको | ८ |
| जीवजन्तु र चराचुरुङ्गी | - गाउँघरतिर सबै मौसममा पाइने वा देखिने जनावर पहिचान गर्न सक्ने<br>- वरपर पाइने कीराफट्याङ्ग्रा चिन्न र नाम भन्न सक्ने | - गाउँघरतिर सबै मौसममा पाइने वा देखिने कीरा र जनावर | - आफ्नो घर तथा विद्यालय वरपर पाइने वा देखिने जनावरको नाम भन्न लगाउने कसले धेरै भन्न सक्छ भनेर समूहकार्य गराउने ।<br>- आफ्नो घर तथा विद्यालय वरपर सबै मौसममा पाइने वा देखिने जनावरको चित्र बनाउन लगाउने ।<br>- आफ्नो घर तथा विद्यालय वरपर देखिने कीराफट्याङ्ग्राको चित्र देखाएर त्यो जीव कहाँ हुन्छ, कति बेला देखिन्छ, देख्दा कस्तो लाग्छ, माया/डर/घिन/राम्रो/नराम्रो के लाग्छ भनेर सोध्ने र नाम अनुसारले त्यो जीव कस्तो हुन्छ ? रङ कस्तो हुन्छ ? खुट्टा कतिवटा हुन्छ ? कहाँ बस्छ ? आदि जानकारी दिने वा प्रश्न सोध्ने ।<br>- भुइँमा चार्टपेपर राखेर त्यसमा विद्यालय वरपर सजिलै पाइने पातपतिङ्गर, सिन्का, गिट्टी आदि प्रयोग गरी विभिन्न कीरा तथा जीवहरू बनाउने प्रयास गर्ने ।<br>- विभिन्न खालका जनावरको चित्र बनाएर सोही जनावरको आवाज निकाल्दै प्रस्तुत गर्न लगाउने । | - नजिकैका सबै मौसममा पाइने वा देखिने कम्तीमा पाँच जीवजन्तुको नाम भन्न सकेको<br>- कम्तीमा पाँच जीवजन्तुलाई देखेर चिन्न सकेको<br>- नजिकै पाइने तीन जीवजन्तुको रङ तथा विशेषता भन्न सकेको<br>- कम्तीमा तीन जीवजन्तुको चित्र बनाउन प्रयास गरेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| विषालु जीवजन्तु | - गाउँघरतिर सबै मौसममा पाइने विषालु वा हानिकारक जनावर चिनेर तिनीहरूबाट सचेत हुने | - गाउँघरतिर पाइने हानिकारक जनावर (चिथार्न/कोतार्न वा टोक्न सक्ने र सुई नलगाएका कुकुर/बिरालो/चमेरो वा अन्य जनावर आदि) | - यो पाठ स्थानीय पाठ्यक्रमको जीवजन्तु र चराचुरुङ्गी सँगै मिलाएर एकीकृत रूपमा पढाउने ।<br>- कक्षामा कसैलाई कुनै जनावर वा चराले टोकेको वा ठुँगेको, चिथारेको, रोग वा घाउ बनाएको भए के कारणले टोकेको थियो ? असर कस्तो भयो ? र उपचारमा के गरियो ? सोध्ने ।<br>- विद्यार्थीले कुन हानिकारक जनावर देखेका/सुनेका छन् ? भन्ने प्रश्न सोधेर छलफल गर्ने ।<br>- कुन हानि पुऱ्याउने जनावर घर वरपर र कुन-कुन जङ्गलमा पाइन्छन् र तिनबाट सुरक्षित हुन के गर्नुपर्ला छलफल गर्ने ।<br>- सबै हानिकारक लाग्ने जनावर सधैँ हानिकारक नै हुन्छन् त ? भन्ने प्रश्न गर्ने र जवाफ विद्यार्थीबाट बटुल्ने । | - घर वरपर सबै मौसममा पाइने जीवजन्तुमध्ये कम्तीमा कुन तीनवटाले के गर्दा आफूलाई घाउ हुने वा रोग लाग्ने वा गाह्रो हुन सक्छ भन्न सकेको<br>- हानि पुऱ्याउन सक्ने जनावर कम्तीमा पाँचवटाको नाम भन्न र चिन्न सकेको<br>- त्यस्ता जनावरले टोकेको, चिथारेको, रोग वा घाउ बनाएको आफ्नो वा अरूको अनुभव कक्षामा भन्न सकेको<br>- हानिकारक जनावरबाट सुरक्षित रहने कम्तीमा तीनवटा उपाय भन्न सकेको | ६ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - वरपर भएका बगाउन सक्ने खोला पहिचान गर्न सक्ने<br>- खोलाबाट सुरक्षित रहने उपाय अपनाउन सक्ने | - बाढीको असर र बच्ने उपाय | - किन कतै धेरै कतै थोरै भलबाढी आएको होला ? प्रश्न सोध्ने । विद्यार्थीहरूबाट उत्तर बटुल्न खोज्ने । निश्चित उत्तर नै सही हुन्छ भन्ने छैन । यो पाठ एकचोटि वर्षायाममा गर्नुपर्छ भने हिउँदमा पनि खहरेमा गएर गर्न सकिन्छ ।<br>- (विद्यार्थीलाई मानसिक आघात नपुऱ्याइकन) बाढी आउँदा के के हानि गर्छ होला ? भन्ने प्रश्न सोधेर माटो, ढुङ्गा, मुढा बगाएको; खेत, जनावर, मान्छे बगाएको; माछा मरेको जस्ता भल/बाढीले बिगार गरेको घटनाका उदाहरण उनीहरूबाट नै लिन खोज्ने ।<br>- विभिन्न सङ्केतहरू हेरेर बाढी आउने सम्भावना हेर्ने परम्परागत तरिकाबारे बाआमालाई सोधेर आउन लगाउने । | - भल/बाढी आउने कम्तीमा दुई सङ्केतहरू घरमा सोधेर भन्न सकेको<br>- बाढीले गर्ने कम्तीमा दुई असरबारे कक्षामा भन्न सकेको<br>- बाढी आएको थाहा पाएर साथी वा परिवारका व्यक्तिलाई कसरी थाहा दिने भन्न सकेको<br>- भल आएको बेला खोलामा जान नहुने, खोलामा खेल्न नहुने, बर्षातमा खोला नजिक गाईवस्तु नलैजाने, नचराउने, सुरक्षित ठाउँमा बस्ने, पानी घटेपछि ठूला र जान्ने व्यक्तिसँग तर्ने आदि जस्ता सुरक्षाका कम्तीमा तीनवटा उपाय भन्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - नजिकको खोलामा भल/बाढी आउँदा गर्नुपर्ने सावधानीबारे समूह बनाई छलफल गर्ने । भल/बाढी आउँदा सुरक्षित हुन के गर्न सकिन्छ भनेर अभिनय गरेर अभ्यास गर्ने । बाढीले गर्ने क्षति र सुरक्षित रहने कुरा चित्र बनाउन लगाउने ।<br>- भल/बाढी कसरी आउँछ, कहिले आउँछ, आउँदा के के हुन्छ, सबभन्दा खतरा भएको नजिकको खोला कुन हो आदिबारे देखे/सुनेको कुरा वा घटना साथीबीच भन्न लगाउने र साथीले भनेको नयाँ कुरा कक्षामा भन्न लगाउने । | | |
| सरुवा रोग -<br>पानीजन्य,<br>हावाजन्य,<br>जनावरको<br>टोकाइ,<br>नयाँ भाइरस | - नदेखिने कीटाणु शरीरमा पसेर मानिस बिरामी हुन्छ भन्नेबारे सचेत भएर यस्ता नदेखिने कीटाणु शरीरमा छिर्न नदिन सतर्क हुने | - मानिस कसरी बिरामी हुन्छ होला ! | - हाम्रो आँखाले देख्न सक्ने कीराभन्दा पनि साना हाम्रो आँखाले देख्न नसक्ने भाइरस, ब्याक्टेरिया, जुका र ढुसीजस्ता जीव हुन्छन् भनेर सम्भव भए भिडियोमार्फत वा विद्यालयमा उपलब्ध भए माइक्रोस्कोपमै देखाउने । हाम्रो शरीरलाई मद्दत गर्नेदेखि बिरामी पार्ने खालका पनि कीटाणु हुने कुरा विद्यार्थीलाई अवगत गराउने ।<br>- यस्ता जीव वा परजीवीहरू कहाँ हुन्छन् होला त ? भन्ने प्रश्न गर्ने र विद्यार्थीबाट उत्तर बटुल्न खोज्ने । अन्त्यमा, नउमालेको वा फिल्टर अथवा सफा नगरेको वा फोहोर ठाउँको पानी, पशुपक्षीको मल लागेको माटो, अरूले खोक्दा वा हाछ्युँ गर्दा परेको थुक वा आँखाले देख्न नसकिने थोपा, राम्ररी नपखालेको सब्जी, सडेगलेका तरकारी, नछोपेको र झिँगा भन्केको खानेकुरा, नधोएको हात, निको भइनसकेको घाउमा हुन सक्छन् भन्ने जानकारी दिने ।<br>- शरीरमा यी सूक्ष्म परजीवी छिर्ने ढोकाहरू कुन-कुन होलान् भनेर विद्यार्थीलाई सोध्ने र अन्त्यमा, आँखा, नाक, मुख, शरीरका अन्य खुला ठाउँ वा खुला घाउ, छालाबाट रोग सर्न सक्छ भनेर प्रस्ट पार्ने ।<br>- त्यस्ता जीव हाम्रो शरीरमा कसरी छिरेर रोग सार्छन् भन्नेबारे सम्भव भएमा भिडियो देखाएर अथवा बोर्डमा चित्र बनाउँदै बुझाउने । | - आँखाले देख्न नसक्ने जीव हुन्छन् भन्नेबारे कक्षाका क्रियाकलापअनुसार भिडियो, चित्र, माइक्रोस्कोप हेरेको अथवा शिक्षकले भनेको आधारमा आफ्नो केही न केही बुझाइ, जिज्ञासा वा विचार राखेको<br>- किटाणु हुनसक्ने वस्तु पहिचान गरेर चिन्न सकेको<br>- हाम्रो शरीरमा कसरी परजीवी छिर्न सक्छन् आफ्नै भाषामा मौखिक व्याख्या गरेको<br>- बिरामी पार्ने कीटाणुबाट बच्ने उपाय भन्न सकेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - विद्यार्थीलाई आफ्नो घरमा हुने के कस्ता जीव वा वस्तुबाट नदेखिने परजीवी सर्न सक्छन् भन्ने सूची बनाएर ल्याउन लगाउने र तिनबाट जोगिन के गर्नुपर्ला भनेर छोटो छलफल गर्ने ।<br>- किन एउटै कुराले कसैलाई बिरामी पार्छ कसैलाई पार्दैन भन्नेबारे छलफल गर्ने र रोगसँग लड्ने क्षमता पौष्टिक खानासँग पनि सम्बन्धित रहेको कुरा बताउने । | | |
| वातावरण विनाश तथा संरक्षण | - दैनिक जीवनमा प्रयोग हुने नकुहिने वस्तुहरू चिनेर कुहिने र नकुहिने वस्तु छुट्याउन सक्ने<br>- जथाभावी फोहोर नफाल्ने | - नकुहिने वस्तु (चाउचाउ बिस्कुटका खोल, कोक फ्यान्टा तथा पानीका प्लास्टिकका बोतल, किताबको चिप्लो गाता, नाइलन कपडा, प्लास्टिकका झोला, गुट्खा, स्याम्पु, मिठाइका खोल आदि) | - फल, तरकारी, पात, कागजजस्ता कुहिने वस्तु र फलाम, ढुङ्गा र प्लास्टिकजन्य नकुहिने वस्तु देखाएर कुन-कुन कुहिन्छ होला ? भनेर सोध्ने र अन्त्यमा नमिलेमा सही उत्तर भनिदिने । (यो क्रियाकलाप विद्यार्थीलाई समूहमा राखेर प्रत्येक समूहले भेला पारेका वा शिक्षकले दिएका कुहिने र नकुहिने वस्तुलाई दुईवटा कार्टुनमा छुट्याउने खेलको रूपमा पनि खेलाउन सकिन्छ ।)<br>- तालिका बनाएर घर वरपर भएका कुहिने वस्तु र नकुहिने वस्तुको सूची बनाउन लगाउने ।<br>- विद्यालय परिसर वरपरका फालिएका नकुहिने वस्तु टिप्न लगाउने र आफ्नो संग्रह कक्षासामु प्रदर्शन गराउने । जथाभावी फोहोर नफाली यसरी प्रयोग गर्न सकिन्छ भन्ने उदाहरणका रूपमा शिक्षकले जम्मा भएका वस्तुबाट केही सजावटका सामग्री बनाएर कक्षामा प्रदर्शन गर्ने ।<br>- विद्यार्थीले ल्याएका नकुहिने वस्तु कहाँबाट आउँछ सोध्ने । उद्योग कलकारखाना हुँदै पसल र घरसम्म आइपुगेको जानकारी दिने ।<br>- यस्तो फोहोर जथाभावी फाल्नु नहुने कुरा शिक्षकले बताउने । | - आफ्नो घरवरपरको नकुहिने फोहोर वा वस्तु चिनेर तालिका बनाएको<br>- कम्तीमा पाँचवटा नकुहिने फोहोर वा वस्तुको नाम भन्न सकेको<br>- नकुहिने वस्तु कहाँबाट आउँछ भन्न सकेको<br>- कुहिने र नकुहिने वस्तुको व्यवस्थापन छुट्टै तरिकाले गर्नुपर्छ भन्न सकेको | ८ |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - घरमा भएका हातले बनाएका सामानहरू चिन्ने र के के सामान हातले बनाइन्छ भन्न सक्ने<br>- हातले बनेका र हातले नबनाएका सामान पहिचान गर्न सक्ने | - हातले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू | - घरमा हातले बनाएका सामान के के छन् अवलोकन गरेर र/वा घरका ठूलाबडालाई सोधेर सूची बनाएर ल्याउन लगाउने ।<br>- अभिभावक स्रोत व्यक्ति बोलाएर अथवा शिक्षकले जानेमा आफैँले हातले बनाएका सामग्री र यसको प्रक्रियाबारे आफ्नो अनुभव सुनाउने सत्र राख्ने र प्रश्नोत्तरलाई प्रोत्साहन गर्ने ।<br>- घरगाउँतिर काठ, बाँस अरू स्थानीय चिजका सामग्री बनाउने ठाउँमा लगेर देखाउने, यो सम्भव नभए सामग्री बनाएको भिडियो देखाएर सामग्री चिनाउने । | - घरमा भएका हातले बनाएका सामानहरू चिन्न सकेको<br>- हातले बनाएका कम्तीमा दश सामग्री चिन्न र नाम भन्न सकेको<br>- हातले के के सामान कसरी बनाइन्छ दुईवटाको आफ्नै भाषामा भन्ने प्रयत्न गरेको<br>- हातले बनाएका र नबनाएका सामानबीच भिन्नता पहिचान गरेको | ८ |
| लोक कला तथा साहित्य | - गाउँघरतिर चल्तीमा रहेका तथा हराएर गएका पारम्परिक स्थानीय बाजा र तिनको धुन पहिचान गर्ने | - स्थानीय बाजा, तिनका बजाउने तरिका र ती बाजाबाट निस्कने धुन | - वरपर के कस्ता बाजा बजाइन्छ, हेर्न र सुनाउन लग्ने ।<br>- के कस्ता स्थानीय बाजा वा धुन सुन्नुभएको छ, त्यो बाजा वा त्यसको आवाज कस्तो हुन्छ भनेर आफ्ना आमाबुवा, हजुरबुवा हजुरआमा वा परिवारका अन्य सदस्यलाई सोधेर आउन लगाउने र कक्षामा प्रस्तुत गर्ने ।<br>- पहिला धुन मात्र बजाएर त्यो बाजा कुन होला चित्र बनाउन लगाउने । बाजा बजाएको बेला आफ्नो इच्छाअनुसार नाच्न वा शरीर चलाउन लगाउने । बाजाको धुन रेकर्ड गरेर सुनाउन सकिन्छ ।<br>- विद्यार्थीलाई सिक्न वा बजाउन मन लागेको पारम्परिक बाजा कुन हो सोध्ने र सम्भव भए समुदायमा जसलाई बजाउन आउँछ उहाँबाट सुनाउने । सम्भव भए युट्युबमा सबैको मन पर्ने बाजा बजाएको भिडियोहरू पालैपालो देखाउने । | - हाल प्रयोगमा रहेका स्थानीय बाजाका धुन चिन्न सकेको<br>- आफूले सुन्न नपाएका बाजाहरूबारे घरमा सोधेर कक्षामा प्रस्तुत गरेको<br>- धुनअनुसार बाजा चिन्न सकेको<br>- विभिन्न पारम्परिक बाजाबारे भन्न सकेको | ८ |

# ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - आफ्नो र छरछिमेकका घरको विवरण दिन सक्ने | - आफ्नो र छिमेकीका घरका आकारप्रकार तथा विवरण | - विद्यार्थीलाई उनीहरूको घर कस्तो छ ? भनेर सोध्ने । बताउन नजानेमा थप प्रश्न गर्ने जस्तै : कति तला छ ? केको झ्यालढोका छ ? माटो, काठ, बाँसको कि सिमेण्टको घर हो ? भान्छा कुन तल्लामा छ ? घर आँगनमा बाहिरबाट देखिने गरी केही सजाएको वा बनाएको छ ? आदि ।<br>- जोडी वा समूह बनाएर एक आपसको घरको ठोस समानता र फरक पत्ता लगाउन लगाउने । जातीय वा धार्मिक समूहअनुसार घर, सजावट वा बनोटमा देखिने फरकबारे छलफल गर्ने ।<br>- कसको घर मन पर्छ र किन मन परेको होला भन्न लगाउने ।<br>- उपलब्ध सामग्रीबाट घरको मोडल अथवा चित्र वा दुवै बनाउन लगाउने । | - आफ्नो घरको विवरण दिन सकेको<br>- आफ्नो र छिमेकी जातीय समूहका घरबीचका ठोस समानता र भिन्नता पहिचान गरेर कक्षामा भनेको<br>- कुन घर मन पर्छ र किन भन्न सकेको<br>- घरको चित्र वा मोडल बनाउने प्रयत्न गरेको | ७ |
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - घरमा पाइने फलफूल, तरकारी लगायतका खाने परिकारका स्रोत र आफूले देख्न, सुन्न, सुँघ्न, छुन र चाख्न सकेको विवरण भन्न सक्ने | - घरमा खाइने फलफूल, तरकारी र जनावरबाट प्राप्त खानेकुरा | - स्थानीय स्तरमा पाइने खानेकुरा र तिनका स्रोत ।<br>- आफ्नो घरमा बनाउने गरेको परिकार, खाइने फलफूल, तरकारी तथा अन्य खानेकुरा के के हुन् सोधेर सबैको उत्तर सुन्ने, टिप्ने ।<br>- तीमध्ये एक परिकार शिक्षकले रेखाङ्कन गरी चित्र बनाउन लगाउने ।<br>- ती मध्येका तीन खानेकुरा वा परिकारको रङ, प्रकार आदि जस्ता देख्न सकिने, तयार गर्दा आउने आवाज सुन्न सकिने, काँचो वा पाकेको हुँदा आउने बास्ना, छुँदा कस्तो हुन्छ र चाख्दा कस्तो हुन्छ भन्ने जस्ता विवरण टिपेर कक्षामा सुनाउन लगाउने ।<br>- कक्षामा कुरा भएका र घरमा खाइने थप खानेकुरा भान्छासम्म कहाँबाट आउँछन् घरमा सोधेर सूची बनाएर ल्याउन लगाउने र कक्षामा भन्न लगाउने । | - घरमा पाइने फलफूल, तरकारी लगायतका खानेकुराको नाम भन्न सकेको<br>- कुनै एक घरको खानेकुरा चित्रमा उतार्न प्रयत्न गरेको<br>- घरमा पकाइने वा खाइने कम्तीमा एक खानेकुराको पाँच ज्ञानेन्द्रियले थाहा पाउने विवरण दिएको<br>- आफ्नो घरमा खाइने कम्तीमा पाँच खानेकुरा कहाँबाट आउँछ भन्न सकेको | ८ |

# ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - आफ्नो वरपरको वातावरणसँग परिचित हुने (भौगोलिक वातावरण : विद्यालय र आफ्नो गाउँको नाम, आफू रहेको ठाउँको तत्कालको मौसम भन्न सक्ने, सामाजिक वातावरण : छिमेकीसँग बोल्ने र तिनलाई सम्बोधन गर्न सक्ने)<br>- कस्तो ठाउँमा जान हुन्छ/हुँदैन भन्ने सामान्य जानकारी राख्ने | - आफू वरपरकोवातावरण : वरपरका टोल तथा गाउँको नाम, तत्कालको मौसमअनुसार तातो चिसो, छिमेकीका नाम र सम्बोधन | - विद्यालय र आफ्नो गाउँको नाम क-कसलाई थाहा छ ? भन्ने जस्ता प्रश्न सोधेर कक्षा अन्तर्क्रियात्मक बनाउने । बालगीतको भाकामा विद्यालयको नाम र ठेगाना गाउँदै याद गराउने ।<br>- वरपरको तत्कालको मौसम (तातो/चिसो, ओसिलो/सुख्खा, बादल लागेको/घाम लागेको) कस्तो छ ? चित्र कोरेर व्यक्त गर्न लगाउने वा अभिनय गरेर प्रस्तुत गर्ने खेल खेलाउने ।<br>- आफ्नो घर नजिकका पाँच घरमा गएर हरेक घरका एक जनालाई तिनको नाम, तिनलाई आफूले गर्नुपर्ने सम्बोधन, मन पर्ने मौसम र गाउँको नाम जस्ता प्रश्न सोध्न लगाएर कक्षामा सानो प्रस्तुति दिन लगाउने ।<br>- छिमेकका व्यक्तिहरूलाई के भनेर सम्बोधन गर्ने भनेर घरमा सोधेर आउने गृहकार्य दिने । उमेर, लिङ्ग र नाताको आधारमा सम्बोधन फरक पर्छन् ।<br>- यात्रा गर्दा अपनाउनुपर्ने सुरक्षाका उपाय जस्तै : समूहमा हिँड्ने, सजिलो र बलियो जुत्ता चप्पल लगाउने, जथाभावी फोहोर नफ्याँक्ने, पानी परेको बेला चिप्लिने वा बाढी आउने भएकाले यात्रा नगर्ने आदिबारे छलफल गर्ने । | - आफ्नो टोलको नाम भन्न सकेको<br>- विद्यालय रहेको टोलको नाम भन्न सकेको<br>- तत्कालको मौसम भन्न सकेको<br>- छिमेकीलाई सम्बोधन गरेर प्रश्न सोध्न सकेको | ८ |
| नदीनाला | - खोलामा वा खोला वरपरका वस्तु, जीवजन्तु पहिचान गर्न सकेको : पानी, बालुवा, ढुङ्गा, लेउ, चराचुरुङ्गी, माछा मार्ने वा नुहाउन, लुगा धुन जाने मानिस | - नजिकैको खोलाको विवरण र त्यस दिन देखिएको दृश्य | - खोल्सा वा खोलाको किनार हुँदै बालुवा ढुङ्गामा हिँडाएर कहाँ हिँड्दा कस्तो आवाज आउँछ, तातो, चिसो के हुन्छ याद गर्न लगाउने, विद्यालय फर्केपछि पालैपालो एउटा अवस्था दिँदै समूहमा अभिनयात्मक प्रस्तुति गर्ने खेल खेल्ने ।<br>- रेल गाडी खेलेको जसरी मानव साङ्लो बनाएर खोला कसरी बग्छ भन्ने खेल खेल्ने, खोला जोडिएको पनि खेलमार्फत देखाउन मिल्छ, कसरी खोला जोडिएपछि ठूलो देखिन्छ भन्ने कुरा दुईटा लाइनका विद्यार्थीको कुम-कुम जोडिएर आकार ठूलो भएको बुझाउने । | - खोलाको छेउछाउ, वरपर र अलि पर के के फरक हुन्छ भन्न सकेको<br>- खोला वरपर जथाभावी भएका प्लास्टिकजन्य र अन्य फोहोर टिपेर निश्चित स्थानमा राख्ने गतिविधिमा रुचि देखाएको वा जथाभावी फोहोर फाल्नु हुँदैन भन्न सकेको अथवा व्यवहारमा देखाएको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - खोलासँग सम्बन्धित शब्दहरू जस्तै : छाल, माछा, पुल, पानी, डुङ्गा आदि जस्ता शब्द चिनाउने खेल खेल्ने (सकेसम्म मातृभाषा र आवश्यक भएमा नेपाली तथा अंग्रेजीमा पनि) ।<br>- खोलामा तथा वरपर छरपस्ट फालिएका फोहोरहरू जम्मा गर्ने र थान्को लगाउने ।<br>- यहाँको पानी पिउन हुन्छ कि हुन्न र किन ? सोध्ने । असुरक्षित स्रोतको पानी पिउन हुँदैन भन्ने जानकारी दिने ।<br>- खोला कत्रो हुन्छ, कहाँ कति बलियो छ, गहिरो छ भन्नेबारे विद्यार्थीलाई जानकारी दिने । नजिकैका दुई फरक खोला वा खोल्सामा के फरक रहेछन् विद्यार्थीलाई सोध्ने । कालोपाटी (ब्लाक वा ह्वाइटबोर्ड) मा एकापट्टि एउटा खोला वा खोल्सा र अर्कोपट्टि अर्को खोला वा खोल्साको नाम लेखेर विषयअनुसार (पानी : धेरै-थोरै, धमिलो-सफा; चौडाइ : ठूलो-सानो, माछा : भएको-नभएको आदि) बुँदागत रूपमा टिप्दै जाने । (चाखलाग्दा भौगोलिक ठाउँसँग मिल्न गएमा एकीकृत गरेर पढाउने) | - खोलाको पानी सोझै खान किन हुँदैन विचार राख्न सकेको<br>- नजिकका खोला वा खोल्साबीच ठोस विशेषताका आधारमा तुलना गर्न सकेको | |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रिया 'हुन्छ' का करण अकरण रूप थप शब्दसहित प्रयोग गर्ने | - प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रियाका करण अकरण रूप<br>- शरीरका अङ्ग, नातागोता, घर तथा विद्यालय वरिपरिका वस्तुहरू जनाउने शब्दहरू | - शिक्षकले कक्षामा उपस्थित विद्यार्थीले बोल्ने सबै भाषामा कस्तो छ, कति कक्षामा छौ ? जस्ता प्रश्न सोध्ने ।<br>- शरीरका अङ्ग देखाउँदै एक अर्काको भाषामा भन्न लगाउने<br>- 'को', 'कस्तो' जस्ता प्रश्नको अभ्यास गराउने ।<br>- कम्तीमा तीन वनस्पति, जीवजन्तु तथा प्राकृतिक वस्तुहरूको परिचय दिँदै तिनको गुण अधिकतम चार शब्दको वाक्यमा भन्न सिकाउने र लगाउने । समूहमा अभ्यास गराउने । | - मातृभाषा वा स्थानीय भाषामा शरीरका अङ्गका नाम भन्न सकेको<br>- प्राकृतिक सत्यबोधक तथा स्वीकृतिबोधक क्रियाका करण/ अकरण रूप प्रयोग गर्न सकेको<br>- फरक भाषाको कम्तीमा एउटा गीत जानेको<br>- स्थानीय भाषामा १ देखि २० सम्म गन्न सकेको | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - शरीरका अङ्ग, नातागोता, घर तथा विद्यालय वरिपरिका वस्तुहरू जनाउने शब्द प्रयोग गर्ने (नयाँ शब्दहरू बढीमा २५)<br>- 'को', 'कस्तो' र थप 'के' प्रश्न प्रयोग गर्न सक्ने<br>- वनस्पति, जीवजन्तु तथा प्राकृतिक वस्तुहरूको गुण जनाउने गरी वाक्य बोल्न सक्ने<br>- स्थानीय भाषामा १ देखि २० सम्म गन्न सक्ने | | - रङको अभ्यासका लागि विद्यार्थीलाई रङ्गीन चित्र बनाउन दिने र उनीहरूले कुन-कुन रङ प्रयोग गरे भनेर सोध्ने र स्थानीय वा मातृभाषामा त्यो रङलाई के भन्छन् र वाक्यमा कसरी प्रयोग गरिन्छ जानकारी दिने वा विद्यार्थीलाई गोलो घेरामा राखी रङको नाम भन्दै त्यसमा रङमा हुने खेल खेलाउने ।<br>- विद्यार्थीको संख्याअनुसार कमसेकम फरक भाषाका एक जना पर्ने गरी २-३ समूह बनाई वाक्यहरू समूहमा बोल्ने र शब्दहरू याद गर्न लगाउने ।<br>- १ देखि २० गन्न सजिलो पार्न गन्ने ढुङ्गा, दाना वा अन्य शैक्षिक सामग्रीमार्फत गन्न सिकाउने ।<br>- शब्द याद गर्न गीतमा झन् सजिलो हुन्छ, कक्षा २ लाई उपयुक्त हुने खालका गीतमार्फत शब्दहरूसँग परिचित गराउने । | | |

# कक्षा ३

## १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| कृषि र पशुपालन | - बारी र फूलबारीमा हुने बिरुवा छुट्याउन सक्ने, बोटबिरुवा रोप्ने, फूलबारी बगैँचामा स्याहार गर्ने तथा सहयोग गर्ने | - बारी र फूलबारीमा हुने बिरुवाको स्याहार | - घरबाट पाँच किसिमको बीउ ल्याउन लगाउने । विद्यार्थीले ल्याएको बीउ भेला गर्ने र सूची बनाएर बीउको जात र रोप्ने ठाउँअनुसार वर्गीकरण गर्ने ।<br>- फूलबारीमा बीउ रोप्नका लागि फूलको बीउका साथै मल तथा साधारण औजार घरबाट ल्याउन र विद्यालयको करेसाबारी, फूलबारी वा प्राङ्गणमा रोप्न लगाउने ।<br>- खेतीपातीका औजारका चित्र बनाउन र नाम लेख्न दिने ।<br>- समूह बनाई वरपर भएका फूलहरूका नामहरू लेख्न दिने ।<br>- फूलसँग सम्बन्धित कविता, कथा, गीत बनाउन लगाउने । | - खेत र बारीमा भएको तीन-तीनवटा बिरुवाको नाम भन्न सकेको<br>- खेतीपातीका लागि प्रयोग हुने औजारको नाम र काम भन्न सकेको<br>- बीउ रोप्न सकेको<br>- फूलसँग सम्बन्धित कविता, कथा वा गीत भन्न वा दोहोऱ्याउन सकेको | ८ |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - नजिकको बजारमा के के काम गर्छन् पहिचान गर्ने र कामको प्रकारबारे अनुमान गर्न सक्ने | - नजिकको बजारमा गर्ने कामहरू | - विद्यार्थीलाई आफ्नो घर छेउको बजारमा कस्ता-कस्ता काम गर्ने मान्छेहरू भेटिन्छन् सम्झन लगाउने र भन्न लगाउने, उनीहरूले भन्दै जाँदा शिक्षकले सूची बनाउँदै जाने र ती काम गर्ने मान्छे चिनेको वा नाम थाहा भएको भए त्यो पनि सोध्दै कक्षाले देख्ने गरी लेख्ने । ती काममध्ये कुन-कुन काम कत्तिको परिश्रम लाग्ने सीपमूलक, कलात्मक वा विचार धेरै गर्नुपर्ने छन् भनेर छलफल गर्ने ।<br>- विद्यालय नजिकैको बजारमा वा हाट लाग्ने दिन मिलाएर भ्रमणमा जाने र त्यहाँका कामहरू हेरेर, सोधेर, कामका प्रकार, पेसाको नामहरू बुझ्ने । आफ्नो अनुभव कक्षामा सुनाउन लगाउने । | - नजिकको बजारमा के के काम गर्छन् भन्न सकेको<br>- कम्तीमा तीन काममध्ये कुन काम कत्तिको परिश्रम वा सीपमूलक, कलात्मक वा बौद्धिक छन् आफ्नो विचार व्यक्त गर्न सकेको<br>- आफ्नो गाउँमा विभिन्न काम गर्न सक्ने वा सीप भएका व्यक्ति पहिचान गर्न सकेको<br>- हाटबजारको अनुभव सुनाउन सकेको | ५ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| स्थानीय रेकर्ड बुक | - गाउँघरका व्यक्ति, वस्तुका विशेष गुणहरू पहिचान गर्न सक्ने | - गाउँ वरपरका देखेर थाहा पाइने रेकर्ड विवरण | - आफ्नो गाउँबाट देखिने सबैभन्दा अग्लो डाँडा, हिँडेर पुग्न सकिने नजिकको ठूलो खोला, ठूलो रूखजस्तै अन्य प्रकृति सम्बन्धित विवरण घरबाट हेरेर टिपेर वा सम्झेर आउन लगाउने ।<br>- आफ्नो गाउँको सबैभन्दा ठूलो खेत, धेरै फल्ने अन्न वा तरकारी, धेरै पालिने जनावर, अग्लो घर, लामो पुलजस्तै अन्य मानवीय क्रियाकलापसँग सम्बन्धित विवरण टिप्न लगाउने ।<br>- आफ्नो गाउँको सबैभन्दा अग्लो, धेरै खेत भएको, धेरै पढेको, धेरै जनावर पालेको, ज्येष्ठ व्यक्तिजस्तै अन्य मानवीय विवरण अन्दाज गरेर टिप्न लगाउने ।<br>- यी सबै विवरण कक्षामा प्रस्तुत गर्न लगाउने । कसको को-कोसँग मिल्यो, कसको अलग्गै विवरण आयो, किन त्यस्तो भएको होला भनेर छलफल गर्ने । कुरा पक्का भएपछि कक्षामा लेखेर राख्ने । | - आफ्नो गाउँबाट देखिने प्रकृति सम्बन्धित विवरण सम्झेर भन्न सकेको<br>- आफ्नो गाउँको मानवीय क्रियाकलापसँग सम्बन्धित विवरण टिपेर ल्याएको<br>- आफ्नो गाउँको मानवीय विवरण टिपेर ल्याएको<br>- यी विवरण किन फरक भएको होला आफ्नै भाषामा कारण दिन सकेको | ५ |
| चाखलाग्दा भौगोलिक ठाउँ | - सबैभन्दा नजिकको ठाउँको देखिन सकिने प्राकृतिक र अप्राकृतिक वा मानव निर्मित वस्तु विवरण पहिचान गर्न सक्ने र वस्तुगत अनुभव भन्न सक्ने | - नजिकको भौगोलिक महत्त्वका स्थानको वातावरण र अनुभव | - सबैभन्दा नजिकको भौगोलिक ठाउँमा लाने र विस्तृत अवलोकनको मौका दिने (पहिला गइसकेको ठाउँ भए पनि केही हुँदैन) । | - आफू गएका स्थानका विशेषता तथा वरपरका वातावरण भन्न सकेको<br>- मानवीय क्रियाकलापका कारण हुने असरबारे भन्न सकेको<br>- महत्त्वपूर्ण भौगोलिक स्थानसँग सम्बन्धित कम्तीमा एक वस्तु वा अनुभवको चित्र वा कुनै किसिमको दृश्यसामग्री बनाउन प्रयत्न गरेको<br>- सामूहिक परियोजनात्मक कार्यमा सक्रियता देखाएको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - सामूहिक परियोजनात्मक कार्यका रूपमा बोटबिरुवा (वा त्यसमा पनि झार, बुट्यान र रूख तीन समूह छुट्याएर) कीट तथा वन्यजन्तु र सास नफेर्ने अन्य वस्तु जस्तै : प्राकृतिक (माटो, ढुङ्गा, बालुवा आदि) र मानवनिर्मित (पुल, भवन वा भवनका अवशेष, प्लास्टिक लगायतका फालिएका फोहोर आदि) वस्तुका विषय विभिन्न समूहबीच छुट्याएर तिनका त्यहाँ उपलब्ध प्रकार (नाम, रङ, आकार प्रकार लगायत थाहा हुन सकेजतिका गुण आदि) सकेजति टिप्न लगाउने । सबै समूहका सदस्यलाई आफ्नो विषय अनुसारले कुनै वस्तु वा अनुभव झल्किने गरी चित्र वा कुनै किसिमको दृश्य सामग्री बनाउन लगाउने । कक्षामा चित्रहरू भित्तामा टाँसेर बयान गर्न लगाउने ।<br>- त्यसपछिको छलफलमा त्यस ठाउँको अनुभव कस्तो रह्यो, के भएको वा नभएको भए झन् राम्रो हुनेथ्यो, के भएको वा नभएको भए नरमाइलो हुनेथ्योजस्ता कुरा गर्ने । मानवीय क्रियाकलापका कारण भएको फोहोर वा प्रदूषणको कुरा नछुटाइकन छलफल गर्ने । | | |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - सबैभन्दा नजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँ, भग्नावशेष वा पछि बनाइएका संरचना के कस्ता छन् भन्न सक्ने वा यस्ता अवशेष नभए नयाँ र पुरानो गाउँ बस्ती तुलना गर्ने | - सबैभन्दानजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँ | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा संस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- विद्यालयबाट सबैभन्दा नजिक पर्ने ऐतिहासिक वा सांस्कृतिक ठाउँमा लाने र अवलोकनका लागि छोडिदिने । अवलोकन गर्दा आफूले देखेको पाँच कुरा, सुनिरहेको चार आवाज, सुँघ्न सकेको तीन गन्ध र छोएर महसुस भएको दुई विवरण टिप्न लगाउन सकिन्छ ।<br>- त्यहाँ भएका सामानहरूको सूची बनाएर तिनको हालको अवस्था र कुन सामान कसरी प्रयोग गरिन्थ्यो होला भन्नेबारे अनुमान गर्न लगाउने र ठूलो समूहमा छलफल गर्ने । | - सबैभन्दा नजिकको ऐतिहासिक वा सांस्कृतिक ठाउँबारे भन्न सकेको<br>- त्यहाँ रहेका कम्तीमा तीनवटा सामानको अवस्था र पहिलाको प्रयोगबारे आफ्नो अनुमान राख्न सकेको<br>- इन्द्रियको विवरणअनुसार अवलोकनका लागि गएको ऐतिहासिक तथा सांस्कृतिक स्थानको अनुभव भन्न सकेको<br>- सो स्थानमा रहेका मानव निर्मित र प्राकृतिक वस्तु पहिचान गर्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - त्यहाँ के के मानव निर्मित र के के प्राकृतिक वस्तु छन् टिपोट गर्न लगाउने; त्यसमध्ये एकको चित्र बनाएर त्यो वस्तु के हो ? त्यसको काम के होला ? जस्ता प्रश्नको उत्तर लेख्न लगाउने । विद्यार्थीलाई त्यो वस्तुबारे थाहा नभए वरपरका मान्छेलाई सोध्न लगाउने वा आफैंले भनिदिने ।<br>- विद्यालयमा अभिभावक दिवस वा कुनै दिवस समारोहमा आफ्नो नजिकैको ऐतिहासिक तथा सांस्कृतिक ठाउँ शीर्षकमा प्रदर्शनी गर्ने । | | |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - घर र विद्यालय वरपरका वनस्पति हुर्किने मौसम र वातावरण पहिचान गर्ने र मौसमअनुसार वनस्पति छुट्याउन सक्ने | - घर र विद्यालय वरपरका वनस्पतिका लागि उचित वातावरण | - विभिन्न मौसममा हुर्कने वनस्पति वा फूलका बोटबिरुवाबारे अवलोकन गर्न लगाउने र उनीहरूका प्रश्नको जवाफ दिने ।<br>- समूहमा बाँडेर मौसमअनुसार फल्ने र फुल्ने बिरुवाका तालिका बनाउन दिने, प्रस्तुति गर्दा उदाहरण दिन हानि नहुने भए वनस्पतिको पात वा नमुना ल्याएर वा चित्र बनाएर देखाउन लगाउने । | - अवलोकन र खोजमा रुचि तथा सक्रियता देखाएको<br>- कम्तीमा घर वरपर पाइने पाँच वनस्पति रोप्न अनुकूल हुने मौसम भन्न सकेको<br>- मौसमअनुसार रोप्न सकिने, फल्ने र फुल्ने कम्तीमा तीन-तीनवटा बोटबिरुवा भन्न सकेको<br>- वनस्पतिको नमुना (वनस्पति वा चित्र) सहित प्रस्तुतिमा प्रयत्न गरेको | ८ |
| जीवजन्तु र चराचुरुङ्गी | - गाउँघरतिर देखिने जीवजन्तु तथा चराचुरुङ्गी पहिचान गर्न सक्ने<br>- नजिकै पाइने जीवजन्तुको खाने चक्र तथा यिनका लागि अनुकूल वातावरण चिन्न सक्ने | - गाउँघरतिर विशेष मौसममा वा परिस्थितिमा देखिने जीवजन्तु तथा चराचुरुङ्गी | - आफ्नो घर तथा विद्यालय वरपर विशेष मौसम वा अवस्थामा देखिने जीवजन्तु (जनावर, चरा, कीराफट्याङ्ग्रा आदि) कुन-कुन होलान् ? भनेर प्रश्न गर्ने, अन्त्यमा शिक्षकले थप उत्तर भनिदिने । जनावरको नाम भन्दै र बनाउन कोसिस गर्दै भएका चित्र देखाउँदै सो जनावर देखे/नदेखेको वा चिने/नचिनेको सोध्ने । तिनलाई विद्यार्थीको मातृभाषामा के भन्छन् भन्नेबारे घरमा सोधेर आउन लगाउने । | - नजिकै पाइने वा देखिने जीवजन्तुको कुन-कुन हुन् भन्न सकेको<br>- नजिकैका विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने जीवजन्तु देखेर चिन्न सकेको<br>- विशेष मौसम वा परिस्थितिमा पाइने जीवजन्तुको रङ तथा विशेषता भन्न सकेको<br>- जीवजन्तुको चित्र बनाउन प्रयास गरेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - प्रत्येक विद्यार्थीले कम्तीमा एउटा फरक जीवको चित्र बनाउन लगाउने (सकेसम्म सबैलाई फरक फरक खालका जीवको) ।<br>- नाम अनुसारले त्यो जीव कस्तो हुन्छ ? रङ कस्तो हुन्छ ? खुट्टा कतिवटा हुन्छ ? कहाँ बस्छ ? आदि प्रश्न सोध्ने वा जानकारी दिने ।<br>- त्यस्ता जीवजन्तु देखिने बेला सुरक्षा अपनाउँदै विद्यार्थीलाई देखाउन लग्ने । | | |
| विषालु जीवजन्तु | - गाउँघरतिर विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने विषालु विशेष खतरा कीरा र जनावर पहिचान गर्न सक्ने र तिनीहरूबाट बच्ने उपायहरू भन्न सक्ने | - गाउँघरतिर विशेष मौसम वा परिस्थितिमा पाइने वा देखिने विषालु वा रोग संक्रमण गर्ने कीरा र जनावर (बिच्छी, सर्प, विषालु भ्यागुता) तिनीहरूले गर्न सक्ने हानिको विवरण | - यो पाठ स्थानीय पाठ्यक्रमको जीवजन्तु र चराचुरुङ्गी सँगै मिलाएर एकीकृत रूपमा पढाउने ।<br>- बिच्छी, सर्प, खजुरो वा यस्तै केही विषालु कीरा क-कसले देखेको वा सुनेको छ भनेर सोध्ने र एक अर्काबाट सुन्न लगाउने अनि ठीक/बेठीक के छ शिक्षकले थप बताइ दिने ।<br>- विद्यार्थीलाई मन लागेको विषालु जीवजन्तुको चित्र बनाउन लगाउने । शिक्षकले केही जीवजन्तुका चित्र खोजी हेरेर बनाउन लगाउने ।<br>- घरगाउँतिर कसैलाई बिच्छी, सर्प, खजुरो वा यस्तै केही विषालु कीरा वा जनावरले टोकेको थाहा छ ? भनेर सोध्ने र भन्न लगाउने । टोकेको रहेछ भने कस्तो मौसम (सम्भव भए कुन महिना) मा, कस्तो ठाउँमा, शरीरको कुन भागमा टोकेको हो ? टोकेको जीव कस्तो रङ र आकार<br>थियो ? टोकेपछि अस्पताल जानुभयो कि घरमै उपचार गर्नु भयो ? यस्तो दुर्घटनाबाट बच्न के गर्नु हुन्छ वा हुँदैन ? इत्यादि प्रश्न घरमा सोधेर विवरण तयार पार्न दिने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- विशेष मौसममा देखिने विषालु जीवजन्तुबारे थाहा भएको स्थानीय विज्ञ वा स्वास्थ्यकर्मीलाई बोलाएर प्रश्नोत्तर सत्र राख्ने; यस्ता जीवजन्तुबाट बच्ने उपाय, टोकेमा के गर्नु हुने वा नहुने सामान्य जानकारी आदिबारे छलफल गर्ने । | - घर वरपर पाइने जीवजन्तु वा कीरामध्ये कुन-कुनले टोक्दा आफूलाई गाह्रो हुन सक्छ भन्न सकेको<br>- विशेष मौसममा पाइने दुई विषालु जीवजन्तु चिन्न सकेको वा एकको चित्र बनाउन सकेको<br>- विशेष मौसममा पाइने विषालु जीवजन्तुबाट सुरक्षित रहने उपाय भन्न सकेको<br>- कुनै जीवले टोक्यो भने के गर्नु हुन्छ/हुँदैन सामान्य रूपमा भन्न सकेको | ६ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - पहिरो र यसका कारण र रोकथाममा रूखबिरुवाको महत्त्वबारे थप भन्न सक्ने<br>- पहिरो जाने ठाउँको पहिचान र त्यसबाट बच्ने उपाय भन्न सक्ने | - बाढी र पहिरोका कारण र रोकथाम | - सुरूवातका लागि भल/बाढीबारे कथाहरू भन्न लगाउने वा कसैले नभने आफैंले सुनाउने (यसबेला कोही पनि विद्यार्थीलाई मानसिक आघात पुऱ्याउनबाट सतर्क रहनुपर्छ) ।<br>- बाढीजस्तै पहिरो भनेको क-कसलाई थाहा छ ? कतै देखेका छौ कि ? किन पहिरो गएको होला ? जस्ता प्रश्न गर्ने र सुख्खा पहिरोसहित अन्त्यमा शिक्षकले जानकारी र उदाहरण दिने ।<br>- बाढी, पहिरो जाने खतरामुक्त ठाउँहरू र किन खतरामुक्त भनिएको पाँच-छ जनाको समूहमा छलफल गर्न लगाउने, रूखबिरुवा राम्रो भएको ठाउँमा पहिरो जाँदैन वा धेरै क्षति गर्दैन भन्ने जानकारी र उदाहरण दिने ।<br>- आफूले देखेको सबभन्दा ठूलो भल/बाढी, पहिरो कहिले कहाँ आयो ? के के भयो ? भनी घरमा बाजेबज्यैसँग सोधेर आउने गृहकार्य दिने ।<br>- विद्यालय वरपरको पहिरो गएको ठाउँ देखाउने, पहिरो गएको चित्र र पहिरो गएको ठाउँ सुधार गरिएको अनुमान गरी बनाउन लगाउने ।<br>- पहिरो पानीले मात्र नभएर सुख्खा हुँदा पनि आउँछ भनेर जानकारी दिने र विद्यार्थीलाई प्रश्न गर्न प्रोत्साहन गर्ने ।<br>- पहिरोको रोकथामबारे समूहमा छलफल गरी यसबारे सूची बनाउने ।<br>- पहिरोबाट बच्ने उपायहरूबारे घर र समुदायमा कुरा गर्न लगाउने । | - धेरै पानी पर्दा भल/बाढी आउने, पहिरो जाने (ढिस्काहरू) किन पहिरो जान्छ होला भन्नेबारे विचार राख्न सकेको<br>- आफ्नो वरपर पहिरो जाने सम्भावित ठाउँहरू पहिचान गर्न सकेको<br>- पहिरो रोकथामका कम्तीमा दुईवटा उपायहरू भन्न सकेको<br>- पहिरो गएको ठाउँमा पहिरो सुधार गरिएको एक चित्र बनाउन सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - घर छिमेकमा लागेको सर्ने वा नसर्ने रोगका नाम भन्न सक्ने<br>- सर्ने रोग कसैलाई लागे आफूले के गर्न हुन्छ वा हुँदैन भन्न सक्ने | - सर्ने रोगहरू र तीबाट बच्ने सावधानी | - कक्षामा कोही विद्यार्थीलाई अथवा आफ्नो परिवार वा छिमेकमा कोही बिरामी भएको थाहा छ ? के रोग लागेको रहेछ ? सोध्ने । कसैलाई रूघाखोकी लागेको होला भने कोहीलाई पखाला, आउँ, फित्ते जुका पनि लागेको हुन सक्छ वा राष्ट्रिय पाठ्यक्रममा पढाइने मध्येको कुनै नसर्ने किसिमको रोग पनि लागेको हुन सक्छ सकेसम्म दुवै किसिमका रोगका नाम विद्यार्थीबाट बटुलेर बोर्डमा लेख्ने ।<br>- बोर्डमा लेखेकामध्ये कुन सर्ने होलान् कुन नसर्ने होलान्, सर्ने भए कसरी सर्ने होलान् भनेर छलफल गर्ने ।<br>- कुन रोग कसरी सर्छ होला भनेर छलफल गर्ने र नमिलेका कुरा शिक्षकले सच्याइदिने ।<br>- ती मध्येका सर्ने रोग आफूलाई लाग्न नदिन के गर्नुपर्छ वा हुन्छ र के गर्नु हुँदैन भन्नेबारे विद्यार्थीसँगै छलफल गरेर चार्टपेपरमा तालिका बनाएर कक्षाको भित्तामा टाँस्ने । | - आफूलाई वा घर तथा छिमेकमा लागेका कस्ता दुई रोग सर्छन् र कस्ता सर्दैनन् भन्न सकेको<br>- कम्तीमा आफ्नो ठाउँमा थाहा भएका तीनवटा सर्ने रोगको नाम भन्न सकेको<br>- सर्ने खालको रोगबाट बच्न के गर्न हुन्छ वा हुँदैन भन्न सकेको<br>- आफ्नो ठाउँमा भएका कुन किसिमको दुई सरुवा रोग कसरी सर्दछ आफ्नै शब्दमा भन्न सकेको | ८ |
| वातावरण विनाश तथा संरक्षण | - नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरबारे सचेत हुने<br>- आफ्नो घर वरपरको फोहोर कुहिन वा गल्न (डिकम्पोज हुन) कति समय लाग्छ प्रयोग गर्ने | - नकुहिने वस्तुले वातावरणमा पार्ने नकारात्मक असरहरू | - नकुहिने सामान धेरै भए के हुन्छ भन्नेबारे जोडीमा छलफल गर्न लगाएर कक्षामा प्रस्तुत गर्ने ।<br>- विभिन्न विद्यार्थीलाई चिट्ठा बनाएर कागज, फूल, चकलेटको खोल, पात, झार, सिसाको टुक्रा आदि कुहिने र नकुहिने एउटाएउटा वस्तु दिएर छ महिनाभित्रमा कुन-कुन गल्छ वा गल्दैन भन्ने प्रयोगात्मक क्रियाकलाप गराउने । यस्तो वस्तु दिँदा एउटा भाँडोमा थोरै माटोले पुरेर राख्ने निर्देशन दिने । छ महिनापछि कक्षा लिएर आउन लगाउने र कुन सामग्री कस्तो देखिन्छ (कुहिएको वा जस्ताको तस्तै) भन्नेबारेसँग सम्बन्धित विद्यार्थीलाई नै प्रस्तुत गर्न लगाउने ।<br>- कुन वस्तु कुहिन कति समय लाग्दो रहेछ भन्नेबारे विद्यार्थीलाई आफ्नो प्रयोगको सहयोगले भन्न लगाउने । कुन वस्तु कुहिन कति समय लाग्छ जस्तो जानकारी भएको भिडियो देखाउने र यसबारे छलफल गर्ने ।<br>- नकुहिने फोहोर थुप्रेर, गाडिएर, आगो बालेर, बगेर, मिसिएर हावा, पानी र माटोमा गर्ने असरबारे छवटा समूह बनाएर छलफल गर्न लगाउने र कक्षामा प्रस्तुत गर्ने; विद्यार्थीलाई आफ्नै ज्ञानको आधारमा निष्कर्ष निकाल्न दिने, केही थप्नुपर्ने भए शिक्षकले प्रस्तुतिपछि थप्ने । | - प्रयोगात्मक क्रियाकलापमा सक्रियता साथ संलग्न भएको<br>- नकुहिने फोहोर जम्मा गरेर ल्याएर देखाइ ठीक ठाउँमा फालेको वा राखेको<br>- नकुहिने सामान धेरै भयो भने के हुन्छ भन्नेबारे आफ्नो बुझाइअनुसार विचार व्यक्त गरेको<br>- आफ्नो घर वरपरको कम्तीमा तीनवटा सामग्री कुहिन वा गल्न (डिकम्पोज हुन) कति समय लाग्छ भन्न सकेको | ८ |

# ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - काठपात, रूख तथा बोटबिरुवाबाट बनेका वस्तु पहिचान गर्न सक्ने | - काठपातले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू | - घरमा काठ, पात वा रूखका भागबाट बनेका सामान के के छन् अवलोकन गरेर वा घरका ठूलाबडालाई सोधेर सूची बनाएर ल्याउन लगाउने ।<br>- एउटा तालिकामा रूखका विभिन्न भागबाट (काठ, पात, रूखको बोक्रा, दाना आदि) गाउँघरतिर के कस्ता सामग्री बनाउने गरिएको छ, घरछिमेकमा सोधेर, सूची बनाएर र चित्र बनाएर प्रस्तुत गर्न लगाउने, ती सामान कसले कसरी बनाउँछन् होला भन्नेबारे छलफल गर्ने ।<br>- अभिभावक स्रोत व्यक्ति बोलाएर अथवा शिक्षकले जानेमा आफैँले पात बुनेको, काठ चिरेको वा रूखको बोक्राबाट डोरी बनाएको देखाउँदै वा आफ्नो अनुभव सुनाउने सत्र राख्ने र प्रश्नोत्तरलाई प्रोत्साहन गर्ने ।<br>- घरगाउँतिर काठ, पात वा रूखका अन्य भागबाट बन्ने सामग्री बनाउने ठाउँमा लगेर देखाउने, यो सम्भव नभए भिडियो देखाएर सामग्री चिनाउने ।<br>- काठ, पात वा रूखका अन्य भागबाट बनेका सामग्रीको विशेषताबारे छलफल गर्ने; यिनको बलिया तथा कमजोर पक्ष सकेसम्म विद्यार्थीलाई नै जवाफ दिन दिने ।<br>- यस्ता सामान बनाउन प्रोत्साहन गर्ने । | - गाउँघरतिर पाइने काठ, पात र रूखका अन्य भागबाट बनाएका सामग्रीको सूची तयार पारेको<br>- प्रश्नोत्तर सत्रमा आफ्नो जिज्ञासा राख्न सकेको<br>- काठ, पात वा रूखका अन्य भागबाट बनेका सामग्रीको विशेषता भन्न सकेको<br>- ती सामग्रीबाट विद्यार्थीले कुनै एक नमूना बनाएको | ८ |
| लोक कला तथा साहित्य | - आफ्नो गाउँघरतिरका कथा सुन्ने र तिनमा अपनत्व राख्ने<br>- स्थानीय परिवेशसहित समूहमा कथा बनाएर भन्न सक्ने | - प्रचलित स्थानीय कथा<br>- आफ्नै कथा बनाऔँ | - विद्यार्थीलाई अभिभावकसँग एक-एक कथा सोधेर आएर कक्षामा भन्न लगाउने, नल्याएमा शिक्षकले दुईवटा प्रचलित कथा खोजेर सुनाउने । कथा कस्तो लाग्यो कथामा के मन पर्‍यो, के भएको भए भन् मन पर्ने थियो, छलफल गर्ने ।<br>- सम्भव भए गाउँतिर कथा सुनाउने बूढापाकालाई बोलाएर वा उहाँहरूकोमा लगेर कथा सुनाउने, विद्यार्थीलाई कथासम्बन्धी प्रश्न वा आफ्नो विचार राख्न लगाउने ।<br>- घर वरपरका ठाउँ, पाइने बोटबिरुवा, खानेकुरा आदि पनि कथामा समावेश गर्दै समूहमा कथा बुन्ने क्रियाकलाप गर्ने । | - कथा सुनेर त्यसबारे आफ्ना विचार राख्न सकेको<br>- कथाबारे प्रश्न गर्न सकेको<br>- कमसेकम एउटा लोक कथा भन्न सकेको<br>- कथा बुन्ने क्रममा आफू वरपरका अवस्था तथा कुराहरूको प्रयोग गरेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - शिक्षकले कथाको दृश्य बनाउने पहिलो वाक्य भन्ने र प्रत्येक विद्यार्थीले आफूभन्दा अगाडिको कथा अवस्थामा पालैपालो एउटा-एउटा वाक्य थप्दै तन्काउँदै जाने । कथामा नवीनता नआएमा वा विद्यार्थीले कथा बिल्कुलै मोडेमा शिक्षकले बीचमा हस्तक्षेप गर्ने र फेरि स्थानीय परिवेशसँग जोड्दै फिर्ता ल्याउने । | | |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - आफ्नो र परिवारका अन्य सदस्यको दैनिकी भन्न सक्ने | - आफ्नो र छरछिमेकको दैनिकी | - विद्यार्थीलाई घरमा आफूले गर्ने कामको मोटामोटी दैनिक तालिका भन्न लगाउने ।<br>- घरका बा वा हजुरबुबा र आमा वा हजुरआमा (नभएमा एक महिला र एक पुरूष सदस्य) ले घरमा बिहान उठेदेखि नसुतेसम्म के गर्नु हुन्छ भन्न लगाउने ।<br>- समुदाय र घरको तालिकाअनुसार विशेष दिन जस्तै : माछा मार्न जाने, सेल रोटी पकाउने, बिहेमा जाने, घेवाको दिनमध्येको कुनै एक दिनको दैनिकी लेख्न लगाउने । लेख्दाखेरि सानोसानो गतिविधि पनि आओस् भनेर निर्देशन दिने । जस्तै : माछा कसरी भाग लाउने, माछा कसरी मार्ने, सेल रोटी बनाउँदा पिठो कसरी पिँध्ने, कति रोटी बनाउने । | - आफ्नो तालिका भन्न सकेको<br>- घण्टाअनुसार घरको तालिका बनाएको<br>- महिला र पुरूषको तालिकाको समानता तथा भिन्नताबारे कक्षामा भन्न सकेको<br>- विशेष दिनको तालिका विवरणात्मक बनाउने कोसिस गरेको | ७ |
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - घरमा भएको खानाको सुरक्षा गर्न र उब्रिएको खानेकुरालाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे सामान्य रूपमा भन्न सक्ने | - खाना बनाउनमा सहयोग र खानाको सुरक्षा | - कक्षामा भएका विद्यार्थीका पाँच मुख्य परिकारको सूची बनाउन लगाउने । सम्भव भए ती परिकार बनाएको भिडियो देखाउने अथवा शिक्षकले छलफलमार्फत विद्यार्थीलाई बुझाउने ।<br>- घरमा बन्दै गरेको कुनै परिकारको अवलोकन गरेर त्यसमा के के सामग्री कसरी र कतिखेर हालियो जस्ता विवरण टिपेर आउन लगाउने र क्रमबद्ध रूपमा कक्षामा सुनाउन लगाउने । | - कम्तीमा एक परिकारको पकाउने तरिका सामान्य रूपमा भन्न सकेको<br>- घरमा खानाको सामान्य सुरक्षा कसरी गर्ने भन्न सकेको<br>- कुनै खानेकुरा खेर जान नदिन घरछिमेकमा के गरिन्छ भन्न सकेको<br>- साथीले भनेका कुरा आफ्नो घरको तरिकासँग दाँजेर कक्षामा समान वा फरक भन्न सकेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - घरमा खानाको सुरक्षा कसरी गरिन्छ भनेर सोध्ने । विभिन्न विद्यार्थीलाई दूध, मासु, तरकारी, भात आदि गरेर एउटा-एउटा खानेकुरा बिग्रन नदिन वा उब्रिएको अथवा बढी भएको खण्डमा के गरिन्छ भन्नेबारे घर तथा छरछिमेकमा सोधेर आउन लगाउने र कक्षामा सुनाउन लगाउने । अरूले साथीले भनेको कुरा टिपेर आफ्नो घरमा कसरी व्यवस्था गरिन्छ छलफल गर्ने ।<br>- खानालाई विभिन्न किसिमबाट सुरक्षित राख्ने विधिबारे भिडियो देखाउने र छलफल गर्ने । | | |

## ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - आफ्नो गाउँका भू-उपयोग र सार्वजनिक सेवाका संस्था कता छन् पहिचान गरेर सामान्य नक्साङ्कन सीप विकास गर्ने | - आफू वरपरको समुदाय : छिमेकी, भू-उपयोग (बस्ती, खेतीपाती, जङ्गल आदि) र सेवा संस्था (अस्पताल, विद्यालय, ठूला पसल आदि) | - घरबाहेक गाउँमा के के छन् हेरेर र घरछिमेकमा सोधेर आउन लगाउने । पहिला विद्यालय, पसल, बाटो, बस्ती, खेतीपाती, पुल, मन्दिर थिए/थिएनन्, त्यस ठाउँमा के थियो सोधेर कक्षामा भन्न लगाउने ।<br>- विद्यालयलाई केन्द्रविन्दु बनाएर, विद्यार्थीलाई एउटाएउटा भूमिका दिएर, जस्तै : रोल नं १ अस्पताल, रोल नं २ नजिकको किराना पसल, रोल नं ३ कुनै गाउँलेको खेत शिक्षक आफू वा अर्को कोही चाहिँ विद्यालय, जङ्गल आदि स्थान बनेर, वरपर कता के छन् भन्ने खेल खेलाउन सकिन्छ ।<br>- आफ्नो बुझाइको आधारमा आफ्नो घर भएको गाउँको नक्सा बनाउन लगाउने ।<br>- क-कसको खेतीपाती छ, को जङ्गल गएको छ, खेतीपातीमा के के गर्छन्, जङ्गल कत्रो छ, घर, खेत वा जङ्गल व्यक्तिको हो कि समुदायको ? आदि जस्ता विवरणात्मक प्रश्न सोध्ने । सम्भव भए समूह बनाएर हेरेर आएपछि त्यसो गर्न सकिन्छ । | - गाउँमा घरबाहेक कता के के छ भन्न सकेको<br>- घर छिमेकमा अहिले पहिलेका वस्तु (जङ्गल, सडक) बारे सोधेर कक्षामा सुनाएको<br>- आफ्नो वरपर के कसरी जमिन उपयोग भएको रहेछ भन्न सकेको<br>- दिशाको बुझाइ प्रदर्शन गर्दै नक्सामा आफ्नो गाउँलाई प्रस्तुत गर्न सकेको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| नदीनाला | - सबभन्दा नजिकको खोलामा र वरपर पाइने प्राकृतिक र मानव निर्मित वस्तु पहिचान गर्न सक्न<br>- खोला तर्दा अपनाउनुपर्ने सावधानीका उपाय अपनाउन सक्ने | - नजिकैकोखोलाको वातावरणको प्रत्यक्ष अवलोकनसहित व्याख्या | - सबैभन्दा नजिकको खोलामा लाने र विस्तृत अवलोकनको मौका दिने (पहिला गइसकेको ठाउँ भए पनि केही हुँदैन) ।<br>- सामूहिक परियोजनात्मक कार्यका रूपमा बोटबिरुवा (वा त्यसमा पनि खोलाभित्र पाइने, माटोमा पाइने गरी दुई समूह छुट्याएर), कीट तथा वन्यजन्तु र सास नफेर्ने अन्य वस्तु जस्तै : प्राकृतिक (माटो, ढुङ्गा, बालुवा आदि) र मानवनिर्मित (पुल, भवन वा भवनका अवशेष, प्लास्टिक लगायतका फालिएका फोहोर आदि) वस्तुका विषय विभिन्न समूहबीच छुट्याएर तिनका त्यहाँ उपलब्ध प्रकार (नाम, रङ, आकारप्रकार लगायत थाहा हुन सकेजतिका गुण आदि) टिप्न लगाउने । सबै समूहका सदस्यलाई आफ्नो विषय अनुसारले कुनै वस्तु वा अनुभव झल्किने गरी चित्र वा कुनै किसिमको दृश्य सामग्री बनाउन लगाउने । कक्षामा चित्रहरू भित्तामा टाँसेर बयान गर्न लगाउने ।<br>- प्रस्तुतिपछि त्यस खोलाको अनुभव, खोलासम्बन्धी सुरक्षा र प्रयोजनबारे छलफल गर्ने । छलफलकै क्रममा माछा मार्ने सीपसम्बन्धी जानकारी दिने र माछा मार्न प्रयोग हुने सामग्री चिनाउने, चित्र बनाउने । | - आफू गएका खोलाका विशेषता तथा वरपरका वातावरण बयान गर्न सकेको<br>- खोला वरपरका प्राकृतिक र अप्राकृतिक वस्तु पहिचान गर्न सकेको<br>- खोला, माछा तथा माछा मार्ने गतिविधिसँग सम्बन्धित तीनवटा चित्रहरू बनाउन प्रयत्न गरेको<br>- खोलासम्बन्धी अपनाउनुपर्ने व्यक्तिगत तथा वातावरणीय सुरक्षाका उपायबारे भन्न सकेको | ६ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - अज्ञात भूतकालका वाक्य बोलीचालीमा प्रयोग गर्न सक्ने<br>- 'कहाँ' र थप 'के', 'को' प्रश्न प्रयोग गर्न सक्ने<br>- स्थानवाचक नामयोगी प्रयोग गर्न सक्ने<br>- कृषि, जनावर, प्रकृति र वातावरण सम्बन्धित शब्द (बढीमा ५०) प्रयोग गर्ने<br>- स्थानीय भाषामा १ देखि ५० सम्म गन्न सक्ने | - अस्तित्व र परिचय बोधक क्रियाका अनिश्चित भूत रूप | - कृषि, जनावर, प्रकृति र वातावरण सम्बन्धित शब्दको प्रयोग गर्दै अज्ञात भूतकालका वाक्य अभ्यास गर्न लगाउने । ऐतिहासिक ठाउँ वा कतै भ्रमणमा गएको बेला आफूलाई पहिला थाहा नभएका के के कुरा रहेछन् कम्तीमा पाँचवटा वाक्य लेख्न लगाउने ।<br>- अधिकतम चारदेखि पाँच शब्दको वाक्य उत्तर आउने खालका 'कहाँ' प्रश्न सोध्ने र सोध्न लगाउने । जस्तै : बोतल कहाँ छ ? तिम्रो घर कहाँ छ ? किताब कहाँ छ ? आदि । स्थानवाचक नामयोगी प्रयोग हुने वाक्यहरू अभ्यास गर्ने (आवाजअनुसार छुट्टाछुट्टै नामयोगी प्रयोग हुने भाषा जस्तै : नेपाल भाषाको सन्दर्भमा विद्यार्थीलाई भार नपर्ने गरी पालैपालो बुझाउने) ।<br>- १ देखि ५० गन्न सजिलो पार्न गन्ने ढुङ्गा, दाना, घर वरपरका वस्तु, रूखका पात वा अन्य शैक्षिक सामग्रीमार्फत गन्न सिकाउने । सङ्ख्याको प्रयोग गर्ने खालका वाक्यको अभ्यास गर्न दिने ।<br>- कक्षा ३ लाई उपयुक्त हुने खालका गीत तथा बालकथा (कुनै पनि वाक्यमा अधिकतम पाँच शब्द भएका) मार्फत शब्दहरूसँग परिचित गराउने । | - मातृभाषा वा स्थानीय भाषामा क्रियाका अज्ञात भूत रूपको प्रयोग गर्न सकेको<br>- स्थानवाचक नामयोगी प्रयोग गरेर वाक्य निर्माण गर्न सकेको<br>- मातृभाषा वा स्थानीय भाषाका कम्तीमा दुई गीत वा कविता याद भएको<br>- स्थानीय भाषामा १ देखि ५० सम्म गन्न सकेको | ४० |

## कक्षा ४

### १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| जीविकाको मुख्य आधार | - आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार पहिचान गर्ने | - आफू र आफ्नो छिमेकीको जीविकाका मुख्य आधार | - परिवारमा जीविकाका लागि के कस्ता काम गर्नुहुन्छ भनेर सोध्ने ।<br>- छिमेकीहरूलाई उहाँको जीविकाका मुख्य आधार, घरमा कति जना काम गर्नुहुन्छ ? कुन सदस्यमा परिवार निर्भर हुनुहुन्छ ? जस्ता प्रश्न सोधेर ती विवरण तालिकामा राखेर कक्षामा प्रस्तुत गर्न लगाउने । | - परिवारमा जीविकोपार्जनका लागि कसले के गर्छन् भन्न सकेको<br>- छिमेकका जीविकाको मुख्य आधारबारे तालिकामा प्रस्तुत गरेको | ३ |
| जडीबुटी तथा गैरकाठ वनपैदावर | - गाउँघर र जङ्गलमा औषधि छन् भन्नेबारे परिचित हुने | - प्रयोग गरेका वा नगरेका घरेलु औषधि | - बोटबिरुवा औषधि हुन्छ वा हुँदैन ? भनेर सोध्ने र हुन्छ भने कसलाई के बिरुवा के को लागि औषधि हुन्छ भनेर थाहा पाएको छ सोध्ने र छलफल गर्ने ।<br>- घरमा कोही बिरामी हुँदा कस्तो-कस्तो औषधि (पसलबाट किनेर वा घरमै बोटबिरुवाबाट बनाएर) लिने गरेको छ सोधेर आउन लगाउने ।<br>- कम्तीमा एउटा घरमै भएका वा बनाइने जडीबुटीको नाम टिपेर केका लागि प्रयोग हुन्छ होला पत्ता लगाउन दिने ।<br>- औषधि पसलबाट लिएको औषधि र घरमा बनाएको औषधि हेर्दा, खाँदा स्वाद, सजिलो अफ्ठ्यारो, उस्तै वा फरक कस्तो हुन्छ छलफल गर्ने । | - औषधि हुने पाँचवटा बिरुवाको नाम थाहा पाएको<br>- पाँचवटा बोटबिरुवा र रोगको जोडा मिलाउन सकेको<br>- कम्तीमा घरमै भएको वा बनाइने एउटा औषधिको नाम र प्रयोग भन्न सकेको<br>- औषधि पसलमा किन्न पाइने डाक्टरी औषधि र सामान्य झार वा घरमै पकाइने औषधिबीच समानता र भिन्नता भन्न सकेको | ४ |
| कृषि र पशुपालन | - मौसमअनुसार रोपिने र थन्क्याउने बाली बिरुवा चिन्न सक्ने | - ऋतु अनुसारका खेती | - खेतबारीमा अवलोकन गराउने, घरघरमा के के रोपेको छ साथीसँग सोधेर भन्ने, बिरुवा रोप्ने ठाउँ तयार गर्न लगाउने ।<br>- यो पाठ पढाइ हुने दिनमा फलिरहेका बाली अवलोकन गराउन लग्ने । कहिले रोपेको होला छलफल गर्ने ।<br>- समूह बनाई हिउँदे र वर्षे मौसमा लगाइने बालीको सूची बनाई नाम भन्न लगाउने । | - हरेक मौसममा फल्ने तीन-तीनवटा अन्न, फलफूल र तरकारीको नाम भन्न सकेको<br>- बारीमा भएका तीनवटा खान मिल्ने र तीनवटा खान नमिल्ने बोट छुट्याउन सकेको<br>- हरेक मौसममा फल्ने एक-एक अन्न, फलफूल र तरकारीका जैविक आवश्यकता भन्न सकेको । जस्तै : धानलाई धेरै पानी चाहिन्छ, बर्खामा धेरै पानी पर्छ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - घरबाट यतिबेला रोप्न सकिने तीनवटा बीउ वा सर्ने हो भने बिरुवा वा कटिङ ल्याउन लगाउने । फूलबारीमा बीउ रोप्नेका लागि फूलको पनि बीउ, मल, औजार घरबाट ल्याउन लगाउने ।<br>- समूह बनाई रोपेका फूल र अन्नहरूका नामहरू लेख्न लगाउने ।<br>- आफूलाई मन परेको फूल, बोट वा पातको चित्र बनाई रङ भर्न दिने । | - कमसेकम दुईवटा दुई ऋतुका खेत वा बारी वा कुनै बालीको चित्र बनाउन कोसिस गरेको | |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - छिमेक तथा नजिकको बजारमा र विभिन्न कामले आफूलाई तथा समाजमा दिने योगदान पहिचान गर्ने | - छिमेक तथा नजिकको बजारमा विभिन्न पेसावालाले दिने योगदान | - छिमेकमा र नजिकका बजारमा (कृषि बाहेक) के कस्ता पेसा गर्ने व्यक्तिहरू हुन्छन् (कम्तीमा पाँचवटाको) सूची बनाउन लगाउने । ती कामले आफूलाई वा समाजलाई के कस्तो सेवा सुविधा दिएका छन् तालिकामा मिलाएर लेख्न लगाउने र कक्षामा प्रस्तुत गराउने ।<br>- ती काम नभएको भए हाम्रो जीवन कसरी फरक हुन्थ्यो होला भन्नेबारे छलफल गर्ने ।<br>- कुनै समूह विशेषले लिएका पेसा रहेछन् भने किन त्यस्तो गरिएको होला ? ती पेसा हराउँदैछन् वा हराए के हुन्छ छलफल गर्ने । | - छिमेकमा र नजिकका बजारमा कृषि बाहेकका पेसाहरू चिन्न र भन्न सकेको<br>- नजिकको बजारमा आफूले पाउने सेवा सुविधाबारे भन्न सकेको<br>- विभिन्न कामले आफूलाई तथा समाजमा दिने सेवा सुविधा पहिचान गर्न सकेको<br>- ती पेसामध्ये आफूलाई कुन पेसा किन मन पर्‍यो दुईवटा कारण भन्न सकेको | ४ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - आफू वरपर रहेका सेवा प्रदायक संस्थाहरूको नाम, मूल काम र ठेगानाबारे परिचित हुने र सम्भव भएसम्म प्रत्यक्ष हेर्ने<br>- आपत्मा परेका बेला सहयोग गर्ने संस्थाहरू चिन्ने | - वरपर सक्रिय रहेका सेवाप्रदायक संस्था र आपत्मा परेका बेला सहयोग गर्ने संस्था तथा गुम्बा, मन्दिर, चर्च र तिनले गर्ने काम | - गाउँघरमा आफूले नभ्याएको काम कसरी गर्छन् घर तथा छरछिमेकमा सोधेर पत्ता लगाउन लगाउने ।<br>- विद्यार्थीका घरको तर्फबाट कसलाई कस्तो सहयोग गरियो घरमा सोधेर टिप्ने र कक्षामा प्रस्तुति गर्न लगाउने ।<br>- नजिकमा के कस्ता सेवाप्रदायक संस्था छन् सोध्ने र सकेसम्म विद्यार्थीबाटै उत्तर पाउन खोज्ने । | - आफ्नो गाउँघरमा कसरी सरसहयोग गरिन्छ र आफू अहिले नै वा ठूलो भएपछि के गर्न सक्छु भन्न सकेको<br>- सहयोगी घरपरिवारले गाउँघरमा गरेका सहयोगका उदाहरण दिन सकेको<br>- आपत्का बेलामा नआत्तिइकन सहयोग गर्ने संस्थालाई बोलाउन सक्ने अभिनयात्मक रूपमा प्रदर्शन गर्न सकेको<br>- आपतकालीन स्थितिमा सम्पर्क गर्नुपर्ने मुख्य फोन नम्बरहरू खोज्न सकेको | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - संस्थाको अनुपस्थितिमा गाउँघरतिर आपसमा के कसरी सहयोग गरिन्छ र गर्न सकिन्छ भन्न सक्ने | - गाउँघरमा आपसमा गरिने गैरमौद्रिक (पैसा संलग्न नहुने) लेनदेन | - नजिकका सेवाप्रदायक संस्थामा अवलोकनको लागि लाने र/वा त्यहाँको प्रतिनिधिलाई पनि कक्षामा बोलाउने । अवलोकनमा जाँदा वा प्रतिनिधिलाई बोलाउँदा विद्यार्थीलाई प्रश्न गर्न प्रोत्साहन गर्ने र अन्त्यमा आफूले बुझेका कुरा लेख्न वा कक्षामा भन्न लगाउने ।<br>- आपत्मा परेका बेला सहयोग गर्ने संस्थालाई गुहार्न र तिनका काम राम्ररी बुझाउन विद्यार्थीलाई अभिनयात्मक क्रियाकलाप अथवा लघुनाटक पनि गराउन सकिन्छ । | | |
| स्थानीय रेकर्ड बुक | - पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे परिचित हुने | - विद्यालय रेकर्ड बुक | - पालिकाका विद्यालयसँग सम्बन्धित प्रमाणित भएका विवरण सङ्कलन गरेर सबैभन्दा धेरै विद्यार्थी भएको विद्यालय, सबैभन्दा धेरै शिक्षक भएको विद्यालय, सबैभन्दा पुरानो विद्यालय आदि जस्ता विवरण याद गर्न दिने र विद्यार्थीबीच प्रतियोगिता गर्ने ।<br>- यस्ता विवरणबारे छलफल गर्ने । उदा. कुनै विद्यालयमा सबैभन्दा धेरै विद्यार्थी किन भएका होलान् ? सबैभन्दा पुरानो विद्यालय कति सालमा बनेको वा पहिला बन्दा कस्तो थियो होला ? यस्तै अरू प्रश्नहरू । | - पालिकाका विद्यालयसँग सम्बन्धित कम्तीमा निम्न विवरण भन्न सकेको : सबैभन्दा धेरै विद्यार्थी भएको, सबैभन्दा धेरै शिक्षक भएको र सबैभन्दा पुरानो विद्यालय<br>- पालिकाका विद्यालयसँग सम्बन्धित कम्तीमा निम्न भौतिक विवरण भन्न सकेको : सबैभन्दा ठूलो मैदान भएको, सबैभन्दा ठूलो र धेरै भवन भएको विद्यालय<br>- माथिका रेकर्डको कारण भन्न वा अन्दाज गर्न सकेको<br>- पालिकाका विद्यालयसँग सम्बन्धित विवरणबारे छलफलमा सक्रियता देखाएको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - अलिपरको सबभन्दा नजिकको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण, महत्त्व दिनुका आधारहरू पहिचान गर्ने<br>- आफ्नो वडाको भ्रमण गर्न सक्ने<br>- आफू रहेको ठाउँबाट दिशा बताउन सक्ने | - वडाभित्र वा अलिपरका भौगोलिकस्थानका विशेषता<br>- ती ठाउँ र मानिसको सम्बन्ध<br>- ती ठाउँसम्बन्धी लोकगाथाहरू | - सकेसम्म वडाभित्रका अलि परतिरका विशेष भौगोलिक ठाउँहरू थाहा भए/नभएको कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । समय मिलाएर विद्यार्थीलाई वडाबाहिर परे पनि अलि पर पर्ने स्थानमा भ्रमणका लागि लग्ने । त्यहाँका थाहा भए/नभएका कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । सकेसम्म विद्यार्थी आफैंले भनुन्, पछि शिक्षकले थप्ने ।<br>- जाँदा र आउँदा पनि बाटोमा सकेसम्म दोबाटो आयो भने, यहाँबाट अब दाहिने कि देब्रे कता जाने होला ? अब हामी पूर्व जाँदैछौं कि दक्षिण ? यहाँबाट हिँड्दै गए कहाँ पुगिन्छ ? जस्ता प्रश्नहरू सोध्ने । भनिदिने । | - आफ्नो वरपर भएका चाखलाग्दा भौगोलिक ठाउँ जान मिल्ने भए जान सक्ने वा दुई ठाउँ कसरी जाने बताउन सकेको<br>- पहिला गएका नजिकका ठाउँहरू र यी अलि परका ठाउँहरूको दुई-दुईवटा समानता तथा भिन्नता पहिचान गर्न सकेको<br>- सम्बन्धित ठाउँको प्रयोग र भएमा लोकगाथा  भन्न सकेको नभएका खण्डमा बनाउन सकेको | ६ |
| | | | - त्यहाँको विवरण टिपेर कक्षा २ र ३ मा गरेजस्तै तर थप विवरण तथा विस्तृत हुँदै परियोजनात्मक क्रियाकलाप गर्ने । उदा. अग्लो डाँडा हो भने त्यहाँबाट विभिन्न दिशातर्फ देखिने ठाउँहरूको नाम, अर्को जिल्ला देखिन्छ भने उक्त जिल्ला तथा ठाउँ, यस ठाउँबाट आफ्नो घर, विद्यालय वा देखिएका केही खास ठाउँ पुग्न कति समय लाग्छ, कसरी पुग्न सकिन्छ र बाटो कस्तो छ (गाडी कुद्ने कालोपत्रे, मौसमी बाटो, धुले बाटो, ग्राभल वा गोरेटो हो भने हिँडेर, नदी हो भने तर्न ट्युब वा डुङ्गा) आदि जस्ता विवरण थप्न सकिन्छ ।<br>- विद्यार्थीहरूलाई आफू बस्ने ठाउँसँग सम्बन्धित कथा घरमा सोधेर आउन र कक्षामा भन्न लगाउने । विद्यार्थीलाई समूहमा छुट्याएर पहिला गएकै ठाउँमा वा विद्यालयमा बोलाउने र सबभन्दा नजिककासँग सम्बन्धित किंवदन्तीहरू खोजेर सुनाउन लगाउने । नभए कथा बनाउन लगाउने । | - गएका ठाउँबाट देखिने कमसेकम दुई ठाउँहरूको पहिचान गर्न सकेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - वडाको सबभन्दा नजिकको महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण पहिचान गर्ने<br>- आफ्नो वडाको महत्त्वपूर्ण ऐतिहासिक स्थानबारे कथाहरू भन्न सक्ने र सामान्य विवरण दिन सक्ने | - वडाका महत्त्वपूर्ण ऐतिहासिक स्थान | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा संस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- वडाको सबैभन्दा नजिक रहेको महत्त्वपूर्ण ऐतिहासिक स्थानमा भ्रमणका लागि जाने र त्यहाँ सबैभन्दा सुरुमा देखेका दश कुराहरू टिप्न लगाउने । तीमध्ये एक वस्तुको चित्र बनाउने र त्यसबारे अनुच्छेद लेख्न दिने ।<br>- त्यस ठाउँमा कहिले के भएको थियो होला कल्पना गर्न लगाउने र सबैको उत्तर सुन्ने, अन्त्यमा स्थानीय वासिन्दा वा शिक्षकले वास्तविक कथा सुनाउने ।<br>- त्यस ठाउँसँग सम्बन्धित रही एक काल्पनिक परिदृश्य दिएर कथा बनाउन लगाउने । (उदा. यो ठाउँमा एउटा परदेशी घुम्दै घुम्दै आयो भने उसले के देख्छ ? सुन्छ ? अनि सोच्छ होला ? उसले कसलाई साथी बनाउँछ होला ?)<br>- कक्षामा आफ्नो अनुभव र आफूले लेखेको कथा वा अनुच्छेद प्रस्तुत गर्न लगाउने । | - आफू गएको ठाउँमा भएका वस्तुहरूको आधारमा इतिहास कल्पना गरेर कक्षामा अभिव्यक्त गरेको<br>- वडाको सबभन्दा नजिकको महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण दिन सकेको वा त्यससँग जोडिएको कथा भन्न सकेको<br>- त्यस स्थानबारे कथा वा निबन्ध लेखेर कक्षामा प्रस्तुत गरेको<br>- आफू त्यस्तै ठाउँमा गएर परदेशी भएको कल्पना गर्दै लेख वा विवरण लेखेको | ४ |
| बागमती गापाको इतिहास<br>- युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | - आफ्नो परिवारको इतिहाससँग परिचित हुने | - विद्यार्थी परिवारको इतिहास | - आफ्नो घरको सबैभन्दा ज्येष्ठ व्यक्तिलाई आफ्नो परिवार कहिलेदेखि हालको गाउँमा बस्न थालेको ? त्योभन्दा अगाडिका पुस्ता कहाँ थिए ? बुबा कहाँबाट र आमा कहाँबाट आउनुभयो ? आदि प्रश्न सोधेर 'मेरो परिवारको इतिहास' विषयमा अनुच्छेद लेख्न लगाउने ।<br>- विद्यार्थीहरूलाई जोडीमा छुट्याएर एक अर्कालाई इतिहास कति मिल्दोजुल्दो, पुराना ठाउँ कति नजिक वा टाढा, कति थाहा भएको वा नभएको आदि सोध्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- आफ्नो परिवार किन पुरानो ठाउँ छाडेर हालको ठाउँमा बस्न आएको रहेछ घरको सबैभन्दा ज्येष्ठ व्यक्तिलाई सोधेर थाहा नभए कल्पना गरेर भन्न लगाउने ।<br>- नेपालको एउटा ठूलो नक्सामा सबैले आफ्नो परिवार कुन कुन ठाउँमा बस्दै आए वा छन् ती जिल्ला, पालिकामा चिह्न लगाउन दिने र कक्षाको भित्तामा झुण्ड्याउने । | - आफ्नो परिवारको इतिहासबारे भन्न सकेको<br>- आफ्नो र आफ्ना सहपाठीको परिवारको इतिहाससँग आफ्नो इतिहास दाँजेर समान वा भिन्न अनुभव आफ्नै भाषामा व्यक्त गर्न सकेको<br>- आफ्नो परिवार किन पुरानो ठाउँ छाडेर हालको ठाउँमा बस्न आएको रहेछ कुनै कारण भन्न सकेको<br>- आफ्नो परिवार पुरानो ठाउँ छाडेर हालको ठाउँमा नआएको भए के हुन्थ्यो होला भनेर कुनै काल्पनिक अवस्था बयान गर्न सकेको | २ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - वरपरका वनस्पतिको प्रयोग र फाइदा भन्न सक्ने<br>- जडीबुटीका रूपमा प्रयोग गर्ने गरिएका वनस्पति पहिचान गर्ने | - वरपरका वनस्पतिको प्रयोग | - घर वा विद्यालय वरपर विद्यार्थीले जानेका जति रूख बिरुवाको नाम भन्दै लेख्ने र लेखाउने ।<br>- ती कुन कहाँ पाइन्छन् (घर वरिपरि, खोला छेउ, वन, खेतबारी) मिलाएर लेख्न लगाउने ।<br>- तीमध्ये क-कसलाई के के काममा प्रयोग हुन्छ थाहा भएजति भन्न लगाउने, गल्ती भनेमा सच्याइदिने ।<br>- ती मध्येका वनस्पतिबाट केही सामग्री निर्माण हुन्छ भने त्यस्तो ठाउँमा विद्यार्थीलाई लगेर देखाउने । ती सामग्रीको चित्र बनाउन लगाउने ।<br>- घर वरपर नै पाइने वनस्पति मध्येको कुनै एक औषधीय गुण भएको साधारण वनस्पति (निम, आयोडिन झार, लज्जावती झार आदि) बारे परिचय दिने र त्यो कस्तो हुन्छ विद्यार्थीलाई विद्यालयमा देखाउन ल्याउन लगाउने । | - घर वा विद्यालय वरपरका कम्तीमा दशवटा रूख बिरुवाको नाम लेख्न जानेको<br>- घर वरिपरि, खोला छेउ, वन, खेतबारी हरेक ठाउँमा पाइने कम्तीमा तीन-तीन बिरुवाको नाम भन्न लेख्न सकेको<br>- घर वरपर पाइने वनस्पतिबाट के के बन्दो रहेछ कम्तीमा पाँचवटा कुरा भन्न सकेको<br>- जडीबुटीको रूपमा प्रयोग गरिने कम्तीमा एउटा वनस्पति चिनेको र त्यसको पहिचान गर्न सकेको | ५ |
| जीवजन्तु र चराचुरुङ्गी | - जङ्गली जीवजन्तुको विविधता र तिनको पहिचान गर्ने<br>- गाउँघरतिर पाइने जीवजन्तु र चराचुरुङ्गीका विशेष अङ्ग तथा विशेष परिस्थितिबारे भन्न सक्ने | - गाउँघरतिर पाइने विविध जीवजन्तुका र तिनका विशेषता | - घर वा विद्यालय वरपर विद्यार्थीले जानेका जति जीवजन्तु र चराचुरुङ्गीको नाम भन्दै लेख्ने र लेखाउने ।<br>- ती कुन कहाँ पाइन्छन् (घर वरिपरि, खोला छेउ, वन, खेतबारी) मिलाएर लेख्न लगाउने ।<br>- दुई फरक चरा वा चराको चित्र अथवा भिडियो देखाएर ती दुईबीचमा देखिने, सुनिने र सम्भव भएसम्म छुँदाखेरिको समानता र भिन्नता टिप्न लगाउने र कक्षामा प्रस्तुत गर्न दिने । यस्तै प्रक्रिया दुई कीरा वा जनावरमा पनि गराउने ।<br>- विद्यार्थीहरूलाई आफूलाई मन पर्ने गाउँघर नजिकै पाइने कुनै एक जीवजन्तुबारे निबन्ध लेख्न दिने । (यदि धेरै जनाको उस्तै जीव हुन्छ भने चिट्ठा गरेर दिन पनि सकिन्छ ।) निबन्ध लेख्दा पाँच ज्ञानेन्द्रियको विवरणसहित आफूलाई किन उक्त जनावर मन पर्छ वा कुनै कुरा चाहिँ मन पर्दैन भन्नेबारे लेख्न दिने ।<br>- गाउँघरतिर पाइने जीवजन्तुको विशेष अङ्ग वा विशेषता झल्किने गरी चित्र बनाउन लगाउने । | - घर वा विद्यालय वरपरका कम्तीमा पाँचवटा जीवजन्तु र चराचुरुङ्गीको नाम लेख्न जानेको<br>- घर वरिपरि, खोला छेउ, वन, खेतबारी हरेक ठाउँमा पाइने कम्तीमा दुई-दुई जीवजन्तु र चराचुरुङ्गीको नाम भन्न, लेख्न सकेको वा कुनै पनि दुई जीवजन्तु बीचका देखिने र सुनिने समानता तथा भिन्नता प्रस्तुत गर्न सकेको<br>- आफ्नो गाउँमा पाइने जीवजन्तुको विशेषता भन्न सकेको वा कुनै एक जीवजन्तुको शाब्दिक रूपमा वर्णन गर्न सकेको<br>- जीवजन्तुको विशेष अङ्ग वा विशेषता चित्रमार्फत देखाउन प्रयत्न गरेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| विषालु जीवजन्तु | - बिच्छी र खजुरोजस्ता विषालु जीवले डस्दा वा टोक्दा मान्छेलाई हुने असरबारे परिचित हुने<br>- विषालु जीवसँग सावधानी अपनाउने | - विषालु जीवले टोक्दा के हुन्छ | - बिच्छी र खजुरो क-कसले देखेको वा सुनेको छ र तिनबारे किन जान्नुपर्छ ? भन्ने प्रश्न गरेर छलफल गर्ने ।<br>- बिच्छी र खजुरोले कस्तो बेलामा टोक्छ र त्यसको टोकाइबाट हाम्रो शरीरमा कस्तो असर पर्छ भन्नेबारे कक्षामा छलफल गर्ने र जानकारी दिने । यस्ता विषालु जीवको टोकाइ भोगेका कसैलाई चिनेको छ कि भनेर सोध्ने (दुईदेखि तीन जना व्यक्तिलाई आफ्ना अनुभव सुनाउन र विद्यार्थीको जिज्ञासा मेट्न कक्षामा बोलाउन सकिन्छ ।)<br>- विषालु जीवलाई चलायो वा जिस्क्यायो भने के के हुन सक्छ भन्नेबारे छलफल गर्ने ।<br>- प्रायः हामीले टेकेर वा अरू तरिकाले आत्मरक्षा गर्न मात्र यस्ता जीवले आफ्नो आहारा नहुने मान्छे वा अन्य जनावरलाई डस्छन् वा टोक्छन् भन्ने जानकारी दिने । | - बिच्छी र खजुरो चिन्ने र त्यसका सम्भावित वासस्थान थाहा पाएको<br>- यी दुई विषालु जीवले टोकेपछि शरीरमा हुने असरबारे भन्न सकेको<br>- यी दुई विषालु जीवबाट बच्ने कम्तीमा दुई उपाय भन्न सकेको<br>- बिच्छी र खजुरोको चित्र बनाउन जानेको | ५ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - हावाहुरीका सम्भाव्यता र असर पहिचान गर्ने | - हावाहुरीका सम्भावना र असरहरू | - हावाहुरी, आँधीबेरी कुन महिना वा मौसममा आउँछ ? र यसलाई पूर्वानुमान गर्ने परम्परागत तरिका छ कि ? आफ्नो घरका ज्येष्ठ सदस्यलाई सोधेर आउन लगाउने ।<br>- हावाहुरी वा आँधीले के (क्षति) गर्छ र त्यसबाट बच्न के गर्नुपर्छ होला ? भन्ने प्रश्न गर्दै विद्यार्थीबाट उत्तर लिन खोज्ने । क्षतिबाट बच्न वा सावधानी (रूख, बिजुलीका तार, खम्बा, असुरक्षित जस्ता आदिबाट सचेत रहने) अपनाउन के गर्न सकिन्छ ? भन्ने प्रश्न गर्ने र जानकारी दिने ।<br>- परिवारका ज्येष्ठ सदस्यलाई हावाहुरी आँधीबेरीका आउने कारण सोधेर आउन लगाउने र कक्षामा छलफल गर्ने । | - हुरीबतास आउने महिना र मौसम भन्न सकेको<br>- आँधीहुरीले गर्न सक्ने क्षतिबारे आफ्नो बुझाइ प्रस्तुत गर्न सकेको<br>- हुरीबतास र आँधीबाट बच्ने उपायहरू भन्न सकेको<br>- हावाहुरी आँधीबेरीले असर पारेको कुनै जीव वा घरपरिवारको एउटा परम्परागत वा बनाएको एउटा कथा भन्न सक्ने | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - आफ्नो गाउँमा पाँच वर्षभित्र लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय पहिचान गर्ने | - पछिल्लो पाँच वर्षमा गाउँमा लागेका सरुवा रोग, तिनका कारण र बच्ने उपाय | - विद्यार्थीलाई आफ्नो घर ठेगानाका आधारमा समूहमा बाँड्ने । ती समूहलाई वरपरका छिमेकका कम्तीमा पाँच घर गई त्यहाँका परिवारका सदस्यलाई एक वर्षभित्रमा के कस्ता सरुवा रोग लागेका छन् ? केका माध्यमबाट सरेका होलान् ? तीबाट बच्न के गर्नुपर्ला ? आदि जस्ता प्रश्न सोध्न र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- प्रस्तुतिपछि छलफल गर्ने । छलफलमा विभिन्न समूहका विवरणबीच समानता र भिन्नता पहिचान गर्ने । | - घरगाउँमा गई थाहा भएका रोगहरूको सूची बनाएको<br>- रोगहरूमध्ये कुन सरुवा हो र किन भन्न सकेको<br>- कक्षामा भनिएका रोगहरूको कारण र बच्ने तरिका भन्न सकेको<br>- परियोजनात्मक कार्य र छलफलमा सक्रियता देखाएको | ६ |
| वातावरण विनाश तथा संरक्षण | - प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् भन्नेबारे भन्न सक्ने | - प्रकृतिमा उपलब्ध वस्तुहरू कहाँबाट आउँछन् र कहाँ जान्छन् | - नजिकको सकेसम्म घना जङ्गलमा गएर यहाँ उपलब्ध वस्तु कहाँबाट आउँछन् र कहाँ जान्छन् ? भनेर प्रश्न गर्ने । विद्यार्थीले दिएको उत्तर कति मिल्छ, नमिले सच्याएर हरेक वस्तुको उर्जाको स्रोत सूर्य (ताप र उज्यालो) भएको र पानी र हावाका साथमा प्रकृतिले सबै चीज पुनर्प्रयोग गर्ने कुरा बताउने ।<br>- खेती र जङ्गलमा के फरक छ भने सोध्ने र छलफल गर्ने ।<br>- मानिसको घर र प्रकृतिमा के फरक छ भनेर छलफल गर्ने । | - जीवनको मूल स्रोत सौर्य उर्जा कसरी भनेर बताउन सकेको<br>- प्रकृतिबाट आएको वस्तु प्रकृतिमै जान्छ भन्नेबारे आफ्नै बुझाइअनुसार भन्न सकेको<br>- सामान पुनर्प्रयोगको दृष्टिले खेती र जङ्गलको एक-एक फरक र समानता भन्न सकेको<br>- प्रकृतिबाट आएको वस्तु प्रकृतिमै गएन भने के होला भनेर कल्पनाशील उत्तर दिएको | ६ |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - गाउँघरमा बनाइने धातुले बनेका वस्तुको पहिचान गर्ने<br>- कुन धातुले कस्ता सामग्री बनाइन्छ भन्ने सामान्य जानकारी दिन सक्ने | - धातुले बनेका जीवन उपयोगी घरायसी सामग्रीहरू | - घरमा धातुबाट बनेका (फलाम, पित्तल, काँस, चाँदी, सुन आदि) सामान के के छन् अवलोकन गरेर वा घरका ठूलाबडालाई सोधेर सूची बनाएर ल्याउन लगाउने । कुन-कुन धातुबाट गाउँघरतिर के कस्ता सामग्री बनाउने गरिएको छ, घरछिमेकमा सोधेर, सूची बनाएर र चित्र बनाएर प्रस्तुत गर्न लगाउने । ती सामान कसले कसरी बनाउँछन् भन्नेबारे छलफल गर्ने । | - धातुबाट बनाएका गाउँघरतिर पाइने सामग्रीको सूची तयार पारेको<br>- प्रश्नोत्तर सत्रमा आफ्नो कमसेकम एक जिज्ञासा राख्न सकेको<br>- घरतिर पाइने कम्तीमा तीन सामग्री कुन धातुबाट बनाइन्छ भन्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - अभिभावक स्रोत व्यक्ति बोलाएर काम देखाउने वा आफ्नो अनुभव सुनाउने सत्र राख्ने र प्रश्नोत्तरलाई प्रोत्साहन गर्ने ।<br>- गाउँघरतिर विभिन्न खालका धातुबाट सामग्री बनाउने ठाउँमा लगेर देखाउने, यो सम्भव नभए भिडियो देखाएर सामग्री चिनाउने ।<br>- धातुबाट बनेका सामग्रीको विशेषताबारे छलफल गर्ने । यिनका बलिया तथा कमजोर पक्ष सकेसम्म विद्यार्थीलाई नै जवाफ दिन लगाउने । | - धातुबाट बनाएका गाउँघरतिर पाइने सामग्रीका बलिया तथा कमजोर पक्ष भन्न सकेको | |
| लोक कला तथा साहित्य | - सजिला गाउँखाने कथा सुन्ने र भन्ने<br>- वरपरका ठाउँ, परिचित व्यक्ति, चिनिने फल, रूख इत्यादिलाई रोचक ढङ्गमा चिनाउन सक्ने | - आफ्नै गाउँखाने कथाहरू | - विद्यार्थीले जानेका गाउँखाने कथाहरू एक अर्कालाई सोधेर कक्षामा रमाइलो गर्ने ।<br>- आफ्नो घर तथा विद्यालय वरपरका वस्तु वा अवस्था बुझाउन कम्तीमा पाँचवटा गाउँखाने कथा बनाउन लगाउने (जस्तै : "हिँड्दैछ पाइला मेट्दैछ के हो ?" भन्ने गाउँखाने कथा डुङ्गालाई हेरेर आएको हो भने, आफ्नो घरमा भएको साइकललाई बुझाउन "दुई खुट्टाले पालैपिलो थिच्दाखेरि चल्छ, हातले कान समात्दाखेरि झ्याप्पै अडिन्छ के हो ?" जस्ता गाउँखाने कथा आफैं बनाउन सक्छन्) । प्रत्येक विद्यार्थीलाई कम्तीमा एउटा वस्तु बुझाउन घरमा सोचेर ल्याउन लगाउने र अर्को एउटा चाहिँ कक्षामा बनाउन दिने । | - आफ्नो वरपरको दुईवटा वस्तु तथा अवस्था व्यक्त गर्न गाउँखाने कथा प्रयोग गर्न सकेको<br>- सजिला दुई गाउँखाने कथा उत्तर दिन प्रयत्न गरेको | ६ |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - घर र छरछिमेकमा गरिने कामहरूबारे भन्न सक्ने | - घर र छरछिमेकमा क-कसले के के काम गर्छन् | - आमाले वा घर सम्हाल्ने परिवारको व्यक्तिले बिहानै उठेर सबभन्दा पहिला के काम गरेको देखेका छौ ? भनेर ३-५ जना विद्यार्थीलाई पालैपालो सोध्ने 'अनि त्यसपछि?' भन्दै सकेसम्म पर पुऱ्याउने । | - आफ्नो बितेको दिनको दैनिकी बताउन सकेको<br>- आफ्नो आउने दिनको दैनिकी बताउन सकेको<br>- गाउँघरको सामान्य दैनिकी भन्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - यति बेला बाहिर को के गर्दैछ भनेर समूह बनाई हेर्न पठाउने वा बाहिर ठाउँअनुसार हेर्न लैजाने र सूची बनाउन लगाएर कक्षामा प्रस्तुत गर्न दिने ।<br>- घरको समय तालिका बनाएर जोडीमा तुलना गर्न लगाउने ।<br>- जोडीमा शनिबारको दिन एक अर्काको तालिका बनाएर तुलना गर्ने र कारण छलफल गर्न लगाउने ।<br>- अघिल्लो दिनको दैनिकी लेखेर ल्याउन लगाउने र जोडीमा एक अर्कालाई सोध्न लगाउने । फरक वा समान भएमा/आएमा त्यसको कारण बताउन लगाउने । | - दुई व्यक्तिबीचको दैनिकीमा भएको फरकको कारण अनुमान गर्न सकेको | |
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - मौसम अनुसारको खाना र अल्पपोषण भएका खानेकुरा पहिचान गर्ने र फरक छुट्याउन सक्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग गर्ने | - घरमा आउने स्वस्थकर र सन्तुलित खाना | (नोट : स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयको पोषण र खाना पाठसँग एकीकृत गरेर पढाउने)<br>- समूह बनाई घरमा र वरपर स्थानीय रूपमा उत्पादन गरिने मौसमे खानाहरूको स्रोत छलफल गरी सूची बनाउने (यो गतिविधि कृषि र पशुपालनको पाठसँगै मिलाएर गराउन सकिन्छ) ।<br>- गाउँघरतिरै पाइने शून्य वा कम प्रशोधनमा बनेका सामग्रीसहित स्वस्थकर तथा सन्तुलित खाजा र खानाको चित्र वा सूची बनाउन दिने ।<br>- आफ्नो घरमा बजारबाट खरिद गरिने खानेकुराको सूची बनाउन, वर्गीकरण गर्न (प्याकेज नगरिएको स्थानीय खानेकुरा जस्तै : मकै, कटहर, स्थानीय चामल आदि; खाना बनाउँदा प्रयोग गरिने सामग्री : जस्तै नुन, जीरा, ज्वानो आदि; पकाएर वा नपकाई खान मिल्ने फलफूल तरकारी र कम प्रशोधनमा बनाइएका सामग्री जस्तै : तामा, मस्यौरा, सुकुटी, चिउरा, तेल, घ्यू आदि; पकाएर वा नपकाई खान मिल्ने कारखाना प्रशोधित खाद्य पदार्थ जस्तै : चाउचाउ, बिस्कुट, चकलेट, क्यान्डी, चिप्स, जुस, सस्, कोकाकोला, डिउ, रिफाइन तेल आदि) नजिकैको खाद्य पसलमा गएर खानाहरूको स्रोतबारे जानकारी लिन र कक्षामा प्रस्तुत गर्न लगाउने; यीमध्ये कुन-कुन सामग्री अल्पपोषण भएका खानेकुरा होलान् ? भनेर सोध्ने र विद्यार्थीबाट उत्तर खोज्ने । अन्त्यमा यसबारे परिचित गराउने । | - आफ्नो घरमा भएका खाद्य सामग्रीको वर्गीकरण गर्न सकेको<br>- स्थानीय रूपमा उत्पादित मौसमे फलफूल तरकारीको पहिचान गर्न सकेको<br>- किन अल्पपोषण भएका खानेकुरा भनेको थाहा पाएको र चिन्न सकेको<br>- अल्पपोषण भएका खानेकुरा र स्वस्थ खानाका फाइदा वा बेफाइदा भन्न सकेको | ५ |

# ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| नदीनाला | - वरपरका खोलाबारे स्थानीय ज्ञान र विशेषता पहिचान गर्ने<br>- वडाभित्रका खोलाको विवरण र खोला वरपरका वातावरणबारे जानकारी राख्ने<br>- जोखिम पनि बुझेर सानो खालको खोलानाला तर्न सक्ने | - वडाभित्र वा अलिपरका नदी तथाखोलानालाका विशेषता<br>- स्थानीय खोलानाला र मानिसको सम्बन्ध र सम्बन्धित लोकगाथाहरू | - वडाका खोलाबारे थाहा भए/नभएको कुरा विद्यार्थीलाई सोधेर पत्ता लगाउने । सकेसम्म विद्यार्थी आफैंले भनुन्, शिक्षकले थप्ने ।<br>- समय मिलाएर विद्यार्थीहरूलाई वडाभित्रैको नदी किनारमा भ्रमण वा वनभोजको लागि लग्ने ।<br>- खोलाबारे कुरा गर्न- यो खोला कसरी तर्ने ? खुट्टाले तर्न सकिन्छ कि सकिँदैन ? यो खोला कुन ठाउँबाट आएको होला ? यो खोला पूर्व जाँदैछ कि दक्षिण ? यहाँबाट यता जाँदा कहाँ पुगिएला ? जस्ता प्रश्नहरू सोध्ने । भनिदिने ।<br>- त्यहाँको विवरण टिपेर कक्षा २ र ३ मा गरेजस्तै तर थप विवरण तथा विस्तृत हुँदै परियोजनात्मक क्रियाकलाप गर्ने । उदा. पुल छ भने उभिएर त्यहाँबाट विभिन्न दिशातर्फ देखिने ठाउँहरूको नाम, अर्को जिल्ला देखिन्छ भने उक्त जिल्ला तथा ठाउँ, यस ठाउँबाट आफ्नो घर, विद्यालय वा देखिएका केही खास ठाउँ पुग्न कति समय लाग्छ ? कसरी पुग्न सकिन्छ र बाटो कस्तो छ ? आदि जस्ता विवरण थप्न सकिन्छ ।<br>- खोलामै गएको बेला सोधेर वा स्थानीय विज्ञलाई विद्यालयमा बोलाएर नजिकका खोलासँग सम्बन्धित विभिन्न पक्ष- जस्तै : खोला र जीवनको सम्बन्ध कस्तो छ, सिँचाइ र माछा मार्न कसरी प्रयोग हुन्छ, किंवदन्तीहरू के कस्ता छन् खोज्ने र सुनाउन लगाउने । विद्यार्थीहरूलाई घरमा सोधेर आउने र भन्ने गृहकार्य दिने । | - आफ्नो वरपरका खोला तर्न सकेको वा खोला तर्दा ध्यान दिनुपर्ने कुरा बताउन सकेको<br>- आफू वरपरका अन्य खोलाहरूबीचको समानता तथा भिन्नता पहिचान गर्न सकेको<br>- खोलाको प्रयोग र (भएमा) लोकगाथाबारे भन्न सकेको<br>- खोलाबाट वा पुल छ भने पुलमाथिबाट कुन-कुन ठाउँ देखिन्छ, खोला कहाँबाट आउँछ, कहाँ जान्छ भन्न सकेको | ५ |

# ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया 'चाहिन्छ' 'पर्छ' को प्रयोग गर्न सक्ने<br>- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्ने<br>- 'कति' प्रश्न प्रयोग गर्ने<br>- स्थानीय भाषामा १ देखि ५० गन्न र ६०, ७०, ८०, ९०, १०० भन्न सक्ने | - बाध्यात्मक तथा अस्तित्व जनाउने क्रिया<br>- विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू | - हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना जानेजति बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)<br>- स्थानीय वा मातृभाषामा चाहिन्छ, पर्छजस्ता बाध्यात्मक क्रिया प्रयोग गरेर असल विद्यार्थीले गर्नुपर्ने कामको सूची बनाउन दिने । सकेसम्म यी वाक्यमा विद्यालय, समाज तथा संस्कृति, नातागोता, बानी र इन्द्रियका काम सम्बन्धित शब्दहरू प्रयोग गर्न निर्देशन दिने ।<br>- पसलमा केही बेच्नु वा किन्नु परेको संवाद लेख्न दिने वा शिक्षकले आफैं तयार पारेर 'कति' प्रश्नउत्तर सहितको वाक्य अभ्यास गर्ने ।<br>- १ देखि ५० सम्मका सङ्ख्या र ६०, ७०, ८०, ९० र १०० अङ्क प्रयोग गर्ने अभ्यास गराउने । | - मातृभाषा वा स्थानीय भाषामा बाध्यात्मक क्रियाको प्रयोग गर्न सकेको<br>- 'कति' प्रश्न गर्न र वाक्य बनाएर उत्तर दिन सकेको<br>- स्थानीय भाषा वा मातृभाषामा सूची अथवा संवाद लेख्न सकेको<br>- १ देखि ५० सम्म र ६०, ७०, ८०, ९० र १०० गन्न सकेको | ३० |

# कक्षा ५

## १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| जीविकाको मुख्य आधार | - आफ्नो वडामा जीविकाका मुख्य आधार र आफ्नो वडामा तिनको अवस्थितिबारे परिचित हुने<br>- आफ्नो घर नजिकै भएका किराना पसल वा निश्चित दिनहरूमा लाग्ने हाटबजारका प्रभावबारे भन्न सक्ने | - वडामा जीविकाका मुख्य आधार | - वडा कार्यालयको भ्रमण गरेको बेला विद्यार्थीलाई प्रतिनिधिलाई वडामा जीविकाका आधार (खेतीपाती, हाटबजार, निर्माण व्यवसाय, ज्यालामजदुरी, यातायात, जागीर, सेवा व्यवसाय - विद्यालय, होटेल, ग्यारेज आदि जस्ता अन्य) सम्बन्धी प्रश्न सोध्न लगाउने । जीविकाका नाम मात्र नभएर तिनको अवस्थितिबारे पनि परिचित हुन प्रोत्साहन गर्ने ।<br>- गाउँघरमा र नजिकै कहाँकहाँ कहिलेकहिले हाटबजार लाग्छ, कतिवटा किराना पसल छन् र ती नभए के होला भन्नेबारे सोधेर भन्न लगाउने ।<br>- कक्षाभित्रै विभिन्न दृष्टिकोण समेट्ने गरी व्यापार गर्ने कि आफैं उब्जाउने ? वा धेरै हाट कि किराना पसल हुनु राम्रो ? जस्ता विषयमा वादविवाद प्रतियोगिता पनि आयोजना गर्न सकिन्छ । | - आफ्नो वडामा रहेका जनसमुदायको जीविकोपार्जनका विभिन्न पक्षबारे भन्न सकेको<br>- घर वरपर भएका पसल र हाटबजारका कम्तीमा तीनवटा प्रभाव प्रस्तुत गर्न सकेको | ३ |
| जडीबुटी तथा गैरकाठ वनपैदावर | - घरेलु औषधिको स्रोत र यी चिन्ने व्यक्तिहरू पहिचान गर्ने | - घरेलु औषधिका प्रकार | - घरमा (नभए छरछिमेकमा) के कस्ता (पात, जरा, पिसेर, पकाएर आदि) घरेलु औषधि प्रयोग गरिएका छन् सोधेर, टिपेर, कक्षामा सुनाउन लगाउने । त्यस्ता औषधिबारे घर छिमेकमा क-कसलाई ज्ञान छ कक्षामा बोलाएर तिनीहरूको प्रयोजन, प्रशोधन र प्रभावकारिताबारे बताउन लगाउने ।<br>- पत्ता लगाएका घरेलु औषधिलाई निम्नअनुसार वर्गीकरण गर्न लगाउने- वनस्पति अनुसार, रोग अनुसार, प्रशोधनअनुसार ।<br>- आफूले देखेका घरेलु औषधिको चित्र बनाउन लगाउने । | - घरगाउँका पाँच घरेलु औषधि चिनेको<br>- घरगाउँमा घरेलु औषधि चिन्ने दुई व्यक्तिहरू को छन् भन्न सकेको<br>- घरगाउँका तीन घरेलु औषधिको प्रयोग गर्ने तरिका भन्न लेख्न सकेको<br>- घरगाउँमा घरेलु औषधिसम्बन्धी सूचना वर्गीकरण गरी राख्ने ढाँचा बनाउन सकेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि र पशुपालन | - घरपालुवा जनावरका गुण, स्वभाव र प्रयोजनबारे परिचित हुने<br>- जनावर र खेतीबीचको अन्तर्सम्बन्ध पहिचान गर्ने | - घरपालुवा जनावरका काम, गुण, स्वभाव, प्रयोजन<br>- जनावर तथा खेतीबीचको अन्तर्सम्बन्ध | - क-कसले घरमा जनावर स्याहार गर्छन् सोध्ने । अनुभव सुनाउन लगाउने र छलफल गर्ने ।<br>- घरमा जनावरहरूले खुशी हुँदा वा रिसाउँदा के गर्छन् ? के के कसरी खान्छन् ? खाएबापत के के काम गरेको देखेका छौ ? भनेर सोध्ने । भनेका कामहरूको सूची बनाउने (मल छुट्यो भने थप्न लगाउने) ।<br>- आफ्नो घरका जनावरको चित्र बनाउन लगाउने ।<br>- के कामका लागि कस्ता जनावर बढी उपयोगी हुन्छन्, तिनीहरूले हामीलाई के अप्ठ्यारो पनि पार्छन् र तिनीहरूलाई अरूले के अप्ठ्यारो पार्छन् भन्नेबारे बाआमासँग सोधेर आउन लगाउने ।<br>- जनावरलाई र जनावरले हानि नगर्न कस्ता सावधानी अपनाउनु पर्ला छलफल गर्ने । | - जनावरले मलसहित दिने मुख्य दुईवटा काम भन्न सकेको<br>- जनावरबाट लिनुपर्ने सावधानी भन्न सकेको<br>- घरपालुवा जनावर नभए के होला तीनवटा कुरा भन्न लेख्न सकेको<br>- जनावरको आधारभूत चित्र बनाएको | ५ |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू, ती काममा चाहिने सीप र काम गर्नेका लागि फाइदा र बेफाइदा पत्ता लगाउने | - हरेक कामका कारण र फाइदा बेफाइदा | - प्रत्येक विद्यार्थीलाई पाँच फरक फरक पेसा गर्ने व्यक्तिलाई उनीहरू जुन काम गर्छन् त्यो किन गरेको ? आफूले गरेको कामले आफूलाई के फाइदा र बेफाइदा गरिरहेको छ ? र त्यस्तो काम गर्न के के सीप चाहिन्छ ? आदि जस्ता प्रश्न सोधेर लेख्न लगाउने र कक्षामा प्रस्तुत गराएर छलफल गराउने । | - कसैले कुनै निश्चित काम गर्नु पछाडिका सम्भावित कारणहरू भन्न सकेको<br>- कम्तीमा पाँच कामका लागि चाहिने सीप सूचीकृत गर्न सकेको<br>- समुदायमा विभिन्न काम गर्ने मान्छेका लागि कामका फाइदा र बेफाइदा भन्न सकेको<br>- आफू ठूलो भएपछि गर्न चाहने कुनै दुईवटा पेसा र कारण दिन सकेको | ४ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - नजिकैको वडा कार्यालयको ठेगाना, काम, अध्यक्ष र सदस्यहरू पहिचान गर्ने<br>- वडाका भौगोलिक अवस्थिति र विशेषताको वर्णन गर्न सक्ने<br>- वडाका विद्यालय र तिनीहरूको विवरण भन्न सक्ने | - आफ्नो क्षेत्रको वडा विवरण | - वडा कार्यालयसँग समन्वय गरेर विद्यार्थीलाई त्यहीं लगेर त्यहाँका काम प्रत्यक्ष देखाउने । थप अन्तर्क्रियाका लागि वडा अध्यक्ष वा प्रतिनिधिलाई कक्षामा बोलाएर विद्यार्थीसँग प्रश्नोत्तर सत्र राख्न सकिन्छ ।<br>- सामूहिक क्रियाकलाप : विद्यार्थी संख्याअनुसार तीनदेखि पाँच जनाको समूह बनाएर आफ्नो वडामा के कस्ता भौगोलिक अवस्थिति र विशेषता छन् भन्नेबारे विद्यार्थीले टिपेका विवरणलाई कक्षामा प्रस्तुति दिन लगाउने ।<br>- आफू वडा सदस्य वा अध्यक्ष भए के गर्छौ भनेर छलफल गर्ने र लेख्न लगाउने । उत्तर सही हुनु जरुरी छैन ।<br>- सकेसम्म वडाभित्रको वा नजिकको अर्को विद्यालयमा भ्रमण गराउने र समकक्षीहरूसँग विभिन्न विषयमा छलफल गराउने । कक्षामा दुई विद्यालयबीचका समानता तथा भिन्नताबारे छलफल गर्ने । | - वडा कार्यालयका कामबारे प्रश्न सोध्न सकेको वा तीनवटा काम भन्न सकेको<br>- आफ्नो वडाको भौगोलिक विशेषताबारे प्रस्तुत गर्न सकेको<br>- अर्को विद्यालयका विद्यार्थीसँगको छलफलमा सक्रियता देखाएको<br>- आफू वडाअध्यक्ष भए के गर्थें तीनवटा कुरा लेख्न सकेको | ७ |
| स्थानीय रेकर्ड बुक | - देखिने मानवीय विशेषता भएका मानिसको तथ्याङ्कबारे परिचित हुने | - सामुदायिक रेकर्ड बुक | - पालिकाको जनसङ्ख्या- महिला पुरुष, उमेर समूह, जातजाति, पालिकाको सबैभन्दा अग्लो व्यक्ति, पालिकाको सबैभन्दा होचो व्यक्ति, सबैभन्दा जेठो जीवित मान्छे (महिला/पुरूष), सबैभन्दा धेरै भाषा बोल्न जान्ने, वडाको सबैभन्दा पहिलो बस्ती र पछिल्लो बस्ती, धेरै जातजाति, धेरै जनसङ्ख्या भएको गाउँको विवरण गाउँका बूढापाकासँग सङ्कलन गर्न लगाउने र प्रतियोगिता गर्ने ।<br>- यस्ता रेकर्डबारे वडामा गएर सोध्ने ।<br>- यस्ता विवरणबारे छलफल गर्ने । उदा. सबैभन्दा पुरानो बस्ती कति वर्ष पुरानो होला ? सुरूमा त्यहाँ को बसे होलान् ? इत्यादि । | - पालिकाका सामुदायिक विवरणसँग सम्बन्धित तीनवटा तथ्य भन्न सकेको<br>- वडाका यहाँ नभनिएका मानवीय पक्षका कम्तीमा दुई थप रेकर्डहरू पत्ता लगाई भन्न सकेको (जस्तै : सबभन्दा हलुका वा लामो कपाल भएकी महिला वा धेरै पढेको मान्छे को होला वा यस्तै)<br>- आफू यहाँ नभनिएका कम्तीमा कुन तहको एक मानवीय पक्षको रेकर्डधारी हुन चाहन्छु वा सक्छु भन्न सकेको (जस्तै : पालिकाको पहिलो ड्र्यागन फल खेती गर्ने किसान वा यस्तै)<br>- पालिकाका सामुदायिक विवरणसँग सम्बन्धित विवरणबारे छलफलमा सक्रियता देखाएको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - वडाभित्रको सबभन्दा नजिकको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण, समुदाय र रहनसहनबारे परिचित हुने | - वडाभित्रको महत्त्वपूर्ण भौगोलिक स्थानको विवरण र स्थान वरपरको वातावरण | - सकभर वडाभित्रका पहिले नगएको कुनै अलि परको भौगोलिक ठाउँ भए जाने । विद्यार्थीलाई पहिला गएका नजिकका ठाउँ र अहिलेको अलि परको ठाउँबीच (वा वडाभित्रका कुनै दुई भौगोलिक स्थानबीच) के कस्तो समानता तथा भिन्नता देखिन्छ भन्नेबारे टिपेर र कक्षामा भन्न लगाउने ।<br>- ती स्थानको प्राकृतिक विशेषता (भू-बनोट, वनस्पति, जीवजन्तु आदि) का साथै सांस्कृतिक तथा सामुदायिक पक्षबारे पनि छलफल गर्ने । उदा. त्यो ठाउँमा कुन समुदायको बस्ती धेरै छन्, कस्ता घरहरू छन्, वस्तुपालन, खेतीपाती कस्तो छ आदि । सकेसम्म विद्यार्थीबाटै उत्तर खोज्ने, उनीहरूलाई थाहा नभएको खण्डमा शिक्षकले सहयोग गर्ने । (यो गतिविधि वन वनस्पति विषयवस्तुसँग पनि मिलाएर गराउने)<br>- वडाभित्रका वरपरका महत्त्वपूर्ण भौगोलिक स्थानहरू सहितको नक्सा बनाउन दिने र शिक्षकले सहयोग गर्ने । आफ्नो घर वा विद्यालयसँगै यो स्थान पनि देखिने गरी नक्सा बनाउने ।<br>- ती ठाउँको वा त्यहाँका कुनै विशेष वस्तुको चित्र बनाउन लगाउने । | - वडाका कम्तीमा दुई भौगोलिक विशेषताका स्थानबीच भौगोलिक तथा सामाजिक समानता तथा भिन्नता पहिचान गर्न सकेको<br>- वडाको सबभन्दा विशेषतायुक्त ठाउँ किन र कुन हुनु पर्ने भन्न सकेको<br>- नक्सा बनाउन प्रयत्न गरेको<br>- ती ठाउँका विशेषता चित्रमा वा शब्दमा व्यक्त गर्न सकेको | ६ |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - वडाभित्रका महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण पहिचान गर्ने र त्यससँग जोडिएको कथा भन्न सक्ने | - वडाका महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थान | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- कक्षा ४ को जसरी नै वडाको सबैभन्दा नजिक रहेको महत्त्वपूर्ण ऐतिहासिक वा सांस्कृतिक स्थानमा भ्रमणका लागि जाने र त्यहाँ सबैभन्दा सुरूमा देखेका दश कुराहरू टिप्न लगाउने । तीमध्ये एक वस्तुको चित्र बनाउने र त्यसबारे एक अनुच्छेद लेख्न दिने ।<br>- त्यस ठाउँमा कहिले के भएको थियो होला भन्ने कल्पना गर्न लगाउने वा आफूले पहिले केही सुनेको भए ठाउँ हेरेर सोच्न लगाउने र सबैको उत्तर सुन्ने । अन्त्यमा भएमा स्थानीय वासिन्दा वा शिक्षकले वास्तविक कथा सुनाउने । | - आफू गएको ठाउँमा भएका वस्तुहरूको आधारमा कल्पना गरेको इतिहास कक्षामा अभिव्यक्त गरेको<br>- वडाको सबभन्दा नजिकको महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण र त्यससँग जोडिएको कथा भन्न सकेको<br>वा,<br>त्यस स्थानबारे निबन्ध लेखेर कक्षामा प्रस्तुत गरेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - त्यस ठाउँसँग सम्बन्धित रही एक काल्पनिक परिदृश्य दिएर कथा बनाउन लगाउने (उदा. यो ठाउँमा हिमालबाट उड्दैउड्दै डाँफे आयो भने त्यसले के देख्छ, सुन्छ अनि सोच्छ होला, त्यसको साथी को वा के बन्छ होला ? अथवा गएको ठाउँको परिवेशअनुसार गोही, पुतली, हात्तीजस्ता सजीव वा चुँडेको चप्पल, प्लास्टिकको बोतल, पोलेथिनको झोलाजस्ता निर्जीव वस्तुमार्फत पनि कल्पना गराउन सकिन्छ ।)<br>- आफ्नो घर र विद्यालय पनि देखिने गरी वडाका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक स्थान पुग्ने बाटोको चित्र बनाउन लगाउने । कसैलाई यो गर्न गाह्रो भए साथीलाई सहयोग गर्न लगाउने वा अन्त्यमा शिक्षकले सहयोग गर्ने ।<br>- वडामा रहेका अन्य ऐतिहासिक तथा सांस्कृतिक ठाउँहरूको सूची तथा जानकारी प्रदान गर्ने र पालिकाको नक्सामा नक्साङ्कन गर्ने । | - वडाभित्रका ऐतिहासिक तथा सांस्कृतिक स्थानहरू नक्सामा देखाउन सकेको वा,<br>वडाभित्र रहेका अन्य ऐतिहासिक तथा सांस्कृतिक स्थानहरूको नाम भन्न सकेको<br>- आफ्नो घर वा विद्यालयबाट पुगिने गरी वडाका महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक स्थानको नक्सा बनाउन प्रयत्न गरेको | |
| बागमती गापाको इतिहास<br>- युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | - आफ्नो वडाको बस्तीहरूको सुरूआतबारे भन्न सक्ने | - मेरो वडाका बस्तीहरूको सुरूआत | - आफ्नो गाउँमा सबभन्दा पहिले को र कहिले आएर बसेको थियो आदि जानकारी गाउँका ज्येष्ठ नागरिक वा जान्ने सुन्नेलाई सोधेर लेख्न लगाउने । समूहमा परियोजना कार्य गर्न दिने ।<br>- ती मानिस यहाँ आउनुअघि यो ठाउँ कति फरक थियो होला कल्पना गर्न लगाउने र पछि घरगाउँका बुढापाकालाई सोध्दा के भने दुई कोठाको तालिकामा लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>- आफ्नो छिमेक वा गाउँमा भएका कम्तीमा ३० वर्षभन्दा अगाडिका रमाइला वा सम्झनलायक घटनाका विवरण छरछिमेकमा सोधेर कक्षामा कथा जसरी प्रस्तुत गर्न लगाउने । | - आफ्नो गाउँमा को कहाँबाट आएको हो भन्न सकेको<br>- आफ्नो परिवार कति वर्षअघि कहाँबाट आएको हो बताउन सकेको<br>- आफ्नो गाउँमा पहिला घटेको घटनाका कथा खोजेर कक्षामा सुनाएको<br>- अहिलेभन्दा ३० वर्षपछि यो ठाउँ कस्तो होला १०० शब्दमा बयान गर्न सकेको | २ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - पालिकामा पाइने रूख तथा विशेष वनस्पति पहिचान गर्ने र तिनको विविधता तथा अवस्थाबारे परिचित हुने | - पालिकाका विशेष वनस्पति | - पालिकाका भौगोलिक ठाउँ भ्रमणमा लगेका बेला त्यहाँका रूख, बुट्यान र झार लगायतका वनस्पतिबारे अवलोकन गरेर र वरपरका मान्छेलाई सोधेर ती बोटबिरुवाका नाम, विशेषता र विशेष उपयोगिता टिपोट गर्न र सामूहिक प्रस्तुति गर्न दिने । भ्रमण गरिएको छैन भने शिक्षक आफैँले जानकारी दिने र घर तथा विद्यालयकै वरपर रहेका बोट तथा रूखहरू मार्फत यो क्रियाकलाप गर्ने ।<br>- पालिकाभित्र पाइने रूखहरूबारे पालैपालो विद्यार्थीलाई परिचित गराउने र सँगै छलफल बढाउँदै जाने । अन्त्यमा, पालिकाका अन्य स्थानमा पाइने तर आफ्नो घर तथा विद्यालय वरपर नपाइने रूखहरूको सूची बनाउन लगाउने ।<br>- पालिकामा पाइने मुख्य रूखहरूको चित्र र तिनका नामको जोडा मिलाउने खेल खेल्ने । | - घर वरपर नपाइने कम्तीमा दुई नयाँ वनस्पति हेरेर चिन्न सकेको<br>- आफूले अवलोकन गरेका दुई बोटबिरुवाको चारवटा पक्ष वर्णन गर्न सकेको<br>- आफूले अवलोकन गरेका दुई बोटबिरुवा चिनिने गरी पूरा वा कुनै खण्डका दुई चित्र बनाएको<br>- पालिकाको वनस्पतिमा रहेको विविधताबारे आफ्नै शब्दमा भन्न सकेको | ५ |
| जीवजन्तु र चराचुरुङ्गी | - जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्याबारे भन्न सक्ने<br>- पालिकामा जीवजन्तुले दिएका समस्या न्यूनीकरण गर्ने उपाय पहिचान गर्ने र सकेसम्म कम हानिमा न्यूनीकरण गर्ने अभ्यास गर्ने | - पालिकामा जीवजन्तु र चराचुरुङ्गीले गर्ने सकारात्मक प्रभाव र दिएका समस्या | - औपचारिक रूपमा महत्त्व नदिइएका (साधारण वा विशिष्ट) जीवजन्तु (उदा. मौरी, विभिन्न खालका कमिला, धमिरा, भमरो, भ्यागुता, गड्यौला, काग, रुप्पी, भँगेरा, बकुल्ला) पहिचान गरेर तिनका विशेषता र वातावरणीय महत्त्वबारे प्रस्तुत गर्न लगाउने ।<br>- पालिकामा विभिन्न जीवजन्तुका कारण भएका सकारात्मक असर, समस्या र ती समस्यालाई हल गर्न स्थानीयले अपनाएको विधिबारे आफ्नो घर वरपर तथा छिमेकमा सोधेर टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- पालिकामा जीवजन्तुका कारण आएका समस्या कम गर्न अपनाइने विधिका पक्ष विपक्षबारे चार्ट बनाउन लगाउने ।<br>- जीवजन्तुका विशेष अङ्ग तथा विशेषताका आधारमा कसले कस्तो हानि गर्न सक्छ भन्नेबारे छलफल गर्ने । यसका साथै सो हानि गरे तापनि प्रकृतिमा ती जीवको कति उपयोगिता छ भन्नेबारे पनि वादविवाद गर्ने । | - स्थानीय जनजीवनमा स्थानीय जीवजन्तुका कारण भएको सकारात्मक असरहरू भन्न सकेको<br>- स्थानीय जनसमुदायमा स्थानीय जीवजन्तुका कारण भएको नकारात्मक प्रभावहरू भन्न सकेको<br>- स्थानीय जीवजन्तुका कारण हुने समस्या न्यूनीकरणका विधिको सकारात्मक तथा नकारात्मक पक्ष केलाउन सकेको<br>- जीवजन्तुको प्राकृतिक भूमिकाबारे तर्क राख्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| विषालु जीवजन्तु | - विषालु जीवको टोकाइका लागि घरगाउँमा अपनाइने सुरक्षाका साधन पहिचान गर्ने र अपनाउनुपर्ने प्राथमिक उपचारका साधनबारे परिचित हुने | - विषालु जीवले टोक्यो भने के गर्ने | - विषालु जीवको टोकाइसम्बन्धी काम गर्ने वा गरेको स्वास्थ्यकर्मीसँग सकेसम्म उहाँकै कार्यस्थलमा, नभए अतिथि वक्ताको रूपमा कक्षामै बोलाएर प्रश्नोत्तर सत्र राख्ने । यस क्रममा विषालु जीवले टोकेमा के गर्ने भन्नेबारे विद्यार्थीलाई जानकारी दिने र प्रश्न सोध्न उत्प्रेरित गर्ने ।<br>- बिच्छी, सर्प आदिको टोकाइमा गर्नुपर्ने प्राथमिक उपचारको अभ्यास गर्ने ।<br>- घरगाउँमा अरू के के विषालु जीव छन् घरमा सोधेर आउन लगाउने ।<br>- थाहा पाएर नआएमा सर्पको जोखिमबारे छलफल गर्ने र सबभन्दा नजिकको सर्पदंश केन्द्रको स्थान र सम्पर्क नम्बर टिपेर राख्न लगाउने । | - विषालु जीवको टोकाइपछि अपनाउनुपर्ने सावधानी र प्राथमिक उपचारबारे भन्न सकेको<br>- विषयबारे स्रोत व्यक्तिलाई प्रश्न राख्न सकेको समय भए कमसेकम एक प्रश्न राखेको<br>- बिच्छी, खजुरोबाहेक सर्प लगायत अरू कमसेकम तीन विषालु जनावरको सूची बनाएको<br>- सर्पको जोखिम र सबभन्दा नजिकको सर्पदंश केन्द्रको स्थान र सम्पर्क नम्बरसहित त्यसबारे १०० शब्द जतिको लेख लेखेको | ५ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - डढेलो र आगलागी हुनुको प्राकृतिक तथा मानवीय कारण पहिचान गर्ने<br>- आगलागी र डढेलो रोकथाम तथा बचावका उपाय भन्न सक्ने | - आगलागी र डढेलोका कारण तथा रोकथाम<br>- आगलागी, डढेलो र मानिसको सम्बन्ध | (यस पाठका क्रियाकलापमा विद्यार्थीलाई मानसिक आघात नपुऱ्याउन विशेष ध्यान दिनुपर्छ)<br>- छिमेकमा वा आफ्नै घरमा कतै आगलागी भएको देखेका छौ ? भनेर सोध्ने । यसबारे अनुवभ वा कथा सुनाउन प्रोत्साहन गर्ने । के कसरी निभाइयो बाआमालाई सोधेर आएर कक्षामा सुनाउन लगाउने ।<br>- कुनै आगलागी वा डढेलो लागेको ठाउँ भए अवलोकन गराउन लाने र देखेका क्षतिको सूची बनाउन दिने ।<br>- यससँग सम्बन्धित पत्रिका, रेडियो, एफ्एम्मा सुनेका समाचार टिपोट गरेर कक्षामा साथीहरूसामु प्रस्तुत गर्न लगाउने ।<br>- यस्तो समयमा घरगाउँमा कसले मद्दत गर्न सक्छ सोधेर जानकारी राख्न लगाउने । | - डढेलो, आगलागी हुनुको चार कारण भन्न सकेको<br>- डढेलो, आगलागी रोकथामका तीन उपाय भन्न सकेको<br>- आगोले पोल्यो वा छोप्यो भने तत्काल के गर्ने अभ्यास गरेर देखाएको<br>- रेडियो, एफ्एम्मा सुनेका समाचार टिपोट गरेर कक्षामा साथीहरूलाई सुनाएको वा नदेखेको आगलागी र डढेलो रोकथामको एक उपाय सुझाएको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - डढेलो र आगलागी हुनुको कारणका साथै रोकथामका पालिकामा भएका र हुनसक्ने उपायबारे छलफल गर्ने । एउटा चार्टपेपरमा छलफलको निष्कर्षलाई कारण र रोकथामका उपाय शीर्षकसहित टिपेर कक्षामा वा विद्यालयको सूचनापाटीमा राख्ने ।<br>- पालिकामा दमकल भए त्यसबारेमा कुरा गर्ने वा लिएर जाने ।<br>- विशेषज्ञलाई कक्षामा बोलाएर वा आगो नियन्त्रण केन्द्रमा गएर आगोले पोल्दा वा घरभित्र फस्दा के गर्ने, कसरी बच्ने भन्नेबारे अभ्यास गर्ने । | | |
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - आफ्नो गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण पहिचान गर्ने र ती रोग लागेमा के गर्ने आधारभूत जानकारी दिन सक्ने | - गाउँमा लाग्न सक्ने सरुवा रोगका लक्षण र उपचार | - कक्षा ४ मा टिपोट भएका सरुवा रोगका साथै गाउँमा देखिइरहने रोगहरूको लक्षण र उपचारका लागि के गर्नु प्रभावकारी हुन्छ भन्नेबारे स्वास्थ्यकर्मीलाई बोलाएर प्रश्नोत्तर सत्र राख्ने या स्वास्थ्य केन्द्र गएर छलफल गर्ने ।<br>- समूह बनाएर कक्षा ४ मा टिपोट भएका सरुवा रोगका साथै गाउँमा देखिइरहने रोगहरूको लक्षण र उपचारका सूची बनाउन लगाउने ।<br>- समूहमा बाँडेर विभिन्न सरुवा रोगको गाउँमा कस्तो अवस्था छ भन्नेबारे जानकारी बटुलेर प्रस्तुत गर्न लगाउने । | - वरपर लाग्ने रोगका लक्षण भन्न सकेको<br>- वरपर लाग्ने रोग लागेपछि के गर्ने भन्नेबारे भन्न सकेको<br>- कमसेकम तीन सक्रिय रोगहरूका नाम, लक्षण र उपचारको सूची बनाएको<br>- रोग लाग्न नदिन हात धुने, खोक्दा मुख छोप्ने आदि जस्ता बानी कक्षामा व्यवहारमा प्रस्तुत गरेको | ६ |
| वातावरण विनाश तथा संरक्षण | - प्रकृतिले परिपूर्ति गर्न सक्नेजति सामान चलाउनुपर्छ भन्नेबारे परिचित हुने | - स्थानीय तहमा दिगोपनको अवधारणा | - प्रकृति कसरी चल्छ छलफल गर्ने । मुख्य कुरा यो गतिशील सन्तुलनमा चल्छ भन्ने थाहा दिने अर्थात् सन्तुलनमा चल्छ नचल्ने भए उसले आफ्नो गतिमा सन्तुलन बनाउँछ । अहिलेको प्रकृतिको सन्तुलन मानिसलाई बाँच्न उपयुक्त रहेको बताउने ।<br>- हामीले कति काठ काट्न मिल्छ ? कति धान फलाउन मिल्छ ? कति मल हाल्न मिल्छ ? कति फोहोर फाल्न मिल्छ ? आदि जस्ता प्रश्न गर्ने ।<br>- प्रकृतिमा पुनर्प्रयोग नहुने कुरा उपयोग गरिए वा उत्पादन हुनेभन्दा बढी सामग्री उपयोग गरेमा के हुन्छ र के गर्ने भन्ने विषयमा छलफल गर्ने । | - आफ्नो सन्दर्भमा प्राकृतिक सन्तुलनको दुई उदाहरण दिन सकेको<br>- प्रकृतिको अति दोहन वा प्रदूषण कसरी हुन्छ भन्न सकेको<br>- प्रकृति किन जोगाउनु पर्छ भन्ने दुईवटा कारण दिन सकेको<br>- प्रकृतिको अति दोहन वा प्रदूषणले मानिसको हित किन गर्दैन भन्ने तर्क दिन सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - प्रदूषण र अति दोहनका कुरा जोड्ने र विद्यार्थीलाई समालोचनात्मक भई खुला रूपमा सोच्न प्रोत्साहन गर्ने । त्यही असन्तुलन हो भन्ने जानकारी दिने ।<br>- ऋतु मिलेमा रूख रोप्न वा गोड्न जाने वा गाउँमा फोहोर फाल्ने ठाउँ भए त्यसको अवलोकनमा जाने ।<br>- प्रकृति कसरी जोगाउन सकिन्छ भनेर छलफल गर्ने । | | |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - माछा मार्न, माछा मार्ने साधन बनाउन सहयोग गर्ने र सिलाइबुनाइको कामबारे परिचित हुने<br>- कक्षा १ देखि ४ सम्म पढेका सामग्री मध्येको कम्तीमा एउटा सामग्री बनाउन सक्ने | - घरायसी जीवन उपयोगी सीपहरू | - यो पाठको माछा मार्ने परम्परागत सीप यही कक्षाको नदीनाला विषयवस्तुसँग एकीकृत गरेर पढाउने ।<br>- कसले माछा मार्ने जाल बुनेको छ ? बल्छी हालेको वा देखेको छ ? भनेर सोध्ने । त्यस्ता सीप आउने साथीले कक्षाका अरूलाई भनेर, चित्र बनाएर वा प्रत्यक्ष देखाएर सिकाउने ।<br>- जाल बुनेर देखाउँदै कक्षामा सँगै बुन्ने प्रयत्न गर्ने । समूहमा छुट्याएर पनि गर्न सकिन्छ । आफैंले बुनेको जाल लिएर समूहमा माछा मार्न पठाउने र अनुभव सुनाउन लगाउने । विद्यालयमा जाल प्रदर्शन गराउने र छलफल गर्ने ।<br>- जाल वा बल्छी हाल्नेबाहेक माछा मार्ने वा खोलाबाट खान सकिने वस्तु निकाल्ने तरिकाहरूबारे छलफल गर्ने ।<br>- कपडा सिलाउन वा बुन्न कस्तो सीप र के के सामान चाहिन्छ भन्नेबारे घर तथा टोलमा सिलाइ वा बुनाइ गर्ने वा गर्न जान्ने व्यक्तिसँग सोधेर आउन लगाउने । आफूलाई लगाउन मन लागेको लुगाको विस्तृत चित्र बनाएर कक्षामा प्रदर्शन गर्न लगाउने । | - माछा मार्ने परम्परागत सीप जानेको वा कुनै कारणवश कोही विद्यार्थीले माछा मार्न चाहँदैन भने यसबारे भन्न सकेको<br>- खोलामा रहेका माछा बाहेकका खान सकिने सागपात वा अन्य जीव जम्मा गर्ने सीपबारे भन्न सकेको<br>- सिलाइबुनाइसम्बन्धी सामान्य बुझाइ भन्न सकेको<br>- माटो, बाँस, काठपात वा धातुबाट बनाइने सामग्री मध्येको कुनै एउटा सामग्री बनाएको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - विद्यार्थीलाई आजसम्म पढेकामध्ये कुन-कुन सामग्रीसँग काम गर्न मन लागेको छ लेखाउने । आफैं वा समूहमा ती मध्येको एउटा सामग्री बनाउने परियोजनात्मक कार्य दिने । घरमा वा समुदायका व्यक्तिसँग सम्बन्धित विषयमा सीप भएका व्यक्तिसँग काम गर्ने वा विद्यालयमै स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी सिकाउन लगाउने । काम गर्दाको अनुभव टिप्ने र विवरण बनाउने । यी सामग्री विद्यालयको अभिभावक दिवस, बालदिवस वा कुनै कार्यक्रम आयोजना गरिएको बेला प्रदर्शनमा राख्ने । | | |
| लोक कला तथा साहित्य | - आफ्नो भाषाका परम्परागत तथा स्थानीय गीत, कथा, उखान टुक्का, गाउँखाने कथा भन्न सक्ने | - समुदायका उखान टुक्का, गीत र कथा | - आफ्नो घरका पाका व्यक्तिलाई थाहा भएका उखान टुक्काहरू (सकेसम्म स्थानीय भाषाका) सोधेर अर्थसहित टिपेर ल्याउन लगाउने । कक्षामा सुनाउँदा अन्य विद्यार्थीले अर्थ अन्दाज गर्दै रमाइलो गर्ने । कुनै दिन विद्यालयमा यसकै प्रतियोगिता आयोजना गर्न सकिन्छ ।<br>- कक्षा १ देखि ४ सम्ममा सिकेका साथै थप आफैं पत्ता लगाएका परम्परागत गीत, कविता, कथा, गाउँखाने कथा तथा उखान भेला पारेर कक्षा ५ को तर्फबाट विद्यालयका लागि मासिक साहित्यिक भित्ते पत्रिका बनाउन लगाउने । सबैको सहभागिता सुनिश्चित गर्ने । सबैले केही न केही (खोजेर वा आफैं लेखेर) पेश गर्नुपर्ने नियम बनाउने । समूहमा छुट्याएर कसले कुन महिना भित्ते पत्रिका तयार पार्न लगाउने । | - कम्तीमा तीन उखान टुक्का अर्थसहित याद भएको<br>- परम्परागत गीत, कथा, गाउँखाने कथा तथा उखानमध्ये कुनै दुई भन्न र लेख्न सकेको<br>- परम्परागत गीत, कविता, कथा, गाउँखाने कथा तथा उखान भेला पार्न, पेश गर्न सक्रिय भएको<br>- भित्तेपत्रिका प्रकाशन गर्न सक्रियता देखाएको | ६ |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - एकआपसमा वा गाउँघरमा गरिने सहयोगको अवस्था पहिचान गर्ने र सहयोगमा उत्प्रेरित हुने | - सहयोगको अवस्था | - निम्न तथा थप प्रश्न गर्दै कक्षामा छलफल गराउने । जोडी वा समूहमा सानो छलफल गराएर अन्तिममा कक्षामा सुनाउने पनि गर्न सकिन्छ ।<br>- तिम्रो घरमा गएको केही महिनामा पैसा लिएर वा नलिएर कसले के के गरिदियो ?<br>- तिम्रो घरबाट गएको केही महिनामा पैसा लिएर वा नलिएर कसकोमा के गरियो ?<br>- पैसा नलिएको भए किन नलिएको होला ?<br>- वर्षको कुनै खास दिन मिलेर काम गर्ने, एक आपसमा पर्म गर्ने वा यस्तै कुनै चलन छ कि छैन घरमा सोधेर आएर छलफल गर्ने ।<br>- विद्यार्थीबीच यस्तो सहयोग के हुन सक्छ कक्षामा छलफल गर्ने ।<br>- परस्पर सहयोगका फाइदा बेफाइदाबारे लेख्न दिने र कक्षामा सुनाउन लगाउने । | - गाउँघरमा गरिने सेवा सहयोगबारे भन्न सकेको<br>- समाजमा भएको परस्पर सहयोगबारे प्रशंसात्मक रूपमा बताउन सकेको<br>- किन कुनै सहयोगबिना पैसा वा प्रतिफलको अपेक्षा नराखी गर्ने भन्नेबारे केही विचार दिएको<br>- सहयोगका लागि तयार रहने व्यवहार देखाएको वा कक्षा अवधिमा नै कसैको सहयोग गरेको | ५ |
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - अल्पपोषण भएका खानेकुराको स्रोत तथा असर पहिचान गर्ने<br>- स्वस्थकर र सन्तुलित खानाको महत्त्व बोध तथा प्रयोग गर्ने | - अल्पपोषण भएका खानेकुराको प्रकार, स्रोत र असर | - स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयको पोषण र खाना पाठसँग एकीकृत गरेर पढाउने ।<br>- विद्यार्थीले अत्यन्तै रूचाएका प्रशोधित अल्पपोषण भएका खानेकुराको खोलहरू विद्यालयतिर पनि हुन सक्छन् । त्यस्ता खाना कति प्रशोधन भएर निर्माण हुन्छन् भन्नेबारे भिडियो देखाएर (वा सम्भव नभए शिक्षकले जानकारी दिएर) ती अल्पपोषण भएका खानेकुराले स्वास्थ्यमा पार्ने प्रत्यक्ष प्रभावबारे छलफल गर्ने, पोषणमा गर्ने असरबारे बताउने ।<br>- विद्यार्थीहरूले खाने गरेका अल्पपोषण भएका खानेकुराका नाम विभिन्न समूहलाई भाग लगाएर तिनमा हालिने सामग्री, खोलमा लेखिएका कुरा तथा असरबारे छलफल गर्ने र सूची बनाएर कक्षामा टाँस्न र प्रस्तुत गर्न लगाउने । | - अल्पपोषण भएका खानेकुराको असरबारे भन्न सकेको<br>- कक्षामा अल्पपोषण भएका खानेकुरा खान कम गरेको वा स्वस्थ खाना खाने बानी व्यवहारमा उतारेको देखिएको<br>- घरगाउँमा पाइने र आफूले खाने गरेका अल्पपोषण भएका खानेकुराको सूची बनाएको<br>- कस्ता खाना अल्पपोषण भएका खानेकुरा हुन् र किन लेख्न र भन्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - खाजामा अल्पपोषण भएका खानेकुरा ल्याउन रोक गर्ने र घरमा पनि अल्पपोषण भएका खानेकुरा नखान भनी सल्लाह दिने । | | |

## ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| नदीनाला | - वडाभित्रका खोलाको विवरण र खोला वारिपाकि बस्ती र वातावरणबारे परिचित हुने<br>- खोलाको प्रयोजनहरू पहिचान गर्ने, बल्छी हाल्ने अभ्यास गर्ने | - वडाभित्रका खोलाको विवरण र खोला वारिपारिका वातावरण<br>- बल्छीको ज्ञान र अभ्यास | - बल्छी हाल्न परिवारसँग को-को गएको छ सोध्ने, गएकाहरूलाई के के हुन्छ बताउन लगाउने । बल्छी बनाउने अभ्यास गराउने । बल्छी थाप्न लग्ने । सकभर विद्यार्थीलाई पहिला गएको भन्दा फरक खोला वा एउटै खोलाको फरक स्थानमा लाने । माछा नमार्ने विश्वास भएका वा नचाहने विद्यार्थी छन् भने उनीहरूलाई खोला हेर्न मात्र लग्ने, माछा मार्न अनिवार्य नगर्ने ।<br>- पहिला गएका नजिकका खोलानाला र अहिलेको अलि परको खोलाबीच (वा नजिकैका दुई खोलाबीच) के कस्तो समानता तथा भिन्नता देखिन्छ भन्नेबारे विद्यार्थीलाई टिप्न लगाई र कक्षामा भन्न लगाउने ।<br>- ती खोलाका प्राकृतिक विशेषता (भू-बनोट, वनस्पति, जीवजन्तु आदि) का साथै सांस्कृतिक तथा सामुदायिक पक्षबारे पनि छलफल गर्ने । उदा. त्यो नदी वरपर कुन समुदायको बस्ती धेरै छन्, कस्ता घरहरू छन्, वस्तुपालन, खेतीपाती कस्तो छ, तिनीहरूले खोलाको उपयोग कसरी गर्छन् आदि ।) सकेसम्म विद्यार्थीबाटै उत्तर खोज्ने, उनीहरूलाई थाहा नभएको खण्डमा शिक्षकले सहयोग गर्ने ।<br>- खोलाको उपयोग कसरी गरिन्छ भन्नेबारे छलफल गर्ने । खोलाका माछा मार्ने, खेतमा सिँचाइ गर्ने, लुगा धुने, नुहाउने, पौडी खेल्ने आदि प्रयोजनबारे कक्षामा छलफल गर्ने ।<br>- खोलाबारे कुनै किसिमको शाब्दिक सिर्जना (कथा, गीत, कविता) गर्न लगाउने । घरका सदस्यको सहयोग लिन मिल्ने भनिदिने । | - दुई फरक नदी वा नदीको फरक भागबीचको भौगोलिक तथा सामाजिक समानता तथा भिन्नता पहिचान गर्न सकेको<br>- बल्छी बनाउन वा हाल्न प्रयास गरेको<br>- खोलाका विभिन्न प्रयोजनमध्ये कम्तीमा दुई भन्न सकेको<br>- खोलाबारे कुनै किसिमको एक शाब्दिक वा चित्रात्मक सिर्जना ल्याएको | ५ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - सामान्य भूत र अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- समय बुझाउने शब्द (क्रियायोगी) बारे परिचित हुने<br>- स्थानीय वा मातृभाषामा दैनिकी लेख्न सक्ने<br>- 'कहिले' प्रश्न प्रयोग गर्ने<br>- दैनिक क्रिया, कक्षा, घर तथा विद्यालय सम्बन्धित थप शब्द प्रयोग गर्ने<br>- १ देखि १०० गन्न सक्ने | - सामान्य भूत तथा अभूत कालका ढाँचा<br>- समयसम्बन्धी शब्द | - हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने) ।<br>- स्थानीय वा मातृभाषामा अघिल्लो दिनको दैनिकी लेखेर कक्षामा सुनाउन लगाउने । यसैमार्फत सामान्य भूतको पनि अभ्यास गराउन सकिन्छ ।<br>- आफ्नो हरेक दिन हुने गरेको सामान्य दैनिकी वा कुनै तस्बिर अथवा दृश्यको विवरण सामान्य वर्तमानमा लेखेर कक्षामा सुनाउन लगाउने ।<br>- छिटो, ढिलो, हिजो, आज, भोलि, यो हप्ता, महिनाजस्ता समय जनाउने शब्द प्रयोग गर्न 'कहिले ?' प्रश्न सोधेर अभ्यास गराउने ।<br>- १०० सम्म याद गर्न किताबका पाना सङ्ख्यालाई पालैपालो अन्य भाषामा भन्ने खेल खेल्ने । | - स्थानीय तथा मातृभाषामा क्रियाका सामान्य भूतकाल र अभूतकालको प्रयोग गरेको<br>- समयवाचक शब्द वाक्यमा प्रयोग गर्ने प्रयत्न गरेको<br>- सामान्य दैनिकी लेख्न सकेको<br>- १ देखि १०० सम्म गन्न सकेको | ३० |

## कक्षा ६

### १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| जीविकाको मुख्य आधार | - पालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी सेवाको अवस्था र तिनको दैनिक जीवनमा आवश्यकता तथा उपयोगिताबारे विचार राख्न सक्ने | - शिक्षा, स्वास्थ्य, खानेपानी | - पालिकाको भ्रमण गरेको बेला पालिकाका विभिन्न समूहलाई शिक्षा, स्वास्थ्य र खानेपानीका सेवा सुविधाको स्थिति बुझ्न लगाउने । यसो गर्दा विद्यार्थीलाई नै प्रश्नावली बनाउन प्रोत्साहन गर्ने । भ्रमण नगएको भए पनि पालिकाको प्रतिनिधि विद्यालयमा बोलाएर वा फोन गरेर अथवा वडामा नै भए पनि सोध्न लगाउने । शिक्षकले पनि भनिदिने ।<br>- यहाँबाट आएका सूचनाहरूको प्रयोग गरेर एक तुलनात्मक चित्र वा चार्ट बनाउन सकिन्छ । विद्यार्थीहरूलाई समूहमा बाँडेर विभिन्न सेवाक्षेत्रको स्थितिबारे प्रस्तुति दिन लगाउने ।<br>- पालिका शिक्षा, स्वास्थ्य र खानेपानीको अवस्थाबारे बुझ्दै जाँदा आफ्नो वडा वा टोलमा उपलब्ध (वा उपलब्ध हुन बाँकी) सेवा सुविधाबारे छलफल गर्ने । | - पालिकामा भएका (वा हुन बाँकी) सेवासुविधाबारे पाँचदेखि दश वाक्यमा जानकारी दिन सकेको<br>- आफ्नो क्षेत्रमा भएका (वा हुन बाँकी) सेवासुविधाबारे सूचना र वास्तविकता बीचको तुलनात्मक दृष्टिकोणबाट भन्न सकेको<br>- आफ्नो क्षेत्रमा नभएका सेवासुविधाबारे के गर्न र कसरी गर्न सकिन्छ भन्ने बनाएको विचार पाँच वाक्य जतिमा भन्न सकेको<br>- एउटा सेवाग्राहीका दृष्टिले शिक्षाको सुविधाबारे आफ्नो परिवारले के गर्नुपर्ने वा गर्न सक्ने रहेछ तीन वाक्यजतिमा भनेको | ३ |
| जडीबुटी तथा गैरकाठ वनपैदावर | - पालिकाका विभिन्न समुदायले स्थानीय रूपमा प्रयोग गर्ने गरेका जडीबुटी र तिनका काम पहिचान गर्ने<br>- विज्ञ, ठूला मान्छे तथा चिकित्सकको सल्लाह बेगर कुनै पनि जडीबुटी प्रयोग गर्नु हुँदैन भन्ने सचेतना | - वरपरका काठ-बाहेक मानिसलाई काम लाग्ने वनपैदावरहरू (जस्तै : निगुरो, तामा, फल) र जडीबुटीहरू | - स्थानीय जडीबुटी विज्ञलाई कक्षामा स्थानीय वन वनस्पतिको औषधीय प्रयोगबारे भन्न बोलाउने र विद्यार्थीबाट प्रश्नोत्तर सत्र सञ्चालन गराउने ।<br>- अन्य उपयोगमा आउने ऋतुअनुसार पाइने बोटबिरुवा जस्तै : निगुरो, च्याउ, तामा आदि चिनाउँदै त्यसको प्रयोगबारे विद्यार्थीलाई टिपोट गर्न लगाउने ।<br>- सबै जडीबुटी खान मिल्दैन र विज्ञको परामर्श बेगर प्रयोग गर्नु हानिकारक हुन सक्छ भन्ने जानकारी दिने । यसको उदाहरण छरछिमेकका व्यक्तिलाई सोधेर विद्यार्थीलाई लिएर आउन भन्ने । | - जडीबुटीको रूपमा प्रयोग गरिने दश वनस्पति चिन्न सकेको<br>- खानाका रूपमा प्रयोग गरिने पाँच जङ्गली वनस्पति चिन्न सकेको<br>- पाँचवटा विषालु वनस्पति चिनेको<br>- दुईवटा विषालु वनस्पतिको चित्र बनाउन सकेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - वैज्ञानिक रूपमा पुष्टी भइसकेका वा नभईकन स्थानीय रूपमा प्रयोग गरिएका औषधीय वनस्पतिबारे विद्यार्थीलाई खोज गर्न लगाउने । शिक्षकले सहयोग गर्ने ।<br>- औषधिको रूपमा प्रयोग भएका वा नभएका विषालु वन वनस्पति तथा च्याउ चिनाउने, रङ्गीन चित्र बनाउन दिने र त्यसको खतराबारे सतर्क हुने ।<br>- जङ्गली वन वनस्पतिका फाइदा बेफाइदाबारे छलफल गर्ने । | | |
| कृषि र पशुपालन | - स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष बताउने र अभ्यास गर्ने<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो भन्न सक्ने<br>- गाउँमै भएको र बाहिरबाट ल्याएको बाली चिन्न सक्ने | - स्थानीय बालीको फाइदा र सुधार गर्नुपर्ने पक्ष<br>- मूलबालीको रोप्ने र थन्क्याउने खेती पात्रो<br>- गाउँमै भएको र बाहिरबाट ल्याइएका बाली | - वरपर भएका परम्परागत खेतीबालीको अवलोकन गराउने । समुदायमा समूहमा गएर परम्परागत रूपमा खेती गरिने मूल दश बालीको नाम सोधेर सूची बनाउने । किसानसँग ती बालीका विशेषता र कमजोर पक्ष सोधेर नोट गर्न लगाउने ।<br>- सबैले आफ्नो घरमा करेसाबारी बनाउन भन्ने । विद्यालयमा समूह बनाई विभिन्न तरकारी रोप्न नर्सरी तयार पार्ने । विद्यालयमा बीउ वा बेर्ना लिएर आउन लगाउने । बेर्ना रोप्ने । करेसाबारी वा फूलबारीमा हरियो घेराबार लगाउने ।<br>- स्थानीय रूपमा पाइने बोटबिरुवा तथा बालीको बीउ संकलन गर्ने । त्यसलाई चार्टपेपरमा नाम लेखेर टाँस्ने र ऋतुअनुसार रोप्ने र थन्क्याउने पात्रो बनाउने ।<br>- घरगाउँमा नयाँ आएको पाँच बालीका नाम र तिनका विशेषता सोधेर सूची बनाउने । ती किन भित्रिएका होलान् भन्नेबारे छलफल गर्ने । | - स्थानीय बालीका गुन र बैगुन भन्न सकेको<br>- नर्सरी बनाउन र बेर्ना तयार गर्न जानेको<br>- मुख्य तीन परम्परागत बालीहरूको पात्रो बताउन सकेको<br>- घर वा विद्यालयमा करेसाबारी बनाउने प्रयत्न गरेको | ५ |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - समुदायमा भएका सीप, काम तथा आवश्यकता हेरेर आफूलाई गर्न मन भएको काम (जागीर नभई कामको प्रकृति) बारे आफ्नो विचार राख्न र प्रस्तुत गर्न सक्ने | - आफ्नो रुचिका काम | - विद्यार्थीलाई आफूले राम्ररी गर्न जानेको वा गर्न असाध्यै रमाइलो लाग्ने पाँचवटा गतिविधिको सूची बनाउन लगाउने (यस्ता काममा माछा खेल्न जाने, फूलबारी गोड्ने, फुटबल खेल्ने, अगाडि गएर बोल्ने, गीत गाउने आदि जे पनि पर्न सक्छन्) । | - आफूलाई मन पर्ने मुख्य पाँच सीप भन्न सकेको<br>- आफूलाई मन नपर्ने मुख्य दुई सीप कारणसहित भन्न सकेको<br>- समुदायमा भएका सीप, काम तथा आवश्यकता हेरेर आफूलाई गर्न मन भएको काम (जागीर नभई कामको प्रकृति) बारे विचार गरेर भन्न सकेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - ती गतिविधिमा चाहिने सीप तथा गुण के के हुन् र ती सीप समुदायका पेसामध्ये केमा काम लाग्न सक्छन् मनन गरेर लेख्न लगाउने (उदा. कसैलाई आफू हिसाबमा एकदमै राम्रो छु र रमाइलो लाग्छ भने त्यसमा अङ्कको सीप चाहिने हुन्छ, धैर्यता हुनुपर्दछ, अब यी सीप तथा गुण भएको स्थानीय पेसा व्यापारको हिसाबकिताब, लेखाको काम, शिक्षक, कृषक आदिमा हुनुपर्ने हुन सक्छ) ।<br>- विद्यार्थीलाई आफूलाई मन पर्न सक्ने पेसा स्थानीय स्तरबाट पनि खोज्न सकिने बताउने । | - पेसागत पाँचवटा काम र त्यसका लागि आवश्यक मुख्य दुई-दुई गुण राखेर एउटा सूची बनाएको<br>वा,<br>आफूले मन पराएको गतिविधि सम्बन्धित काम गर्न वा हेर्न थालेको वा प्रयत्न गरेको (जस्तै : मेकानिक बन्ने भए वर्कसपमा शनिबार गएर काम गर्ने, खेती गर्ने भए बाआमासँग काम गर्न गएको वा फलफूलको एउटै भए पनि बिरुवा जोगाएको) | |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - गापाको आधिकारिक नाम, वर्तमान पालिका अध्यक्षको नाम भन्न र संरचना, सेवा र कामहरूको वर्णन गर्न सक्ने<br>- गापाको अवस्थिति र भौगोलिक विशेषताका पक्ष पहिचान गर्ने | - बागमती गापाको संरचना, कार्यालयका मुख्य शाखा र काम<br>- गापाको भौगोलिक अवस्थिति र विशेषता | - विद्यार्थीलाई गापा जानुभन्दा अघिल्लो पाठमा नै गापाबारे के थाहा छ सोध्ने र कस्तो होला अनुमान गर्न लगाउने र उनीहरूले भनेको कुरा ठीक/बेठीक नभनी टिपोट गरिराख्ने ।<br>- गापाको कार्यालयसँग समन्वय गरेर भ्रमणका लागि लग्ने वा कार्यालय र कार्यालयको काम देखाउने खालको भिडियो वा फोटो देखाउने । विद्यार्थीलाई समूहमा विभाजन गर्ने र विभिन्न काम दिने ।<br>- त्यहाँका सूचना अधिकारीलाई भेटाउने । पालिकामा कहाँ के छ र भइरहेछ अवलोकन गर्न लगाउने र काम लिन आएका मानिस के कस्ता कामले आउँदा रहेछन् सोध्न लगाउने ।<br>- कति महिला र कति पुरूष छन् याद गर्न लगाउने र अध्यक्ष वा उपाध्यक्षमा महिला कसरी भएको छलफल गर्ने । पालिकाका कोठाहरूमा के के लेखेको रहेछ हेरी शाखाहरूका नाम पत्ता लगाउने । | - पालिका गएको दिन त्यहाँ के भइरहेको थियो भनेर कुरा नदोहोऱ्याइ १०० शब्द जतिमा बयान गरेको<br>- गापाका मुख्य पदाधिकारीहरूको नाम थाहा भएको- अध्यक्ष र उपाध्यक्ष<br>- गापाले गर्ने मुख्य तीन कामहरू भन्न सकेको वा कम्तीमा तीन शाखाको नाम र एक-एक मुख्य काम भन्न सकेको<br>- किन अध्यक्ष र उपाध्यक्ष एक महिला एक पुरूष भएको त्यसबारे केही विचार भनेको वा आफूले विचार गरेको भन्दा पालिका के फरक लाग्यो भन्न सकेको | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - पालिकामा जान सम्भव नभए शिक्षकले फोटो, रेखाङ्कनमार्फत शाखा बुझाउँदै काम बुझाउने । वडा कार्यालयका कामसँग दाँज्ने र उदाहरण दिने ।<br>- गापा वा वडामा बुझेको र शिक्षकले भनेको आधारमा पालिका र त्यसका कामबारे सामूहिक प्रस्तुति दिन लगाउने । प्रस्तुतिका लागि चार्टपेपर वा बोलेर वर्णन गर्ने बाहेक अभिनयजस्ता माध्यम प्रयोग गरेर गापाका विभिन्न शाखा र तिनका काम अभिव्यक्त गर्न लगाउने । | | |
| स्थानीय रेकर्ड बुक | - बागमती गापाका भौगोलिक विशेषतासम्बन्धी तथ्याङ्कबारे परिचित हुने | - भौगोलिक रेकर्ड बुक | - बागमती गापाले प्रमाणित गरेको पालिका स्तरीय भौगोलिक विशेषताका तथ्याङ्क (जस्तै : सबभन्दा पुरानो गाउँ, अग्लो डाँडा) सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने । | - बागमती गापाबारे भौगोलिक विशेषतासम्बन्धी विवरण भन्न सकेको<br>- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको<br>- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको<br>- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको (केही नपरे पनि किन केही परेन भनेको) | ४ |
| चाखलाग्दा भौगोलिक ठाउँ | - पालिकाका महत्त्वपूर्ण भौगोलिक ठाउँहरूको परिचय, विवरण र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने<br>- प्रदूषणमा सावधानी वातावरण संरक्षणको अभ्यास गर्ने | - पालिकाका महत्त्वपूर्ण भौगोलिक ठाउँ र वरपरका स्थानको विवरण : | - पालिकाका महत्त्वपूर्ण भौगोलिक ठाउँहरूको परिचय दिने । सम्भव भएसम्म भ्रमणमा लाने, नभए विभिन्न कोणबाट लिइएका चित्र तथा भिडियो देखाउने । ती ठाउँ चुरे, महाभारत वा बीच कतातिर पर्छन् भनेर सोध्ने, छलफल गर्ने । आफ्नो घर त्यहाँबाट कता पर्छ होला जस्ता प्रश्नले कक्षा रमाइलो बनाउन सकिन्छ ।<br>- विद्यार्थीहरूको पछिल्ला भ्रमण वा आफ्नो अनुभवका आधारमा यी नयाँ ठाउँको भौगोलिक विशेषता कस्तो होला भन्नेबारे छलफल गराउने ।<br>- त्यस ठाउँ र त्यहाँबाट देखिने मुख्य ठाउँहरूको अवस्थितिबारे जिल्ला, पालिका वा नेपालको नक्सामा देखाउन लगाउने । | - पालिकाका महत्त्वपूर्ण भौगोलिक स्थानका नाम र अवस्थितिबारे भन्न सकेको<br>- आफ्नो क्षेत्रमा सरसफाइ अभियान निरन्तर गरेको वा प्रयत्न गरेको अथवा यसबारे सचेतना फैलाउनमा रुचि देखाएको<br>- रचनात्मक माध्यमबाट भौगोलिक विशेषता तथा विवरण प्रस्तुत गर्न सकेको<br>- आफूलाई मन पर्ने भौगोलिक ठाउँको चित्र बनाएको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - त्यस्ता ठाउँमा कसरी र कस्तो खालको प्रदूषण हुन्छ र प्रदूषणबाट जोगाउन के गर्न सकिन्छ भन्नेबारे छलफल तथा क्रियाकलाप गराउने । क्रियाकलापमा विद्यार्थीलाई त्यही ठाउँमा लगेर सरसफाइ अभियानको नमुना देखाउन सकिन्छ ।<br>- पालिकाका कुनै एक भौगोलिक विशेषताका ठाउँबारे आफ्नो व्यक्तिगत अनुभव वा भावनाका आधारमा कविता, निबन्ध, कथा वा यात्राका विवरण लेख्न र चित्र बनाउन दिने । | | |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - पालिकाका महत्त्वपूर्ण ऐतिहासिक स्थानको विवरण र त्यससँग जोडिएको कथाबारे परिचित हुने<br>- आफ्नो पालिकाको बसोबासको इतिहासको अनुमानित समयक्रम बताउन सक्ने | - पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थान : | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- अन्तर्क्रियात्मक क्रियाकलाप : पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानका नाम र तिनका केही विवरण (कुन वडा, कस्तो ठाउँ हो, वरपर के छन्) छोटोमा चिट्ठामा लेखेर विद्यार्थीलाई समूहमा छुट्याएर चिट्ठा बाँड्ने । प्रत्येक समूहले आफूलाई चिट्ठामा परेका ठाउँहरू पालिकाको नक्सामा कहाँ-कहाँ पर्छ होला भन्ने अनुमान गर्ने र मेट्न वा हटाउन मिल्ने चिह्न लगाउँदै इङ्गित गर्ने । कक्षामा जसलाई थाहा छ त्यो विद्यार्थी वा कसैलाई थाहा नभए शिक्षकले त्यस ठाउँबारेका तथ्य कक्षामा सुनाउने । शिक्षकले अन्त्यमा नमिलेका चिह्नलाई सच्याइदिने ।<br>- यस्ता स्थानहरूमध्ये कुनभन्दा कुन अगाडि बनेको वा पहिचानमा आएको हो भन्नेबारे छलफल गर्ने ।<br>- पालिकाको ऐतिहासिक वा सांस्कृतिक स्थानमा भ्रमण गएको बेलाको व्यक्तिगत अनुभवबारे लेखेर कक्षामा सुनाउन लगाउने । अनुभव लेख्दा दैनिकीजस्तो नभई केही देखेर आएका विचार वा महसुस भएका कुरा लेख्न निर्देशन दिने । | - पालिकाका विभिन्न ऐतिहासिक तथा सांस्कृतिक स्थानको विवरण र त्यससँग जोडिएको कथा भन्न सकेको<br>- पालिकाका बस्तीहरूको इतिहासको अनुमानित समयक्रम बताउन सक्ने<br>- ती ठाउँका पर्यावरण, यात्रा गर्दाको अवस्था वा प्रचलित कथाबारे लेख्न/भन्न सकेको<br>- व्यक्तिगत बुझाइ वा अनुभवका आधारमा कविता, निबन्ध, कथा, यात्राका विवरण लेखेर कक्षामा प्रस्तुत गरेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती गापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | - पालिकामा कुन समुदाय कहाँबाट कहिले कहाँ-कहाँ आयो भन्न सक्ने<br>- आफ्नो गाउँमा भएको बसाइँसराइका कारणहरूबारे परिचित हुने | - हामी र हाम्रो समुदायको यात्रा | - सबै विद्यार्थीले आफ्नो टोलमा दश वर्षभित्र बसाइँ सरी आएका परिवारलाई उनीहरूको पहिलेको गाउँ छोड्नु र अहिलेको गाउँमा आउनुको कारण सोधेर टिपोट गर्ने । साथै बसाइँ जाने परिवारहरूका सम्भावित छोड्ने कारण छरछिमेकलाई सोधेर टिपोट गर्ने । टिपोट कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बसाइँ आउने र जाने कारणबारे छलफल गर्ने ।<br>- पालिकाका सबैभन्दा पुराना र नयाँ बस्तीमा जाने र ती दुईका फरकहरू अध्ययन गर्ने । | - आफ्नो छरछिमेकमा कुन जातीय समूह कहाँबाट कहिले आएको हो भन्नेबारे विवरण बनाएर प्रस्तुत गरेको<br>- पालिकाका सबैभन्दा पुराना दुई बस्तीको ५० शब्दमा विवरण दिएको<br>- आफ्नो ठाउँमा वा आफ्नो ठाउँबाट मान्छेहरू किन बसाइँसराइ गर्छन् भन्न सकेको<br>- पुराना र नयाँ बस्तीका २/२ विशेषता, फाइदा र बेफाइदा लेख्न सकेको | २ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - वनस्पतिको वातावरणीय महत्त्व बुझेर बोटबिरुवा संरक्षण गर्नुपर्छ भन्ने भावनाका साथ तर्क दिन सक्ने<br>- स्थानीय वनस्पतिको प्रभावबारे भन्न सक्ने | - वातावरणका लागि वनस्पति | - वरपरका वन वनस्पति (फुलेका बेला भए राम्रो) अवलोकनका लागि लगेर त्यसले कसरी पारिस्थितिकी प्रणालीमा सहयोग गर्छ भन्ने कुराको खोज गर्न दिने । सो वनस्पति सहितको पारिस्थितिकी प्रणालीको चक्र बनाएर प्रस्तुति दिन लगाउने ।<br>- स्थानीय वनस्पतिको महत्त्वबारे कथा वा निबन्ध लेख्न दिने ।<br>- स्थानीय जडीबुटी विज्ञलाई कक्षामा स्थानीय वन वनस्पतिको औषधीय प्रयोगबारे भन्न बोलाउने र विद्यार्थीबाट प्रश्नोत्तर सत्र सञ्चालन गराउने । जडीबुटी तथा गैरकाठ वनपैदावर विषयसँग मिलाएर यो क्रियाकलाप गराउन सकिन्छ । बूढापाकामा रहेको स्थानीय वन वनस्पतिको ज्ञान हराउँदै गएकाले नयाँ पुस्ताले जान्नुपर्ने कुरा बताउने ।<br>- स्थानीय वनस्पतिका सम्पूर्ण वा कुनै भागका चित्र बनाउन लगाउने । | - गाउँघरतिर पाइने वनस्पतिको महत्त्वबारे लेख्न र भन्न सकेको<br>- वातावरणको पारिस्थितिकी प्रणाली रेखा चित्रमा उतारेर प्रस्तुत गर्न सकेको<br>- स्थानीय बूढापाकामा रहेको वन वनस्पतिको ज्ञान किन जोगाउनुपर्छ र कसरी जोगाउन सकिन्छ भन्न लेख्न सकेको<br>- स्थानीय वनस्पतिका सम्पूर्ण वा कुनै भागका चित्र बनाउन सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| जीवजन्तु र चराचुरुङ्गी | - पालिकाका विशेष जीवजन्तु र चराचुरुङ्गीबारे जानकारी र तिनको हालको अवस्थाबारे परिचित हुने<br>- जीवजन्तु संरक्षणबारे सचेत हुने | - पालिकाका विशेष जीवजन्तु, चराचुरुङ्गी र तिनको हालको अवस्था | - पालिका क्षेत्रभित्र के कस्ता मुख्य जीवजन्तुको बसोबास रहेको छ ? भन्ने प्रश्न सोधेर अन्त्यमा सही जानकारी दिने । विद्यार्थीलाई ती जनावरमध्ये कुनै एकको विशेषता झल्किने गरी चित्र बनाउनुका साथै निबन्ध लेख्न दिने र कक्षामा प्रस्तुत गराउने ।<br>- पहिला पाइने कस्ता जनावर र चरा आजकल खासै देखिँदैनन् भन्नेबारे घरका ज्येष्ठ सदस्यलाई सोधेर आउन लगाउने । पालिकामा पाइने लोपोन्मुख जीवजन्तुको सूची दिने । यी जीवजन्तु किन लोप भइरहेका होलान् छलफल गर्ने ।<br>- जङ्गली जनावरबाट आफ्नो गाउँठाउँमा किसानलाई के असर परेको छ र किन जनावर खेत र बस्तीतिर आउँछन् भन्नेबारे छलफल गर्ने । | - पालिकामा पाइने पाँच मुख्य तथा दुई लोपोन्मुख जनावरहरूको नाम भन्न सकेको<br>- कुनै एक मुख्य जनावरबारे लेख्न तथा भन्न सकेको<br>- कुनै एक जनावरको मुख्य विशेषता झल्किने गरी चित्रमा देखाउन प्रयत्न गरेको<br>- जङ्गली जनावरबाट किसानलाई परेको असर कसरी घटाउने दुईवटा उपाय भन्न सकेको । | ५ |
| विषालु जीवजन्तु | - जनावर विषालु हुनुमा जीवविकासको प्रभावबारे परिचित हुने<br>- विषालु जीवजन्तुले वातावरणमा पार्ने सकारात्मक असर पहिचान गर्ने | - विषालु जीवबारे थप जानकारी | - बिच्छी, सर्प लगायतका जीव विषालु हुनुले वातावरणमा कस्तो प्रभाव पार्छ र किन महत्त्वपूर्ण छ भन्नेबारे वृत्तचित्र देखाउने वा शिक्षकले जानकारी दिने र छलफल गर्ने ।<br>- जीवविकासको क्रममा आफ्नो शिकारी वा खतराबाट बच्न विभिन्न जीवले विकास गरेका आत्मरक्षाका फरक फरक व्यवहारबारे छलफल गर्ने ।<br>- विभिन्न विषालु जीवहरूप्रति मानिसको प्राकृतिक प्रतिक्रियाबारे छलफल गर्ने र कसलाई के देख्दा डर लाग्छ वा के हुन्छ छलफल गर्ने । | - विषालु जीवको वातावरणमा रहेको महत्त्वबारे भन्न सकेको<br>- विभिन्न जीवहरूको आत्मरक्षाका व्यवहार पहिचान गर्न सकेको<br>- विभिन्न विषालु जीवहरूप्रति मानिसको प्राकृतिक प्रतिक्रिया बताउन सकेको<br>- कुनै विषालु जनावरमा मानिसको जस्तो बुद्धि पस्यो भने के होला जवाफ दिन सकेको वा १०० शब्द लेखेको | ५ |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - पालिकाका चट्याङबाट प्रभावित क्षेत्रको पहिचान गर्ने<br>- चट्याङ लाग्दा अपनाउनु पर्ने सावधानीबारे परिचित हुने | - चट्याङबाट सावधानी | - सम्भव भए चट्याङबारे भिडियो देखाएर छलफल गर्ने । विद्यार्थी आफूले बुझेको आधारमा चट्याङ लाग्नुको कारणबारे भन्न लगाउने । यसबारे पनि छलफल गर्ने ।<br>- चट्याङबारे अनुभव वा घटना भन्न लगाउने । पालिका चट्याङग्रस्त क्षेत्र रहेको तथ्य र पालिकाभित्रका चट्याङ पर्ने वा पर्न सक्ने स्थानहरूबारे अवगत गराउने । | - चट्याङ परेको बेलामा सुरक्षित रहने चार उपाय भन्न सकेको<br>- चट्याङ लाग्ने दुई कारण भन्न सकेको<br>- चट्याङको जोखिम न्यूनीकरणका लागि जनचेतना फैलाउन सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - आफ्नो वरपरका चट्याङ प्रभावित ठाउँहरूको समूहमा छलफल गरी सूची बनाउन दिने र त्यसबाट सुरक्षित रहन कस्तो सावधानी अपनाउने भन्नेबारे छलफल गर्ने ।<br>- चट्याङबारे कथा, कविता लेख्न लगाउने ।<br>- चट्याङको जोखिम न्यूनीकरण गर्नका लागि पालिकाले के गर्न सक्छ र गरिरहेको छ छलफल गर्ने र नभएमा माग गर्ने ।<br>- चट्याङको जोखिम न्यूनीकरण गर्नका लागि प्रचार तयार पारी समुदायमा समूह बनाई छलफल गर्ने । (यो विषय सकेसम्म चट्याङ पर्ने मौसममा र विज्ञानको विद्युत् पाठ पढाउँदा पढाउने ।) | - पालिका वा वडाको चट्याङको जोखिम न्यूनीकरण गर्ने व्यवस्थाबारे भन्न सकेको | |
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - गापामा सबैभन्दा प्रभाव पारेका सरुवा रोगबारे सचेत हुने<br>- तीबारे बच्ने र जनचेतना फैलाउने उपाय लागु गर्न सक्ने | - गापामा असर गरेका सरुवा रोग<br>- सरुवा रोगबाट बच्ने उपायहरू | - विद्यार्थीहरूलाई समूहमा बाँडेर गापामा धेरै देखिने विभिन्न सरुवा रोग (मलेरिया/डेंगु, टिबी, झाडापखाला, कोभिड-१९ आदि) भाग लगाएर यी रोगबाट स्वास्थ्य चौकीमा आउने व्यक्तिहरूको संख्या वा मृत्युदर के कस्तो छ नजिकको स्वास्थ्य चौकीमा वा वडामार्फत वा सम्भव भए गापाको स्वास्थ्य विभागमा बुझ्न लगाउने र थाहा भएजति जानकारी बटुल्न लगाउने ।<br>- माथिको जानकारी कक्षामा प्रस्तुति गर्दै कुनै रोगको प्रभाव किन धेरै भयो होला र यसलाई कम गर्न के कस्तो कदम चाल्नु पर्ला भन्नेबारे छलफल गर्ने ।<br>- अविभावक दिवस वा भेलामा यस्ता रोग फैलन नदिने र सुरक्षित रहनेबारे कविता, वक्तृत्वकला जस्ता प्रस्तुति गर्ने । | - गापाका सरुवा रोगबारे जानकारी संकलनमा र सामूहिक कार्यमा सक्रियता देखाएको<br>- गाउँमा सबैभन्दा धेरै लाग्ने तीनवटा रोग र ती कुन-कुन सरुवा हुन् भन्न सकेको<br>- गाउँमा सबैभन्दा धेरै लाग्ने तीनवटामध्ये एक रोगको कारण, बच्ने उपाय र उपचारबारे लेख्न भन्न सकेको<br>- कुनै एक माध्यमबाट यी रोगबारे जनचेतना फैलाउन प्रयत्न गरेको | ६ |
| वातावरण विनाश तथा संरक्षण | - गापामा रहेको प्रदूषण, तिनका मुख्य कारक र न्यूनीकरण तथा समाधानका उपाय पहिचान गर्ने | - गापामा रहेको प्रदूषणका कारण र रोकथाम | - आफ्नो ठाउँ वरपर तथा समग्र गापामा क-कस्ता प्रदूषण (वायु, माटो, पानी र ध्वनि प्रदूषण) रहेको थाहा छ ? भन्ने प्रश्न गर्दै विद्यार्थीको विचार लिने । तिनका कारण के होलान् र आफ्नो घर वरपर के कस्ता कामले प्रदूषण बढाउँछन् भन्नेबारे छलफल गर्ने ।<br>- सम्भव भए धारा, खोला, सडक, फोहोर सङ्कलन गरेर डढाउने ठाउँजस्ता प्रदूषण हुने ठाउँमा लाने र अवलोकन गरेर आफ्नो अनुभव लेख्न लगाउने । | - गापामा प्रदूषण फैलाउने पाँच मुख्य कारक टिपोट गरेको<br>- जलवायु परिवर्तनका दुई कारण र दुई असर भन्न सकेको<br>- प्रदूषण न्यूनीकरण तथा रोकथामका चार उपाय भन्न सकेको<br>- सबैको प्रदूषणमा बराबर योगदान छ कि छैन होला उदाहरणसहित विचार दिन सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - जलवायु परिवर्तनमा आफ्नो (स्वयम्, परिवार, पालिका, देश) नजानिँदो भूमिका र यसको असरबारे परिचित हुने | | - जलवायु परिवर्तनका कारण र असरबारे भिडियो देखाउने वा लेख पढ्न दिने र आफ्नो समुदायमा जलवायु परिवर्तनमा सहयोग गरिरहेको गतिविधिहरू के के रहेछन् टिप्न लगाउने (आफ्ना ठाउँमै ठूलाठूला कारखाना नभए पनि ती कारखानाका उत्पादन प्रयोग गर्नु पनि कसरी प्रदूषण बढाउने गतिविधिमा पर्दछ भनेर जानकारी दिने)।<br>- विद्यार्थीलाई प्रदूषण न्यूनीकरण तथा रोकथामका उपायहरूको सूची बनाउन दिने र पालैपालो प्रस्तुत गराएर छलफल गर्ने ।<br>- छलफल गरेका वायु, माटो, पानी र ध्वनि प्रदूषणका कारण र न्यूनीकरण तथा समाधानलाई सूचीबद्ध गरेर चार्टपेपरमा लेख्ने र कक्षामा टाँस्ने । | | |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - परम्परागत खेतीपातीका साधन र तिनका प्रयोग भन्न सक्ने<br>- घरायसी वा जीवनोपयोगी सामग्री निर्माण गर्न जान्ने वा नजाने पनि त्यसबारे सामान्य ज्ञान राख्ने | - परम्परागत खेतीपाती र थप जीवन उपयोगी सीपमा सहभागिता | - परम्परागत खेतीपातीमा प्रयोग हुने थाहा भएजति साधनको सूची लेखेर कक्षामा प्रस्तुत गर्ने, ती मध्येको जुनजुन सामान घर अथवा छिमेकमा छ, तिनका नाम, ती केबाट बनेका हुन् र तिनको प्रयोग लेख्नुका साथै चित्र बनाएर ल्याउन लगाउने । आफ्नो घर वा छिमेकमा छैन भने कम्तीमा दुई सामग्रीबारे घर वा छिमेकमा जसलाई थाहा छ सोधेर लेख्न र प्रस्तुत गर्न लगाउने ।<br>- धान र मकै बालीमा बीउ छर्नेदेखि पकाउने अवस्थासम्म चलाइने परम्परागत औजारको सूची तयार गर्ने ।<br>- परम्परागत शैलीमा कसरी खेती गरिन्छ भन्नेबारे छलफल गर्न विज्ञ किसानलाई कक्षामा बोलाउने । किसान, शिक्षक र विद्यार्थीको सल्लाहमा कुनै एक अन्न बाली छानेर त्यसको खेतीको परम्परागत शैलीबारे किसानसँग सोध्दै क्रमागत रूपमा लेख्न लगाउने । खेतीपातीमा अघिल्लो पुस्ताभन्दा आजकलका सामग्री, साधन, औजार के के फरक छ सोधेर टिपोट गर्ने । | - परम्परागत खेतीको प्रक्रिया वा उदाहरण दिन सकेको वा कम्तीमा परम्परागत खेतीका दुईवटा सीप जानेको<br>- खेतीपातीमा प्रयोग हुने चारवटा औजार र साधनहरूको चित्र बनाउन सकेको<br>- आफ्नो रुचिको परम्परागत सीपको अभ्यास गरेर कम्तीमा एउटा सामग्री निर्माण गरेको वा प्रयत्न गरेको<br>- आफ्नो रुचिको परम्परागत सीपमा काम गर्दा एक दिनभरिको लिखित विवरण पेश गर्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - कक्षा ५ मा जसरी विद्यार्थीलाई आजसम्म पढेकामध्ये थप कुन-कुन सामग्रीसँग काम गर्न मन लागेको छ लेखाउने र ती मध्येको एउटा सामग्रीको नमुना आफैं बनाउने ।<br>- परियोजनात्मक कार्य दिने । यी सामग्री जम्मा गरेर विद्यालयको अभिभावक दिवस, बालदिवस वा कुनै कार्यक्रम आयोजना गरिएको बेला प्रदर्शनमा राख्ने ।<br>- विद्यार्थीलाई रुचि भएको विषयमा सीप भएका व्यक्तिसँग एक दिन काम गर्ने । त्यसको दिनभरिको लिखित विवरण बनाउन दिने । (कृषि र पशुपालन विषयसँग एकीकृत गरेर पढाउन सकिन्छ ।) | | |
| लोक कला तथा साहित्य | - गीत र कथा बाहेकका लोक तथा स्थानीय कलाबारे खोजी गर्ने<br>- आफ्नो रुचिको कलाक्षेत्रबारे परिचित हुने र उक्त कला सिक्न वा प्रस्तुत गर्न प्रयत्न गर्ने | - सामुदायिक कला तथा अभ्यास | - गीत, कथाबाहेक स्थानीय अरू कला के के होलान् ? भन्ने प्रश्न गर्ने । विद्यार्थीले चित्रकला, मूर्तिकला वाद्यकला (सङ्गीतको ज्ञान), अभिनय, नृत्य आदिका साथै फोटोग्राफी, चलचित्र पनि भन्न सक्छन् । यीमध्ये कुन-कुन र कस्ता कला लोक तथा साहित्य कलामा पर्लान् र गाउँमा परम्परागत वा सांस्कृतिक रूपमा प्रचलित के के होलान् छलफल गर्ने ।<br>- विद्यार्थीलाई आफ्नो ठाउँतिरको कुनै यस्ता कलाकार (चित्रकार, परम्परागत वा सांस्कृतिक कार्यक्रममा अभिनय तथा नृत्य गर्ने) लाई भेटेर उनको कला अभ्यासबारे लेखेर ल्याउन लगाउने । सम्भव भए त्यस्ता व्यक्तिलाई कक्षामै प्रस्तुति तथा प्रश्नोत्तर सत्रका लागि बोलाउने ।<br>- स्थानीय मूलका नभए पनि घरगाउँमा परम्परागत कलाका कुन-कुन रूप देख्न सकिन्छ पत्ता लगाउने र सूची बनाउने (जस्तै : थाङ्का, गुम्बामा मूर्ति) ।<br>- विद्यार्थीलाई रुचि भएको कलाक्षेत्र (लेखन, गायन वाद्यवादन, चित्रकला, अभिनय, नृत्य, निर्माण आदि) कुन हो, किन मन पर्छ, त्यसको के मन पर्छ, त्यो क्षेत्रको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूमध्ये को-को मन पर्छन् र किन ? आदि जस्ता प्रश्नको उत्तर आउने गरी अनुच्छेद लेख्न लगाउने र कक्षामा प्रस्तुत गर्न दिने । | - गीत र कथा बाहेकका लोक साहित्य तथा स्थानीय कलाबारे चारवटा कुरा भन्न सकेको<br>- आफ्नो रुचिको कलाक्षेत्रबारे खुलेर भन्न सकेको<br>- आफ्नो रुचिको कला सिक्न वा त्यसबारे बुझ्न इच्छा देखाएको<br>- कला किन जरुरी छ र स्थानीय कला संरक्षण र विकास गर्न के गर्नुपर्छ तीनवटा कुरा भन्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - विद्यार्थीले उल्लेख गरेका कलासँग सम्बन्धित स्थानीय कलाकारहरूसँग भेटाउने वा भेटाउन सहयोग गर्ने र विद्यार्थीले रुचि देखाएका कलाबारे बुझ्न, सिक्न र प्रस्तुत गर्न उत्प्रेरित गर्ने । | | |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - स्थानीय चालचलन र चाडपर्वबारे परिचित हुने र गौरव गर्ने | - जन्मेदेखि मृत्युसम्मको रीति<br>- चाडपर्व | - विद्यार्थीको नाम कसले कसरी राख्यो भन्नेबारे सोध्ने र घरमा सोधेर आउन लगाउने ।<br>- हालसालै कोही कसैको जन्म वा विवाह वा घेवामा गएको छ कि भनेर सोध्ने र गएकाहरूलाई आफूले त्यहाँ देखेका, खाएका, सुनेका, गरेका कुरा तथा आफ्नो अनुभव कक्षामा सुनाउन लगाउने । सबै विद्यार्थीलाई आफू पछिल्लोचोटि गएको धार्मिक वा सामाजिक कार्यक्रमको अनुभवबारे लेखेर ल्याउन दिने ।<br>- यस्ता कार्यक्रमको काम के होला र विभिन्न जातीय समूहबीच यो कसरी फरक हुन्छ भन्नेबारे छलफल गर्ने ।<br>- आफ्नो समुदायमा जन्मभन्दा अघिदेखि मृत्युसम्म के के गर्छन् भन्नेबारे घरमा सोधेर सूची बनाउन लगाउने ।<br>- कुन-कुन चाडपर्व मनाएको थाहा छ भनेर सोध्ने । सबभन्दा नजिक आउन लागेको वा गएको चाडपर्वबारे किन कसरी कति दिन मनाइयो र मनाइन्छ भनेर छलफल गर्ने ।<br>- फरक जातीय समूहबीच के फरक छ भनेर छलफल गर्ने । चाडपर्वसँग सम्बन्धित खाने वा लाउने वा कुनै सांस्कृतिक सङ्केत लिएर आउन र छलफल गर्न लगाउने ।<br>- चाडपर्वका विविधता र त्यसका नकारात्मक पक्षबारे छलफल गर्ने (यस्ता विषयमा विद्यार्थीलाई शिक्षकले बताउनुपर्ने भएकाले अरू शिक्षकसँग वा गाउँघरमा गएर जानकारी लिने) । | - आफ्नो समुदायको कम्तीमा मृत्युदेखि जन्मसम्मका पाँच संस्कार र चाडपर्वका नाम र तिनका एक-एक मुख्य पक्ष भन्न सकेको<br>- आफ्नो समुदायको कम्तीमा दुई-दुईवटा संस्कार र चाडपर्वको प्रयोजन र महत्त्व बताएको<br>- आफ्ना संस्कारका सकारात्मक र नकारात्मक पक्षबारे मनन गरेर प्रस्तुत गर्न सकेको<br>- आफूलाई मन पर्ने एक-एक संस्कार र चाडपर्वबारे २५ वाक्य जति नदोहोरिएका वाक्य लेखेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा खानाको परिकारबारे परिचित हुने<br>- स्थानीय तथा परम्परागत खानाको प्रोत्साहन गर्ने र महत्त्वबारे बताउन सक्ने | - हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा परिकार | - हरेक विद्यार्थीलाई घर तथा छरछिमेकमा भएका पाँचजना ज्येष्ठ व्यक्तिलाई उहाँहरू सानो हुँदाको मन पर्ने खानेकुराहरू के थियो ? कहाँ पाइन्थ्यो ? अहिले पाइन्छ कि पाइँदैन ? अचेल नपाइने वा अत्यन्तै कम पाइन थालेका स्थानीय फलफूल तरकारी वा परिकार के के छन् ? आदि जस्ता प्रश्न सोधेर जानकारी बटुलेर ल्याउन लगाउने ।<br>- चार-पाँच जनाको समूहमा ती जानकारी साट्दै ती खानेकुरामध्ये कुन-कुन स्थानीय वा पोषक हुन् वर्गीकरण गर्न लगाउने । ती मध्येका केही किन अहिले नपाइने वा कम हुँदै गइरहेका होलान्, अल्पपोषण भएका खानेकुराले यसमा केही भूमिका खेलेको छ कि भन्नेबारे छलफल गर्न लगाउने । समूहबाट निस्केको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने र ठूलो समूहमा छलफल गर्ने ।<br>- किन स्थानीय र परम्परागत खाना खानुपर्छ होला छलफल गर्ने । जीवन पर्यन्त परम्परागत खाना नै महत्त्वपूर्ण हुन्छ भन्ने जस्ता शीर्षकमा वक्तृत्वकला प्रस्तुत गर्न लगाउने ।<br>- घरमा फलेका परम्परागत फलफूल वा कुनै एउटा परिकार घरमा बनाएर ल्याउन लगाउने र कक्षामा प्रस्तुत गराउने । कक्षाको समय हेरेर कक्षामै अलिकति चाख्न दिने वा खाजा खानेबेला बाँडीचुडी खान भन्ने । | - हराउँदै गएका स्थानीय फलफूल तरकारी तथा खानाको परिकारबारे भन्न सकेको<br>- किन परम्परागत बालीनाली, फलफूल वा परिकार हराउँदै गएका होलान् तीनवटा कारण भन्न सकेको वा तीनवटा किन जोगाउनुपर्ने भन्न सकेको<br>- परम्परागत खानाको तीनवटा महत्त्व बताउन सकेको<br>- स्थानीय खानेकुरा चिनेको वा बनाएर प्रस्तुत गरेको | ५ |

# ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| नदीनाला | - पालिकाका मुख्य खोलाहरूको परिचय र विशेषता भन्न सक्ने र तिनका विशेषतामा अपनत्व राख्ने<br>- आफ्ना ठाउँबारे व्यक्तिगत अनुभवमा कविता, निबन्ध, कथा, यात्राका विवरण लेख्ने | - पालिकाका मुख्य खोलाहरू- बागमती, चौराहा, चिरूवा | - पालिकाका मुख्य खोलाहरूको परिचय दिने। सम्भव भएसम्म भ्रमणमा लाने, नभए विभिन्न कोणबाट लिइएका चित्र तथा भिडियो देखाउने।<br>- विद्यार्थीहरूको पछिल्ला भ्रमण वा आफ्नो अनुभवका आधारमा यी नदीहरूको भौगोलिक विशेषता कस्तो होला भन्नेबारे छलफल गराउने।<br>- खोला तर्ने, जाल बनाउने र हाल्ने सीपहरूको अभ्यास गराउने।<br>- खोला र त्यहाँबाट देखिने मुख्य ठाउँ वा वरपरका ठाउँहरूको अवस्थितिबारे जिल्ला, पालिका वा नेपालको नक्सामा देखाउन लगाउने।<br>- ती खोलाहरूमा कसरी र कस्तो खालको प्रदूषण हुन्छ र प्रदूषणबाट जोगाउन के गर्न सकिन्छ भन्नेबारे छलफल तथा क्रियाकलाप गराउने। क्रियाकलापमा विद्यार्थीलाई खोलामा लगेर सरसफाइ अभियानको नमुना देखाउन सकिन्छ।<br>- पालिकाका कुनै एक खोलासम्बन्धी आफ्नो व्यक्तिगत अनुभव वा भावनाका आधारमा कविता, निबन्ध, कथा वा यात्राका विवरण लेख्न दिने। | - पालिकाका नदीहरूको नाम र अवस्थितिबारे भन्न सकेको<br>- जाल बुन्न, हाल्न र नदी तर्न प्रयास गरेको<br>- आफ्नो क्षेत्रका नदीहरूको सरसफाइ अभियान निरन्तर गरेको वा प्रयत्न गरेको अथवा यसबारे सचेतना फैलाउनमा रुचि देखाएको<br>- रचनात्मक माध्यमबाट नदीनालाका विशेषता तथा विवरण प्रस्तुत गर्न सकेको | ५ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - अपूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- विभक्ति र नामयोगी प्रयोग गरेर वाक्यहरू बनाउने<br>- 'कसरी' प्रश्न प्रयोग गर्ने<br>- जीविका, खाना, भान्छा आदि सम्बन्धित शब्द प्रयोग गर्ने | - अपूर्ण भूत तथा अभूतकालका ढाँचा<br>- विभक्ति र नामयोगीको प्रयोग | - हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)<br>- विद्यालय आउँदै गर्दाको वा अन्य कुनै घटनाको विवरण अपूर्ण भूतकालका क्रिया प्रयोग गरेर लेख्न र कक्षामा भन्न लगाउने । यसै गरी अपूर्ण वर्तमानको ढाँचा अभ्यास गराउन कसैले केही गरिरहेको प्रक्रिया वा गतिविधि लेखेर भन्न लगाउने । यिनमा प्रयोग भएका विभक्ति र तिनका प्रयोगबारे छलफल गर्ने ।<br>- जीविका, खाना, भान्छा आदि सम्बन्धित शब्द वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने ।<br>- महिना र ऋतुको चित्रात्मक पात्रो बनाउने र महिना र ऋतुहरूको नाम फरक भाषामा लेख्ने र भन्ने, महिना र ऋतुअनुसार पर्व र खाना पनि त्यो पात्रोमा फरक भाषामा लेख्ने र भन्ने ।<br>- विभिन्न समुदायको विशेष पर्व परेको दिन याद गर्ने र सोही दिनसँग सम्बन्धित भाषामा उक्त पर्व मनाउने विद्यार्थी वा शिक्षकलाई (वा कोही नभए जानकारी दिएर) शुभकामना आदानप्रदान गर्ने/गराउने ।<br>- समुदायको कुनै एक परिकार कसरी बनाउने ? भन्ने प्रश्नको उत्तर स्थानीय वा मातृभाषामा एक अनुच्छेद लेखेर ल्याउन लगाउने (अधिकतम आठ शब्दको वाक्य) ।<br>- उपलब्ध भएमा अलगअलग भाषाको कुनै चलचित्र देखाएर वा गीत सुनाएर कस्तो लाग्यो, के मन पऱ्यो, के मन परेन, अरू कुन-कुन गीत वा चलचित्र मन पर्छ आदि उत्तर आउने गरी सोही वा फरक भाषामा एउटा अनुच्छेद लेख्न दिएर सबैलाई सुनाउन लगाउने । | - बोलीचाली र लेखाइमा अपूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सकेको<br>- विभक्ति र नामयोगी प्रयोग गरेर वाक्यहरू बनाएको<br>- समुदायका पर्व तथा खानाका स्थानीय नाम भन्न सकेको<br>- प्रक्रिया बुझाउने गरी 'कसरी' प्रश्नको उत्तर दिन सकेको | ३० |

## कक्षा ७

### १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| जीविकाको मुख्य आधार | - अधिकांश पालिकावासीहरूले खान बनाउन र आफ्नो जीविकोपार्जनमा प्रयोग गर्ने गरेका मुख्य उर्जाका साधन पहिचान गर्ने<br>- पालिकाका मुख्य सञ्चार र आवागमनको स्थितिबारे परिचित हुने | - पालिकामा उर्जा, सञ्चार र यातायातको स्थिति | - पालिकावासीले प्रयोग गर्ने मुख्य उर्जाका साधन (सोलार, जलविद्युत्, गोबरग्याँस, एलपीजी ग्याँस) बारे जानकारी दिने र विद्यार्थीका घरमा विभिन्न घरायसी तथा अन्य काममा कुन उर्जाका साधन प्रयोग हुन्छ सोध्ने । हरेक उर्जाका साधनले मानिस र प्रकृतिमा कस्तो असर पर्छ छलफल गर्ने । विद्यार्थीलाई समूहमा विभाजन गरेर त्यस ठाउँमा प्रयोग हुने उर्जाहरू मध्येका एक-एक साधनबारे चित्रकला, लेखन तथा प्रस्तुतिमार्फत बुझाउन लगाउने ।<br>- सञ्चार तथा यतायातको स्थिति बुझ्न गापा वा सोसँग सम्बन्धित निकायमा गई वा टेलिफोन सम्पर्क गरी जानकारी लिन लगाउने । पालिका स्तरको जानकारी आफ्नो वडा वा ठाउँमा कत्तिको समानान्तर रूपमा लागु हुन्छ खोज गर्न लगाउने । यस्तो सामूहिक परियोजनात्मक क्रियाकलापमा साधारण रिपोर्ट तयार गर्न तथा प्रस्तुति गराउन पनि सकिन्छ । | - पालिकामा उर्जा, सञ्चार र यातायातको स्थिति भन्न सकेको<br>- आफ्नो गाउँमा उर्जा, सञ्चार र यातायातको अवस्थाबारे प्रस्तुत गर्न सकेको<br>- यस विषयमा २५० शब्द जतिको रिपोर्ट लेख्न सकेको<br>- आफ्नो घरगाउँमा आउने र गएका दुई-दुई पुस्तामा उर्जा र यातायातको स्थिति के थियो र हुन्छ होला बूढापाकासँग कुरा गरेर र कल्पना गरेर कथा वा निबन्धमा व्यक्त गर्न सकेको | ३ |
| जडीबुटी तथा गैरकाठ वनपैदावर | - विभिन्न रोगमा शारीरिक वा मानसिक शक्ति बढाउन समुदायमा प्रयोग हुँदै आएको जडीबुटी चिन्ने<br>- मात्रा र उपयोगिता नमिलाए हानि गर्न सक्नेबारे सचेत हुने | - विभिन्न रोगका बिरामीका लागि प्रयोग गरिने जडीबुटी | - सामान्य रूघाखोकीमा के प्रयोग हुन्छ, कसरी हुन्छ, त्यो जडीबुटी हेर्दा कस्तो हुन्छ, त्यसको वासना, स्वाद वा छुँदा कस्तो हुन्छ भन्नेबारे आफ्नो घर वा समुदायमा बुझेर जानकारी भेला पारेर कक्षामा प्रस्तुति दिन लगाउने ।<br>- कुनै पनि जडीबुटी नबुझी खानु हुँदैन भन्नेबारे स्थानीय उदाहरण भए खोजेर जानकारी दिने वा विद्यार्थीमध्ये कसैले भोगेको, देखेको वा सुनेको छ भने अनुभव भन्न लगाउने । (उदा. सामान्य ज्वरो, चिसोमा वा अनिद्रा हुँदा जाइदाना खाइन्छ तर यो धेरै मात्रामा खाए वाकवाकी, मुख सुख्खा हुने, रिँगटा लाग्ने, मुटुको धड्कन अनियमित हुने, झुक्किने वा मतिभ्रम र अत्यन्तै गम्भीर अवस्थामा मृत्युसमेत हुन सक्छ) । | - विभिन्न पाँच-दश रोगका लागि प्रयोग गरिने जडीबुटी पहिचान गर्न सकेको<br>- जडीबुटीको प्रयोगमा सावधानी अपनाउनु पर्छ भन्ने धारणा प्रस्ट्याउन कम्तीमा एउटा उदाहरण दिन सकेको<br>- स्मरणशक्ति वा अरू शारीरिक वा मानसिक शक्ति बढाउने जडीबुटीको सूची बनाएको<br>- कम्तीमा तीन जडीबुटी धेरै खाए के हुन सक्छ खोज गरेर प्रस्तुत गरेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - स्मरणशक्ति वा अरू शारीरिक वा मानसिक शक्ति बढाउने कुनै जडीबुटी छन् कि सोधेर तिनको सूची बनाउन लगाउने । | | |
| कृषि र पशुपालन | - जैविक मलको फाइदा पहिचान गर्ने र बनाउन जान्ने<br>- आफैं बोटबिरुवा रोप्न र फलाउन सक्ने | - स्थानीय र घरमै उमारिएका खानेकुराका फाइदा<br>- जैविक मलका फाइदा | - विद्यालयमा करेसाबारी छैन भने बनाउने । हरेक विद्यार्थीले छ महिनाभित्रमा फल लाग्ने एउटा बिरुवा रोप्नुपर्ने र त्यसमा मलजल गरेर स्याहार्ने निर्देशन दिने । आफ्नो बोटमा फलेको फलफूल तरकारी घर लग्न वा दिवा खाजामा प्रयोग गर्न पाइने जानकारी दिने । शिक्षकले बेलाबेलामा विद्यार्थीलाई सोधिरहने र विद्यार्थी केही कुरामा अलमल भए बुझाइदिने ।<br>- शिक्षक वा स्थानीय विज्ञको सहयोगमा विद्यार्थीलाई बिरुवा गोड्न, फलफूलको बिरुवा कटिङ गर्न र जैविक झोल मल बनाउन देखाउने र गर्न लगाउने सिकाउने ।<br>- बोटबिरुवाका लागि शत्रु र मित्रजीव विद्यार्थीलाई चिन्न लगाउने । शत्रुजीवको नियन्त्रण कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने । रासायनिक विषादी नभई प्राकृतिक तथा मित्रजीवलाई हानि नपुऱ्याउने खालका कीटनाशकको प्रयोग गर्नुपर्छ भन्नेबारे सचेत गराउने । यो कुरा गाउँघरमा कसरी गरिन्छ पत्ता लगाउने ।<br>- घरैमा खानेकुरा उमार्नुका फाइदा/बेफाइदाबारे वादविवाद गर्ने । वादविवादमा उठेका विषयहरूमा शिक्षकले नपुग कुरा थप गर्ने : खासगरी बजारमा बेचिने फलफूल तरकारीमा हालिने रासायनिक मल र विषादीले माटो र मानिसको स्वास्थ्यमा पर्ने असरबारे जानकार गराउने र अहिल्यैदेखि उमार्न सिकेन भने ज्ञान, सीप र अप्ठ्यारो अवस्था सामना गर्ने आँट हराउने कुरा बताउने ।<br>- घरका ज्येष्ठ सदस्यलाई पहिला रोपिने गरेका तर आजभोलि स्थानीय रूपमा नरोपिने वा एकदम कम रोपिने फलफूल, तरकारी वा अन्न कुन हुन् भन्ने सोधेर टिपेर ल्याउन लगाउने । ती किन रोप्न छोडिएका होलान् र यी बिरुवा किन जोगाउनपर्छ भन्नेबारे कक्षामा छलफल गर्ने । | - शत्रु र मित्रजीव पहिचान गर्न सकेको<br>- फलफूल र बिरुवाको कटिङ गर्ने जानेको<br>- जैवीक मल र रासायनिक मलका फरकमा फाइदा/बेफाइदा टिपोट गरेको<br>- विषादीले स्वास्थ्यमा गर्ने असरबारे बताउन सकेको<br>- आफैंले खानेकुरा उमार्नुका तीन फाइदा भन्न सकेको<br>- विद्यालयको करेसाबारीमा सक्रिय सहभागिता देखाएको<br>- घरमा वा विद्यालयमा कम्तीमा एउटा बोट रोपेर फलाएको<br>- आजभोलि कम रोपिने बाली पहिचान गर्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - जैविक र रासायनिक मलबीच विभिन्न पक्ष (खर्च, उत्पादन, दिगो उत्पादन, वातावरणीय असर, पुनर्प्रयोग, स्वास्थ्यमा पार्ने असर आदि) का आधारमा फरक छुट्याएर कक्षामा प्रस्तुत गर्न दिने । | | |
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - पालिकामा कुन काम कहिलेदेखि सुरू भए अध्ययन गर्ने<br>- अबका ५, १०, २५ वर्षमा धेरैले के गरिरहेका हुन सक्लान् भन्नेबारे अनुमान गर्न सक्ने | - पालिकामा विभिन्न कामको इतिहास र भविष्य | - विद्यार्थीलाई समूहमा बाँडेर पालिकामा हुने कृषि बाहेकका विभिन्न पेसा वा काम भाग लगाउने (जस्तै : कर्मचारी वा शिक्षक, ड्राइभर, दोकाने, होटले, मिस्त्री, सिकर्मी, डकर्मी) र उनीहरूलाई ती काम पालिकामा कहिले र कसरी सुरू भयो ? त्यसबखत के कस्ता विकासका तथा समाजका काम भइरहेका थिए ? ती काम गर्न मान्छे कहाँदेखि आए ? आदि प्रश्न सम्बधित निकायमा सोधेर, खोज गरेर छोटो प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- प्रतिवेदन तथा प्रस्तुतिका आधारमा अबका ५, १०, २५ वर्षमा पालिकामा कस्ता काम गर्ने व्यक्तिहरू धेरै हुन्छन् होला, के कामको बढी आवश्यकता पर्छ होला भन्नेबारे समूहमा छलफल गर्ने ।<br>- पेसामध्ये आफूलाई सबभन्दा जरुरी कुन लाग्छ प्राथमिकताको सूची बनाउने र छलफल गरी प्राथमिकतामा सहमति गर्ने । | - पालिकामा कुन काम कहिलेदेखि सुरू भए र तीबारे अन्य विवरण दिन सकेको<br>- अबका ५, १०, २५ वर्षमा धेरैले के गरिरहेका हुन सक्लान् प्राथमिकताको सूची बनाएको<br>- पेसामध्ये आफूलाई सबभन्दा जरुरी कुन लाग्छ प्राथमिकताको सूची बनाएको<br>- विभिन्न काम भित्रिँदै गर्दा के कस्ता विकास तथा सामाजिक कार्य भइरहेका थिए खोज गरेको | ४ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - गापाको विविध पक्षको संक्षिप्त परिचय दिन सक्ने<br>- मकवान पुर जिल्लाका र छिमेकी पालिकाहरूको स्थानबारे परिचित हुने | - बागमती गापाबारे सामान्य ज्ञानः सामाजिक तथा भौगोलिक अवस्थितिसँग सम्बन्धित तथ्याङ्क | - गापाका विभिन्न पक्षको आधिकारिक तथ्याङ्क (क्षेत्रफल, भूगोल, अक्षांश, देशान्तर, जीविका, साक्षरता, जातजाति, धर्म, भाषा) प्रस्तुत गर्ने र यसले के जनाउँछ होला भन्नेबारे छलफल गर्ने । (गापाको विवरणबाट लिने, तथ्य मिल्छ/मिल्दैन छलफल पनि गर्ने, शिक्षक आफूले पनि थप्ने) | - विद्यार्थीले बागमती गापाको विशेषता झल्किने गरी सामान्य परिचय दिन सकेको<br>- गापाका सेवाप्रदायक संस्थाको कामको आवश्यकता र असरबारे प्रस्तुत गर्न सकेको | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - गापाभित्रका विभिन्न सेवाप्रदायक संस्था र तिनका कामबारे जानकार हुने | - मकवानपुरको र जिल्ला भित्रकै सीमा जोडिएका जिल्लाको अवस्थिति र विवरण<br>- बागमती गापाका संस्थागत साथीहरू | - मकवानपुर जिल्लाको नक्सामा बागमती गापा र अरू पालिकाको स्थिति बयान गर्ने ।<br>- नेपालमा गापाको स्थितिबारे पनि केही छलफल गर्ने ।<br>- बाहिरका मान्छेलाई आफ्नो गापा कसरी चिनाउन सकिन्छ भन्नेबारे प्रस्तुति दिन लगाउने । प्रविधिको प्रयोग गर्न सकिने अवस्थामा अरू ठाउँका विद्यालयसँग भर्चुअल कार्यक्रममार्फत यो क्रियाकलापको अभ्यास गर्न सकिन्छ ।<br>- गापाभित्र रहेका विभिन्न सेवाप्रदायक संस्थाहरूको परिचय दिने । विद्यार्थीलाई समूहमा विभाजन गरेर विभिन्न संस्था र तिनका कामबारे प्रस्तुति दिन लगाउने । यसका लागि सम्भव भएसम्म त्यस्ता संस्थामा नै अथवा तिनका काम देखिने स्थानमा लाने वा केही संस्थाका प्रतिनिधि कक्षामा बोलाएर प्रश्नोत्तर सत्र राख्ने ।<br>- गापालाई उत्तर र दक्षिणबाट घेरेका महाभारत र चुरेका विशेषताबारे छलफल गर्ने ।<br>- गाउँपालिकाको नक्सा उतार गर्न र बनाउन अभ्यास गर्ने । त्यसमा वडाको सिमानाहरू देखाउन लगाउने । | - बागमती गापाको  सन्दर्भमा महाभारत र चुरेको विशेषता भन्न सकेको<br>- पालिकाका वडाका साथै छिमेकी पालिका देखाई नक्सा बनाएको | |
| स्थानीय रेकर्ड बुक | - बागमती गापाका इतिहाससम्बन्धी तथ्याङ्कबारे परिचित हुने | - इतिहास (भौतिक तथा मानवीय) | - बागमती गापाका इतिहास (भौतिक तथा मानवीय) सम्बन्धी तथ्याङ्कसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने । जस्तै : सबैभन्दा ठूलो गुम्बा, लडाइँ भएको ठाउँ, विभिन्न राजा आएको विवरण, सबैभन्दा पुरानो मन्दिर, पहिलो पिएचडी (महिला/पुरूष), पहिलो एमूए (महिला/ पुरूष), पहिलो बिए (महिला/पुरूष), पहिलो एसूएलूसी (महिला/पुरूष), पहिलो शिक्षक (महिला/पुरूष), पहिलो डाक्टर, पहिलो इञ्जिनियर, पहिलो नर्स, राजनीतिक दृष्टिले वरिष्ठ पद धारण गरेको, सरकारी गैरसरकारी सेवामा वरिष्ठ, प्रहरीमा वरिष्ठ, पहिलो गीतकार, पहिलो गायक, र यिनलाई जातिअनुसार अझ विभाजन गर्न सकिन्छ आदि । | - बागमती गापाको इतिहास, भौतिक र मानवीयसम्बन्धी विवरण भन्न सकेको<br>- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको<br>- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको<br>- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको (केही नपरे पनि किन केही परेन कारण पनि भनेको) | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्त्व र सम्भावनाबारे अध्ययन गर्ने | - पालिकाका भौगोलिक विशेषता भएका ठाउँको वातावरण, महत्त्व र सम्भावना | - विद्यार्थीको व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा आफ्नो घर तथा विद्यालय नजिकैका भौगोलिक तथा सामाजिक विशेषता झल्किने गरी गीत, कविता र निबन्ध रचना गरेर गाउन/वाचन गर्न लगाउने ।<br>- पालिकाका विशेष भौगोलिक ठाउँहरूको महत्त्व र सम्भावनाबारे छलफल गर्ने । समूहमा एक-एकवटा स्थानबारे केन्द्रित भएर हालको सेवा सुविधा तथा त्यस ठाउँको सम्भावित सदुपयोगबारे निबन्ध लेख्न दिने । | - पालिकाको भौगोलिक तथा सामाजिक विशेषता झल्किने गरी लेख रचना प्रस्तुत गरेको<br>- पालिकाका भौगोलिक विशेषता भएका ठाउँको महत्त्व र सम्भावनाबारे आफ्नो विचार राख्न सकेको<br>- आफू पालिका वा वडाको अध्यक्ष भए विशेष भौगोलिक ठाउँहरूमध्ये रोजेका एक/दुई ठाउँमा के गर्थें भन्न र २५ वाक्य जतिको निबन्ध लेख्न सकेको<br>- सोधपुछ, फोन गरेर वा इन्टरनेट हेरेर त्यस्ता अरू ठाउँमा के गरेका रहेछन् २५० शब्द जतिको विवरण लेख्न सकेको | ६ |
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - पालिकाका तथा छिमेकमा रहेका भौगोलिक ऐतिहासिक तथा सांस्कृतिक स्थानको महत्त्व र सम्भावनाबारे विचार प्रकट गर्ने | - पालिकाका तथा छिमेकमा रहेका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वातावरण, महत्त्व र सम्भावना | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानहरूको महत्त्व र सम्भावनाबारे छलफल गर्ने । छलफलको विषयमा समुदाय, तिनका रहनसहन, त्यो ठाउँप्रतिको परम्परागत रूपमा रहिआएको उनीहरूको विश्वास/मान्यताबारे पनि कुराकानी गर्ने । | - पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानमध्ये एकको महत्त्व र सम्भावनाबारे २५-५० शब्दमा बताउन र लेख्न सकेको<br>- ती ठाउँका विशेषता झल्किने गरी कथा, निबन्ध, कविता वा गीत रचना गरेको वा चित्र कोरेको | ४ |
| | | | - आफ्नो व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा त्यहाँका ऐतिहासिक तथा सांस्कृतिक विशेषता झल्किने गरी गीत, कविता वा निबन्ध रचना गर्ने र गाएर वा वाचन गरेर प्रस्तुत गर्न वा चित्र बनाउन दिने ।<br>- छिमेकमा रहेका हरिहरपुरगढी, मकवानपुरगढी, मानव निर्मित ताल इन्द्रसरोवर आदिका बारेमा जानकारी गराउने वा अध्ययन भ्रमण गराउने । | - ऐतिहासिक तथा सांस्कृतिक स्थानमा रहेका समुदाय, तिनका रहनसहन, त्यो ठाउँप्रतिको परम्परागत रूपमा रहिआएको उनीहरूको विश्वास/मान्यताबारे छलफलमा विचार राख्न सकेको<br>- दुई सम्पदा छानेर ती नहुँदा पालिकामा के फरक हुन्थ्यो होला दुई-तीनवटा कुरा बयान गर्न सकेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमतीगापाको इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | - गापाभित्रका विभिन्न समुदायमा योगदान दिएका र समाज कल्याणका काममार्फत परिवर्तन ल्याएका व्यक्तिहरू, तिनका काम र महत्त्व पहिचान गर्ने | - बागमती गापाको परिवर्तनमा योगदान दिएका व्यक्तिहरू | - राष्ट्रिय, प्रदेश वा जिल्लामा नाम कमाएका बागमती गापाका स्थानीय व्यक्तिहरूको नाम र काम सहितको विवरण विद्यार्थीलाई प्रदान गर्ने । सो विवरणका आधारमा विद्यार्थीलाई एक-एक जना गरी विभिन्न व्यक्तिको योगदानबारे उक्त व्यक्तिलाई चिठी वा निबन्ध लेख्न लगाउने र कक्षामा प्रस्तुत गराउने ।<br>- इतिहासमा दमनमा परेका स्थानीय समुदाय वा आफ्नो समुदायको कल्याणका लागि आवाज उठाउने स्थानीयबारे घर समुदायमा सोध्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- वडा तथा गापामा निर्वाचित जनप्रतिनिधि, समाजसेवी, कर्मजीवी (जस्तै : हलो जोत्ने एकल महिला, सानैमा घर समालेर भाइबहिनी हुर्काउने एक्लो व्यक्ति, बगरमा खेती गरेर उन्नति गर्ने किसान परिवार, धन नभए पनि सामाजिक काम गर्ने व्यक्ति तथा परिवार), बुद्धिजीवी, विभिन्न संघ/संस्था, विद्यालय आदिमा नेतृत्व गर्ने व्यक्ति तथा सहिदहरूको सूची बनाई समाजमा पुर्‍याएको योगदानबारे टिपोट गर्न लगाउने । थप कुरा शिक्षकले बताउने । | - गापाभित्रका नाम चलेका व्यक्तिहरू र तिनका योगदानबारे चिठी वा निबन्धमार्फत प्रस्तुत गरेको<br>- कम्तीमा दुई जना महत्त्वपूर्ण व्यक्तित्वका कामबारे लेख्न तथा भन्न सकेको<br>- इतिहासमा दमनमा परेका वा आफ्नो समुदायको कल्याणका लागि आवाज उठाएको कम्तीमा एक जनाको योगदानबारे प्रस्तुत गर्न सकेको<br>- गापाका स्थानीय कर्मजीवी, बुद्धिजीवी तथा नेतृत्वमा रहेका व्यक्ति र तिनका योगदान पहिचान गरेको | २ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - पालिकाका वनक्षेत्रबारे खोज गर्ने<br>- पालिकाका वनजङ्गल संरक्षणबारे वकालत गर्ने | - वनजङ्गल संरक्षण | - पालिकाका कुन-कुन ठाउँमा वनक्षेत्र छन् भन्ने थाहा पाउन विद्यार्थीहरूलाई पालिका कार्यालयमा वा पालैपालो गरेर नौवटा वडामा (जुन उपयुक्त हुन्छ) सोधेर सूची बनाउन लगाउने ।<br>- आफ्नो परिवार सदस्य रहेको वा आफ्नो घरको सबभन्दा नजिकको सामुदायिक वनबारे जानकारी लिने । | - पालिकाका वनक्षेत्रका मुख्य विवरण भन्न सकेको<br>- पालिकाका वनको जैविक वातावरणबारे प्रस्तुत गर्न सकेको<br>- वन संरक्षणमा पालिकाको भूमिकाबारे व्याख्या गर्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - समूहमा विभाजन गरेर सम्बन्धित निकायलाई प्रश्न सोधेर प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न लगाउने । विषयहरू यी हुन सक्छन् : १) पालिकाका विभिन्न वनक्षेत्रमा के कस्ता रूखहरू छन्, जीवजन्तु कुन-कुन छन्, कति ठूलो क्षेत्रफलमा फैलिएको छ जस्ता जानकारी; २) वनजङ्गल संरक्षणका लागि पालिकाबाट के कस्ता कार्यक्रम भएका छन् वा हुँदैछन्; ३) पालिकाका वन संरक्षणमा स्थानीयको भूमिका, ४) अन्य सान्दर्भिक विषय ।<br>- पालिकाको नक्सा बनाई वनजङ्गल देखाउने ।<br>- वनजङ्गल संरक्षणबारे निबन्ध लेखाएर कक्षामा छलफल गर्ने । | - वातावरण संरक्षणमा समुदायको भूमिकाबारे भन्न सकेको वा पालिकाको नक्सा बनाई वनजङ्गल देखाउन सकेको । | |
| जीवजन्तु र चराचुरुङ्गी | - पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे भन्न सक्ने<br>- जीवजन्तु लोपोन्मुख हुनुको कारण पहिचान गर्ने | - पालिकाका जीवजन्तु र चराचुरुङ्गीमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभाव | - पालिकाका जीवजन्तुमाथि मानवीय क्रियाकलापका कारण परेका प्रभावबारे छरछिमेक तथा परिवारमा सोध्न लगाउने । त्यसबारे मनन गरेर आफ्ना विचार लेख्न लगाउने । कक्षामा छलफल तथा वादविवाद सञ्चालन गर्ने र थप जानकारी दिने ।<br>- जीवजन्तु लोप हुनुमा मानवीय क्रियाकलापको भूमिकाबारे छलफल गर्ने ।<br>- पालिकाका सामुदायिक वनबारे जानकारी लिने क्रममा त्यहाँका जीवजन्तुमाथि सामुदायिक वनका कारण भएका प्रभावबारे पनि सोधेर जानकारी बटुल्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- पालिकाका सामुदायिक वन तथा जीवजन्तुले मानिसको जीवनमा परेका र पर्न सक्ने प्रभावबारे पनि गाउँमा सोध्न लगाएर छलफल गरेर कक्षामा प्रस्तुत गर्न लगाउने । | - मानवीय क्रियाकलापका कारण जीवजन्तुमा कसरी प्रतिकूल असर पर्न सक्छ आफ्नो विचार राख्न सकेको<br>- पालिकाका सामुदायिक वनमा रहेका जीवजन्तुका अवस्था तथा तिनमाथि परेका प्रभावबारे प्रस्तुति दिन सकेको<br>- पालिकाका सामुदायिक वन तथा जीवजन्तुले मानिसको जीवनमा परेका र पर्न सक्ने दुई प्रभाव र निराकरणका उपाय सुझाएको<br>- कुनै चराचुरुङ्गी विशेष वा मानिस र चराचुरुङ्गीबीच एक अर्काको प्रभावबारे चित्र बनाएको | ५ |
| विषालु जीवजन्तु | - मानवबस्ती र ती जीवजन्तुको सह-अस्तित्व बोध गरेर मानवीय क्रियाकलापका कारण यी जीवजन्तुप्रति हुने नकारात्मक असरबारे धारणा राख्न सक्ने | - विषालु जीव र मानवबस्तीको सह-अस्तित्व | - सबै विद्यार्थीलाई दुई समूहमा विभाजन गरेर एउटा समूहलाई गापामा पाइने विषालु जीवले मानवलाई गर्ने हानिको सूची बनाउन दिने भने अर्कोलाई मानवीय क्रियाकलापले ती जीवलाई (र, ती जीव मार्ने प्रक्रियामा वातावरणलाई) पुऱ्याएको क्षतिको सूची बनाउन दिने । सुरूमा प्रत्येक विद्यार्थीलाई एक्लाएक्लै सूची बनाउन लगाउने र पछि समूहमा सबैको सूची एकीकरण गरी समावेश र छलफल गरेर प्रस्तुत गर्न लगाउने । | - मानवीय क्रियाकलापले जीवजन्तुमा परेको असरबारे टिप्पणी दिन सकेको<br>- विषालु जीवजन्तुबाट मानिसमा परेको असरबारे २५-५० वाक्य भन्न लेख्न सकेको<br>- मानव र विषालु जीवको सह-अस्तित्व कसरी सम्भव छ भनेर तर्क राख्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - यी सूचीकै आधारमा मानव र विषालु जीवले एक अर्कालाई कसरी हानि पुऱ्याउँछन् र यी मिलेर बस्न के कस्तो उपाय अपनाउनु पर्छ भन्नेबारे कक्षामा छलफल गर्ने । | - विषालु भए पनि किन जनावर निमिट्यान्न पार्ने गरी मार्नु हुन्न उदाहरणसहित बताउन सकेको | |

## ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | - घरगाउँमा मानिसलाई आइपर्ने प्राकृतिक तथा मानवजन्य प्रकोप र असरहरूबारे थप गहन विचार व्यक्त गर्ने<br>- प्रकोपहरूबाट बच्न गरिने तयारी, सावधानी र मानवजन्य प्रकोपका रोकथाम तथा न्यूनीकरणबारे जनचेतना फैलाउन सक्ने | - प्राकृतिक तथा मानवजन्य प्रकोपका असर र बचाउका उपायहरू | - विद्यालय क्षेत्रतिर व्याप्त रहेका प्राकृतिक तथा मानवजन्य प्रकोपबारे वक्तृत्वकला गराउने ।<br>- प्राकृतिक र मानवजन्य प्रकोपको फरक उल्लेख गर्ने गरी निबन्ध लेख्न लगाउने ।<br>- विभिन्न किसिमको प्रकोप आउँदा के गर्ने भनेर कक्षा ८ का विद्यार्थीमार्फत ड्रिल गराउने । कुनै बेला ड्रिलको समयमा प्रथम प्राथमिक उपचार (फर्स्ट एड) अभ्यास गर्ने ।<br>- विद्यालयमा आगलागी वा अरू प्रकोप हुँदा चाहिने सामग्री भए/नभएको हेरेर तिनको प्रयोग गर्नेबारे भन्ने । नभएका सामग्री उपलब्ध गराइ पाऊँ भनी प्रधानाध्यापकलाई चिठी लेख्ने अभ्यास गराउने । सामग्री प्राप्त भएपछि प्रयोगबारे दोहोऱ्याउने ।<br>- विद्यार्थीले के कस्ता प्रकोप झेलेका छन् वा देखे सुनेका छन् त्यसको अनुभव साट्ने सत्र सञ्चालन गर्ने । तिनका भौतिक, सामाजिक र मानसिक असरबारे पनि छलफल गर्ने । ती प्रकोपमध्ये कति मानिसले गरेर भएका हुन् ? तिनबाट बच्न सकिन्छ ? प्रभाव घटाउन के केमा सकिन्छ ? न्यूनीकरणका लागि समुदायले गरेका काम के के छन् वा हुन सक्छन् ? आदि प्रश्नसहित छलफल गर्ने ।<br>- प्राकृतिक प्रकोप न्यूनीकरणबारे समुदायमा समूह बनाई छलफल गर्ने, कविता वा नाटक प्रस्तुत गर्ने । | - आफ्नो वरपर हुने गरेका वा भएका मुख्य प्राकृतिक प्रकोपबारे भन्न सकेको<br>- प्राकृतिक र मानवजन्य प्रकोपको फरक भन्न सकेको<br>- आफू र समुदायले प्राकृतिक प्रकोप न्यूनीकरणका लागि गरिरहेका चारवटा उपायहरू उल्लेख गर्न सकेको<br>- प्रकोपबाट हुने क्षति र त्यसको न्यूनीकरणका लागि गरिने पूर्वतयारी र अभ्यासमा सक्रियता देखाएको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा सुरक्षित रहन सकिने उपाय पहिचान गर्ने | - कोरोना संक्रमणमा गाउँलेलेअपनाएका सावधानी<br>- नयाँ सरुवा रोग वा महामारीका बेला अपनाउनुपर्ने सावधानी | - प्रत्येक विद्यार्थीलाई आफ्नो घरका साथै छिमेकका पाँच घरमा कोरोना महामारीका बेला के कस्तो अवस्था भएको थियो ? कस्तो सावधानी अपनाइएको थियो ? लकडाउन कति लामो भयो ? घरबाहिर निस्केर छिमेकीलाई भेट्ने गरेको थियो कि थिएन ? घरमा कोही संक्रमित भए कि ? क्वारेन्टिन कहाँ राखियो ? ज्वरो आएको बेला परीक्षण गर्न लगियो कि लगिएन ? आदि जस्ता प्रश्न सोधेर गाउँघरमा कस्तो सावधानी अपनाइएको रहेछ भन्ने बुझेर कक्षामा आफूले पाएको जानकारीको प्रस्तुति दिन लगाउने ।<br>- गाउँलेले अपनाएको सावधानीमध्ये के एकदमै राम्रो थियो ? (उदा. राम्रो क्वारेन्टिन स्थान, सामाजिक दूरी अपनाएको वा अरू केही हुन सक्ला) र सुधारयोग्य ठाउँ के थियो ? (उदा. क्वारेन्टिनमै संक्रमण हुनेजस्तो अवस्था भएको, सामाजिक दूरीको सट्टा बहिस्कारजस्तो व्यवहार प्रस्तुत भएको जस्ता अवस्था हुन सक्लान्) भन्ने प्रश्न राखेर छलफल गराउने ।<br>- नयाँ सरुवा रोग वा महामारी आउँदा के हुन्छ, सामाजिक दूरी, क्वारेन्टिन लगायत अरू कस्तो सावधानी अपनाउनु पर्छ, मिडियामा आउने खबरले कस्तो असर गर्छ, गलत खबर र अफवाहबाट कसरी बच्ने आदि मुद्दा उठाएको एउटा डकुमेन्टरी वा चलचित्र देखाउने ।<br>- विद्यार्थीलाई जोडी वा समूहमा नयाँ खालको रोग कल्पना गर्न दिएर अब गाउँमा कुनै भाइरस वा महामारी फैलियो भने गाउँलेको दृष्टिकोणबाट कस्तो सावधानी अपनाउन सकिएला भन्नेबारे कलात्मक पोस्टर बनाउन दिने । | - गाउँमा कोरोना माहामारीका बेला अपनाइएका सावधानी भन्न सकेको<br>- महामारीका बेला गाउँलेले अपनाएका सावधानीबारे टिप्पणी गर्न सकेको<br>- नयाँ भाइरस वा संक्रमणको अवस्थामा गाउँलेको दृष्टिकोणबाट अपनाउनुपर्ने सावधानी तयार पार्न सकेको<br>- अनौठो सरुवा रोग कल्पना गरेर त्यसको सावधानी र उपचार विधि बताएको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण विनाश तथा संरक्षण | - नकुहिने र पुनर्नवीकरण नहुने वस्तुले वातावरण, जीवजन्तु तथा बोटबिरुवामा गर्ने असर पहिचान गरेर घरपरिवार तथा छिमेकमा भन्न सक्ने | - पृथ्वीका लागि नकुहिने र पुनर्नवीकरण नहुने (ननुरिन्युएबल) सामानको मूल्य | - शिक्षकले पाठको सुरूवातमा अभिनयात्मक ढङ्गमा जानाजान कुनै प्लास्टिकको खोल सबैले देख्ने गरी झ्यालबाट बाहिर फाल्ने र विद्यार्थीको प्रतिक्रिया याद गर्ने । कसैले आवाज उठाउलान् वा सबै चुप रहलान्, अवस्था हेरेर सोही अनुसारको प्रश्न गर्ने । यो विषय पढेको दिन बाहिर गएर समानान्तर लाइनमा बसी नकुहिने सामान जम्मा गरी थुप्रो लगाउने । यो गतिविधि दोहोरिएर केही बिग्रँदैन । कक्षाकोठा फोहोर भएको अवस्थामा सफा गर्न लगाउने ।<br>- नकुहिने र पुनर्नवीकरण नहुने वस्तुका कारण जनावर, माछा, चराचुरुङ्गी, बोटबिरुवा र समग्र वातावरणमा गर्ने असरबारे आफूलाई थाहा भएजति सोचेर सूची बनाउन लगाउने ।<br>- समूह विभाजन गरेर जीवजन्तु, बोटबिरुवा, हावा, पानी, माटोजस्ता क्षेत्रमा नकुहिने र पुनर्नवीकरण नहुने वस्तुले पार्ने असरबारे छलफल गर्न लगाउने र कक्षामा समूहको तर्फबाट प्रस्तुत गराउने । शिक्षक र एक अर्का समूहले छुटेका कुरा बताइदिने, सम्बधित समूहले टिप्ने ।<br>- छलफलबाट निस्केका बुँदाहरूलाई आ-आफ्नो क्षेत्रअनुसार प्रत्येक समूहले चार्टपेपरमा लेखेर कक्षाको भित्तामा टाँस्ने ।<br>- वातावरणमा संरक्षणबारे निबन्ध, कविता वा कथा रचना गर्ने र प्रस्तुत गर्ने । | - कक्षाकोठा सफा राखेको<br>- वातावरण फोहोर पार्ने गतिविधि विरुद्ध आवाज उठाएको<br>- आफ्नो घर वरिपरि कति सफा राखेको छ विद्यार्थीले नै जोडी बनाएर एक अर्कालाई अङ्क दिने । जोडी नमिलेमा शिक्षक नै एक विद्यार्थीको जोडी बनिदिने<br>- वातावरणमा संरक्षणबारे निबन्ध, कविता वा कथा रचना र प्रस्तुत गरेको | ६ |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - ठोस सामग्री नदेखिने तर समाजमा परिणाम देखिने अदृश्य सीपहरू पहिचान गर्ने<br>- आफ्नो रुचि भएको सीपबारे थप जानकारी राख्ने वा सिक्ने प्रयत्न गर्ने | - अदृश्य सीपहरूको आकलन, अवलोकन, अभिलेखन र छलफल | - घरगाउँमा ठोस रूपमा नदेखिने तर परिणाम देखिने अदृश्य सीपहरू के के होलान् भनी घर तथा टोलका ज्येष्ठ सदस्यहरूलाई सोधेर त्यसको सूची तयार गर्न लगाउने, भन्न नसकेमा शिक्षकले उदाहरण दिने (धामी बस्ने, फुकफाक गर्ने, औषधिमूलो गर्ने, गीत कथा भन्ने, सुत्केरी गराउने, मौसमको भविष्यवाणी गर्ने, झगडा मिलाउने आदि) ।<br>- विद्यार्थीलाई समूहमा बाँड्ने र हरेक समूहलाई बढीमा दुईटा सीपसम्बन्धी जानकारी (कसले गर्न सक्छ वा पाउँछ, कसरी विज्ञ हुन सकिन्छ, के पढ्नु वा जान्नुपर्छ, के सजिलो छ के गाह्रो छ, सीप अभ्यासको प्रक्रिया कस्तो हुन्छ आदि) सँग सम्बन्धित व्यक्तिसँग उक्त सीपबारे सोधेर ल्याउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- विभिन्न अदृश्य सीपहरूमध्ये आफूलाई सबैभन्दा रुचि लाग्ने सीप छान्न दिने र भोट गरेर उक्त सीपको विज्ञको कार्यस्थलमा गएर वा उहाँलाई कक्षामा बोलाएर प्रश्नोत्तर सत्र राख्ने । | - अदृश्य सीपका दुई उदाहरण र गाउँमा ती विषयका विज्ञसहित नाम दिन सकेको<br>- कम्तीमा एउटा अदृश्य सीपबारे व्याख्या गर्न सकेको<br>- कम्तीमा एक अदृश्य सीपको उपलब्धि तथा पक्ष वा विरुद्धमा वा तटस्थ तर्क राख्न सकेको<br>- सम्बन्धित विज्ञलाई आफ्नो धारणासहित तार्किक प्रश्न राखेको | ६ |
| लोक कला तथा साहित्य | - स्थानीय कथा वा गाउँघरतिरै भएका सामग्री तथा अवस्थाबाट कथा, कविता वा गीत रचना गर्न वा सो अनुसारको चित्रकला वा धुन बनाउन अथवा बजाउन सक्ने<br>- आफ्ना रचनामा स्थानीय परिवेशको झल्को ल्याउन खोज्ने | - लोक कलामा आफ्नो प्रयास | - विद्यार्थीलाई व्यक्तिगत हुने खालका विषय (जस्तै : सबैभन्दा मन पर्ने कोठा, दस वर्षपछिको आफू, घरमा पालेको जनावर, आफ्नो कोठाको रङ आदि) मा कथा, गीत वा कविता रचना गर्न दिने, यसरी रचना गर्दा सकेसम्म आफ्नै गाउँतिर आफैँले देखेको दृश्य, सुनेको आवाज, सुँघेको गन्ध, चाखेको स्वाद र महसुस गरेको स्पर्शका विवरणहरू सहित रचना गर्न वा प्रेरित चित्रकला बनाउन वा धुन बजाउन प्रोत्साहन गर्ने । यो रचना अभिभावक दिवस वा अन्य कुनै कार्यक्रममा भन्न, गापा स्तरीय प्रतियोगिता सञ्चालन गर्न वा भित्ते पत्रिकामा राख्न दिने ।<br>- सम्बन्धित अभ्यासकर्ताहरूबाट ती कलाको अभ्यासमा आइपरेका सजिला तथा अप्ठ्याराहरूबारे जानकारी लिने । | - स्थानीय कथा वा गाउँघरतिरै भएका सामग्री तथा अवस्थाबाट कलाकृति रचना गर्न सकेको<br>- आफ्ना रचनामा स्थानीय परिवेशको झल्को ल्याएको (जस्तै : बागमती खोला वा गिढावर डाँडाको परिवेश)<br>- स्थानीय जातीय धार्मिक समूहको कम्तीमा एक विशेष कलाका विशेषता भन्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - आफ्नो धार्मिक तथा जातीय समूहका विशेष कलाहरू भएमा (जस्तै : तामाङको थाङ्का) तिनीहरूको अवलोकन गर्ने, बनाउने तरिका जानकारी दिने र बनाउन कोसिस गर्ने । | - भएका स्थानीय सीप र कला कुन जोगाउन बढी आवश्यक छ, किन र कसरी जोगाउन सकिन्छ, २५-५० शब्दमा भन्न र लेख्न सकेको | |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - संसार र समाजको उत्पत्तिबारेका स्थानीय विश्वासबारे धारणा राख्न सक्ने<br>- प्रकृति र मानिस अनि मानिसमानिस बीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे विचार निर्माण गर्ने | - विश्वास र मूल्यमान्यता | - संसार र समाज कसरी बन्यो भन्नेबारे आफ्ना हजुरबुबा हजुरआमाको धारणा के छ सोधेर आउन र कक्षामा छलफल गर्न लगाउने । नयाँ र पुराना पुस्ता बीचका विचारमा फरक छ/छैन, विज्ञानका सिद्धान्तअनुसार पारम्परिक धारणा कत्तिको मिल्दोजुल्दो रहेछ भन्नेबारे पनि कुराकानी गर्ने ।<br>- घर र छरछिमेकमा कुन धर्मका चाडपर्व, के कसरी मान्छन् छलफल गर्ने । गुम्बा, मन्दिर, चर्च हेर्न लैजाने र त्यहाँ कुनै चाडपर्वमा के हुन्छ अवलोकन गर्दै वा सोधेर र आफ्ना सम्झनाका आधारमा टिपेर आफ्नो विवरण कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- आ-आफ्नो संस्कृतिअनुसार कसले के गर्न हुन्छ, के गर्न हुँदैन घरमा सोधेर वा कक्षामा छलफल गरेर जानकारी दिने । एक अर्काको संस्कारमा के के मिल्ने कुरा रहेछन् पत्ता लगाउन छलफल गर्ने । छलफलका आधारमा के गर्नु राम्रो, के गर्नु नराम्रो जस्ता विषयबारे समाजको मान्यताबारे आफ्नै बुझाइ र विचार अनुसारको निबन्ध लेख्न दिने ।<br>- कुनै चाडपर्वमा भइरहेका अभ्यास कुन कसलाई अनौठा वा अनावश्यक लाग्छन् छलफल गर्ने र त्यसो गर्नुका कारण के होलान् भनेर छलफल गर्ने ।<br>- निम्न मूल्य मान्यताको पालन गर्न आफ्नो कार्ययोजना बनाउन लगाउने : १) सबै मानिसलाई समान व्यवहार, २) सबै धर्मप्रति आफ्नो अडान र व्यवहार, ३) प्रकृतिप्रति आफ्नो व्यवहार । | - संसार र समाजको उत्पत्तिबारेका स्थानीय विश्वासबारे भन्न सकेको<br>- स्थानीय विश्वास र वैज्ञानिक आधारबीच तुलना गरेर बताउन सकेको<br>- प्रकृति तथा अन्य मानिससँग हुनुपर्ने आफ्नो सम्बन्ध तथा व्यवहारबारे कार्ययोजनामार्फत विचार प्रस्तुत गरेको<br>- कुनै चाडपर्वमा भइरहेका कुन दुई अभ्यास अनौठा वा अनावश्यक लाग्छन्, त्यसका वस्तुगत कारण के होलान् अन्दाज गरेर पनि भन्न र लेख्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - स्थानीय तहमा उत्पादन हुने सन्तुलित तथा स्वस्थकर खानेकुरा पहिचान र प्रयोग गर्ने<br>- अल्पपोषण भएका खानेकुरा तथा पत्रु खानाले गर्दा स्वास्थ्य र वातावरणमा भइरहेको असरबारे जानकार हुने र समुदायमा जनचेतना फैलाउन सक्ने | - पत्रु खानाले वातावरणमा पारिरहेको असर र यसको न्यूनीकरण<br>- स्थानीय खानाको महत्त्व | - विद्यार्थीले अत्यन्तै रूचाएका पत्रु खानाको खोलहरू विद्यालयतिर पनि हुन सक्छन् । खोल देखाएर र खोलमा लेखेको कुरा पढ्न लगाएर अल्पपोषण भएका खानेकुराले पोषण, वातावरण र आर्थिक अवस्थामा पार्ने प्रभावबारे छलफल गर्ने । छुटेका कुरा शिक्षकले बताउने । (वातावरणको पाठ पढाउँदा एकीकृत गरेर यो गतिविधि गर्न सकिन्छ ।)<br>- विद्यार्थीलाई समूहमा बाँडेर हरेकलाई कम्तीमा पाँच फरकथरिका अल्पपोषण भएका खानेकुरा र स्थानीय खानाबीच विभिन्न पक्ष (पैसा, लागत, बनेको तरिका, मेहेनत, पोषण, वातावरणीय असर आदि) का आधारमा तुलना गर्न समूहगत छलफल गराउने । छलफलबाट निस्केको निष्कर्ष चार्टपेपरमा लेखेर प्रस्तुत गर्न लगाउने र कक्षागत छलफल गर्ने । सो चार्टपेपर कक्षामा वा नोटिस बोर्डमा राख्ने ।<br>- कुनै खानालाई 'पत्रु' किन भनिँदो रहेछ भनेर छलफल गर्ने ।<br>- अल्पपोषण भएका खानेकुराको प्रयोग कसरी कम गर्न सकिन्छ भन्नेबारे निबन्ध वा आफ्नो व्यक्तिगत विचार लेख्न दिने । यो लेख कक्षामा मात्र प्रस्तुत नगरेर विद्यालयको भित्ते पत्रिकामा पनि राख्न प्रोत्साहन गर्ने ।<br>- प्रत्येक विद्यार्थीलाई आफ्नो छिमेकका (समकक्षी बाहेकका) पाँच घरको जिम्मा दिँदै ती घरमा अल्पपोषण भएका खानेकुरा कत्तिको खाइन्छ भनी खोज गर्न लगाउने । त्यसै भेटमा अल्पपोषण भएका खानेकुराका असर र रोकथामबारे बताउन भन्ने र अन्त्यमा ती छिमेकको भनाइ टिपेर वा घरमा फोन प्रयोग गर्न अनुमति भएमा भिडियोमा रेकर्ड गरेर ल्याउन लगाउने । यी विवरण कक्षामा प्रस्तुत गर्ने अथवा अभिभावक दिवस वा कुनै विशेष दिनमा अभिभावक, शिक्षक तथा विव्यसको सहयोगमा स्थानीय परिकार बनाएर प्रदर्शन गर्ने, खोजमा भेला पारेको जानकारी तथा भिडियो प्रदर्शन गर्ने । | - स्थानीय तहमा उत्पादन हुने खानेकुराको प्रयोग बढाउनुपर्छ भन्ने तर्क राखेको<br>- समुदायमा अल्पपोषण भएका खानेकुराको न्यूनीकरणको महत्त्वबारे बताउनमा सक्रियता देखाएको<br>- पत्र खानाले गर्दा वातावरणमा भइरहेको असरबारे भन्न सकेको वा अल्पपोषण भएका खानेकुराले गर्दा मानिसको स्वास्थ्यमा भइरहेको असरबारे भन्न सकेको<br>- स्थानीय र अल्पपोषण भएका खानेकुराबीच तुलना गरेर आफ्नो विचार राख्न सकेको | ५ |

## ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| नदीनाला | - पालिकाका खोला, तिनको परम्परागत प्रयोजन, महत्त्व र सम्भावनाबारे वर्णन गर्न सक्ने | - पालिकाका खोला र तिनको परम्परागत प्रयोजन | - आफ्नो व्यक्तिगत अवलोकन, अनुभव तथा भावनाका आधारमा पालिकाका मुख्य नदीका विशेषता झल्किने गरी कविता तथा निबन्ध रचना गरेर वाचन गर्न लगाउने ।<br>- पालिकाका नदीहरूको महत्त्व र सम्भावनाबारे छलफल गर्ने ।<br>- नदी सिँचाइ, माछा मार्ने आदि प्रयोजनसम्बन्धी अन्य विभिन्न परम्परागत सीपको स्थलगत अवलोकन र अभ्यास गर्ने ।<br>- खोलानालासँग सम्बन्धित स्थानीय वा अन्यत्रका लोक कथा, गीत, उखान आदि ("माछा मार्ने दुवाली छेकेर", "कहाँ जालिस् मछली मैरै ढडिया" जस्ता गीत) खोज्न लगाउने, गाउन वा सुनाउन लगाउने ।<br>- नदीनालाको दोहनसहित अवैध तरिकाले माछा मार्ने जस्ता विषय खोजी छलफल गर्ने र निराकरणका उपाय खोज्न लगाउने । | - पालिकाका नदीहरूको महत्त्व र सम्भावनाबारे बताउन सकेको<br>- नदीका विशेषता झल्किने गरी कविता तथा निबन्ध रचना गरेको<br>- नदी सिँचाइ, माछा मार्ने आदि प्रयोजनसम्बन्धी अन्य विभिन्न परम्परागत सीप मध्येको कुनै एक सीप अभ्यास गरेको वा यसबारे भन्न सकेको<br>- नदीमा आधारित भएको कुनै काम जस्तै- बगरमा खेती, माछा पालनजस्ता काम सुरू गरेको वा संलग्न भएको वा यसबारे भन्न सकेको | ५ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - पूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सक्ने<br>- अभ्यस्त भूतकालका क्रियाको प्रयोगबारे परिचित हुने<br>- 'किन' र थप 'कसरी' प्रश्नउत्तर प्रयोग गर्ने<br>- चाडपर्व, धर्म संस्कृति, पहिरन, दैनिकी सम्बन्धित शब्द प्रयोग गर्ने | - पूर्ण भूत तथा अभूतकालका ढाँचा<br>- अभ्यस्त भूतकालका ढाँचा | - हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)<br>- कुनै विशेष चाड वा दिनको विवरण पूर्ण भूतकालका क्रिया प्रयोग गरेर लेख्न र कक्षामा भन्न लगाउने । यसै गरी पूर्ण वर्तमानको ढाँचा अभ्यास गराउन कसैले केही गरेको प्रक्रिया वा गतिविधि लेखेर भन्न लगाउने ।<br>- घरको सबैभन्दा ज्येष्ठ सदस्यसँग उहाँको पालामा के कस्तो हुन्थ्यो सोधेर लेख्न लगाउने र यसमार्फत अभ्यस्त भूतकालको अभ्यास गर्ने ।<br>- उपलब्ध भएमा अलगअलग भाषाको कुनै चलचित्र देखाएर वा गीत सुनाएर कस्तो लाग्यो, के मन पर्‍यो, के मन परेन, किन मन पर्‍यो उत्तर आउने गरी सोही वा फरक भाषामा एउटा अनुच्छेद लेख्न दिएर सुनाउन लगाउने । | - पूर्ण भूत तथा अभूतकालका क्रिया प्रयोग गर्न सकेको<br>- परिवारका ज्येष्ठ सदस्यको कथामार्फत अभ्यस्त भूतकालका क्रियाको प्रयोग गरेको<br>- चाडपर्व, धर्म संस्कृति, पहिरन, दैनिकी सम्बन्धित शब्द प्रयोग गरेको<br>- स्थानीय८ वा मातृभाषामा कारण खुल्ने गरी अनुच्छेद लेख्न वा भन्न सकेको | ३० |

# कक्षा ८

## १. मेरो दैनिक जीवन

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| जीविकाको मुख्य आधार | - जीविकोपार्जनका क्षेत्रसम्बन्धी गापाको नियम तथा व्यवस्थाबारे सामान्य रूपमा भन्न सक्ने<br>- पालिकामा उपलब्ध जीविकाका आधार र व्यक्तिगत वा आफ्नो परिवारले गर्न सक्ने क्षेत्रहरू पहिचान गर्ने | - जीविकोपार्जनका अवसर र चुनौतीहरू<br>- व्यापारिक वा सामाजिक संस्था खोल्ने प्रक्रिया | - विद्यार्थीलाई आफ्नो गाउँमा केही गर्नु पर्दा के काम गर्न इच्छुक छन् सोध्ने । पेसागत जवाफभन्दा पनि जीविकोपार्जनको दृष्टिकोणबाट हेर्न लगाउने । आफ्नो रुचि, क्षमता र सक्षमताबारे सोच्न लगाएर आफूलाई कुन-कुन क्षेत्रमा सफल देख्न सकिन्छ र त्यो सफलता हासिल गर्न आफ्ना अवसर र चुनौती के के छन् भन्नेबारे एक निबन्ध लेख्न लगाउने ।<br>- विषय छुट्याएर हरेक समूहलाई एउटा-एउटा काम (उदा. खेती, व्यापार, व्यवसाय सञ्चालन गर्न, बाल क्लब खोल्न, सामाजिक काम गर्न आदि) पर्ने गरी सो काम गर्न के कस्तो पूर्वजानकारी हुनुपर्छ, त्यसका अवसर र चुनौती के के छन् भन्ने बुझ्न सामूहिक कार्य दिने र प्रस्तुति गर्न लगाउने । यो कार्यमा सामूहिक रिपोर्ट लेखेर प्रस्तुति दिने पनि राख्न सकिन्छ । | - आफ्नो रुचिको जीविका, त्यसको अवसर र चुनौती लेखनमार्फत व्यक्त गर्न सकेको<br>- कम्तीमा एउटा क्षेत्रको व्यापारिक वा सामाजिक संस्था खोल्न वा काम गर्नका लागि पालिकाको नियमानुसार के गर्नुपर्छ भन्ने सामान्य जानकारी बताउन सकेको | ३ |
| जडीबुटी तथा गैरकाठ वनपैदावर | - कुन जडीबुटी कसरी प्रयोग गरिन्छ भन्नेबारे परिचित हुने<br>- नेपाल आयुर्वेद चिकित्सा परिषद्ले टिपोट गरेका जडीबुटी र स्थानीय रूपमा मान्दै आइएको जडीबुटीको सामान्य फरक पहिचान गर्ने | - स्थानीय जडीबुटी तथा गैरकाठ वनपैदावरको प्रयोग गर्ने तरिका र संरक्षण | - घर वरपर कुन-कुन जडीबुटी कसरी प्रयोग गर्नुहुन्छ (कस्तो जडीबुटी खाइन्छ, कुन शरीरमा दलिन्छ, कुन वनस्पतिको बाफ सुँघिन्छ आदि) र ती केका लागि प्रयोग गर्नुहुन्छ भन्नेबारे सोधेर चार्टपेपर तयार पार्न लगाउने । त्यसमा जडीबुटीको चित्रका साथै खाने हो भने त्यसको स्वाद, लाउने हो भने पोल्ने शितल पार्ने कस्तो गर्छ आदि जस्ता अनुभव पनि सोधेर लेख्न भन्ने । आफूले भेला पारेको विवरण कक्षामा प्रदर्शन गर्न लगाउने ।<br>- मधुमेह, उच्च रक्तचाप, पखाला, कब्जियतजस्ता विशेष अवस्था र कोभिड-१९ महामारीका बेला समुदायले प्रयोग गरेका जडीबुटीबारे जानकारी दिने । | - कक्षामा छलफल गरिएका जडीबुटीमध्ये कम्तीमा पाँचवटा जडीबुटी कसरी प्रयोग गरिन्छ भन्न सकेको<br>- कक्षामा छलफल गरिएका जडीबुटीमध्ये कम्तीमा पाँचवटा जडीबुटी कुन रोगमा प्रयोग गरिन्छ भन्न सकेको<br>- विशेष स्थितिका बेला प्रयोग गरिने जडीबुटीबारे सामान्य जानकारी दिन सकेको<br>- वैज्ञानिक रूपमा पुष्टी भएका र नभएका गरी कम्तीमा दुई जडीबुटी पहिचान गरेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - वैज्ञानिक रूपमा पुष्टी भइसकेका वा नभईकन स्थानीय रूपमा प्रयोग गरिएका औषधीय वनस्पतिबारे विद्यार्थीलाई तिनको नाम, कुन समस्या वा फाइदा र प्रयोग गर्ने तरिका खोज गर्न लगाउने, शिक्षकले पनि सहयोग गर्ने र कक्षामा छलफल गर्ने । | | |
| कृषि र पशुपालन | - स्थानीय बाली र दिगो खेतीपातीका विशेषता बताउन सक्ने र त्यसको अभ्यास गर्ने<br>- गापा, कृषि तथा पशु कार्यालय, वन विभाग आदि जस्ता निकायबाट पाइने सेवाबारे परिचित हुने | - जैविक तरिकाले खाद्यान्न उत्पादन गर्ने तरिका र अवधारणाहरूको आधारभूत जानकारी | - स्थानीय बीउ संकलन गरेर नाम र विशेषता लेख्न लगाउने र तीमध्ये वा बाहेकका हराउँदै गइरहेका खेतीपाती र बीउबारे अध्ययन गर्न लगाउने । ती बीउ हराउँदै जानुको कारणबारे छलफल गर्ने । स्थानीय बीउ हराउँदै गए के हुन्छ छलफल गर्ने र हराएका बीउ वा खेती जोगाउन प्रोत्साहन गर्ने ।<br>- स्थानीय बाली र परम्परागत खेती प्रक्रियाबारे किसानसँग सोधेर टिप्न लगाउने । स्थानीय र आधुनिक कृषि साधन प्रयोग गरी गरिने खेतीपाती बीचका फाइदा र बेफाइदाबारे पनि सोधेर कक्षामा प्रस्तुत गर्न लगाउने र सामूहिक छलफल गर्ने ।<br>- परम्परागत र आधुनिक खेतीको अवलोकन गर्न लगाउने । यी दुईबीच तुलना गरेर परम्परागत खेतीमा गर्नुपर्ने सुधार सहितको अनुच्छेद वा निबन्ध लेख्न दिने ।<br>- फलेका बाली भण्डारण गर्ने वा जोगाएर राख्ने परम्परागत विधि (जस्तै : पुतली, कीरा लाग्नबाट जोगाउन तितेपाती, बनमारा आदिको प्रयोग गर्न सकिने) बारे अवलोकन तथा अभ्यास गर्ने र कक्षामा छलफल गर्ने ।<br>- दिगो खेतीपातीबारे जानकारी दिने । स्थानीय, परम्परागत तथा दिगो खेतीपातीको महत्त्व, जैविक विविधतासँग यिनको सम्बन्ध र यिनलाई जोगाइराख्न अपनाउनुपर्ने उपायबारे कक्षामा छलफल गर्ने र विद्यार्थीलाई आफ्नो विचार लेखेर प्रस्तुत गर्न लगाउने ।<br>- गाउँपालिका, कृषि तथा पशु र वन कार्यालय आदि जस्ता कृषि सम्बन्धित सेवा कार्यालयहरू भ्रमण गरी अन्तर्क्रिया गर्ने । कृषकलाई यी संस्थाले दिने सेवा र गर्ने सहयोगका साथै दिगो खेतीपातीमा भइरहेका कामबारे जानकारी टिप्न तथा टिप्पणी गर्न लगाउने । | - स्थानीय बाली तथा दिगो खेतीपाती र जैविक विविधताको सम्बन्ध भन्न सकेको<br>- आधुनिक र परम्परागत साधनको प्रयोगबीच फरक छुट्याउन सकेको<br>- फलेका बाली भण्डारण गर्ने वा जोगाएर राख्न परम्परागत विधिको अभ्यास गरेको वा भन्न सकेको<br>- कृषिसँग सम्बन्धित कार्यालयहरूले दिगो खेतीपातीका लागि गरिरहेका कामबारे भन्न सकेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | - आफूले चाहेको काम भविष्यमा गर्न सक्ने हुनका लागि आजदेखि आफूले गर्नुपर्ने तयारीबारे सोच्न थाल्ने<br>- पालिकाका पेसागत संघ-संस्था र सम्बन्धित निकायका सेवा सुविधाबारे परिचित हुने | - पालिकामा पेसागत संस्थासँग र सम्बन्धित निकाय | - सबैलाई आफू ठूलो भएपछि गर्न मन लागेको कामको सूची बनाउन लगाउने (घटीमा एक, बढीमा तीन) । ती कामका लागि के के सीप तथा गुण आवश्यक होलान् लेख्न लगाउने । भविष्यमा त्यो काम गर्न सक्ने हुन आजदेखि के गर्न आवश्यक हुन्छ, कस्तो बानी चाहिन्छ, के विषय पढ्नुपर्छ, कस्तो सीप सिक्नुपर्छ आदि समेटेर एउटा अनुच्छेद वा निबन्ध लेख्न लगाउने ।<br>- कसैले खेती नछानेमा त्यसबारे गम्भीर छलफल गर्ने र कृषि पेसा नै नअँगाले पनि आकस्मिकताका तयारीजस्ता दृष्टिले उमार्न सीप नगुमाउन प्रोत्साहन गर्ने । गम्भीर सङ्कट<br>नपरून्जेल सकेसम्म जग्गा किन नबेच्ने छलफल गर्ने ।<br>- पालिकामा रहेका पेसागत संघ-संस्था र तथ्याङ्क विद्यार्थीलाई उपलब्ध गराइदिने । विद्यार्थीलाई समूहमा बाँडेर विभिन्न पेसाको शीर्षक दिने र तिनका संघ-संस्थाले ती पेसा गर्ने व्यक्तिलाई के कस्ता सेवा सुविधा दिन्छन् भन्नेबारे सम्बन्धित संघ-संस्थामा सोधेर प्रतिवेदन तयार पार्न र प्रस्तुत तथा छलफल गराउने । | - आफूलाई गर्न मन लागेको कामको सूची बनाउन सकेको<br>- आफूले चाहेको काम भविष्यमा गर्न सक्ने हुनका लागि आजदेखि आफूले के गर्नुपर्ने हुन्छ भन्नेबारे स्पष्ट भएको र खुलेर लेखेको<br>- प्रतिवेदनमा पालिकाका मुख्य पेसागत निम्न तथ्य-तथ्याङ्कबारे जानकारी राखेको : मुख्य पाँच पेसा र तिनको आम्दानी<br>- पेसागत संघ-संस्थाले दिने सेवा सुविधाबारे प्रस्तुति गरेको | ४ |

## २. हाम्रो समुदाय

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वरपरको भौगोलिक तथा सामाजिक वातावरण | - नेपाल, बागमती प्रदेश, जिल्लाको अवस्था र त्यसमा पालिकाको स्थान पहिचान गर्ने<br>- छिमेकी पालिकासँग संक्षिप्त तुलना गर्न सक्ने | - देश, प्रदेश तथा जिल्लाको नक्सामा पालिका<br>- पालिकाका वडाहरू देखिने नक्सा | - प्रदेश र जिल्लाको संक्षिप्त परिचय दिने (अनुसूचीमा पालिकाको परिचय प्रस्तुत गरिएजति विस्तारमा) ।<br>- प्रदेश, जिल्लामा पालिकाको अवस्थिति नक्सामा पत्ता लगाउने र त्यसका के असर र परिणाम हुन सक्छन् छलफल गर्ने ।<br>- बागमती गापाका चालू विकास निर्माणका कामबारे लेख्न सामूहिक कार्य दिने । प्रत्येक समूहले एउटा-एउटा क्षेत्र (वा शाखा अनुसार) हाल चलिरहेका गापाका विकास निर्माणका काम, अवस्था, अवसर र चुनौतीबारे खोज गरेर प्रस्तुति गर्न लगाउने । | - तुलनात्मक विश्लेषण गर्ने प्रयत्न गरेको<br>- प्रदेश, जिल्लाको नक्सामा पालिकाको नक्सा बनाएर वडासहित देखाउन सकेको वा,<br>गापाको कामका दायराबारे बुझाइ निबन्धमार्फत झल्काएको<br>- आफ्नो बुझाइअनुसार गापाको कुन काम उपयुक्त वा कुन कम उपयुक्त हो कारणसहित भन्न र/वा लेख्न सकेको | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - बागमती गापाको आर्थिक तथा सामाजिक अवस्था, अवसर र चुनौती र चालू विकास निर्माणका कामबारे परिचित हुने<br>- पालिकाको नेतृत्व लिन चाहिने गुणबारे विचार राख्ने | - गापाको विकासको अवस्था, अवसर र चुनौती र छिमेकी पालिकाहरूसँग संक्षिप्त तुलना | - मकवानपुर जिल्लाका अन्य पालिका लगायत अर्को जिल्लामा पर्ने छिमेकी गापाहरूबारे विवरण वा समाचार जम्मा गरेर विद्यार्थीलाई पनि खोज्न लगाएर तिनको अध्ययन गर्न लगाउने । विभिन्न पक्ष (मौसम, भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसङ्ख्याजस्ता विवरणात्मकसँगै बाटोको सुविधा, शिक्षा, खानेपानी आदि) का आधारमा तुलानात्मक चार्ट बनाउन लगाउने र अवस्था तुलना गर्न लगाउने । यो तुलनालाई विद्यार्थी आफूले बुझेअनुसार व्याख्या गर्न पनि लगाउन सकिन्छ ।<br>- यस पालिकाको अध्यक्ष हुन के चाहिन्छ ? वा तपाईं वडा वा पालिका अध्यक्ष हुनुभयो भने तपाईंले के गर्नु हुने छ वा कस्तो योजना हुने छ ? जस्ता प्रश्नको उत्तर आउने गरी 'म पालिका अध्यक्ष भएँ' भने वा 'मेरो पालिका' भन्ने विषयमा वक्तृत्वकला प्रस्तुति वा निबन्ध लेख्न दिने । | - पालिकाको नेतृत्वका लागि आवश्यक गुण टिपोट गर्न सकेको | |
| स्थानीय रेकर्ड बुक | - पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्कबारे परिचित हुने | - पालिकाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्क | - बागमती गापाका आर्थिक, राजनीतिक तथा प्राविधिक तथ्याङ्क (पहिलो अध्यक्ष, पहिलो उपाध्यक्ष, सबैभन्दा युवा वडाध्यक्ष, पहिलो निजी गाडी मालिक, पहिलो चालक, ट्याक्टर चालक, पहिलो जेसीबी अपरेटर, पहिलो टिभी रेडियो राख्ने आदि) सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता आयोजना गराउने । | - बागमती गापाका आर्थिक, राजनीतिक तथा प्राविधिक विवरण भन्न सकेको<br>- व्यक्तिगत तहमा हाजिरी जवाफमा सोधिएका छ्यासमिस पाँच प्रश्नका उत्तर सही भनेको<br>- हाजिरी जवाफमा सोध्न सकिने तीन सम्भावित प्रश्न बनाएको<br>- आफ्नो वडा वा गाउँ कुन दृष्टिले रेकर्डमा पर्न सक्ला अन्दाज गरेर वा सल्लाह गरेर भन्न सकेको (केही नपरे पनि किन केही परेन कारण पनि भनेको) | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| चाखलाग्दा भौगोलिक ठाउँ | - पालिकाका महत्त्वपूर्ण भौगोलिक स्थान, तिनको वर्तमान अवस्था, उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने | - पालिकाका महत्त्वपूर्ण भौगोलिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन | - पालिका कार्यालयमा हाल विभिन्न भौगोलिक विशेषताका ठाउँमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे सोधेर फरकफरक समूहलाई फरकफरक ठाउँबारे एउटा प्रतिवेदन तयार गर्न लगाउने । यस्तो प्रतिवेदन निश्चित मुद्दाबारे पनि हुन सक्छ, जस्तै : पर्यटकीय स्थलमा शौचालय तथा खानेपानी व्यवस्थापनमा पालिकाको भूमिका ।<br>- पालिकाका भौगोलिक विशेषताका ठाउँमा गएर त्यहाँ बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर जानकारी बटुल्न लगाउने ।<br>- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाई केहीलाई पालिकाका भौगोलिक विशेषता भएका ठाउँको महत्त्वबारे, कुनैलाई दोहनको समस्या र सम्भावना र कुनै समूहलाई सम्भावनाबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रस्तुति दिन लगाउने ।<br>- विद्यार्थीलाई सम्भावनाको सन्दर्भमा पर्यटन मात्र नभई त्यहाँ पाइने स्रोत साधनको सदुपयोग गर्ने पनि हुन सक्छ भनेर अवगत गराउने । उदा. कुनै डाँडामा एकदमै हावा चल्छ भने त्यहाँ हावाबाट बिजुली निकाल्न सकिनेजस्ता अन्य सम्भावना के हुन सक्छन् लेख्न लगाउने ।<br>- विद्यालयहरूले ती महत्त्वपूर्ण स्थान सिकाइका लागि प्रयोग गरिरहेका छन् वा छैनन् छलफल गर्ने- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल गर्ने र सम्भव भए यस विषयमा कुरा गर्न विद्यार्थीलाई पालिका लाने वा विद्यालयमा प्रतिनिधि बोलाउने । | - भौगोलिक विशेषताका ठाउँको हालको अवस्था भन्न र लेख्न सकेको<br>- आफ्नो गाउँठाउँका सम्भावनाबारे भन्न सकेको<br>- दोहनको समस्या र सम्भावनाबारे आवश्यक प्रश्न गर्न सकेको<br>- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेर आफ्नो धारणा प्रस्तुत गर्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | - पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थानको वर्तमान अवस्था, तिनको उपयोग र व्यवस्थापनको आवश्यकता, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना विचार र टिप्पणी राख्न सक्ने | - पालिकाका तथा छिमेकका ऐतिहासिक तथा सांस्कृतिक स्थान, समाजसँग सम्बन्ध, तिनको प्रयोग, वर्तमान अवस्था र व्यवस्थापन | (नोट : चाखलाग्दा भौगोलिक ठाउँ मध्येको ठाउँ नै ऐतिहासिक वा सांस्कृतिक ठाउँ पनि हुन सक्छ । यिनको क्रियाकलाप एकीकृत रूपमा गराउन सकिन्छ ।)<br>- पालिका कार्यालयमा हाल ऐतिहासिक तथा सांस्कृतिक स्थानमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे सोधेर एउटा प्रतिवेदन तयार गर्न लगाउने । यस्तो प्रतिवेदन निश्चित मुद्दाबारे पनि हुन सक्छ- जस्तै : धार्मिक स्थलको सरसफाइ व्यवस्थापनमा पालिकाको भूमिका ।<br>- पालिकाका ऐतिहासिक तथा सांस्कृतिक स्थानमा गएर त्यहाँ बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर जानकारी बटुल्न लगाउने ।<br>- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाएर केहीलाई ऐतिहासिक तथा सांस्कृतिक ठाउँको महत्त्वबारे, कुनैलाई दोहनको समस्या र सम्भावना र कुनै समूहलाई सम्भावनाबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रस्तुति दिन लगाउने ।<br>- विद्यार्थीलाई सम्भावनाको सन्दर्भमा पर्यटन मात्र नभई त्यहाँ पाइने स्रोत साधनको सदुपयोगको पनि कुरा गर्न सकिन्छ भनेर अवगत गराउने । उदा. कुनै ऐतिहासिक स्थलबारे धेरै जानकारी छैन भने पुरातत्त्वविद् तथा विद्यार्थीहरूलाई त्यहाँ खोजका लागि बोलाउने र राष्ट्रिय स्तरमा त्यहाँको महत्त्वबारे जानकारी दिन सकिनेजस्ता अन्य सम्भावना के हुन सक्छन् लेख्न लगाउने ।<br>- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल गर्ने र यस विषयमा कुरा गर्न पालिका वा सम्बन्धित निकायमा लान सकिने । | - ऐतिहासिक तथा सांस्कृतिक स्थानको हालको अवस्था भन्न र लेख्न सकेको<br>- आफ्नो गाउँठाउँका सम्भावनाहरू देख्न तथा पहिचान गर्न सकेको<br>- दोहनको समस्या र सम्भावनाबारे भन्न सकेको<br>- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेको वा,<br>ती स्थानको भ्रमणमा कक्षा वा गाउँका साथीहरू लगेर प्रतिवेदन लेखेको | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती गापा को इतिहास - युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | - बागमती गापाले बोकेको युद्ध इतिहासबारे परिचित हुने | - बागमती गापाको युद्ध इतिहास | - भुरभुरेका थलीमा २०६२ सालमा तत्कालिन सशस्त्र बिद्रोही माओबादी र नेपाली सेना विच भएको आमने सामने युद्धका बारेमा जानकारी गराउने । <br> - पृथ्वीनारायण शाहको नेपाल विस्तार अभियान र मिर कासिम विरुद्धको लडाइँमा हरिहरपुरगढी र मकवानपुरगढीको महत्त्व र भूमिकाबारे विद्यार्थीलाई किताब हेरेर, इन्टरनेटमा खोजेर वा कसैलाई सोधेर आफूले भेट्न सक्नेजति जानकारी खोज गर्न लगाउने । कसले के भेट्यो भन्नेबारे कक्षामा छलफल गर्ने, शिक्षकले भनिदिने । <br> - स्थानीय इतिहासविद्‌लाई वा गाउँका वयोवृद्धलाई कक्षामा अतिथि शिक्षकको रूपमा आमन्त्रण गरेर बागमती गापाको युद्ध इतिहासबारे प्रश्नोत्तर सत्र सञ्चालन गर्ने । | - बागमती गापाको युद्ध इतिहासबारे प्रश्न सोध्नमा रुचि देखाएको <br> - भुरभुरे थलीको युद्ध इतिहासमा गर्व गर्दै यसको ऐतिहासिक महत्त्व बताउन सकेको <br> - हरिहरपुरगढीमा मिर कासिमले जितेको भए त्यहाँ अनि नेपालमा के फरक हुन्थ्यो होला दुईवटा तर्कसङ्गत कुरा राखेको <br> - किन त्यही ठाउँमा लडाइँ पऱ्यो होला वा किल्ला बनाएको होला कारण पढेर वा अन्दाज गरेर चारवटा कुरा भन्न सकेको | २ |

## ३. हाम्रा वरपरका सजीव

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| वन वनस्पति | - पालिकाका सामुदायिक वनको महत्त्व, आवश्यकता, फाइदा र समस्या भन्न सक्ने <br> - वनजङ्गल संरक्षण गर्नुपर्छ भन्ने बोध हुने | - पालिकाका सामुदायिक वनको महत्त्व, आवश्यकता, फाइदा र समस्या | - कक्षा ७ मा गरेको गतिविधिमार्फत पालिकाका सामुदायिक वनबारे विवरणात्मक जानकारी बटुल्न लगाउने । <br> - आफ्नो घर वा विद्यालयबाट सबैभन्दा नजिक रहेको सामुदायिक वन छेउको बस्तीमा गएर वन सामुदायिक भएपछि जीविका, वातावरण आदिमा आएको परिवर्तनबारे सोधेर र सामुदायिक वनका फाइदा टिपेर प्रतिवेदन तयार गर्न र प्रस्तुत गर्न लगाउने । <br> - सामुदायिक वनले वातावरणमा पारेको प्रभावबारे छलफल गर्ने । | - पालिकामा सामुदायिक वनले ल्याएका परिवर्तनबारे लेख्न तथा भन्न सकेको <br> - सामुदायिक वनको महत्त्व टिपोट गरेर व्याख्या गर्न सकेको <br> - सामुदायिक वनले वातावरणमा पारेको प्रभावबारे छलफल गर्न सकेको <br> - स्थानीय जनसमुदायसँग यस विषयमा अन्तर्क्रिया गरेको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| जीवजन्तु र चराचुरुङ्गी | - जीवजन्तु संरक्षण तथा व्यवस्थापनका उपायहरू पहिचान गर्ने | - पालिकाका जीवजन्तुको संरक्षण तथा व्यवस्थापन | - छुट्टाछुट्टै समूहलाई विभिन्न लोपोन्मुख र लोपोन्मुख नभए पनि मानवीय क्रियाकलापले असर परेका जीवजन्तुको नाम, तिनका विशेषता, लोपोन्मुख हुनुको कारण र संरक्षणका उपायहरू एउटा चार्टपेपरमा तयार पारेर प्रस्तुत गर्न दिने । | - कम्तीमा तीन लोपोन्मुख वा मानवीय क्रियाकलापले असर पारेका जीवजन्तुको विवरण दिन सकेको<br>- वरपरका जीवजन्तु संरक्षण गर्ने उपाय भन्न सकेको | ५ |
| | - पालिकाका जीवजन्तुको संरक्षण गर्नुपर्छ भन्ने विचार प्रकट गर्ने | | - जीवजन्तु किन संरक्षण गर्नुपर्छ भन्नेबारे छलफल गर्ने ।<br>- "जीवजन्तुको संरक्षणमा सामुदायिक वनको भूमिका" शीर्षकमा स्थानीय अनुभव तथा उदाहरण राखेर निबन्ध लेख्न लगाउने ।<br>- वन वातावरण र जीवजन्तु सम्बन्धित चित्रहरू बनाउन लगाउने । | - हामीले किन हाम्रा वरपरका जीवजन्तु मास्नु हुँदैन भन्नेबारे तर्क राख्न सकेको<br>- वन वातावरण र जीवजन्तु सम्बन्धित चारवटा चित्रहरू बनाएको | |
| विषालु जीवजन्तु | - विषालु जीवजन्तुको व्यवस्थापन र संरक्षणको महत्त्व तथा उपायहरू पहिचान गर्ने | - विषालु जीवजन्तु व्यवस्थापन तथा संरक्षण | - वातावरणका लागि विषालु जीवको महत्त्वलाई केन्द्रमा राखेर यस्ता जीवको विनाश होइन व्यवस्थापन तथा संरक्षण गर्नुपर्छ भन्नेमा जोड दिने । पालिकाका लोपोन्मुख वा संरक्षण गर्नुपर्ने जीवजन्तुसँगै विषालु जीवजन्तुलाई पनि संरक्षण गर्नुपर्छ भन्नेबारे छलफल गराउने ।<br>- हालसम्म विषालु जीवको व्यवस्थापनका लागि गापाले के कस्तो भूमिका खेलेको छ भन्नेबारे विद्यार्थीलाई बुझाउन गापा वा वडा प्रतिनिधिलाई कक्षामा निम्त्याएर प्रश्नोत्तर सत्र आयोजना गर्ने ।<br>- विषालु जीवजन्तुबारे भएका लोक कथा खोजेर लेख्ने अथवा विद्यार्थी आफैंलाई कुनै कथा वा कविता रचना गर्न लगाउने ।<br>- विषालु जीवजन्तुका रङ्गीन चित्र बनाउने (अघिल्लो कक्षाका भन्दा राम्रा बनाउन उत्प्रेरित गर्ने) । | - विषालु जीवको संरक्षण गर्नुपर्ने तर्क दिन सकेको<br>- गापाले विषालु जीव व्यवस्थापनमा लागु गरेका योजना बताउन सकेको<br>- विषालु जीवको जैविक प्रयोजन के होला थाहा भएका वा अन्दाज गरेका दुईवटा कुरा लेखेको<br>- विषालु जीवजन्तुका अघिल्लो कक्षामा नबनाएका चित्र बनाउन सकेको | ५ |

# ४. हाम्रो वातावरण

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| प्रकोप : प्राकृतिक प्रकोप र मानवीय प्रकोप | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन पूर्वतयारी गर्न वा गराउन सक्ने<br>- प्रकोपबारे समुदाय र विद्यालयमा न्यूनीकरणका लागि ड्रिल तथा जनचेतना दिन सक्ने | - प्राकृतिक प्रकोपबाट सुरक्षित रहन विद्यालय तथा पालिकामा पूर्वतयारी व्यवस्था | - समूहमा आफ्नो वडा, पालिकामा हुने मुख्य प्राकृतिक प्रकोपहरूको सूची बनाउने । त्यसको क्षतिबारे छलफल गर्ने ।<br>- समूहमा आगलागी तथा डढेलो, बाढी, पहिरो आदिका कारण र रोकथामबारे पोस्टर बनाउने । आफ्नो टोलमा यसबारे कम्तीमा पाँच घरमा भन्न र सार्वजनिक स्थलमा अनुमतिसहित पोस्टर टाँस्न लगाउने । ऋतु कुनै प्रकोप अनुसारको विशेषको मात्र पनि गर्न सकिन्छ । | - विपत्का क्षतिबारे विस्तृत भन्न सकेको<br>- पालिकाले गरेका न्यूनीकरणका पहल तथा योजना भन्न सकेको<br>- कम्तीमा पाँच घरमा गएर आगलागी तथा डढेलो, बाढी, पहिरो आदिका कारण र रोकथामबारे जनचेतना फैलाउने प्रयत्न गरेको | ५ |
| | | | - विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी अनिवार्य रूपमा कक्षा ७ र अन्य साना कक्षाका विद्यार्थीलाई आगलागी वा भूकम्प वा सम्भव भए दुवैको ड्रिल अभ्यास गर्न लगाउने :<br>- वैकल्पिक अधिकारीसहित विपत्सम्बन्धी अधिकारी तोक्ने<br>- विपत्का संकेत निर्धारण गरेर सावधान संकेत नियमित बजाउने<br>- तोकिएको ठाउँमा जम्मा भएर यो कुन विपत् बढी आउने समय हो, कसैले कुनै घटना देख्यो, सुन्यो छलफल गर्ने<br>- विपत्मा खबर गर्ने फोन नम्बर कहाँ छ वा पहिले कहाँ जाने वा के गर्ने भनेर हरेक पटक सोध्ने ।<br>- विद्यार्थीहरूलाई युवा क्लबजस्ता अन्य संघ/संस्थाहरूसँग सहकार्य गरेर समाजमा जनचेतना फैलाउने काममा प्रोत्साहन गर्ने ।<br>- गापा तथा वडा, पालिकाले त्यसको न्यूनीकरणका लागि गरेका पहल तथा योजनाबारे सम्बन्धित कार्यालयमा गएर बुझ्न लगाउने । कक्षामा प्रश्नोत्तर वा छलफल गर्ने ।<br>- हरेक परिवारका तहमा के पूर्वसावधानी वा तयारी गर्न सकिन्छ छलफल गरी तयार गर्न लगाउने । | - पूर्वतयारी (ड्रिल) सञ्चालन गर्नमा सक्रियता देखाएको<br>वा,<br>परिवारका तहमा गरेका पूर्वसावधानी वा तयारीको विवरण दिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | - नयाँ भाइरस वा नयाँ सरुवा रोग फैलिँदा स्थानीय सरकारले चाल्ने कदमबारे सचेत हुने | - कोरोना संक्रमणमा गापाले अपनाएका सावधानी | - कोरोना महामारीका बेला गापाले कतिवटा क्वारेन्टिन क्षेत्र बनाएका थिए, परीक्षण कति/कसरी भएको थियो, लकडाउन कति लामो भयो, संक्रमणको निगरानी कहिले सुरू गरियो आदि जस्ता विवरण विद्यार्थीका विभिन्न समूहलाई पत्रिकामा खोजेर वा गापा कार्यालयमा सोधेर संकलन गर्ने परियोजनात्मक कार्य दिने ।<br>- गापाले अपनाएको सावधानीमध्ये के एकदमै राम्रो थियो ? (उदा. आवश्यक क्वारेन्टिन स्थान संख्या, उचित समयमा लकडाउन, जनचेतना कार्यक्रम आदि) र सुधारयोग्य ठाउँ के थियो ? (उदा. क्वारेन्टिन स्थानको कमजोर व्यवस्थापन, स्वास्थ्य सेवा) भन्ने प्रश्न राखेर छलफल गराउने । | - महामारीका बेला गापाले अपनाएका नीतिगत तथा व्यावहारिक सावधानीबारे टिप्पणी गर्न सकेको<br>- नयाँ भाइरस वा संक्रमणको अवस्थामा स्थानीय तहको दृष्टिकोणबाट अपनाउनुपर्ने सावधानी तयार पार्न सकेको<br>- महामारीमा प्रयोग गरिएका जनचेतनाका सामग्रीहरूमध्ये सबभन्दा उपयोगी लागेको सामग्रीको अभिनय गरेको वा रेखाचित्र बनाउन सकेको | ६ |
| | | | - कक्षा ७ मा जसरी नयाँ सरुवा रोग वा महामारी आउँदा के हुन्छ, सामाजिक दूरी, क्वारेन्टिन लगायत अरू कस्तो सावधानी अपनाउनु पर्छ, मिडियामा आउने खबरले कस्तो असर गर्छ, गलत खबर र अफवाहबाट कसरी बच्ने आदि मुद्दा उठाएको अर्को डकुमेन्टरी वा चलचित्र देखाउने र छलफल गर्ने । छलफलको निष्कर्ष एउटा चार्टपेपरमा लेखेर कक्षामा वा नोटिसबोर्डमा टाँस्ने ।<br>- विद्यार्थीहरूलाई जोडी वा समूहमा अब गाउँमा कुनै भाइरस वा महामारी फैलियो भने गापाको दृष्टिकोणबाट कस्तो सावधानी अपनाउने होला भन्नेबारे योजना सूची बनाउन दिने ।<br>- यस्ता महामारीमा प्रयोग गरिएका जनचेतनाका सामग्रीहरू जम्मा गरेर सबभन्दा कुन राम्रो र किन छलफल गर्ने । | - पाँच वर्ष छँदाको आफूलाई महामारीको अवस्था तथा अनुभवबारे २५० शब्द जतिको चिट्ठी लेखेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| वातावरण विनाश तथा संरक्षण | - दिगो विकास लक्ष्य १२ (उत्पादन र खपतमा उत्तरदायित्व) बारे सचेत भएर आफ्ना विचार प्रकट गर्न सक्ने<br>- गापामा वातावरण संरक्षणका लागि भएका क्रियाकलापमा सहभागी हुने तथा आयोजना गर्ने | - उत्पादन र खपतमा उत्तरदायित्व<br>- वातावरण संरक्षणका कार्यक्रम | - आफ्नो घरमा भएका सामानमध्ये पाँच नभई नहुने र पाँच नभए पनि घर चल्ने खालका सामग्रीहरूको सूची बनाउन दिने र यी दश सामानले वातावरणमा पार्न सक्ने असरबारे विवरण (सामान कुहिने हो कि होइन, यसमा कहिल्यै पनि नकुहिने 'फरेभर केमिकल' छ कि छैन होला, कस्तो खोलमा आउँछ, उत्पादन हुँदा कति प्रदूषण भयो होला, यो फाल्नु पर्दा कसरी फाल्ने लगायतका थप विवरण) लेखेर कक्षामा सबैलाई सुनाउन र सबैको सुन्न लगाउने । खपतबारे आफू सचेत भएन भने त्यसले वातावरणमा नराम्रो असर पर्न सक्छ भन्ने जानकारी दिने र यसबारे छलफल गर्ने ।<br>- पालिका तथा नजिकैका बालसमूहबाट आयोजित वातावरणसम्बन्धी क्रियाकलापमा विद्यालयकै तर्फबाट सम्पूर्ण विद्यार्थीलाई सहभागी गराउने ।<br>- चाउचाउ कम्पनीले आफ्नो आर्थिक फाइदाको लागि नभई वातावरणको लागि सोचेर प्लास्टिकको प्याकेटमा चाउचाउ नबेच्ने हो भने र हामीले पनि एकछिनको भोक र आफ्नो स्वादको लागि नभई आफ्नो र पृथ्वीको स्वास्थ्यको लागि चाउचाउको सट्टा घरगाउँतिरै पाकेका, प्याकेटमा बिक्री नहुने सामग्री खायौँ भने कति प्लास्टिक वातावरणमा जानबाट जोगाउन सक्छौँ होला त जस्ता विषयमा छलफल तथा वादविवाद गर्ने । यस्तै कुरा पेय पदार्थबारे पनि गर्ने । ठूला कम्पनीले उत्पादन नगर्ने कि जनताले खपत नगर्नेजस्ता विषयमा वादविवाद आयोजना गर्ने ।<br>- हामीले खपत कसरी कम गर्न सक्छौँ र कम गरेर हाम्रो तर्फबाट के कति प्रभाव पार्न सक्छौँ भन्ने विषयमा निबन्ध लेख्न दिने ।<br>- विद्यार्थीहरूलाई समूहमा छुट्याएर विद्यालय, आफ्नो टोल, वडा, बाल क्लब, वरपर सक्रिय रहेका संघ-संस्था र पालिकाजस्ता निकायलाई सोधेर वातावरण संरक्षणका लागि समूह, संस्था वा निकायको तर्फबाट के कस्ता क्रियाकलाप गरिरहनु भएको छ भन्नेबारे सोधेर यिनका कामको प्रशंसा तथा थप सुधारका सुझावसहित प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुति गर्न लगाउने । | - उत्पादन र खपतमा उत्तरदायित्व (दिगो विकास लक्ष्य १२) को महत्त्व भनेर वा लेखेर व्यक्त गर्न सकेको<br>- आफ्नो गाउँ तथा पालिकामा वातावरण संरक्षणका लागि के कस्ता कार्यक्रम तथा क्रियाकलाप भइरहेका छन् भन्नेबारे जानकारी बटुलेको<br>- संरक्षणका क्रियाकलापमा भएका कामको प्रशंसा तथा थप सुधारको लागि सुझाव दिने वा टिप्पणी गर्न सकेको<br>- गापामा वातावरण संरक्षणका लागि भएका क्रियाकलापमा सहभागी भएको वा आयोजना गरेको | ६ |

## ५. मेरो सिर्जना

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| हस्तकला, परम्परागत सीप र धार्मिक सीप | - परम्परागत सीपको महत्त्व र हराउँदै गएका सीपको पहिचान र संरक्षणको अभ्यास गर्ने | - परम्परागत सीपको महत्त्व र संरक्षण | - आफ्नो घर, गाउँ तथा कक्षाभित्रै पनि कसैले कुनै सीप जानेको हुन सक्छ, तीमध्ये कसले कुन सीप जानेका छन् र सीप जान्नेले ती सीप कसरी जाने होलान् छलफल गर्ने ।<br>- आफ्नो गाउँघरतिर थाहा भएअनुसार कस्ता सीपहरू लोप भएका वा हुँदैगएका छन् अर्थात् कस्ता सीपका विज्ञ कम हुँदैगएका छन् गाउँका पाँच-छ जना ज्येष्ठ नागरिकलाई सोधेर कस्ता सीप किन लोप हुँदैछन् भन्नेबारे संक्षिप्त प्रतिवेदन तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्ने ।<br>- कुन सीप किन जोगाउनुपर्छ, ती सीप हराए के होला छलफल गर्ने ।<br>- कुनै पनि सीप कसरी जोगाउन सकिन्छ र यसबारे आफूले र अरूले के गर्न सक्छन् भन्नेबारे आफ्नो विचार अनुच्छेदमा लेख्न लगाएर कक्षामा प्रस्तुत गर्न दिने । सीप जोगाउने एउटा उपाय नयाँ पिढीलाई सिकाउने हुन सक्छ । लोपोन्मुख सीपको अभ्यास हेर्न वा गर्न प्रोत्साहन गर्ने । | - आफ्नो गाउँको लोपोन्मुख सीप पहिचान गरेर त्यसबारे भन्न सकेको<br>- कम्तीमा एउटा लोपोन्मुख सीपको अभ्यास हेरेको, गरेको वा विवरण सुनेर त्यसको अनुभव सुनाउन सकेको<br>- परम्परागत सीपको महत्त्वबारे छलफल गर्न सकेको<br>- लोपोन्मुख सीप जोगाउन के गर्न सकिन्छ भन्नेबारे भन्न तथा लेख्न सकेको वा,<br>लोपोन्मुख सीप आफूले जानिराखेको वा सिकेको | ६ |
| लोक कला तथा साहित्य | - अघिल्लो कक्षामा जम्मा गरेका सबै सामग्री सम्पादन गरेर भन्ने सुनाउने तथा प्रस्तुत गर्ने<br>- राष्ट्रिय स्तरमा स्थानीय कथा प्रस्तुत गर्नुको आवश्यकताबारे विचार राख्न सक्ने | - दोहोरी गीत तथा अन्य साहित्य | - रेडियो र टिभीमा आएका भन्दा पनि स्थानीय बोल र भाकामा दोहोरी खेल्ने अभ्यास गराउने । दोहोरीमा केटा र केटीको समूह नबनाएर विषयगत समूह बनाउन सकिन्छ । जस्तै : एउटा समूह पिक्निक जाने पक्षमा र अर्को विपक्षमा भएर एउटाले अर्कोलाई फकाउने खालका विषय बनाउन सकिन्छ । वर्षमा एकपटक वादविवादका जस्ता सामाजिक विषयमा रहेर स्थानीय बोल र भाकामा अन्तरविद्यालय दोहोरी प्रतियोगिता आयोजना पनि गर्न सकिन्छ ।<br>- विद्यार्थीका रचनात्मक लेखन वा चित्रकलाहरू राष्ट्रिय स्तरमा छाप्न पठाउन, कार्यक्रमहरूमा प्रस्तुत गर्न र कक्षामै भए पनि सुनाउन वा प्रोत्साहन गर्ने । | - दोहोरी गीतमार्फत विभिन्न विषयमा आफ्नो विचार राख्न सकेको वा प्रत्यक्ष नराखे पनि आफ्ना सहपाठीलाई सहयोग गरेको वा हौसला बढाएको<br>- स्थानीय परिवेशमा लेखिएका आफ्ना रचना प्रस्तुत गर्ने इच्छा देखाएको<br>- यी कलाहरू जीविकाको साधन बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो विचार प्रकट गरेको<br>- राष्ट्रिय मञ्चमा स्थानीय कथा पुग्नुको फाइदा भन्न सकेको | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - यी कलाहरू कसैले जीविकाको साधन बनाएको छ कि वा बनाउन सकिन्छ कि खोज्न लगाउने र कक्षामा छलफल गर्ने ।<br>- आफ्नो टोल वा समग्र गापाका कुन-कुन घटना वा कथा राष्ट्रिय स्तरमा थाहा दिनुपर्ने छन् भन्नेबारे छलफल गर्ने । छलफलमा स्थानीय कथा वा फरक दृष्टिकोण राष्ट्रिय मञ्चमा प्रस्तुत गर्नुको आवश्यकता र फाइदाबारे पनि कुरा गर्ने । | | |

## ६. हाम्रो संस्कृति

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| चालचलन र चाडपर्वहरू | - छलफलको विषयसूची बनाउने र कक्षा १ देखि अध्ययन अवलोकन गरिएका विविध पक्षको अभिलेखन गर्ने | - चालचलन तथा चाडपर्वबारे छलफल तथा विविध पक्षको अभिलेखन | - स्थानीय चालचलन तथा चाडपर्वबारे के के कुरा सिकियो छलफल गर्ने । सिकिएका कुरालाई खण्डखण्ड गरेर बाँडेर लेख्न लगाउने । जम्मा गरेर एकप्रति विद्यालयमा राख्ने र एकप्रति पालिकामा दिन लगाउने । (यसबाट हरेक वर्ष पढाउने सामग्री बन्न जान्छ ।)<br>- आफ्नो ठाउँ तथा पालिकाको चालचलनको मौलिकताबारे निबन्ध लेख्न दिएर कक्षामा प्रस्तुत गर्न लगाउने । | - लेखनमा दस्तावेज र मौखिकमा समाजका चालचलन बयान गर्न सकेको<br>- स्थानीय चालचलनको मौलिकताबारे लेखेको<br>- व्यक्तिगत रूपमा मुख्य पाँच स्थानीय चालचलन तथा चाडपर्वको अभिलेखन गरेको<br>- सबैले लेखेका स्थानीय चालचलनको अभिलेखन जम्मा गरेर एकप्रति विद्यालयमा राखेको र पालिकामा बुझाएको | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | - गापा स्तरमा अल्पपोषण भएका खानकुराको असर तथा न्यूनीकरण र स्थानीय परिकारको महत्त्वबारे जनचेतना फैलाउने कार्यक्रम आयोजना गर्ने, सहयोग गर्ने वा सहभागी हुने | - गापा स्तरमा अल्पपोषण भएका खानेकुराको न्यूनीकरण र असरसँगसम्बन्धित निकायहरूसँग सहकार्य | - खानेकुराका प्याकेटमा भएका जरुरी सूचनाबारे छलफल गर्ने र नजिकको दोकानमा हेर्न जाने; व्याच नं., प्याक गरेको मिति र उपभोग गर्ने म्याद हेर्ने ।<br>- कुनै अल्पपोषक खानाको एक प्याकेट विद्यालयले किनेर राख्ने र त्यसमा भएका अरू सूचना पढी छलफल गर्ने ।<br>- राष्ट्रिय मापदण्ड पूरा नगरेका के कस्ता खाद्य पदार्थ बजारमा भेटिएका छन् र यसप्रकारका खानालाई नियमन गर्न वडा पालिकाले के कसरी काम गर्दछ भन्नेबारेसँग सम्बन्धित निकायलाई सोधेर एक समूहलाई प्रतिवेदन तयार गर्न दिने र कक्षामा प्रस्तुत गराउने ।<br>- सरोकारवालासगँ मिलेर कक्षाको अर्को समूहले पोषण तथा स्थानीय खानाको महत्त्वबारे सामग्री तयार गरी प्रचारप्रसार गर्ने ।<br>- अल्पपोषक खाना न्यूनीकरणबारे जनचेतनामूलक नाटक, गीत, वक्तृत्वकला प्रतियोगिता आदि जस्ता क्रियाकलाप समुदायमा गराउने ।<br>- अल्पपोषक खाना कम गरेर स्वस्थ जनशक्ति बढाउने कि बनाएर वा बेचेर आर्थिक स्थिति सुधार्ने जस्ता शीर्षकमा वादविवाद प्रतियोगिता आयोजना गर्ने ।<br>- स्थानीय परिकारका खानाको खाद्य मेला महोत्सव गराउन पालिकालाई सामूहिक चिठी लेख्न लगाउने । | - मापदण्ड पूरा नगरेका खाद्य पदार्थको नियमन पालिकाले कसरी गर्छ भन्नेबारे कक्षामा प्रस्तुत गर्न सकेको<br>- गापा स्तरमा अल्पपोषक खानाको असर र न्यूनीकरणबारे प्रश्न गर्न सकेको र दवाव दिएको<br>- सम्बन्धित निकायहरूसँग सहकार्य गरी जनचेतना वृद्धिमा काम गरेको<br>- स्थानीय परिकारको महत्त्वबारे जनचेतना फैलाउनमा सक्रियता देखाएको वा स्थानीय परिकारका खानाको मेला गराउन पालिकालाई चिठी लेखेको र अनुगमन गर्न गएको | ५ |

## ७. हाम्रो वरपरको संसार

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| नदीनाला | - पालिकाका खोलाको दुरूपयोग र बचाव, दोहनका सम्भावना र अति दोहनका समस्याबारे सचेत हुँदै आफ्ना धारणा राख्न सक्ने<br>- परम्परागत र आधुनिक प्रयोगका द्वन्द्वबारे छलफल गर्न सक्ने | - पालिकाका मुख्य खोलाको वर्तमान अवस्था र प्रयोगका द्वन्द्व | - नदी क्षेत्रमा हुने माछा मार्न कस्तो हुन्छ देखाउन लाने । यसको आवश्यकता फाइदा/बेफाइदाबारे स्थानीयलाई सोध्न लगाएर कक्षामा छलफल गराउने ।<br>- कक्षामा चार-पाँच जनाको एउटा समूह बनाई केहीलाई पालिकाका नदीहरूको महत्त्वबारे, कुनैलाई दोहनको समस्या, कुनैलाई सम्भावना र कुनै समूहलाई सदुपयोग गर्ने उपायहरूबारे लेख्न परियोजनामूलक क्रियाकलाप दिएर प्रतिवेदन तयार गर्न र प्रस्तुति दिन लगाउने । प्रतिवेदनका लागि पालिका वा सम्बन्धित निकायमा गई वा नदी वरपर बसोबास गर्ने मान्छेहरूसँग त्यहाँका परिस्थितिबारे सोधेर हाल पालिकाका नदी सम्बन्धमा भइसकेका, भइरहेका र योजना गरिएका गतिविधिबारे जानकारी बटुल्न सकिन्छ ।<br>- नदीको वर्तमान अवस्था र उपयोगबारे घर तथा छिमेकका ज्येष्ठ व्यक्तिहरूसँग कुरा गरेर उनीहरूको धारणा टिप्न दिने र कक्षामा छलफल गर्ने ।<br>- नदीमा बिजुली लगाएर वा अजैविक विष हालेर माछा मार्ने प्रक्रियाबारे छलफल गर्ने ।<br>- अति दोहन भएका ठाउँहरूमा यसको नियन्त्रणका उपायबारे छलफल र यस विषयमा कुरा गर्न पालिका लान सकिने । | - आफ्नो छेउछाउका तथा पालिकाका मुख्य नदीहरूको हालको अवस्था भन्न र लेख्न सकेको<br>- आफ्नो सेरोफेरोका जलस्रोतको सम्भावनाहरू देख्न तथा भन्न सकेको (कमसेकम दुई नयाँ विचारहरू)<br>- दोहनको समस्या र सम्भावनाबारे आवश्यक प्रश्न गर्न सकेको<br>- आवश्यक मुद्दाबारे प्रतिवेदन तयार गरेर आफ्नो धारणा प्रस्तुत गर्न सकेको | ५ |

## ८. हाम्रो भाषा

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|
| भाषा | - संयोजक, विस्मयादिबोधक शब्दसहित वाक्य संरचना गर्ने<br>- विभिन्न अवस्थासँग सम्बन्धित थप वाक्यहरू बोल्न जान्ने<br>- बहुभाषिक उखानहरू खोज्ने<br>- सामान्य संवाद गर्न सक्ने<br>- स्थानीय भाषामा १०० भन्दा ठूला सङ्ख्या गन्ने तरिका भन्न सक्ने<br>- स्थानीय तथा मातृभाषाका कविता, कथा, गीत अर्थ लगाउन सक्ने<br>- विभिन्न अवस्थासँग सम्बन्धित थप वाक्यहरू बोल्न जान्ने | - संस्कृति, खोला, बजार व्यवसाय, पालिकाको परिचय वातावरण प्रदूषण तथा संरक्षण, जलवायु परिवर्तन (तामाङ भाषामा लुङक्युइ), खाद्य सङ्कट पोषण, कोरोना भाइरस महामारी, रोगव्याधिसँग सम्बन्धित शब्दहरू<br>- संवाद | - हप्ताको एक दिन आधा घण्टा एउटा भाषा बोल्नलाई छुट्याउने र सकेसम्म तोकिएको भाषामै सबै जना बोल्ने तालिका मिलाउने र सिकिरहेका हरेक भाषाको एउटा-एउटा गीत वा लयबद्ध रहेको कविता सबैले सँगै गाउने । (सो गीत वा कविताको अर्थ विद्यार्थीलाई थाहा दिने ।)<br>- संयोजक, विस्मयादिबोधक, सम्बोधनहरूको प्रयोग गरेर संवाद बनाउने र विद्यार्थीलाई भाग लगाएर नाटकीय प्रस्तुतिको अभ्यास गराउने । यस्ता संवाद जलवायु परिवर्तन, पालिकाको पारिचय, कोरोना भाइरस माहामारी वा अन्य रोगव्याधि सम्बधित विषयमा बनाउन सकिन्छ ।<br>- विद्यार्थीलाई अत्यन्तै खुसी लागेको, विद्यालय आउन ढिला भएको, घरमा आमाले हकारेको जस्ता अवस्था दिँदै आफ्नो मातृभाषा वा स्थानीय भाषामा के भन्न सकिन्छ भनेर अभ्यास गराउने । पालैपालो रमाइला अवस्था सिर्जना गरेर कक्षा मनोरञ्जनात्मक बनाउन सकिन्छ ।<br>- विद्यार्थीको घरको र गाउँका भाषा जान्ने ज्येष्ठ नागरिकहरूसँग सोही भाषाका उखान सोधेर र भेला पारेर कक्षामा सुनाउने र उखान भण्डार बढाउने ।<br>- स्थानीय भाषामा १०० भन्दा ठूलो सङ्ख्या (जस्तै : हजार, लाख, करोड, अर्ब) गन्नेबारे जानकारी दिने ।<br>- स्थानीय तथा मातृभाषाका गीत, कथा, चलचित्र हेरेर भाषाको प्रयोगबारे छलफल गर्ने । | - संयोजक, विस्मयादिबोधक शब्दसहित वाक्य बनाउन सकेको<br>- विभिन्न भावमा संवाद गर्ने प्रयत्न गरेको<br>- संस्कृति, खोला, बजार व्यवसाय, पालिकाको परिचय वातावरण प्रदूषण तथा संरक्षण, जलवायु परिवर्तन, खाद्य सङ्कट, पोषण, कोरोना भाइरस महामारी, रोगव्याधिसँग सम्बन्धित शब्दहरू प्रयोग गरेको<br>- स्थानीय भाषामा १०० भन्दा ठूला सङ्ख्या र सो गन्ने तरिका भन्न सकेको | ३० |

# भाग ३

# सन्दर्भ सामग्री र अनुसूचीहरू

# सन्दर्भ सामग्री

## मार्गदर्शनहरू

- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६
- स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका, २०७७
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम, २०७६
- आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०७७
- कक्षा १ देखि ८ का राष्ट्रिय पाठ्यक्रममा आधारित मुख्य विषय पुस्तकहरू

## सन्दर्भ लिइएका अरू स्थानीय पाठ्यक्रमहरू

- हरिहरपुरगढी गाउँपालिकाको परिचय, स्थानीय पाठ्यक्रम (कक्षा १-८) २०७८
- कमलामाईको पहिचान, स्थानीय पाठ्यक्रम (कक्षा १-५), २०७७
- राक्सिराङ्ग गाउँपालिकाको स्थानीय विषयमा आधारित पाठ्यक्रम (कक्षा १-८), २०७७
- हाम्रो गौरव, हाम्रो भरतपुर स्थानीय पाठ्यक्रम (कक्षा १-८), २०७६
- लाङटाङको सेरोफेरो, रसुवा (कक्षा १, २, ३, ४, ५)
- हाम्रो बूढानीलकण्ठ स्थानीय विषयको पाठ्यक्रम (कक्षा १-८), २०७६
- चन्द्रनगर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३)

## सैद्धान्तिक सन्दर्भहरू

- Piaget's 4 Stages of Cognitive Development : https://www.verywellmind.com/piagets-stages-of-cognitive-development-2795457
- Piaget, Vyodosky and Erikson on Developmental Theory : https://education.stateuniversity.com/pages/1913/Developmental-Theory.html
- Piaget, Erikson and Kohlberg on Three Developmental Charts : https://www.huffpost.com/entry/three-developmental-charts-erikson-kohlberg-and_b_57a6a4b1e4b034b258952178

## भाषाका लागि

- Tips for Multilingual Classroom : https://www.naeyc.org/resources/pubs/yc/may2019/five-tips-engaging-multilingual-children
- Spanish for Beginners
- तामाङ ताम (अभ्यास कक्षामा सहभागिता समेत), अमृत योन्जन-तामाङ, नेपाल तामाङ समाज, जापान

## समीक्षाहरू

- पालिकामा दुई तहको परामर्श भेलाका टिप्पणी र सुझाव
- सुशन आचार्य
- अमृत योन्जन-तामाङ
- पाठ्यक्रम विकास केन्द्र सहायता कक्ष

# अनुसूचीहरू

## अनुसूची १ : सिकाइ सहजीकरणका विधिहरू

सिकाइ सहजीकरणमा शिक्षकको पाठयोजना अत्यन्तै महत्त्वपूर्ण हुन्छ । पूर्वतयारी गर्नुले सिकाइको अनुभवदेखि उपलब्धि सबैमा ठूलो भूमिका खेल्छ । स्थानीय पाठ्यक्रममा आधारित विषयवस्तु पढाउँदा अन्य विषयसँग मिलाएर पढाउने, सिकाइ सामग्री तयार पार्ने, भ्रमण वा अवलोकनमा लाने जस्ता काममा पाठयोजना निर्माण गर्नु निकै नै सहयोगी हुन जान्छ । पाठयोजना वार्षिक, मासिक, साप्ताहिक तथा दैनिक हुन सक्छन् । सकेसम्म वार्षिक हुँदै मासिकदेखि दैनिकसम्म पाठयोजना निर्माण गर्नाले प्रभावकारिता सुनिश्चित गर्छ । सधैँ दैनिक पाठयोजना बनाउन सम्भव नभए पनि कम्तीमा साप्ताहिक पाठयोजनासम्म निर्माण गर्न आवश्यक छ ।

पाठयोजना निर्माण गर्दा शिक्षकले सधैँ ध्यानमा राख्नुपर्ने केही थप बुँदा तल दिइएका छन् :

- विद्यार्थी केन्द्रित विधिको अभ्यास गर्ने । विद्यार्थी कुनै किसिमको अपाङ्गता भएका, मातृभाषा सबल पक्ष भएका, स्थानीय क्षेत्रमा भिजेका वा त्यहाँका लागि अत्यन्तै नौलो भएका वा अन्य कुनै पृष्ठभूमिका हुन सक्छन् । शिक्षण सिकाइमा यी कुरा ध्यान दिनुपर्ने हुन्छ ।
- सबै विद्यार्थीलाई उनीहरुको क्षमता तथा रुचिअनुसार अभिव्यक्तिको अवसर दिने । अभिव्यक्तिका विभिन्न माध्यम प्रयोगमा ल्याउने ।
- अन्य विषय तथा राष्ट्रिय पाठ्यक्रमसँग मिलाउन मिल्ने पाठको एकीकृत पठनपाठनका लागि सोहीअनुसार योजना बनाउने ।
- हरेक विषयवस्तुमा कम्तीमा एउटा अन्तर्क्रियात्मक गतिविधिको योजना बनाउने ।
- एकल तथा सामूहिक दुवै खालका परियोजनात्मक क्रियाकलाप गराउने ।
- उपलब्ध स्थानीय सामग्री र प्राविधिक स्रोतको प्रयोग गर्ने र स्थानीय सामग्रीबाटै पठनपाठनमा जोड दिने ।
- स्थानीय विज्ञ, घर तथा गाउँबाट हुने सिकाइमा जोड दिने ।
- प्रविधिको प्रयोग गर्न नसकिने खण्डमा जसरी सकिन्छ त्यसरी कक्षा योजना बनाउने, भिडियो छैन भने चित्र, चित्र नभए आफैँले देखाएर वा कोरेर, त्यो पनि सम्भव नभए खेलको माध्यमबाट सिकाउने ।
- भनेर भन्दा गरेर सिक्ने क्रियाकलापमा जोड दिने ।
- शिक्षकले एक पटकमा दश मिनेटभन्दा बढी बोलेर निर्देशन व्याख्या नगर्ने ।
- कक्षाकोठाबाटै मूल्याङ्कन सुरू गर्ने ।
- सही जवाफ मात्र नखोज्ने, विद्यार्थीको प्रयत्नको सराहना गर्ने ।

## अनुसूची २ : मूल्याङ्कन प्रक्रियाको रूपरेखा

आधारभूत तह (१-३) का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ भन्ने व्यवस्था सम्बन्धित पाठ्यक्रमको मूल्याङ्कन खण्डमा उल्लेख छ । सो केन्द्रीय पाठ्यक्रमअनुसार कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । साथै मूल्याङ्कन प्रक्रिया पनि सोही पाठ्यक्रमअनुसार पालना गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रमको विषयवस्तु तथा क्रियाकलापलाई मध्यनजर गर्दै आधारभूत तहका सबै कक्षाको निरन्तर मूल्याङ्कन वा कक्षा ४-८ को सन्दर्भमा आन्तरिक मूल्याङ्कनका लागि प्रयोग गर्न सकिन्छ ।

यस स्थानीय पाठ्यक्रमको विषयस्तुको विस्तृतीकरण तालिकामा रहेको मूल्याङ्कन खण्डमा बुँदागत रूपमा उपलब्धि सूचक राखिएको छ । तिनै उपलब्धि सूचकका आधारमा निरन्तर वा आन्तरिक मूल्याङ्कन गर्न मिल्छ । यहाँ सुझाव गरिएको मूल्याङ्कन तथा

मापन तरिका बुझ्न आधारभूत तह (१-३) को अनुसूची ३ (घ) : हाम्रो सेरोफेरो विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख हेर्नुहोला । यसै अनुसूचीमा उदाहरणका लागि एउटा तालिका पनि राखिएको छ । शिक्षकलाई कक्षागत रूपमा यस स्थानीय पाठ्यक्रमका सबै विषयवस्तुको उपलब्धि सूचक राखेर निर्माण गरिएको मूल्याङ्कन तालिका पनि एक पाना कागजमा फोटोकपी गर्न मिल्ने गरी छुट्टै उपलब्ध गरिने छ ।

मूल्याङ्कनको लागि निम्न कुरामा ध्यान पुऱ्याउनुपर्छ :

- विस्तृतीकरणमा रहेको हरेक मूल्याङ्कन बुँदा वा उपलब्धि सूचकलाई निरन्तर मूल्याङ्कनको तालिकामा राखेर तिनलाई विद्यार्थीले हासिल गर्न सकेको वा नसकेको आधारमा मूल्याङ्कनको टेबलमा रेजा (✓) लगाउनुपर्छ ।
- ४ वटा बुँदा भएका उपलब्धि सूचकमा हरेक रेजा बराबर १ अङ्कन हुन्छ । २ वटा बुँदा भएका उपलब्धि सूचकमा हरेक रेजा बराबर २ अङ्कन हुन्छ । ८ वटा बुँदा भएका उपलब्धि सूचकमा हरेक रेजा बराबर ०.५ अङ्कन हुन्छ ।
- जम्मा रेजाको अङ्कन गर्दा हरेक विषयवस्तुको मूल्याङ्कनको पूर्णाङ्क ४ हुन्छ ।
- शिक्षण सिकाइ क्रियाकलापको दौरानमा वा सकिएपछि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री |
| ३. | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५. | कार्यसम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६. | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |
| ७. | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च | ४ | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लो स्तरको उपलब्धिसमेत हासिल गरेको |

तल तालिकामा दिएको ढाँचा जसरी सबै विषय क्षेत्रको मूल्याङ्कन गरिसकेपछि उपलब्धि प्रतिशत निकाल्न र अन्तिम नतिजामा राख्न पनि सकिने छ ।

उदाहरण : कक्षा १, हाम्रो समुदाय

| विस्तृत विषयवस्तु | सिकाइ उपलब्धि | उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको-नसकेको | मिति | अङ्कन | सकेको-नसकेको | मिति | अङ्कन | |
| गाउँका पुराना घर, गुम्बा वा मन्दिर | आफ्नो टोलक्षेत्रका पुराना घरसम्बन्धी जानकार हुने | नयाँ र पुराना घरको बाहिर देखिने सामग्री वा रङ कस्तो हुन्छ आफ्नो बुझाइ व्यक्त गर्न सकेको | | | | | | | |
| | | घर वा चित्र हेरेर कुन घर पुरानो कुन नयाँ होला भन्ने चिन्न सकेको | | | | | | | |
| | | आफ्नो टोलको सबभन्दा पुरानो घर वा संरचना कुन हो भन्न सकेको | | | | | | | |
| | | नयाँ र पुराना घरहरूको चित्र बनाएको वा प्रयत्न गरेको | | | | | | | |
| अभिभावकको दस्तखत :<br>शिक्षकको दस्तखत र मिति : | | | उपलब्धि :<br>प्रतिशत : | | | | | | |

सबै कक्षाको मूल्याङ्कन यसरी गर्न सकिने गरी यस पाठ्यक्रम निर्माण गरिएको छ । आधारभूत तह (४-५ र ६-८) का लागि परीक्षा मूल्याङ्कनको भारअनुसार यसरी गरिने निरन्तर तथा आन्तरिक मूल्याङ्कनको अनुपात मिलाउन सक्नुहुने छ ।

$$\text{उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका विषयवस्तुको सङ्ख्या}} \times \text{१००}$$

यो पाठ्यक्रमको प्रयोजनका लागि निरन्तर मूल्याङ्कनबाहेक कक्षा ४-८ का लागि गरिने आन्तरिक मूल्याङ्कनमा निम्न भार अनुसारका मापदण्ड सुझाइएको छ । यसमा परीक्षाको भार समावेश गरिएको छैन । स्थानीय पाठ्यक्रमका लागि लिखित परीक्षाभन्दा यस्ता अन्तर्क्रियात्मक तथा अभिव्यक्तिमा आधारित मूल्याङ्कन बढी प्रभावकारी हुन्छ ।

| | |
|---|---|
| परियोजना कार्य (व्यक्तिगत र सामूहिक) | ३० प्रतिशत |
| प्रश्नोत्तर (मौखिक) | २० प्रतिशत |
| अभिव्यक्तिः चित्रात्मक र/वा सङ्गीतात्मक र/वा अभिनयात्मक | ३० प्रतिशत |
| कक्षामा सक्रियता र उपस्थिति | २० प्रतिशत |
| जम्मा आन्तरिक मूल्याङ्कन भारको प्रतिशत | १०० प्रतिशत |

### १-३ कक्षा मूल्याङ्कन

कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिबाट हुन्छ। शतप्रतिशत अङ्कका लागि माथिका मापदण्ड र निर्देशिकाहरू लागु हुन्छन्। त्यस माथिका कक्षामा तहअनुसार तरिका तथा साधनहरू निम्नानुसार गर्न सुझाइएको छ।

### ४-५ कक्षा आवधिक मूल्याङ्कन

आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम, २०७६ का आधारमा स्थानीय विषयको सन्दर्भमा पनि आन्तरिक मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कनको उपलब्धि स्तरका साथै सहभागिता, प्रयोगात्मक वा परियोजनात्मक कार्य र त्रैमासिक परीक्षाको नतिजा समावेश गरेर माथिका मापदण्ड समानुपातिक रूपमा जम्मा ५० भार रहेको छ। आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलिखित गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलिखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ।

### ६-८ कक्षा आवधिक मूल्यार्ान

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०७७ मा समावेश सामाजिक शिक्षा विषयको विद्यार्थी मूल्याङ्कन खण्डका आधारमा स्थानीय विषयको सन्दर्भमा पनि आन्तरिक मूल्याङ्कन गर्दा सहभागिता तथा सक्रियता, प्रयोगात्मक वा परियोजनात्मक कार्य र त्रैमासिक परीक्षाको नतिजा समावेश गरेर कक्षा ६-८ का लागि जम्मा ५० भार रहेको छ। आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलिखित गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलिखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ। स्थानीय विषयको मूल्याङ्कनमा विभिन्न गतिविधिसहित परियोजना तथा प्रयोगात्मक कार्य पनि पर्याप्त भएकाले निरन्तर मूल्याङ्कनको उपलब्धि स्तर यसमा समावेश गर्न सकिन्छ।

### कक्षा ४-८ का लागि कक्षान्त मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। स्थानीय विषयको परीक्षा विशेष गरेर ज्ञान र बोध, सीपको विकास, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृद्धि प्राप्त गरे/नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ। स्थानीय विषयको सन्दर्भमा आन्तरिक मूल्याङ्कनमा मात्र नभई आवधिक परीक्षाहरूमा लिखित मात्र नभई मौखिक र प्रयोगात्मक क्रियाकलापको पनि उचित भाग हुनुपर्छ। लेख्न सक्ने क्षमतालाई मात्र मापन गर्नुको साटो विभिन्न अभिव्यक्तिमार्फत विद्यार्थीको ज्ञान, सीप र क्षमता आकलन तथा अङ्कन गर्नुपर्छ जसका लागि माथिका मापदण्ड अनुसारको खाका अपानाउनु पर्दछ।

## अनुसूची ३ : राष्ट्रिय पाठ्यक्रमसँग एकीकृत गरेर पढाउन मिल्ने विषयवस्तु

| विषय क्षेत्र | विषयवस्तु | जोड्न सकिने मूल पाठ्यपुस्तक र पाठहरू |
|---|---|---|
| मेरो दैनिक जीवन | जीविकाको मुख्य आधार | ४-८ का लागि : सम्बन्धित कक्षाको हाम्रो सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाका विभिन्न पाठ |
| | जडिबुटी तथा गैरकाठ वनपैदावर | विज्ञानका बोटबिरूवासम्बन्धी पाठ |
| | कृषि र पशुपालन | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ, ४-८ का लागि : विज्ञान, सामाजिक शिक्षा, सामाजिक अध्ययन, पेशा व्यवसायका विभिन्न सम्बन्धित पाठ |
| | कृषि र पशुपालन बाहेकका समसामयिक र व्यावसायिक पेसा | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ, ४-८ का लागि : सामाजिक शिक्षा, सामाजिक अध्ययन, पेशा व्यवसायका विभिन्न सम्बन्धित पाठ |
| हाम्रो समूदाय | स्थानीय रेकर्ड बुक | १-३ का लागि : गणितको नापसम्बन्धी पाठ |
| | चाखलाग्दा भौगोलिक ठाउँ | विज्ञानका भूगोलसम्बन्धी पाठ |
| | वरपरको सामाजिक वातावरण | ४-८ का लागि : सम्बन्धित कक्षाको हाम्रो सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाका विभिन्न पाठ |
| | ऐतिहासिक तथा सांस्कृतिक ठाउँ | सामाजिक शिक्षाको इतिहाससँग सम्बन्धित पाठ, नेपाली, अंग्रेजी तथा स्थानीय भाषाका लेखन क्रियाकलाप |
| | बागमती गापाको इतिहास- युद्ध इतिहास, सामुदायिक इतिहास र ऐतिहासिक व्यक्तित्व | सामाजिक शिक्षाको इतिहाससँग सम्बन्धित पाठ, नेपाली, अंग्रेजी तथा स्थानीय भाषाका लेखन क्रियाकलाप |
| हाम्रा वरपरका सजीव | वन वनस्पति | विज्ञानका बोटबिरूवासम्बन्धी पाठ |
| | जीवजन्तु र चराचुरूङ्गी | विज्ञानका जीवविज्ञानसम्बन्धी पाठ |
| | विषालु जीवजन्तु | जीवविज्ञानसम्बन्धी पाठ, स्वास्थ्य विषयको प्राथमिक उपचार सम्बन्धित पात |
| हाम्रो वातावरण | प्रकोप : प्राकृतिक प्रकोप र मानवजन्य प्रकोप | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ ४-८ का लागि : विज्ञान र सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाका विभिन्न पाठ |
| | सरुवा रोग - पानीजन्य, हावाजन्य, जनावरको टोकाइ, नयाँ भाइरस | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ ४-८ का लागि : स्वास्थ्य शिक्षाका विभिन्न पाठ |
| | वातावरण विनाश तथा संरक्षण | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ - खेर जाने सामग्रीबाट विभिन्न चिज बनाउने अभ्यास, विज्ञानका वातावरणसम्बन्धी पाठ |
| मेरो सिर्जना | हस्तकला, परम्परागत सीप र धार्मिक सीप | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयको मेरो सिर्जना लगायतका सम्बन्धित पाठ, सामाजिक शिक्षाको इतिहाससँग सम्बन्धित पाठ |
| | लोक कला तथा साहित्य | नेपाली, अंग्रेजी तथा स्थानीय भाषाका लेखन क्रियाकलाप, स्थानीय पाठ्यक्रमको भाषा विषय |

| विषय क्षेत्र | विषयवस्तु | जोड्न सकिने मूल पाठ्यपुस्तक र पाठहरु |
|---|---|---|
| हाम्रो संस्कृति | चालचलन र चाडपर्वहरु | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो विषयका विभिन्न पाठ, ४-८ का लागि : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाका विभिन्न पाठ |
| | परम्परागत खानपिन, स्थानीय परिकार र अल्पपोषण भएका खानेकुरा | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो किताबका विभिन्न पाठ, ४-८ का लागि : स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला र सामाजिक अध्ययय तथा मानव मूल्यका पोषण सम्बन्धित पाठ |
| हाम्रो वरपरको संसार | वरपरको भौगोलिक वातावरण | १-३ का लागि : सम्बन्धित कक्षाको हाम्रो सेरोफेरो किताबका विभिन्न पाठ |
| | नदीनाला | विज्ञानका भूगोलसम्बन्धी पाठ |
| भाषा | भाषा | नेपाली, अंग्रेजी तथा स्थानीय भाषाका लेखन क्रियाकलाप, स्थानीय पाठ्यक्रममै रहेका लेखन प्रयोग गर्ने अन्य विषयवस्तु |

## अनुसूची ४ : बागमती गाउँपालिकाको संक्षिप्त परिचय

बागमती गाउँपालिका बागमती प्रदेशको दक्षिणपूर्वी सिमानामा रहेको मकवानपुर जिल्लाको दक्षिणपूर्वी भागमा अवस्थित छ। साविक राईगाउँ, फापरबारी र बेतिनी गाविसहरूलाई मिलाएर यो पालिका निर्माण भएको हो । बागमती नदी एक संगमको रूपमा यस गाउँपालिकामा अवस्थित रहेकाले यस गाउँपालिकाको नामकरण बागमती नदीको नामबाट हुन गएको देखिन्छ। यसको सम्बन्ध धार्मिक कारण मात्र नभई बागमती नदीको भौगोलिक सिमाना, जीविकोपार्जन र कृषिमा त्यसले पुऱ्याएको योगदान र एक आस्थावान् अर्थात् सम्मानित शब्द हुनु पनि देखिन्छ । यसको पूर्वमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गापा (बागमती नदीले छुट्टाएको), पश्चिममा बकैया गापा, उत्तरमा काभ्रेपलाञ्चोकको खानीखोला र ललितपुरको बागमती गाउँपालिका र दक्षिणमा रौतहटको चन्द्रपुर नपा (पानी ढलोले छुट्टाएको) रहेका छन् । यसको क्षेत्रफल ३११.७९ वर्ग किमि रहेको छ जुन क्रमशः जिल्लाको १२.८५%, बागमती प्रदेशको १.५३% जति र नेपालको ०.२१% भूभाग हुन आउँछ (नेपालको विस्तारित भूभाग अनुसार) । जनसङ्ख्याका दृष्टिले ४६० गाउँपालिकामध्ये यो पालिका ६५ औं र क्षेत्रफलका हिसाबले ६७ औं स्थानमा पर्दछ ।

यस गापामा ९ वटा वडा रहेका छन् जसमा जनसङ्ख्याको आधारमा सबैभन्दा ठूलो वडा २ नं. र सबैभन्दा कम जनसङ्ख्या भएको वडा ४ नं. हो । क्षेत्रफलका दृष्टिले सबभन्दा ठूलो वडा ९ नं. र सबैभन्दा सानो वडा ५ नं. हो । धरातलीय रूपमा यो महाभारत र चुरे श्रृङ्खलाहरूको सङ्क्रमणीय क्षेत्र हो । यहाँ नदी किनार र भावरका समथर फाँट (दून, दमार), खोलाखोल्सी, काँस फुल्ने चुरेका होचा डाँडाकाँडादेखि लालीगुराँस फुल्ने महाभारतको १,००० मिटर उचाइ सम्मको भूभाग पाइन्छ। साविकको राईगाउँ करौज्ये, बन्जरे, माझगाउँ, बोटगाउँ, हात्तीढुङ्गा र राईगाउँ मुख्य समथर ठाउँहरू हुन् । सम्भवतः बेतिनीको चौढीक, कुर्ले (लगभग १,००० मीटर) सबैभन्दा अग्लो र हात्तीढुङ्गा (१६६ मी) मकवानपुर कै सबैभन्दा होचो विन्दु हो । हावापानीका हिसाबले समथर भूभाग उपोष्ण र उच्च भागहरू समशीतोष्ण रहेका छन् ।

यहाँ २१४.०४ वर्ग किमी वा ६८.६५% क्षेत्रफल वनक्षेत्र रहेको तथ्याङ्कले देखाउँछन् । यहाँ सालका जङ्गल तथा मिश्रित वन क्षेत्रहरू छन् । वनक्षेत्र सबैभन्दा बढी भएको वडा ९ नं. मा ५२.०४ किमी र कम भएको वडा १ नं.९.९ वर्गकिमी छ। खेती योग्य जमिनको ५०.७९ वर्गकिमी रहेको छ। खेती योग्य जमिन सबैभन्दा बढी भएको वडा २ नं. मा ९.०७ वर्गकिमी र कम भएको वडा ४ र ५ नं. मा ४.६४ वर्गकिमी छ। प्रायः सबै वडामा बगर रहेको छ। यहाँ ३१.९ वर्गकिमी क्षेत्रफल बगर रहेको छ। सबैभन्दा बढी भएको वडा १ नं. ५.४३ वर्गकिमी र कम भएको वडा ९ नं. १.५३ वर्गकिमी छ। यो राई, माझी र पहरी आदिवासीहरूको थलो हो । यहाँ तामाङ, मगर, दलितहरू क्रमशः ठूलो सङ्ख्यामा लामो समयदेखि रहेका छन् । नेवार र बाहुन क्षेत्रीहरूको पनि सानो सङ्ख्या रहेको छ।

बागमती गाउँपालिकाको कुल जनसंख्या

| साल | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०६८ को जनगणना अनुसार | १५,८६० | १४,६३५ | ३०,४९५ |
| २०७४ को वस्तुगत सर्भे अनुसार (गापाले गरेको) | २०,०१९ | १९,७६० | ३९,७७९ |
| २०७८ को जनगणना प्रारम्भिक प्रतिवेदन अनुसार | १५,५१४ | १५,१११ | ३०,६२५ |

बागमती गाउँपालिकाको जातजातिगत जनसंख्या विवरण

| जातजाति | २०६८ को जनगणना अनुसार | | २०७४ को वस्तुगत सर्भे अनुसार | |
|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| तामाङ | १८,४५० | ६०.५० | २१,४०२ | ५३.८० |
| मगर | ३,२२५ | १०.५७ | ५,२११ | १३.१० |
| राई | २,५२३ | ८.३७ | ३,४२१ | ८.६० |
| कामी | ९८६ | ३.२३ | ३,२१० | ८.०७ |
| माझी | ५०५ | १.६६ | २,१०८ | ५.३० |
| पहरी | १,०७१ | ३.५१ | १,७९० | ४.५० |
| खस आर्य | १,११२ | ३.६६ | १,२३३ | ३.१० |
| नेवार | - | - | २३९ | ०.६० |
| मधेशी | - | - | २३९ | ०.६० |
| रावत | - | - | ११९ | ०.३० |
| नखुलेको | २,५९३ | ८.५० | ८०७ | २.०३ |
| जम्मा | ३०,४९५ | १००.०० | ३९,७७९ | १००.०० |

लैङ्गिक दृष्टिले महिलाको सङ्ख्या पुरुषको भन्दा केही बढी छ । उमेरका दृष्टिकोणले युवा जनसङ्ख्या अत्यधिक छ । सबैभन्दा धेरै सङ्ख्यामा बौद्धमार्गीहरू रहेका छन् भने हिन्दू, किरात, क्रिश्चियन तथा अन्य धर्म मान्ने समुदायको पनि बसोबास रहेको छ ।

धेरजसो मानिसहरू खेतीपातीबाट नै गुजारा गर्ने गर्छन् । यहाँका बारीमा हुने मुख्य अन्न बालीहरू मकै, कोदो हुन् भने खेतमा धान र केही मात्रामा गहुँ, मसुरो र तरकारीमा आलु, काउली, बन्दा, रायो, मुला आदि लगाइन्छ । हाल घट्दो मात्रामा रहे पनि तोरी, तिल र आलस यहाँका मुख्य तेलहन बाली हुन् । सिँचाइ निकै कम छ । गाइभैंसी सबैजसोले पाले पनि मुख्य नगदे पशु बाख्रा, सुँगुर, बुंगुर र राँगा हुन् । खोला नजिक हुने समुदायहरू माछा मार्ने गर्छन् तर बागमतीमा भएको प्रदुषणले माछा मासिँदै गएको छ । यहाँका मानिसहरू तरकारीमा विशेष गरी माछा र मासु नै प्रयोग गर्दछन् । पहिले हेटौंडा, काठमाण्डौं, पोखरा लगाएतका प्रमुख शहरहरूमा यहाँका माछा पुग्ने गर्दथ्यो । हाल तराई र हेटौंडाबाट माछा ल्याउने गरिन्छ । वनक्षेत्रबाट तामा, निगुरो, कुरिलो जस्ता तरकारी तथा जडीबुटीहरू पनि ल्याएर उपभोग गरिन्छ । यहाँका धेरै जसो परिवारहरू कामका लागि बाहिर (काठमाडौं, पोखरा, हेटौंडा) जान्छन् । खासगरी उनीहरू घरनिर्माण सम्बन्धित व्यवसायमा लागेका भेटिन्छन् । इट्टाभट्टा जाने परिवारहरूको पनि उल्लेख्य सङ्ख्या छ । विदेश जानेहरूको सङ्ख्या प्रायः सबै गाउँहरूमा बढ्दैछ । अघिल्लो जनगणना अनुसार साक्षरता दर समग्रमा ७०.४५% रहेको छ । लैङ्गिक दृष्टिले हेर्दा महिला साक्षरता दर ६३.८४% रहेको छ ।

यहाँ जम्मा ५० सामुदायिक र १ निजी विद्यालय छन् जसको विवरण निम्नअनुसार छ :

सामुदायिक विद्यालयहरूको विवरण :

| सञ्चालित कक्षा | १-३ | १-४ | १-५ | १-६ | १-८ | १-१० | १-१२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय सङ्ख्या | १४ | ४ | १६ | १ | १० | २ | ३ | ५० |

यहाँ ५० वटा सामुदायिक विद्यालयमध्ये ४७ वटामा बालविकास केन्द्र छन् । जम्मा ५४ वटा बालविकास केन्द्रमध्ये ७ वटा समुदायमा सञ्चालित छन् । २०७८ को विद्यार्थी विवरण अनुसार यी विद्यालयमा जम्मा विद्यार्थी सङ्ख्या ८४०३ रहेको छ भने छात्रा मात्रको सङ्ख्या ४३०० रहेको छ । यहाँका विद्यालयमध्ये १४ वटामा कक्षा १-३, ४ वटामा कक्षा १-४, १६ वटामा १-५, १ वटामा कक्षा १-६ र १० वटामा कक्षा १-८ गरी ३५ वटा आधारभूत तहका र २ वटामा कक्षा १-१० र ३ वटामा कक्षा १-१२ गरी ५ वटामा माध्यमिक तह सञ्चालनमा रहेको छ । प्राविधिक शिक्षातर्फ श्री देवकी मावि ज्यामिरेमा कक्षा ९- १२ को कम्प्युटर ईन्जिनियरिङ र CTEVT तर्फको श्री जनता मावि फापरबारीमा जेटिए (अन्नबाली) को कक्षा सञ्चालन भइरहेको छ ।

५० वटा सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०७८ को विद्यार्थी विवरण

| कक्षा | ECED | १-५ | ६-८ | ९-१० | ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ८६३ | ४,२६५ | १,८९६ | ९७४ | ४०५ | ८,४०३ |

५० वटा सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०७८ मा कार्यरत शिक्षक विवरण

| तह | ECED | प्रावि | निमावि | मावि / नर्स | प्राविधिक (कम्प्युटर) | जम्मा |
|---|---|---|---|---|---|---|
| स्थायी | ० | ६० | ३ | ५ | ० | ७५ |
| अस्थायी | ० | २५ | ३ | ३ | ० | २५ |
| राहत | ० | ७७ | २५ | ८ | ० | १०९ |
| संघ/प्रदेश अनुदान | ५२ | ० | ० | १/४=५ | ६ | ६३ |
| गापा अनुदान | २ | ८ | १५ | ६ | ० | ३१ |
| जम्मा | ५४ | १७० | ४६ | २७ | ६ | ३०३ |

यहाँ संघीय सरकारवाट ५२ जना र गाउँपालिकाबाट २ जना गरी ५४ बालविकास सहजकर्ता, आधारभूत तहका स्थायी ६० जना, अस्थायी २५ जना, राहत ७७ र गापा अनुदान ८ समेत गरी १७० जना प्रावि तहमा र ३ जना स्थायी, ३ जना अस्थायी, २५ जना राहत र १५ जना गापा अनुदान गरी ४६ जना निमावि तहमा कार्यरत छन् । माध्यमिक तहमा स्थायी ५ जना, अस्थायी ३ जना, राहत ६ जना, संघीय अनुदान १ जना, प्रदेश अनुदान नर्स ४ जना र गापा अनुदान ६ जना गरी २७ जना कार्यरत छन् ।

## भाषा र जातीय समूहहरू

यहाँ दुई परिवारका भाषाभाषी छन् । नेपाली, राई, माझी भारोपेली परिवारका भाषा हुन् । तामाङ, पहरी, नेवार, मगर तिब्बतबर्मेली परिवारका भाषा हुन् । यी सम्बधित जाति समूहका पुर्खोली भाषाहरू हुन् । पाठ्यक्रमका भाषिक पक्ष निर्माणमा राई, माझी, तामाङ र पहरी समूहका भाषीहरू सहभागी थिए र सहभागीहरूको नामावली अनुसूची ६ को पुछारमा राखिएको छ । यहाँका मगर र नेपाल भाषीहरू मातृभाषा बोल्दैनन् तर यी भाषाभाषीको सङ्ख्या राष्ट्रिय रूपमा ठूलो रहेको छ । हाल सम्बन्धित समूहले यी मातृभाषा नबोले पनि विद्यालयमा यी भाषा पढाइयोस् भनी माग भएमा पालिकाले यी भाषालाई अरू भाषा सरह नै पाठ्यक्रम निर्माण गरिदिनु पर्छ । तल यी जातीय समूहहरूको छोटो परिचय प्रस्तुत गरिएको छ :

## राई

पालिका स्थापना हुनुपूर्व एउटा गाविसको नाम नै राईगाउँ थियो । धेरै वर्ष अघिदेखि बागमती नदीका वरिपरि यो गापामा रहेको राई समुदायको सङ्ख्या विस्तारै घट्दै छ । यो समुदायमा भारोपेली परिवारको भाषा बोलिन्छ । फापरबारीको ठूलो गाउँ एक किसिमले खुला सङ्ग्रहालय जस्तै छ र सडकको विस्तारसँगै यसको मौलिक रूप लोप हुने क्रममा छ । यो समूहसँग खोला तथा माछासँग सम्बन्धित प्रशस्त ज्ञान रहेको छ ।

## तामाङ

यो नेपालको मध्य पहाडमा रहेको गतिशील मङ्गोलियन समूह हो । यहाँ उत्तर तिरबाट आएका धेरै तामाङहरू बस्ने गर्दछन् । धेरै तामाङहरूको त्यहाँबाट मधेशतिर झर्ने क्रम पनि तीव्र नै छ । उनीहरू पशुपालन मिश्रित पहाडे खेती गर्छन् । खासगरी पालिकाको उत्तर पश्चिमी भेगमा उनीहरूको बस्ती बाक्लो छ । गाउँठाउँका बिबिचमा रहेका छोर्तेनहरूले तामाङ बस्तीको परिचय दिन्छन् । गढन (वडा नं ३), फापरबारी (वडा नं. ८) र बेतिनी (वडा नं ९) मुख्य तामाङ बस्तीहरू हुन् । उनीहरू धेरै जसो आपनो मातृभाषा बोल्छन् । पालिका र समाजमा उनीहरूको प्रभाव बढ्दो क्रममा छ । सम्भवतः पालिकाका केही मात्रामा मामाचेला-फुपुचेली विवाह अभ्यास गरिने समूह यो मात्र हो ।

## पहरी

पालिकाका शाखाटार तथा भुर्कुस (वडा नं २) पहरीहरूका ठूला बस्ती हुन् । भैंसे (वडा नं १) पहरीहरू रहेको सबै भन्दा ठूलो गाउँ हो । नेवार समुदायको नेपाल भाषासँग मिल्दोजुल्दो रहेको पहरी भाषा निरन्तर लोप हुने क्रममा छ । ललितपुरको दक्षिणी भेगमा पहरीहरूको ठूलो समूह छ र यिनीहरूले पहरी भाषा र संस्कृति संरक्षणमा महत्त्वपूर्ण काम गरेका छन् । यहाँका समूहहरू त्यो समूहको सम्पर्कमा गई आफ्नो भाषा र संस्कृतिको संरक्षणमा लाग्न सक्छन् । यो पाठ्यक्रमका आधारमा पहरी समेत सबै विद्यार्थी यो भाषामा पनि स्थानीय विषयको एक भागका रूपमा परिचित हुन पाउने छन् ।

## माझी

शब्दले परम्परागत रूपमा खोलाका वरिपरि जीवनयापन गर्ने भनेर चिनिने यो समूहको भाषा राई भाषासँग मिल्दोजुल्दो छ । यो भाषा पनि लोप हुने क्रममा छ र अन्यन्त्र पनि यसको संरक्षण हुने पर्याप्त आधार रहेको छैन । पालिकामा यो पुर्ख्यौली भाषा बोल्ने मानिसहरू अत्यन्त कम छन् । बाहिरबाट आएका एकाध चेलीहरूले यसको अस्तित्व जोगाउन मद्दत गरेका छन् । उनीहरू सबै भन्दा ठूलो सङ्ख्यामा राईगाउँ, गढन नजिकको माझी टोल, पाँचपाण्डव (वडा नं ४) र बगेडी (वडा नं ५) मा बस्छन् ।

## मगर

मगर देशभरि फैलिएको सबै भन्दा ठूलो संख्यामा रहेको जाति हो । यो समुदायका ठूलो मात्रामा हिन्दू धर्म मान्नेहरू छन् र मगर पुर्ख्यौली भाषाका वक्ता पनि साह्रै थोरै छन् । अन्यत्र ठूलो संख्यामा रहेर आफ्नो भाषा र संस्कृति पुनरूत्थान गर्न केही प्रयत्नहरू भएकाले र पालिका भित्र वक्ताहरू नभएकाले तत्काल यो भाषा पाठ्यक्रम निर्माणमा उनीहरूको सहभागिता रहन सकेन । सम्भवतः उनीहरू देशको सैनिक अभियानका क्रममा पृथ्वीनारायण शाह पछिको समय यहाँ आएर बस्न थालेका हुन् । टाँडी, डोटे, रामचुवा (वडा नं २), ज्यामिरे (वडा नं ५), धनसाई (वडा नं ७), बेतिनी (वडा नं ९) मा उनीहरू ठूलो संख्यामा बस्छन् । रातमाटे (वडा नं ६) सबै भन्दा ठूलो मगर बस्ती हो ।

## नेवार

नेवार काठमाडौँ उपत्यका थातथलो रहेको आदिवासी समुदाय हो । सम्भवतः अधिकांश परिवार रणबहादुर शाहका पालामा उपत्यकाबाट धपाइए पछि बसाइ सर्दै यहाँ आइपुगेको भनिन्छ । उनीहरू धेरैजसो डाँडाका फेदमा र स्वाभाविक रूपमा बजारमा छन् । उनीहरू वडा नं १, २, ७ र ९ मा छिटपुट भएर रहेका छन् । नेवार समुदायको औपचारिक भाषा नेपाल भाषा हो । नेपाल भाषा विकसित र समृद्ध भाषा भए पनि यहाँ हराउँदै गएको छ ।

## आर्य समूहहरू

यहाँ कथित माथिल्लो जातका र दलितहरू छन् । गैरदलित खस-आर्यहरूको जनसंख्या नेवार भन्दा धेरै र पहरी भन्दा थोरै रहेको छ । उनीहरू राजकाजको र मातृभाषा भएकाले नेपाली बोल्ने भए पनि सङ्गतले तामाङ र राई बोल्न सक्छन् । उनीहरू पालिकाका विभिन्न वडामा छिटपुट भएर रहेका छन् ।

दलितहरू कृषिमा आधारित समुदायका वरपर जहाँ पनि भेटिन्छन् । सम्भवतः यहाँ अन्यत्र जस्तो तीव्र विभेदको सिकार भएका छैनन् ।

***(स्थानीय विषयमा विद्यार्थीले गापाको कमसेकम यति जानकारी राखुन् भन्ने समेत अभिप्रायले यो परिचय यहाँ राखिएको हो ।)***

## अनुसूची ५ : पालिका रेकर्ड बुक

पालिका रेकर्ड बुकसम्बन्धी विवरणका सम्भावित विषय निम्न रहेका छन् । पालिका स्तरमा प्रमाणित भएका विषय तथा तथ्यका आधारमा यी विषय थपघट पनि हुन सक्ने छन् । पालिका तथा शिक्षक अद्यावधिक हुन आवश्यक छ ।

**कक्षा ४ (विद्यालय रेकर्ड बुक)**

सबैभन्दा धेरै विद्यार्थी भएको विद्यालय कुन हो ?
सबैभन्दा धेरै शिक्षक भएको विद्यालय कुन हो ?
सबैभन्दा पुरानो विद्यालय कुन हो ?
सबैभन्दा धेरै कोठा भएको विद्यालय कुन हो ?
सबैभन्दा ठूलो कम्पाउण्ड भएको विद्यालय कुन हो ?

**कक्षा ५ (देखिने मानवीय विशेषता)**

जनसङ्ख्या
पालिकाको सबैभन्दा अग्लो व्यक्ति
पालिकाको सबैभन्दा होचो व्यक्ति
सबैभन्दा जेठो जीवित मान्छे (महिला/पुरूष)
सबैभन्दा धेरै वर्ष बाँचेको मान्छे (महिला/पुरूष)
सबैभन्दा धेरै भाषा बोल्न जान्ने
सबैभन्दा पहिलो बस्ती
पछिल्लो बस्ती
धेरै तामाङ जनसङ्ख्या भएको वडा/गाउँ
धेरै राई जनसङ्ख्या भएको वडा/गाउँ
धेरै मगर जनसङ्ख्या भएको वडा/गाउँ
धेरै पहरी जनसङ्ख्या भएको वडा/गाउँ
धेरै माझी जनसङ्ख्या भएको वडा/गाउँ
धेरै दलित जनसङ्ख्या भएको वडा/गाउँ
धेरै खस/आर्य जनसङ्ख्या भएको वडा/गाउँ

**कक्षा ६ (भौगोलिक विशेषता)**

सबैभन्दा ठूलो तलाउ
अग्लो डाँडा
होचो ठाउँ
ठूलो चौर
ठूलो भूभाग ओगटेको जङ्गल
ठूलो बगर, गहिरो खोला वा दह
धेरै चट्याङ पर्ने ठाउँ
धेरै माछा पाइने खोला
लामो खोला
धेरै पालिका छोएको खोला

**कक्षा ७ (इतिहास भौतिक र मानवीय)**

सबैभन्दा ठूलो गुम्बा
पहिलो पिएच्डी (महिला/पुरूष)
पहिलो एमूए (महिला/पुरूष)
पहिलो बिए (महिला/पुरूष)
पहिलो एसूएलूसी (महिला/पुरूष)
पहिलो शिक्षक (महिला/पुरूष)
पहिलो डाक्टर
पहिलो इञ्जिनियर
पहिलो नर्स
सरकारी सेवामा वरिष्ठ
प्रहरीमा वरिष्ठ, सेनामा वरिष्ठ
पहिलो गीतकार, गायक, कलाकार,
खेलाडी, चित्रकार

**कक्षा ८ (आर्थिक राजनीतिक प्राविधिक)**

पहिलो अध्यक्ष
पहिलो उपाध्यक्ष
युवा वडाध्यक्ष
प्रौढ वडाध्यक्ष
पहिलो निजी गाडी भएको
पहिलो ट्याक्टर चालक
पहिलो जेसीबी अपरेटर
पहिलो टिभी रेडियो राख्ने
पहिलो उद्यमी

# अनुसूची ६ : परामर्श सभा तथा क्लस्टर बैठकको छलफलमा स्थानीय विज्ञहरूबाट टिपोट गरिएका विवरण

| विषयक्षेत्र | विषयवस्तु | विवरण |
|---|---|---|
| भूगोल तथा प्राकृतिक स्रोत | डाँडाकाँडा | वडा नं.- १ गर्भारी डाँडा, वडा नं.- २ गिढावर डाँडा, धोवी डाँडा, रमिते डाँडा, हर्नी डाँडा, वडा नं. ३- गैरीखोप, देउजोर, परेवा भिर, थापा शिखर, वडा नं. ४- थली, एकपाखे, वडा नं. ५- शिखर डाँडा, वडा नं. ६- गोल्मे डाँडा, सल्ले डाँडा, कैले डाँडा, वडा नं. ७- झण्डे डाँडा, धरहरा डाँडा, वडा नं. ८- भुवनचुली, स्वामी डाँडा, वडा नं. ९- गुराँसे डाँडा, थुम्की, चौढीक, गोल्मेडाँडा, तारेभीर |
| | नदीनाला | बागमती, चिरूवा, चौराहा |
| | खहरे, खोला | वडा नं.- १ गुह्यखहरे, खेम्रेखहरे, भिट्टाभहरा, गुर्दुमखहरे, भैंसेखहरे, लखनखहरे वडा नं.- २ गिढाखोला, साङ्ले, कुइखोला, देउजोर, हर्नी खहरे, वडा नं. ३- कालीखोला, कोखाजोर, सुक्खा खहरे, गढन खोला, लखनखहरे, वडा नं. ४- लम्काना, पाँचपाण्डव खहरे, चाँदे, ढुङ्ग्रे वडा नं. ५- लिटी, डाँफे, वडा नं. ६- ठाडीखोला, डाँडेखोला, देउजोर, लिटी वडा नं. ७- मन्साई, धन्साई, बाख्रे वडा नं. ८- कालीखोला, ठोटरीखोला वडा नं. ९- भालुखोला, ढ्याङ्ग्रे, गुन्दुक, सारीखोला, कालीखोला, कुलोखोला |
| | रूख विरूवा | साँज, सखुवा, सिसौ, सिमल, खयर, सतिसाल, चिलाउने, कटुस, लालीगुराँस, काफल, बाँझ, हर्रा, बर्रा, जमुना, केमुना, पिपल, बर, चाँप, बेल, खन्यु, दुमरी, काभ्रो, निम, हाडजोर, पारिजात, टोटला, बकाईनो, कदम, कुसुम, भुकुर, टाँकी, सल्ला, अमला, चिउरी, भलायो, खयर, सान्धन, खम्बारी, दार, लाम्पाटे, धयारो, छतिवन, उतिस, बेंत, टिमुर, कल्बल, तेजपात, कैजल, कालीकाठ, पैंयु |
| | जंगली जनावर | मृग, घोरल, खरायो, बँदेल, मालसाप्रो, लोखर्के, चितुवा, बाघ, भालु, न्याउरी मुसा, वनबिरालो, बाँदर, दुम्सी, सालक, गोहोरो, ढेदुवा, खिरखिरे, फ्याउरो, बाघ, कछुवा (ठोटरी) |
| | घरपालुवा जनावर | गाई गोरू, राँगा भैंसी, सुङ्गुर, बुङ्गुर, बाख्रा, कुकुर, बिरालो, खरायो, बँदेल |
| | चराचुरूङ्गी | कालिज, मयुर, लुईचे, मैना, सुगा, टुईटे, सारौं, बकुल्लो, ढुकुर, जुरेली, फिस्टे, उल्लु, बाज, चिल, गौंथली, भङ्गेरी, तित्रा, हुटिट्याउँ, सारस, पानीहाँस, तार्के, कोईली, जलेवा, बगालेचरा, कल्चौदी, धनेश, फाप्रे, नाङ्गले, चिने, ढेकुवा, सिमकुखुरा, रूपी, ठेउका, ल्याँचे, लाम्पुच्छे, कोकले, काल्कोले, गिद्ध, काग, कोईली, भुद्धुङ, बटाई, कोईराले, चमेरो, हुँचिल, चिभ्या, थैलीफुर्के |
| | वन जंगल | काठ, दाउरा, घाँस, घरगोठ बनाउन, फर्निचर बनाउन, |
| | गैरकाष्ठ वन पैदावार | जडिबुटी, काईला, चुनढुङ्गा, सिमला, सुन, फलाम, नुन, तामा |
| | वातावरण विनाश | खोरिया फडानी, वन बिनास, प्लास्टिक (झोला, चाउचाउको खोल, बिस्कुटको खोल), प्लास्टिकको बोटल, बिषदी, रसायनिक मल, वनमा डडेलो |
| | ढुङ्गा | लोहरे, सिलौटे, चुनढुङ्गा, फोम्रो ढुङ्गा, (घरमा गारो लगाउन, कुलो, बाटोमा गारो लागउन आदि) |
| | गिट्टी | घर, बाटो, कुलोमा RCC ढलान, PCC ढलान, ग्राभल गर्न |
| | बालुवा | घर, बाटो, कुलोमा RCC ढलान, PCC ढलान, ग्राभल गर्न |
| | पानीको श्रोत | कुवा, ईनार, धारा, कल (ट्युवेल), जरूवा |

| | | |
|---|---|---|
| | जडिबुटी | तेजपात, चिराईतो, निम, आकाशबेली, शिकारी लहरा, गुर्जो, बनमारा, असुरो, कुरिलो, टिमुर, कालीकाठ, पिपला, पारिजात, तितेपाते, घिउकुमारी, आँक, सिमल, खयर, लालिगुराँस, काफल, बाँझ, हर्रा, बर्रा, जमुना, केमुना, पिपल, बर, खन्यु, दुमरी, हाडजोर, टोटला, बकाईनो, कुसुम, टाँकी, अमला, चिउरी, भलायो, खम्बारी, दार, लाम्पाते, धयारो, छतिवन, कल्बल, चिउरी, तुलसी, दुधेझार, चिनीझार, सिस्नु, वनप्याज, नुनढिकी, सुनगाभा, देब्रेलहरा, काउलो, बनघिरौला, गोलकाक्री, लज्जावती, बनअदुवा, अदुवा, बेसार, भुईंचम्पा, गन्धे, चर्चरे, नागबेली, सर्पगन्धा, ऐसेलु, बिहीँ |
| | जातीय संरचना | तामाङ, मगर, राई, माझी, पहरी, नेवार, बरामु, भुजेल, दलित (कामी, दमाई, सार्की) र खसआर्य (ब्राम्हण, क्षेत्री, कुमाई, जैसी, खत्री) |
| | को पहिला कहाँ आयो | राई (सेनबंशीय राजाहरूको पालादेखि), त्यसपछि, माझी, पहरी साविक राईगाउँ र फापरबारीमा र तामाङहरू बेतिनीमा |
| इतिहास, ऐतिहासिक ठाउँ | कहिले के भयो | पृथ्वी नारायण शाहले मकवानपुर विजय पश्चात तत्कालिन मकवानपुरे राजा दिग्वर्धन सेनले भारत स्थित मिरकासिमको फौजलाई बागमती किनार राईगाउँ हुँदै हरिहरपुरगढीमा गोर्खाली फौज माथी आक्रमण गर्न ल्याएका थिए भन्ने कुरा पहिलेका बूढाबूढीहरू सुनाउथे, इतिहासमा पनि यदाकदा पढन पाईन्छ । |
| | लडाइ वा नयाँ कुरा | २०६२ साल माघ ८ गते साँझ पर्दैगर्दा हालको वडा नं. ४ झुरझुरे थलीमा तत्कालिन विद्रोही माओवादी र नेपाली सेनाबीच आमनेसामने युद्ध भएको थियो । जुन युद्धमा दुवै पक्षबीच ठूलो मानवीय क्षति भएको थियो । |
| | नाम चलेका व्यक्ति | राष्ट्रिय पंचायत सदस्य श्री टंक बहादुर ग्यालन र श्री लोक वहादुर थापा, संविधान सभा /संघीय सांसद/ प्रदेश सांसद सदस्य श्री प्रेम बहादुर पुलामी, श्री शेर बहादुर पहरी र श्री दिल बहादुर घिसिङ |
| | ऐतिहासिक तथा चाख लाग्दा ठाउँहरू | वडा नं. १- हात्तीढुङ्गा मकवानपुर जिल्लाकै सबैभन्दा होचो ठाउँ (१६६ मिटर) गर्भारी डाँडा, वडा नं. २- भिमबाँध (भिमसेनले लगाएको बाँध) धोबीडाँडा, गिढावर डाँडा, डोटे डाँडा, वडा नं. ३- वन ठाकुर, कुटीभकारी, वडा नं. ४- झुरझुरे (राईहरूको राजधानी) थली (तत्कालिन विद्रोही माओवादी र नेपाली सेनाबीच आमनेसामने युद्ध भएको) कन्यादह, पाँचपाण्डव, वडा नं. ५- एकपाखे डाँडा, भोर्लेनीमा गुफा, वडा नं. ६- गोल्मे डाँडा, कैले डाँडा, वडा नं. ७- झण्डे डाँडा, धरधरा डाँडा, वडा नं. ९ गोल्मे डाँडा (घिसिङ राजाको दर्वार) अमले चौर पिकनिक स्थल, जन्ते ढुङ्गा (चौढीक) |
| समाज र संस्कृति | धर्म | बौद्ध, हिन्दु, इसाई, मैत्रिमङ्गलम, पितापरमेश्वर |
| | भाषा | तामाङ, राई, नेपाली, थोरैले : मगर, माझी, पहरी |
| | गीत कथा | तामाङ सेलो, मारूनी, दोहरी, बालाभैरूङको कथा, बागमतीको कथा |
| | वाद्यवादन | दम्फु, मादल, झ्याली, खैजडी, पञ्चेबाजा, नौमती, ढ्याङ्ग्रो, बाँसुरी, मुरली, डमरू |
| | चाडपर्व | दशैं, तिहार, ल्होसार, माघे सक्रान्ती, साउने सक्रान्ती, हरिबोधनी एकादशी, जमरे औंसी, नुवाङ्गी, जनैपुर्णिमा, बुद्ध पुर्णिमा, लदी (कोशी) पुजा, क्रिशमस |
| | नयाँ चलनहरू | जन्मदिन, वैवाहिक वर्षगाँठ, भात खुवाई, प्रणय दिवस, बाहिरी रक्सी उपभोग, मोवाईल र टेलिभिजन |
| | कुरिती | जातिय छुवाछुट, बोक्सी प्रथा, छोराछोरी तथा लैङ्गीक विभेद, दाइजो प्रथा |
| | संस्कृति | जातजाती तथा धर्म अनुसार विवाह, ब्रतबन्ध, न्वारन, पास्नी, छेवर, गुन्युचोली, बेल विवाह, गुफा वस्ने, अन्त्यष्टी, काजक्रिया |

| | | |
|---|---|---|
| | संरचना | सामुदायिक अध्ययन केन्द्र- ३ वटा (राईगाउँ सा.अ.के., जागरण सा.अ.के. र नयाँ नेपाल सा.अ.के.) सामुदायिक विद्यालय - ५० वटा (वडा नं. १- ४ वटा, वडा नं. २- ७ वटा, वडा नं. ३- ५ वटा, वडा नं. ४- ४ वटा, वडा नं. ५- ६ वटा, वडा नं. ६- ५ वटा, वडा नं. ७- ५ वटा, वडा नं. ८- ५ वटा र वडा नं. ९- ९ वटा, स्वास्थ्य संस्था- ९ वटा (सबै वडामा), सामुदायिक वन- ७१ (वडा नं. १- ५ वटा, वडा नं. २- ६ वटा, वडा नं. ३- ८ वटा, वडा नं. ४- ८ वटा, वडा नं. ५- ६ वटा, वडा नं. ६- १२ वटा, वडा नं. ७- ८ वटा, वडा नं. ८- ५ वटा र वडा नं. ९- १४ वटा), मन्दिर- ४२ वटा (वडा नं. १- १ वटा, वडा नं. २- ४ वटा, वडा नं. ३- ३ वटा, वडा नं. ४- ४ वटा, वडा नं. ५- ४ वटा, वडा नं. ६- ५ वटा, वडा नं. ७- ६ वटा, वडा नं. ८- ५ वटा र वडा नं. ९- १० वटा), गुम्बा- ३१ वटा ((वडा नं. १- २ वटा, वडा नं. २- ७२वटा, वडा नं. ३- ३ वटा, वडा नं. ४- ३ वटा, वडा नं. ५- १ वटा, वडा नं. ६- ४ वटा, वडा नं. ७- ३ वटा, वडा नं. ८- ११ वटा र वडा नं. ९- २ वटा), चर्च- ४२ वटा ((वडा नं. १- १० वटा, वडा नं. २- १५ वटा, वडा नं. ३- ३ वटा, वडा नं. ४- ३ वटा, वडा नं. ५- १ वटा, वडा नं. ६- १ वटा, वडा नं. ७- १ वटा, वडा नं. ८- ४ वटा र वडा नं. ९- ४ वटा), वडा कार्यालय- ९ वटा (सबै वडामा), प्रहरी चौकी- ४ वटा (राईगाउँ, झुरझुरे, फापरबारी र बेतिनी) |
| रहनसहन | घरवार | एकल परिवार र संयुक्त परिवार |
| | लवाई खवाई | सर्ट पाईन्ट, कुर्था सुरूवाल, / भात, माछा, मासु र ढिडो |
| | पहिरन | गुन्यु चोली, सर्ट पाईन्ट, भोटो कछाड, तामाङ : गोइला, |
| | मुख्य खाना | भात, ढिडो, माछा, मासु, गुन्द्रुक, साग, तामा, रोटी |
| | विशेष परिकार | सेलरोटी, चाम्रे, फुलौरा, तिलौरा, पानीरोटी (देबुवा), भुप्रेरोटी, आलुम, च्वाईबाब्रो, घोंगी, हाँडीरोटी, |
| | चालचलन | जातजाती र समुदाय अनुसार फरक फरक रहेको |
| | मूल्यमान्यता | ठूलालाई आदर, सानालाई मायाँ गर्ने, अतिथीहरूलाई स्वागत सत्कार गर्ने (ढोगभेट, नमस्कार, ल्हासो, फ्याफुल्ला) |
| | सहयोग प्रणली | पर्म, पैंचो, गुहार, सगुन |
| पेशा र व्यवसाय | कृषि | |
| | पशुपालन | |
| | पसल | |
| | होटल | |
| | ट्याक्टर, गाडी | |
| | जागीर | |
| | लामा पण्डित | |

| | | |
|---|---|---|
| कृषि | मुख्यबाली | धान, मकै, कोदो (सबै वडामा) मौसमी बाली |
| | नगदे बाली | तोरी, तिल, बोडी, बेसार, कुरिलो, अदुवा, मसुरो |
| | लोपउन्मुख बाली | फापर, कौनी, मास, बदाम, गमरी धान, झिनुवा धान, अन्दी धान, ताइचुन धान, घैया धान, भटमास, गहत, भैंसे तिल, झुसे तिल, जुनेलो, जौ |
| | खेती पात्रो | धान रोप्ने- असार, साउन/फागुन, चैत, मकै- चैत, बैशाख/ भदौ, असोज / पुस, माघ (बगरमा) |
| | गाईवस्तु | गाई गोरू, राँगा भैंसी, खसी बाख्रा, बुङ्गुर सुङ्गुर |
| | फलफूल | आँप, लिची, कटहर, सरिफा, अम्बा, भोगटे, अमला, बयर, कागती, निबुवा, बढार, जुनार, सुन्तला, केरा, मेवा, भुईंकटहर, आरू, एभोकाडो, ड्राइगनफ्रुट, ज्यामिर, कौहर, गागल, अमाईरो, काफल |
| | व्यवसायिक खेती | बेसार, कुरिलो, तरकारी (आलु, मुला, रायो, काउली, केरा, बाँस, अम्रिसो, दुध उत्पादन, फलफूल (आँप, लिची, ड्राईगनफ्रुट आदि), माछा पालन, बाख्रा पालन |
| | समस्या | बागमतीको पानीमा भएको विशाक्तताले माछा लोप हुँदै गएको, पशु चौपयाहरूमा विभिन्न रोग देखिन थालेको, सिँचाई अभाव, केही गाउँहरूमा यातायातको समस्या,<br>कृषिमा स्थानीय तहको स्पष्ट नीति नभएको,<br>कृषि उत्पादनमा बिचौलिया दलालको कारण निरूत्साहित<br>शैक्षिक प्रतिशोध शुन्य<br>जनचेतनाको कमी |
| | अवसर | सबै वडाहरूमा व्यवसायिक तरकारी, जडिबुटी, फलफूल खेती र बाख्रा पालन हुन सक्ने तर शुरूआत अतिन्यून |
| परम्परागत सीप | खेति गर्ने | प्राङ्गारिक मल बनाएर खेतबारीमा हलोले जोतेर, कुटो कोदालो प्रयोग गरेर धान, मकै, कोदो, फापर, तोरी आदि उत्पादन |
| | खेतिका साधन वनाउने | काठको हलो, जुवा, स्वईला, हरिस, फाली, करूवा, नारा, मुखौरा, बिँड(कुटो, कोदालो), |
| | अन्नबाली राख्ने | भकारी, ढुकुटी, पुरिया, बेहरी, चिम, ग्वाक, कोठी, ढोक्चो |
| | माछा मार्ने | जाल, ढँडिया, खोङा, दुवालो छेकेर, बल्छी, जालभुस, बटुका भुस, चाँच राखेर, वनस्पतीको विष प्रयोग गरेर, फाँसी तानेर, करेन्ट, ढिमरी, थिटरी, थकौली, खौकी, बाँध (टिप), घरूवा राखेर, चिर घिसारेर, बम हानेर |
| | शिकार खेल्ने | बन्दुक हानेर, जाल थापेर, भाला, पासो थापेर |
| | रक्सी पार्ने | मकै, कोदो, धान आदि अन्नलाई पकाएर मार्चाले मोलेर जाँड राखिन्छ (मार्चा वानाउन स्थानीय वनस्पतीहरूको प्रयोग गरिन्छ) । विवाह, व्रतबन्ध, काजक्रिया, चाडपर्वमा रक्सीको बढी प्रयोग गरिन्छ । |
| | औषधीमूलो गर्ने | पहिले पहिले मानिसहरू स्थानीय जडिबुटीहरूको प्रयोग गरेर औषधीमूलो गर्दथे । ति जडिबुटीहरू अरूले देखेमा वा चिनेमा त्यसले काम गर्दैन भन्ने मान्यता राख्दथे । त्यसैले कसैलाई चिनाउदैनथे र चिन्नेगरी ल्याउदैनथे । सबैले चिनेजानेको ज्वरो, खोकीमा तुलसीको पात, बोजो, अदुवा प्रयोग गर्ने, हात खुट्टा भाँचेमा बाँसको काम्रो बनाएर स्थानीय जडिबुटीहरू लगाउथे । विशेषगरी हाडजोर्नी, शिकारी लहरा प्रयोग गर्दथे । पखाला लाग्दा अम्बाको पात, काँचो केरा आदि । |

| | | |
|---|---|---|
| | बुनाई | सनपातको रेशा निकालेर जंगली जनावर र चराहरू मार्ने जाल, बच्चा झुलाउने झोलुङ्गो, उदालको बोक्रावाट दाम्लो, नाम्लो, लोप भैसकेको वनस्पती जाखीको रेशा निकालेर माछा मार्ने जाल वनाउने, नाइलन र प्लास्टिकको धागोवाट माछा मार्ने जाल बुन्ने गरिन्थ्यो । |
| | बाँसको काम | मान्द्रो, डोको, डालो, ढक्की, मुखौरो, घुम, छतरी, माछा मार्ने ढडिया, ढिमरी, खोङा, गेद्रा, फुर्लुङ, थकौली, सोली, घरको भित्ता, मकै राख्ने चिम, पाप्ले, नाङ्लो, चाल्ना, कोक्रो, थुन्चे, छपनी, बाँसको ढुङ्ग्रोमा गुन्द्रुक राख्ने, दुध दुहने, बाँसको मादल घर बनाउन चोया, डाँडा, भाटा |
| | काठको काम | घर बनाउन डाँडा, भाटा, खम्बा, झ्याल, ढोका, टेबुल, कुर्सी, दराज, हलो, जुवा, ठेकी, तोरी पेल्ने कोल, चेपा, ओखल, ढिकी, हतासो, मुस्लो, पिर्का, डुङ्गा, बाहाना, माना, पाथी, दाविलो |
| | धातुको काम | हातमा लगाउने बाला, कानमा लगाउने यार्लिङ, चेप्टे सुन, कानमा हँसुली, ढुङ्ग्री |
| | माटोको काम | गमला, घैंटो, रक्सी पार्ने भाँडा, घर लिपपोत गर्ने, खरी, छाना (खपटा, टायल बनाउने) |
| विपत् र वातावरण | आगलागी | सबै वडामा विशेषगरी पुसदेखि जेठसम्म |
| | विषालु जीव तथा किरा | सर्प, बिच्छी, खजुरो, जुका, सेतो भ्यागुटा |
| | सरूवा रोग | लुटो, रूघाखोकी, झाडापखाला, आँखा पाक्ने, दाद, जुम्रा (लुगामा र कपालमा) |
| | जलवायु परिवर्तनका प्रभाव | अतिवृष्टि/ अनावृष्टि, अधिक गरम तथा जाडो, बेमौसमी पानी, पानीको मुहान सुक्ने |
| | बालीमा रोगकरिा | गवारो, पटेरा, सलह, फौजी, झुसेल किरा, खुम्रे किरा,, लाही, सिन्दुरे, कालो फुर्के, घाँटी मरूवा |
| नयाँ पस्थितिहरू र प्रभाव | सडक | मदन भण्डारी लोकमार्ग, फापरबारी क्यान्टिन सडक, फापरबारी बेतिनी सडक र फापरबारी भोर्लेनी सडक |
| | बिजुली | सबै वडामा पुगेको (वडा नं. २ र ३ को केही बस्तीहरूमा बाँकी) |
| | मोबाईल | NTC, Smart cell, N-Cell सबै बस्तीमा भरपर्दो छैन । |
| | मल र विषादी | युरिया, दि-एफपी, पोटास र कम्पोष्ट मल |
| | नयाँ रोगव्याधी | पथरी, सुगर, प्रसर, थाइराईड, जण्डिस, कोभिड- १९ |
| | स्थानीय सरकार | प्राथमिकतामा सडक र विद्युत सबै बस्तीमा पुर्याउन प्रयासरत, |
| | बसाइँ सराइ | बसाइँ सराइ गरी आउने (हरिहरपुरगढी सिन्धुली र खानी खेला काभ्रे) र जाने अस्थायी (हेटौंडा, काठमाण्डौं, रौतहट, बारा) बराबर रहेको |
| | मूल्यमान्यता | |
| | फोहर व्यवस्थापन | प्लास्टिकजन्य तथा सिसाका बोटलहरू जतातते फालिएका थुप्रोहरू देखिन्छन् । फोहर व्यवस्थापन नभएको |
| | वाइफाइ | सुबिसु (वायरलेस) र वेव सर्भर (वायर भएको) |

## अनुसूची ७ : स्थानीय पाठयक्रम निर्माण प्रक्रियाका विभिन्न चरणमा संलग्न व्यक्तिहरू

### स्थानीय पाठयक्रम निर्माणसम्बन्धी अभिमुखीकरण कार्यक्रम
### मिति : २०७७।१२।०६
### स्थान : बागमती गाउँपालिकाको सभा हल

| क्र.सं. | सहभागीहरूको नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री सर्केश घलान | अध्यक्ष | बागमती गाउँपालिका |
| २. | श्री धनमाया स्यार्तिन | उपाध्यक्ष | बागमती गाउँपालिका |
| ३. | श्री ध्रुब थापा मगर | वडा अध्यक्ष वडा नं.४ | बागमती गाउँपालिका |
| ४. | श्री रमेश विडारी | शिक्षा अधिकृत | बागमती गाउँपालिका |
| ५. | श्री निता कट्टेल | प्रास शिक्षा शाखा | बागमती गाउँपालिका |
| ६. | श्री प्रमोद कुमार राई | शिक्षा शाखा | बागमती गाउँपालिका |
| ७. | श्री रहर सिं थिङ | वडा अध्यक्ष वडा नं.४ | बागमती गाउँपालिका |
| ८. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| ९. | श्री विजया सुब्बा | कार्यसञ्चालन व्यवस्थापक | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| १०. | श्री टीका भट्टराई | कार्यक्रम संयोजक | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ११. | श्री कृति अधिकारी | शिक्षण सिकाइ अधिकृत | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| १२. | श्री माईकल राई | फिल्ड संयोजक | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| १३. | श्री दृष्टि श्रेष्ठ | वातावरण अभियानकर्मी | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| १४. | श्री मदन राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |
| १५. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |
| १६. | श्री रविन आले मगर | सदस्य | गाउँ शिक्षा समिति |
| १७. | श्री उर्मिला विक | सदस्य | गाउँ शिक्षा समिति |
| १८. | श्री गोमा कुमारी गोले | प्रधानाध्यापक | श्री जनकल्याण आवि, लम्काना |
| १९. | श्री कमला सिंतान | प्रधानाध्यापक | श्री ऋषेश्वर आवि, साईटार |
| २०. | श्री ओम वहादुर लोप्चन | प्रधानाध्यापक | श्री बाघभैरब मावि, बेतिनी |
| २१. | श्री हेम वहादुर श्रेष्ठ | प्रधानाध्यापक | श्री जनजागृती आवि, मन्साई |
| २२. | श्री बिश्राम सिंजाली मगर | प्रधानाध्यापक | श्री भूमिमहादेव आवि, रातोमाटे बेतिनी |
| २३. | श्री सन्तवीर पाख्रिन | प्रधानाध्यापक | श्री बनदेवी आवि, तल्लोभवानी पुर |
| २४. | श्री मोहन विक्रम विक | विव्यस अध्यक्ष | श्री चौरा आवि, पाथीभारा |
| २५. | श्री मंगल रखाल | विव्यस अध्यक्ष | श्री जनहित आवि, रातोमाटे |
| २६. | श्री देबराज राना | प्रधानाध्यापक | श्री हिमकाली आवि, चौढीक |
| २७. | श्री आशिष लामा | विव्यस अध्यक्ष | श्री पञ्चकन्या आवि, पाँचपाण्डव |
| २८. | श्री हर्क वहादुर राई | प्रधानाध्यापक | श्री बागमती मावि, राईगाउँ |
| २९. | श्री उमा थापा मगर | शिक्षक | श्री देवकी मावि, ज्यामिरे |
| ३०. | श्री राजशी श्रेष्ठ | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |
| ३१. | श्री डोल वहादुर क्याप्छाकी | विव्यस अध्यक्ष | श्री बाघभैरब मावि, बेतिनी |
| ३२. | श्री डोर वहादुर थापा | विव्यस अध्यक्ष | श्री सूर्य मावि, माझगाउँ |
| ३३. | श्री रत्न वहादुर राई | प्रधानाध्यापक | श्री सूर्य मावि, माझगाउँ |
| ३४. | श्री बच्चु गोले खडका | विव्यस अध्यक्ष | श्री बागमती मावि, राईगाउँ |
| ३५. | श्री चन्द्र वहादुर थापा | प्रधानाध्यापक | श्री देवकी मावि, ज्यामिरे |
| ३६. | श्री हर्क वहादुर गोले | विव्यस अध्यक्ष | श्री आवि शाखाटार |
| ३७. | श्री जीवन पहरी | सचिव | जनजाति महासंघ, बागमती गापा |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठक
## मिति : २०७८।०७।०७
## स्थान : बागमती गाउँपालिकाको कार्यालय, झुरझुरे

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री सर्केस घलान | अध्यक्ष | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| २. | श्री ध्रुव थापा मगर | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ३. | श्री बिश्राम सिंजाली मगर | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ४. | श्री गोमा कुमारी गोले | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ५. | श्री मोहनसिंह विक | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ६. | श्री धन वहादुर माझी | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ७. | श्री वीर वहादुर राई | सदस्य | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ८. | श्री रमेश विडारी | सदस्य सचिव | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल |
| ९. | श्री दिलिप कुमार श्रेष्ठ | प्र.प्र.अधिकृत | बागमती गाउँपालिका |
| १०. | श्री प्रमोद कुमार राई | शिक्षा शाखा | बागमती गाउँपालिका |
| ११. | श्री धन माया स्याङ्तान | उपाध्यक्ष | बागमती गाउँपालिका |
| १२. | श्री झम्क नारायण घलान | लेखा अधिकृत | बागमती गाउँपालिका |
| १३. | श्री मनोज बल | स्वकीय सचिव | बागमती गाउँपालिका |

## स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी क्लस्टर बैठक
## मिति : २०७८।०८।०६
## स्थान : बागमती गाउँपालिकाको सभा हल

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री दुर्ग वहादुर थिङ | शिक्षक | श्री महाबुद्ध आवि झुरझुरे |
| २. | श्री पार्वती माझी | अभिभावक | श्री महाबुद्ध आवि झुरझुरे |
| ३. | श्री गौरी लामा | प्रधानाध्यापक | श्री जनहित आवि हिलेपानी |
| ४. | श्री छक्कल वहादुर सिंतान | शिक्षक | श्री जनकल्याण आवि लम्काना |
| ५. | श्री धन वहादुर माझी | विव्यस अध्यक्ष | श्री बागमती आवि बगेरी |
| ६. | श्री प्रकाश माझी | अभिभावक | श्री बागमती आवि बगेरी |
| ७. | श्री दमै सिं सिंतान | अभिभावक | श्री बागमती आवि बगेरी |
| ८. | श्री अनिल स्याबिी | अभिभावक | श्री बागमती आवि बगेरी |
| ९. | श्री प्रेम वहादुर बोम्जन | अभिभावक | |
| १०. | श्री रोशन विक | अभिभावक | |
| ११. | श्री तोप वहादुर जिम्बा | अभिभावक | |
| १२. | श्री बालकृष्ण स्यार्तिान | शिक्षक | श्री पञ्चकन्या आवि पाञ्चञ्चपाण्डव |
| १३. | श्री प्रकाश राई | अभिभावक | श्री देवकी मावि ज्यामिरे |
| १४. | श्री जगत वहादुर विक | अभिभावक | श्री देवकी मावि ज्यामिरे |
| १५. | श्री दिलिप कुमार श्रेष्ठ | प्र.प्र.अधिकृत | बागमती गाउँपालिका |

| क्र.सं. | सहभागीहरूको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १६. | श्री रमेश विडारी | शिक्षा अधिकृत | बागमती गाउँपालिका |
| १७. | श्री प्रमोद कुमार राई | शिक्षा शाखा | बागमती गाउँपालिका |
| १८. | श्री निता कट्टेल | प्रास शिक्षा शाखा | बागमती गाउँपालिका |
| १९. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| २०. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |

## स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी क्लस्टर बैठक
## मिति : २०७८।०८।०८
## स्थान : श्री जनता मावि, फापरबारी

| क्र.सं. | सहभागीहरूको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री युधिर राना | शिक्षक | श्री जनहित आवि रातोमाटे |
| २. | श्री हेम वहादुर श्रेष्ठ | प्रधानाध्यापक | श्री जनजागृती आवि मन्साई |
| ३. | श्री राजन कुमार आले | प्रधानाध्यापक | श्री सीता आवि ठाडीखोला |
| ४ . | श्री मन कुमारी बरामु | अभिभावक | श्री सीता आवि ठाडीखोला |
| ५. | श्री हिक वहादुर बरामु | अभिभावक | श्री सीता आवि ठाडीखोला |
| ६. | श्री सीता न्यौपाने | प्रधानाध्यापक | श्री चौरा ठाकुर आवि कुवापानी |
| ७. | श्री दुर्गा वहादुर थापा | प्रधानाध्यापक | श्री बालज्योती आवि लामिटार |
| ८. | श्री गोपाल बरामु | अभिभावक | श्री बालज्योती आवि लामिटार |
| ९. | श्री कमला सिंतान | प्रधानाध्यापक | श्री ऋषेश्वर आवि साईटार |
| १०. | श्री अक्कल वहादुर सिंतान | विव्यस अध्यक्ष | श्री बनदेवी आवि तल्लोभवानी पुर |
| ११. | श्री वहादुर विक | अभिभावक | श्री जनहित आवि रातोमाटे |
| १२. | श्री राम वहादुर थोकर | शिक्षक | श्री जनता मावि फापरबारी |
| १३. | श्री राम वहादुर दर्लामी | विव्यस अध्यक्ष | श्री सीता आवि ठाडीखोला |
| १४. | श्री हरी वहादुर जर्गा | शिक्षक | श्री जनसेवा आवि धन्साई |
| १५. | श्री मुनालाल घलान | अभिभावक | श्री जनसेवा आवि धन्साई |
| १६. | श्री सञ्च माया स्यार्तिन | अभिभावक | श्री जनसेवा आवि धन्साई |
| १७. | श्री दुर्गा भ्कारी | अभिभावक | श्री जनसेवा आवि धन्साई |
| १८. | श्री पवन राई | शिक्षक | श्री बनदेवी आवि तल्लोभवानी पुर |
| १९. | श्री अनिसा घलान | | श्री बालविकास आवि बाख्रे |
| २०. | श्री पवित्रा तुम्सिङ | अभिभावक | श्री जनहित आवि रातोमाटे |
| २१. | श्री अक्कल वहादुर घलान | वव्यस अध्यक्ष | श्री बालविकास आवि बाख्रे |
| २२. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| २३. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |

## स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी क्लस्टर बैठक
## मिति : २०७८।०८।०९
## स्थान : श्री बाघभैरव मावि, बेतिनी

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री गजेन्द्र जैसवाल | शिक्षक | श्री सप्तकन्या आवि गहत्तेश्वारा |
| २. | श्री जनक वहादुर भोम्जन | अभिभावक | श्री सप्तकन्या आवि गहत्तेश्वारा |
| ३. | श्री चक्र वहादुर राना | अभिभावक | श्री सप्तकन्या आवि गहत्तेश्वारा |
| ४. | श्री चन्द्रलाल गोले | अभिभावक | श्री सप्तकन्या आवि गहत्तेश्वारा |
| ५. | श्री शंख वहादुर किङरिङ | प्रधानाध्यापक | श्री दक्षिणकाली आवि कुर्ले |
| ६. | श्री शुक वहादुर घलान | अभिभावक | श्री दक्षिणकाली आवि कुर्ले |
| ७. | श्री भुमिलाल गोले | अभिभावक | श्री हिमकाली आवि चौढिक |
| ८. | श्री सन्त वहादुर योन्जन | अभिभावक | श्री हिमकाली आवि चौढिक |
| ९. | श्री देवराज राना | प्रधानाध्यापक | श्री हिमकाली आवि चौढिक |
| १०. | श्री कृष्ण वहादुर लोप्चन | अभिभावक | श्री बाघभैरव मावि बेतिनी |
| ११. | श्री ओम वहादुर लोप्चन | प्रधानाध्यापक | श्री बाघभैरव मावि बेतिनी |
| १२. | श्री मठु पुलामी मगर | वडा सदस्य | वडा नं. ९ |
| १३. | श्री निर माया पाखिन | अभिभावक | श्री बाघभैरव मावि बेतिनी |
| १४. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| १५ . | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |

## स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी क्लस्टर बैठक
## मिति : २०७८।०८।१०
## स्थान : वडा नं. २ को सभा हल

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री बटु माया भोलन | शिक्षक | श्री बागमती मावि राईगाउँ |
| २. | श्री शरणकाजी श्रेष्ठ | विव्यस अध्यक्ष | श्री देवहित आवि टाँडी |
| ३. | श्री कमल स्माली मगर | परिचर | श्री जनज्योती आवि भिमबाँध |
| ४. | श्री सुरेन्द्र कुश्वार | अभिभावक | श्री बागमती मावि राईगाउँ |
| ५. | श्री दान वहादुर ठाडा मगर | विव्यस अध्यक्ष | श्री जनज्योती आवि भिमबाँध |
| ६. | श्री सुपेन्द्र प्रसाद घिमिरे | विव्यस अध्यक्ष | श्री नवकिरण आवि भुर्कुस टोल |
| ७. | श्री सुजाता पहरी | अभिभावक | श्री नवकिरण आवि भुर्कुस टोल |
| ८. | श्री धन माया पहरी | अभिभावक | श्री नवकिरण आवि भुर्कुस टोल |
| ९. | श्री पार्बती गोले | शिक्षक | श्री देवहित आवि टाँडी |
| १०. | श्री बिकास लामा | प्रधानाध्यापक | श्री बुद्धिसिद्धि आवि डोटे |
| ११. | श्री महेश प्रसाद जैसवाल | प्रधानाध्यापक | श्री जनज्योती आवि भिमबाँध |
| १२. | श्री डोली माया धनुकी | अभिभावक | श्री बागमती मावि राईगाउँ |
| १३. | श्री हर्क वहादुर राई | प्रधानाध्यापक | श्री बागमती मावि राईगाउँ |
| १४. | श्री करूणा गोले | अभिभावक | श्री नवकिरण आवि भुर्कुस टोल |

| | | | |
|---|---|---|---|
| १५. | श्री राज कुमार दर्लामी | अभिभावक | श्री देवहित आवि टाँडी |
| १६. | श्री जीत वहादुर भोलन | अभिभावक | श्री बागमती मावि राईगाउँ |
| १७. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| १८. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |

## स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी क्लस्टर बैठक
## मिति : २०७८।०८।१२
## स्थान : वडा नं. ३ को कार्यालय

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | श्री लाल वहादुर घलान | प्रधानाध्यापक | श्री विष्णु आवि सल्लेनी |
| २. | श्री वीर वहादुर लामा | वडा सदस्य | वडा नं. ३ |
| ३. | श्री दर्शन पाख्रिन | अभिभावक | श्री ज्ञानमन्दिर आवि गढन |
| ४. | श्री रतन बज्यु | विव्यस अध्यक्ष | श्री विष्णु आवि सल्लेनी |
| ५. | श्री कर्ण वहादुर पाख्रिन | शिक्षक | श्री ज्ञानमन्दिर आवि गढन |
| ६. | श्री प्रमिला माझी | अभिभावक | श्री ज्ञानमन्दिर आवि गढन |
| ७. | श्री अन्जना कुमारी माझी | शिक्षक | श्री जनश्रम आवि देउजोर |
| ८. | श्री भगवती माझी | कार्यपालिका सदस्य | बागमती गाउँपालिका मकवान पुर |
| ९. | श्री सुनिता माझी | अभिभावक | श्री विष्णु आवि सल्लेनी |
| १०. | श्री बल वहादुर पाख्रिन | वडा अध्यक्ष | वडा नं. ३ |
| ११. | श्री दिलदोर्जे पाख्रिन | विव्यस अध्यक्ष | श्री ज्ञानमन्दिर आवि गढन |
| १२. | श्री गणेशमान पाख्रिन | वडा सचिव | वडा नं. ३ |
| १३. | श्री बाबुलाल भोलन | अभिभावक | श्री ज्ञानमन्दिर आवि गढन |
| १४. | श्री वीर वहादुर राई | कार्यक्रम संयोजक | श्रमजीवी युवा मञ्च |
| १५. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक | श्रमजीवी युवा मञ्च |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठक
## मिति : २०७९।०२।२३
## स्थान : बाग्मती गाउँपालिकाको कार्यालय, झुरझुरे

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री सर्केश घलान | संयोजक | |
| २. | श्री ध्रुब थापा | सदस्य | |
| ३. | श्री धन वहादुर माझी | सदस्य | |
| ४. | श्री बसन्त राई | सदस्य | |
| ५. | श्री वीर वहादुर राई | सदस्य | |
| ६. | श्री बच्चु गोले खडका | सदस्य | |
| ७. | श्री रमेश बिडारी | सदस्य सचिव | |
| ८. | श्री राम प्रसाद सापकोटा | प्रमुख प्र.अधिकृत बाग्मती गापा | आमन्त्रित |

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| ९. | श्री प्रमोद कुमार राई | शिक्षा सहायक बाग्मती गापा | आमन्त्रित |
| १०. | श्री मनोज बल | स्वकियसचिव बाग्मती गापा | आमन्त्रित |
| ११. | श्री रूपेश कुमार राई | शिक्षा उत्प्रेरक शिनिअके | आमन्त्रित |

## स्थानीय पाठ्यक्रम निर्माण दोश्रो परामर्श भेला
### मिति : २०७९।०२।२७
### स्थान : बाग्मती गाउँपालिकाको सभा हल, झुरझुरे

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री सर्केश घलान | अध्यक्ष- बाग्मती गाउँपालिका | |
| २. | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष- बाग्मती गाउँपालिका | |
| ३. | श्री टिका भट्टराई | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| ४. | श्री अमृत योन्जन तामाङ | भाषा विज्ञ | |
| ५. | श्री रमेश बिडारी | शिक्षा अधिकृत- बाग्मती गाउँपालिका | |
| ६. | श्री यहुन्ना राई | १ नं.वडाअध्यक्ष-बाग्मती गाउँपालिका | |
| ७. | श्री कमान सिं पाख्रिन | ३ नं.वडाअध्यक्ष-बाग्मती गाउँपालिका | |
| ८. | श्री दन्तलाल माझी | ४ नं.वडाअध्यक्ष-बाग्मती गाउँपालिका | |
| ९. | श्री विजय भोलन | ५ नं.वडाअध्यक्ष-बाग्मती गाउँपालिका | |
| १०. | श्री उत्तर वहादुर भोलन | ७ नं.वडाअध्यक्ष-बाग्मती गाउँपालिका | |
| ११. | श्री वीर वहादुर राई | स्थानीय पाठ्यक्रम निर्माण कार्यदल | |
| १२. | श्री आशिष बल | विव्यस अध्यक्ष / स्थानीय पत्रकार | |
| १३. | श्री ज्ञान वहादुर माझी | विव्यस सदस्य श्री बगमती आवि बगेरी | |
| १४. | श्री सन्त वहादुर थिङ | शिक्षक श्री जनकल्याण आवि लम्काना | |
| १५. | श्री चन्द्र वहादुर थापा मगर | प्रअ श्री देवकी मावि ज्यामिरे | |
| १६. | श्री डम्बर वहादुर राई | प्रअ श्री टंकेश्वर आवि करौज्य | |
| १७. | श्री रत्न वहादुर राई | प्रअ श्री सूर्य मावि माझगाउँ | |
| १८. | श्री ज्ञान वहादुर राई | शिक्षक श्री सूर्य मावि माझगाउँ | |
| १९. | श्री तिलक वहादुर पाख्रिन | प्रअ श्री महाबुद्ध आवि झुरझुरे | |
| २०. | श्री सुनिता लामा | प्रअ श्री देवहित आवि टाँडी | |
| २१. | श्री शान्ती कुमारी राई | शिक्षक श्री बगमती मावि राईगाउँ | |
| २२. | श्री रीता सिंतान गोले | शिक्षक श्री सूर्य मावि माझगाउँ | |
| २३. | श्री मनोज बल | बाग्मती गाउँपालिका | |
| २४. | श्री सीता बिक | अभिभावक | |
| २५. | श्री धन वहादुर पहरी | वडा नं. २ | |
| २६. | श्री एक्का वहादुर दोङ | श्री ज्ञानमन्दिर आवि गढन | |
| २७. | श्री हर्क वहादुर राई | प्रअ श्री बगमती मावि राईगाउँ | |
| २८. | श्री उर्मिला बिक | कार्यपालिका सदस्य | |
| २९. | श्री पार्बती माझी | वडा नं. ५ | |

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| ३०. | श्री जुनेली माया पहरी | वडा नं. २ | |
| ३१. | श्री अन्जना कुमारी माझी | शिक्षक श्री जनश्रम आवि देउजोर | |
| ३२. | श्री प्रमोद कुमार राई | बाग्मती गाउँपालिका | |
| ३३. | श्री कार्माखाडो लामा | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| ३४. | श्री रूपेश कुमार राई | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| ३५. | श्री सानी मायाँ पाख्रिन | शिक्षा नीति तथा अभ्यास केन्द्र | |

## स्थानीय पाठ्यक्रम निर्माण बहुभाषिक कार्यशाला
## मिति : २०७९।०२।२५,२६ र २८ गते
## स्थान : श्री सूर्य मावि, माझगाउँ

| क्र.सं. | सहभागीहरुको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री ज्ञान वहादुर राई | श्री सूर्य मावि माझगाउँ | |
| २. | श्री रबिका राई | वडा नं. १, बोटगाउँ | |
| ३. | श्री पार्बती माझी | वडा नं. ५, लालभित्ते | |
| ४. | श्री अन्जना कुमारी माझी | श्री जनश्रम आवि देउजोर | |
| ५. | श्री सुनिता लामा | श्री देवहित आवि टाँडी | |
| ६. | श्री रिता सिंतान | श्री सूर्य मावि माझगाउँ | |
| ७. | श्री एक्का वहादुर दोङ | श्री ज्ञानमन्दिर आवि गढन | |
| ८. | श्री छक्कल वहादुर सिंतान | श्री आवि शाखाटार | |
| ९. | श्री सन्त वहादुर थिङ | श्री जनकल्याण आवि लम्काना | |
| १०. | श्री डम्बर वहादुर राई | श्री टंकेश्वर आवि करौज्य | |
| ११. | श्री सुमन पहरी | वडा नं. २, | |
| १२. | श्री विष्णु पहरी | वडा नं. २, | |
| १३. | श्री धन वहादुर पहरी | वडा नं. २, | |
| १४. | श्री जुनेली मायाँ पहरी | वडा नं. २, | |
| १५. | श्री दुर्ग वहादुर थिङ | श्री महाबुद्ध आवि झुरझुरे | |
| १६. | श्री शान्ती कुमारी राई | श्री बागमती मावि राईगाउँ | |
| १७. | श्री सन्त वहादुर पहरी | वडा नं. ४, झुरझुरे | |
| १८. | श्री वीर वहादुर राई | सेवा निवृत्त शिक्षक तथा सदस्य-स्थानीय पाठ्यक्रम निर्माण कार्यदल | |
| १९. | श्री टिका भट्टराई | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| २०. | श्री अमृत योन्जन तामाङ | भाषा विज्ञ | |
| २१. | श्री रूपेश कुमार राई | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| २२. | श्री राम कुमार | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| २३. | श्री कर्माखान्डो लामा | शिक्षा नीति तथा अभ्यास केन्द्र | |
| २४. | श्री सानी मायाँ पाख्रिन | शिक्षा नीति तथा अभ्यास केन्द्र | |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठक
## मिति : २०७९।०३।०९
## स्थान : बाग्मती गाउँपालिकाको कार्यालय, झुरझुरे

| क्र.सं. | सहभागीहरुको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री सर्केश घलान | संयोजक | |
| २. | श्री ध्रुब थापा | सदस्य | |
| ३. | श्री धन वहादुर माझी | सदस्य | |
| ४. | श्री बसन्त राई | सदस्य | |
| ५. | श्री वीर वहादुर राई | सदस्य | |
| ६. | श्री मोहन बिक्रम बिक | सदस्य | |
| ७. | श्री जीवन पहरी | सदस्य | |
| ८. | श्री रमेश बिडारी | सदस्य सचिव | |
| ९. | श्री राम प्रसाद सापकोटा | प्रमुख प्र.अधिकृत बाग्मती गापा | आमन्त्रित |
| १०. | श्री प्रमोद कुमार राई | शिक्षा सहायक बाग्मती गापा | आमन्त्रित |



फोटो क्याप्सन



फोटो क्याप्सन




फोटो क्याप्सन



फोटो क्याप्सन

फोटो क्याप्सन





बागमती गाउँपालिका
मकवानपुर, बागमती प्रदेश, नेपाल

सहकार्य
शिक्षा नीति तथा
अभ्यास केन्द्र